. In Public Domain. Digitization by eGangotri.Funding: N

363
क० ६३१५
बा० वि० पीठ पुस्तकालय,
मू० ४।–

(शान्ति – गीता)

सु
ख
को
वा
टो

क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सुखको बाटो

शान्ति-गीता

(वाशिष्ठ र वशिष्टोत्तर दुइ अद्वैत)
(वेदान्तको प्रक्रिया-भेद-विमर्शरूप परिशिष्टसहित)

लेखक
ब्रह्मनिष्ठ श्री क्षितीशचन्द्र
चक्रवर्ती (एम. ए. बी. एल्)

प्रथम संस्करण १००० २०२१ बैशाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

प्रकाशक–मण्डल
बाबुराम गोबिन्दराम श्रेष्ठ
डंबरजङ्ग गुरुङ
धर्मजङ्ग गुरुङ
धनीराम गुरुङ पं० ३ नं लमजुङ (गण्डकी अंचल)

[सर्वाधिकार प्रकाशकमा सुरक्षित]

ि. नं
६३१५

मुद्रक—
नेपाल प्रेस,
६।५६८ नयाँ सडक,
काठमाडौं ।

मूल्य ५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आंशिक आरक्षित

प्राक्कथन

अमृत बचन गीतामृत, आत्मानु संन्धान, स्वरूप प्रकाश र शान्ति गीता यो रत्न पञ्चकको भित्र पंचम ग्रन्थ हो–अन्तीम र सर्वोत्तम रत्न। यो ग्रन्थ श्रद्धालु भक्त गोविन्द राम र दम्बरजङ्गको प्रार्थनाले लेखीएको छ। यस्मा वेदान्तको रहस्य सरल र सुन्दर रूपले प्रगट गरीएको छ।

गीतामृत ग्रन्थको पंञ्चदश अध्यायको प्रमाण तात्पर्य टीकामा उल्लेख गरीयको "सिघ्र आत्मज्ञान प्राप्ती" को साधन यो अद्वैत वेदान्त रहस्य ग्रन्थमा क्रमले वर्णित भयेको छ। यो किताबको परिशिष्ट "योग बाशिष्ट र शाङ्कर वेदान्त" निबन्धमा योग बाधिष्ठ र वाशिष्ट उत्तर वेदान्तको प्रकृया भेदको रहस्य विशेषरूपले प्रदर्शित भयेको छ। श्रद्धा र चित्त समाधान पूर्वक उत्तम मुमुक्षुजन तीन पल्ट यो सम्पूर्ण ग्रन्थको आवृत्ती गरेपछी ईश्वरको अनुग्रहबाट आत्माको साक्षात्कार लाभ गर्छ यस्मा संसय छैन। सुखको बाटोको पुरकको निम्ती अर्थात् यथार्थ जान्नुको निम्ती स्वरूप प्रकाश अध्ययन गर्नुबाट पूर्ण सफल हुन्छ।

२२, कांग्रेस एक्जीविशन रोड —क्षितीशचन्द्र चक्रवर्ती
पार्क सरकस
कलकत्ता—१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वक्तव्य

सुख भन्ने वस्तु अत्युत्कृष्ट हो। साथै सुखको बाटो पनि अमूल्य हो। त्यस कारण यो बाटोमा चल्नु र लक्ष्य (सुख) प्राप्त गर्नु पनि सबभन्दा श्रेष्ठ कुरा हो, किन्तु पापको बाहुल्यले संसारको वासनाले जकडिएको हुँदा धेरैजसो मनुष्यहरू यो मार्गमा सच्चा रूपले लाग्न सकेनन् र सुख प्राप्त गरी यो क्षणिक जीवनमा कृतकृत्य पनि हुन सकेनन्।

सारा मनुष्य दुःखको निवृत्तिका लागि ज्यादै परिश्रमले साध्य विषय (पदार्थ) मा दौडिरहेछन्, तर यी सारा पदार्थहरू असत्य अर्थात् कल्पित हुन्। यो कुरा धेरैले बुझ्न सकेनन्। क्यै गरी विषय (पदार्थ) प्रारब्धद्वारा प्राप्त भइहाले पनि अविनाशी सुख भन्ने वस्तु पाइँदैन। त्यसो हुनाले छर्लङ्ग-सँग यो बुझिन्छ कि यो विषयको ऐश्वर्यबाट स्थायी (नित्य) सुख नपाइने रहेछ। किन्तु पुण्यवशात् कुनै मानिसले अत्यन्त श्रद्धापूर्वक ज्ञानी महात्माको समागम (सत्सङ्ग) र सत् शास्त्रको अध्ययन गऱ्यो भने साँचो कुरा बुझ्दछ।

यो अत्यन्त स्पष्ट रूपले बुझिन्छ कि सुख भन्ने वस्तु वास्तवमा आफ्नै अन्तरात्मा ईश्वरस्वरूप रहेछ। खालि कल्पनाले गर्दा नभएको संसार आफ्नो शुद्ध स्वरूपमा आरोप गरी फजूलमा दुःख पाएको रहेछ। त्यसैले यो 'सुख' भन्ने वस्तुको निरूपण र बाटो देखाउनाको लागि संसारको तापले तप्त प्राणीहरू प्रति दया गरी, श्रद्धालु भक्त गोविन्दराम श्रेष्ठ र श्रद्धालु भक्त डम्बरजङ्ग गुरुङको निवेदनको कदर गरेर श्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्मनिष्ठ पं शिवराम पुरुषोत्तमानन्द (नेपाल- राजकीय महाविद्यालयका गीता शास्त्र आदिका प्राध्यापक श्री क्षितीशचन्द्र चक्रवर्ती) बाट यो 'शान्ति गीता' या 'सुखको बाटो' रचिएको हो ।

उहाँका अत्युत्तम ग्रन्थहरू मध्ये या सरल र हृदय-ग्राही छ । यसको परिशिष्ट रूपमा उहाँकै कृति वाशिष्ठ र शांकर वेदान्तको प्रक्रिया—भेद—विमर्श पनि सर्वसाधारण श्रद्धालु मुमुक्षुहरूको सेवामा उपस्थित गराइएको छ ।

प्रस्तुत ग्रन्थको जस्तो नाम छ उस्तै काम छ भन्ने कुरा पाठकहरू स्वयं अनुभव गर्न सक्तुहुनेछ जसले श्रद्धा पूर्वक अध्ययन र मनन गर्नुहुनेछ । श्रद्धालु पाठकले आफ्नो उद्धार र अविनाशी सुख नै आफ्नो स्वरूप रहेछ भन्ने अनुभव गर्नुहुनेछ ।

पुस्तक—प्रकाशनका लागि संशोधनादिद्वारा योगदान दिनुहुने श्री बद्रिनाथज्यूलाई र योगवाशिष्ठ र शांकर वेदान्तको प्रक्रियाभेद विमर्शको मूल अंग्रेजीलाई नेपालीको रूप दिनुहुने माष्टर श्री तीर्थप्रसादज्यू लाई हार्दिक धन्यवाद टक्र्याउँछु ।

अन्त्यमा दयासागर मङ्गलमूर्ति परमात्मस्वरूप ब्रह्मनिष्ठ पं० शिवराम पुरुषोत्तमानन्दको दीर्घायु कामनाका साथ हार्दिक वन्दना गर्छ ।

प्रकाशक मण्डल

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

द.नं. ६३१५
का. वि. पीठ पुस्तकालय

शान्ति—गीता

पहिलो अध्याय

सुखको बाटोको साधारण परिचय

सुखको बाटो हो वेदान्तको सरल उत्तम रहस्य ग्रन्थ। श्रद्धापूर्वक यसैको आलोचना गरेपछि सजिलोसित हरेक अवस्थामा र सबै समयमा *अखण्ड सुखको* अनुसन्धान मिल्छ र जीवन साँचिकै अत्यन्त सुखमय भइहाल्छ। यसको लागि जुक्ति, तर्क र शास्त्रपाण्डित्यको कुनै प्रयोजन छैन।

आफ्नो स्वरूपले आफूदेखि भिन्न अरू कुनै पदार्थको ज्ञान, इच्छा, अथवा साधनको अपेक्षा गर्दैन। केवल आफ्नो स्वरूपलाई चिनेपछि पुगिहाल्छ। जुनचाहिं सबैको लागि सर्वदा स्वयंसिद्ध छ र जसलाई लाभ गर्नाको लागि नै सबै मानिसले नजानीकन धेरै परिश्रम गरिराखेका छन्। यो सारा परिश्रम नै व्यर्थ हुन्छ किनकि एक आफ्नो स्वरूप-बाहेक अरू केही पनि वास्तवमा छैन। त्यसकारण परिश्रमबाट नयां केही पनि कुरा कसैले पनि कहिले पाउँदैन, पाएको पनि छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

यो *अखण्ड सुख* सुषुप्तिमा सदैलाई अनुभव-सिद्ध छ। गाढ निद्रा प्राप्त भएपछि सबै मानिस निरतिशय सुखको अनुभव गर्छन्। त्यो बेलामा कुनै प्रकारको विषय रहँदैन र इन्द्रिय, मन, बुद्धि अथवा अहंकार पनि रहँदैन, तापनि सबै परिपूर्ण सुखको अनुभव गर्छन्। यसबाट आफ्नो अनिर्वार्य स्वरूप सुख हो भन्ने प्रस्टै बुझिन्छ। यो स्वरूपचाहिं देह, इन्द्रिय, मन, बुद्धि सारा उपाधिको अभावकालमा पनि बाँकी रहिरहन्छ, र जुनचाहिं आफूबाट नै (वृत्तिको अपेक्षा विना) सर्वदा प्रकाशित रहन्छ। सारा उपाधि जब हट्दछ-त्यसैलाई प्रत्यक्ष सुषुप्ति वा समाधि भन्छन्-तब यो अखण्ड स्वरूप सुखको स्वतः अनुभव हुन्छ।

जाग्रत् कालमा पनि जब इष्ट पदार्थको लाभबाट बुद्धिको चंचलतालाई छोडेर केही समयको लागि स्थिररूपले स्थित रहन्छ तब अरू कुनै भिन्न वस्तु (उपाधि) नभएको हुनाले आफ्नो स्वरूप नै परिशिष्ट रहन्छ र त्यसकारण सुखको अनुभव हुन्छ। यसबाट बुझिन्छ सुख हो आफ्नो स्वरूप—आफूदेखि भिन्न कुनै पदार्थ सुखरूप होइन। तर यो कुरा नजानेर मूर्ख मनुष्य देह, पुत्र, क्षेत्र, वित्त आदिको लागि व्यर्थ नै प्रयत्न गरिरहन्छ। किन्तु जो सुखको बाटोमा हिंड्ने इच्छा गर्छन् ती अविद्या—कल्पित स्वप्नप्रपञ्च झैं मिथ्या—क्षणभङ्गुर र दुःखदायी पदार्थको लागि इच्छा गर्दैनन्, किन्तु देह आदि संसारलाई मिथ्या भनी जानेर त्यसमा उपेक्षा-बुद्धि गर्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जस्तो स्वप्नप्रपञ्च मिथ्या भएर पनि केही समयसम्म निद्रा दोषले गर्दा दृश्य भइरहन्छ त्यस्तै यो जाग्रत जगत् अविद्याले गर्दा साधनकालमा दृष्ट भइरहे तापनि मुमुक्षु पुरुषले उसमा उपेक्षा बुद्धि गर्नुपर्छ। जस्तो बालख, उन्मत्त मानिसको कुनै प्रयत्न बिना देह आदिको व्यवहार भइरहन्छ त्यस्तै मुमुक्षु पुरुषको पनि जीविका आदि सब व्यवहार अविद्याबाट चलिरहन्छ।

अविद्यारचित देह आदि जगत्का पदार्थको लागि चिन्ता गरिरहनु ठीक होइन, किनभने चिन्त्य चिंन्तन र जो चिन्ता गरिरहन्छ यो सारा त्रिपुटी हो। अविद्याको कार्यरुप अन्तःकरणको विकार मात्र हो। यो त्रिपुटी सत्य होइन। परमार्थ साँचो वस्तु हो *सुखरुप स्वयंप्रकाश, अव्यभिचारी, सुषुप्तिमा उपलब्ध भएको आफ्नो स्वरूप,* त्यो बाहेक कुनै वस्तु छैन। यो हो वेदान्त शास्त्रको रहस्यसिद्धान्त। *जुन सिद्धान्त चाहिं बुद्धिमान् मानिसले सधैं संझिराख्नु उचित हो।* संसारी पदार्थको चिन्तनबाट उपराम भएपछि अन्तःकरण शान्त भइहाल्छ सहजसिद्ध सुखको स्वाभाविक रूपले अनुभव हुन्छ। शास्त्र र सज्जन भन्नुहुन्छ, 'यो आस्तिक र सरलस्वभाव मानिसको अनुभव सिद्ध पनि हो कि जो कुछ हुने कुरा हो त्यो अवश्य भएरै छोड्छ र जो नहुने हो त्यो कहिले पनि हुँदैन।' त्यसकारण चिन्ताबाट कुनै मानिस केही पनि सिद्ध गर्न सक्दैन र निश्चिन्त श्रद्धालु पुरुष सुखसित र सजिलोसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

जीवन बिताउँछ। यसमा संशयको अवकाश छैन।

यसरी अद्वितीय, स्वभावसिद्ध, निरतिशय स्वरूपसुखको अनुभव सहजै हुन्छ—यस्तो जानेपछि इन्द्रियजनित क्षणिक सुखभोगको लागि बुद्धिमान् पुरुषको इच्छा उठ्दैन। सारा पदार्थ आफूमा अवस्थित भएको र अविद्याबाट कल्पित भएको भन्ने अनुभव हुन्छ र त्यसकारण पुरुष निर्भय भएर रहन्छ। यो सुख स्वरूपमा स्थिति चार प्रकारले हुन सक्छ :—

(१) जुन कारण कुनै पदार्थसित साधकको सङ्ग हुन सक्दैन।

(२) किनकि जगत् सत्ता आफ्नो अद्वितीय स्वरूपदेखि भिन्न होइन

(३) किनकि जगत्को भिन्न सत्ता अविद्याद्वारा कल्पित भएको हो। (जगत् सारा अवस्थामा रहँदैन)

(४) किनकि जगत्को पदार्थबाट आफ्नो स्वरूपमा कुनै विकार हुन सक्दैन। (आफ्नो स्वरूप हो अविकारी, एकरस, स्वयं प्रकाशित र सुखमय)

विषयको अभिलाषा त्यागेर चित्त अन्तर्मुख भएपछि यस प्रकार स्थिति सजिलैसित उपलब्ध गरिन्छ। यस प्रकारले बाहिरी जगत्को भिन्न सत्ताको अभाव अनुभव भएपछि चित्त-को नाना वृत्तिको (भिन्न जगत्को) पनि अभाव भइहाल्छ। मनका भिन्न भिन्न वृत्तिहरू र प्रमातृभाव (अहंभाव) चित्तमा उठिरहेपछि त्यो उपाधि-रहित आफ्नो अखण्ड स्वरूपको अनुभवमा प्रतिबन्ध सृष्टि गर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भित्र अथवा बाहिर जो कुछ देखिन्छ अथवा अनुभवमा आउँछ त्यो हो अविद्या या कल्पना मात्र, सत्य होइन। जस्तो नजिकको कुनै पदार्थ दर्पणमा प्रतिविम्बित हुन्छ त्यस्तै प्रकाश रूप तिमीमा नाना पदार्थ भासेको छ—त्यसकारण आधार र अधिष्ठान तिमी विना यो पदार्थको सत्ता वा स्फुरण सम्भव छैन। त्यसो भए तिमीदेखि यिनीहरू भिन्न हुन सक्दैनन्—भिन्न भएपछि यिनीहरू कसरी प्रकाशित हुन सक्लान्! जस्तो उज्यालोको बाहिर अवस्थित भएको पदार्थलाई उज्यालोले प्रकाशित गर्दैन। त्यस्तै तिम्रो बाहिर अवस्थित (प्रकाश रूप तिमीदेखि भिन्न) पदार्थलाई तिमी अनुभव गर्न सक्दैनौ। अर्थात् जो कुछ तिमी जान्दछौ त्यो प्रकाश रूप तिमीमा नै अवश्य अवस्थित छ। यसरी देखिन्छ कि बाहिरको अथवा भित्रको सारा दृश्य पदार्थ प्रकाश रूप तिमीमा नै स्थित भएको छ।—तिनीहरू तिम्रै अङ्ग हुन्, त्यसकारण प्रकाश रूप। सारा दृश्य पदार्थको सार तत्त्व हो चैतन्य मात्र। पदार्थ भासित भए तापनि प्रकाश रूपदेखि ती पदार्थ भिन्न होइनन्। यस्तो नजानेको हुनाले पदार्थहरू भिन्न हुन भन्ने प्रतीत हुन्छ—जुन पदार्थ वास्तवमा छैन, त्यो सत्य हो भनी परिगणित हुन्छ। एवं प्रकारले अविद्याको कार्य जुन अन्तःकरण हो त्यो भ्रमले साँचो हो भन्ने याद हुन्छ अर्थात् भूलले अन्तःकरणसित मिसिइहाल्छ।

यसरी तिमी शुद्ध चैतन्य र सुखस्वरूप भएर पनि त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

कुरा नजानेको हुनाले अन्तःकरणसित तिम्रो अध्यास हुन्छ। यसको परिणाम यो हो कि तिम्रो सत्ताले अन्तःकरण सत्य झैं भासित हुन्छ र त्यसको तीन प्रकारको विकार पनि सत्य झै प्रतीत हुन्छ। यो त्रिविध विकारलाई त्रिपुटी भन्छन्, यिनीहरू हुन् (१) चिन्तक (२) चिन्ताको वस्तु (३) चिन्तन। यिनीहरू वास्तवमा मिथ्या हुन्, किनकि यिनीहरू सबै अवस्थामा रहँदैनन् (जस्तो सुषुप्ति समयमा)।

यसरी स्पष्ट बुझिन्छ कि आफ्नो स्वरूपदेखि भिन्न सारा द्वैत पदार्थ हो कल्पना या अविद्याको परिणाम मात्र, त्यो वास्तवमा कुनै भिन्न पदार्थ होइन। सब पदार्थ चित्तबाट रचिएको वस्तु हो, किनकि चित्त नभए पछि पदार्थ रहँदैन (जस्तो सुषुप्ति अवस्थामा)। *अभ्यास द्वारा यसरी निश्चित जानेपछि* यिनीहरू कल्पित रूपले नै प्रतीत हुन्छन्, वास्तव भनेर प्रतीत हुँदैनन्। *श्रद्धापूर्वक यसरी अभ्यास भएपछि*—यो नै हो मुमुक्षु पुरुषको संपूर्ण भक्ति र क्रियाको अनुष्ठान—स्वप्न अथवा इन्द्रजाल झैं प्रपञ्चको प्रतीति भइरहे तापनि उसमा सत्यता बुद्धिको उदय हुन सक्दैन। अर्थात् प्रपञ्च काल्पनिक (अन्तवाहक) रूपले दृष्ट भए तापनि आधिभौतिक भाव प्राप्त हुँदैन। (यो हो योगवाशिष्ठको उक्ति) अथवा प्रपञ्च अविद्याको वृत्तिरूपले स्थित भए तापनि अन्तःकरणको वृत्तिरूपले परिणाम प्राप्त हुन सक्दैन। तिमी कैले पनि पदार्थ-दर्शन कालमा विकार प्राप्त हुँदैनौ। (यो हो शंकर भगवान्को उक्ति)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

मन वृत्तिशून्य भए परमार्थ सार आफ्नो स्वरूपको नै स्वतः अनुभव भइरहन्छ किनकि आफ्नो स्वरूप वृत्तिको अपेक्षा विना सर्वदा प्रकाशमान र सुखरूप हो।

त्यसो भए यो सिद्ध भयो कि स्वरूपलाई नजानेको हुनाले जगत् दृष्ट भए तापनि वास्तवमा चैतन्य र सुखस्वरूप तिमी मात्र हौ। पारमार्थिक सत्यवस्तु—ईश्वर अथवा ब्रह्म भन्ने तिमीदेखि अरू कुनै भिन्न वस्तु होइन।

त्यसकारण सुखको एक मात्र बाटो (यसैको नाम हो मुक्ति) हो आफूलाई शुद्ध प्रकाशरूप हो भनी चिन्नू र संपूर्ण दृश्य पदार्थ–स्वप्न अथवा इन्द्रजाल झैं भासमान भए तापनि यिनीहरू सत्य होइनन्। यस्तो बुझ्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

दोस्रो अध्याय

बाटोको विस्तृत निर्देश

(प्रथम विश्राम स्थान)

बाटोको साधारण परिचय दिएर त्यसको भिन्न भिन्न विभागको बारेमा ऐले बताइन्छ। प्रथम विभाग अथवा बाटोको चिन्ह हो *इन्द्रजाल झैं मिथ्या सारा दृश्य पदार्थमा अनिच्छा !* शरीर, इन्द्रिय, मन, बुद्धि आदि अनात्म पदार्थमा यो म हुँ, यो मेरो हो भन्ने यस्तो आसक्ति हो सारा अनर्थको कारण। आफ्नो चैतन्य र सुख स्वरूपलाई नजानेर मनुष्य भ्रमले देह आदि बाहिर जगत्को विषयहरूमा अहंता, ममता बुद्धि गरिरहन्छ। जस्तो विष मिसिएको अन्न भोकाए तापनि मानिसले खाँदैन किनकि त्यो मृत्युको कारण हुन्छ, त्यस्तै अनात्म विषयहरू अनर्थका कारण हुन्। त्यसको इच्छा कुनै बुद्धिमान् मानिसले गर्दैन।

पदार्थको इच्छा मनमा उठेपछि मानिस दुःखको अनुभव गर्छ। मनमा इच्छा नउठेसम्म आफ्नो सुखस्वरूपमा स्थित रहन्छ। यो सबैको अनुभवबाट सिद्ध छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रश्न—पदार्थको लागि मनमा किन इच्छा उट्छ ?

उत्तर-आफ्नो परिपूर्ण सुखस्वरूपको परिचय नभएको हुनाले परिच्छिन्न र वास्तवमा दुःखदायी विषयको निंति इच्छा भ्रम बासनाको वशले चित्तमा उठिहाल्छ। चित्तमा अकस्मात् इच्छा उदित भए तापनि त्यसलाई प्रयत्नपूर्वक परित्याग गर्नुपर्छ।

प्रश्न—अभिलषित पदार्थ दुःखप्रद किन हो ?

उत्तर—(१) क्षणिक सुख दिए तापनि विषयपरवर्ती कालमा सुखप्रद हुँदैन। यो सबैको अनुभव-सिद्ध कुरा हो। (२) पदार्थको अभिलाषा जति जति मनमा उठ्छ त्यति त्यति मन चंचल र बाहिरी विषयको वशवर्ती हुन्छ। त्यसको परिणामले चित्त दीनता-प्राप्त खिन्न र धेरै दुःखले युक्त भइहाल्छ। आफ्नो अपरिच्छिन्न मर्यादाबाट च्युत भएर दामव्याल र कटको भैं लघुता प्राप्त हुन्छ।

प्रश्न—वित्त, क्षेत्र आदि इष्ट पदार्थको लागि प्रयत्न नगरे जीवन-धारण कसरी संभव होला ?

उत्तर—जीवनधारण हो आयु र प्रारब्धकर्मको अधीन-जीवको इच्छा अथवा प्रयत्नको अधीन होइन। यो संसारमा मनुष्यले जुन द्रव्य, सुख, दुःख पाउँछ त्यो दैवबाट नै प्राप्त हुन्छ। त्यो दैव हो पहिले पहिले जन्ममा गरिएको पुरुषकार (कर्म)। जसले पहिले गरेर आएको छैन त्यसले अहिले प्रयत्न गरे तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

पाउँदैन। जसले पूर्वजन्ममा कमाइ गरेर आएको छ त्यसले यो जन्ममा यथाकालमा, यथास्थानमा विना प्रयत्न (कुनै न कुनै निमित्तवशात्) त्यो पाइहाल्छ। यस्तो धेरै ठाउँमा देखिन्छ कि एक जनाले प्रयत्न गरेको हो तर इच्छित पदार्थ दैवको प्रेरणाले त्यसले नपाईकन अर्को मानिसले पाउँछ। जसले कुनै प्रयत्न गरेको छैन। सुख, दुःख, संयोग, वियोग, रोग, भोग, र आयु सारा दैवबाट निर्दिष्ट भएको छ। त्यस कारण सर्वदा आफ्नो अद्वितीय चैतन्य सुखस्वरूपमा स्थित हुन प्रयत्न गर्नुपर्छ।

प्रश्न—ज्ञानवान् पुरुष इष्ट पदार्थको लागि चेष्टा गर्दैन ?

उत्तर—सारा इच्छाको आत्यन्तिक त्याग विना सम्यक् ज्ञान प्राप्त हुन सक्दैन। त्यसकारण ज्ञानवान् पुरुष सब अवस्थामा इच्छारहित भएर रहनुहुन्छ। आफ्नो सम्यक् परिज्ञान परिपूर्ण चित्सुखस्वरूपमा धन, द्रव्य आदि अरू पदार्थको इच्छा अथवा चित्तवृत्ति कसरी उठ्न सक्ला ? तैपनि प्रारब्धवशात् यथाकालमा र यथास्थानमा कसैबाट उहाँलाई इष्ट र अनिष्ट, सुख र दुःख दुइटै मिलिहाल्छ। ज्ञानी पुरुषको शरीरको चेष्टा आफूबाट गरिएको हुँदैन किनकि उहाँ निरभिमान हुनुहुन्छ। किन्तु भोगप्रदाता ईश्वरबाट त्यो गराइन्छ। उहाँको चित्तवृत्ति नभएको हुनाले सुखदुःख-प्राप्तिमा उहाँ विकारी हुनुहुन्न। सर्वदा निर्विकार, अखण्ड, एकरस,

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

चित् सुखस्वरूपमा स्वभावैले स्थित हुनुहुन्छ।

यसरी सारा बिषयको इच्छा त्यागेर मुमुक्षु पुरुषले तल देखाइएको त्रिविध शुभ गुणलाई अमृत झैं ग्रहण गर्नुपर्छ :—

(१) तिमी हौ साराको अधिष्ठान–तिमीमा कल्पित भएर सबै कुरा भासेको छ। (संस्कार वशात् तिमीमा उठेको छ।) तिमी नै हौ सबप्रकार कल्पनाको आश्रय–यसरी जानेर सबै कुरा सहन गर्नू [क्षमा]। सुख, दुःख, शीत उष्ण जे जे तिमी भिन्नरूपले अनुभव गर्दछौ तिनीहरू अल्पक्षणको लागि तिमीमा नै उदित हुन्छन जस्तो तरङ्ग, बुद्बुद समुद्रमा उठिहाल्छ- उनीहरू तिमीदेखि भिन्न हुन सक्दैनन्। त्यसो भए उनीहरूले तिमीमा कुनै प्रकारको विकार ल्याउन सक्दैनन्।

(२) तिमी अविद्याको सब प्रकार सम्बन्धले रहित छौ। यस्तो सर्वदा जान्नू (आर्जव)। अविद्या वा स्फुरणले सपूर्ण देह आदि जगत् प्रपञ्चलाई रचना गरे तापनि त्योसँग कुनै संपर्क हुन सक्दैन। किनकि तिमी एक मात्र परमार्थ सत्य वस्तु हौ र प्रपञ्च अल्पकालको लागि प्रतीयमान पदार्थ हो, त्यो सत्य होइन।

सारा दृश्य पदार्थ हो भ्रमसिद्ध त्यसकारण क्षणिक। जुन एक छिन देखिन्छ अरू क्षणमा देखिंदैन त्यो दर्शनकालमा पनि मिथ्या हो भनी जान्नू। 'तिमी' भन्ने सब अवस्थामा स्वतः प्रकाशित (अनुभव-सिद्ध वा वृत्तिनिरपेक्ष) र सुखस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

जो वस्तु त्यो नै हो एक मात्र पारमार्थिक सत्य। त्यो बाहेक अरू कुनै पदार्थ अविद्याले भासित भए तापनि वास्तव होइन। तिम्रो सुषुप्ति अवस्थामा तिमी मात्र परिपूर्ण आफ्नो सुख-स्वभावमा स्वतः अवस्थित रहन्छौ तर द्वितीय कुनै पदार्थ-शरीर, इन्द्रिय, मन, बुद्धि अथवा बाहिरी विषय केही पनि रहँदैन। त्यहाँबाट प्रस्टै बुझिन्छ कि तिमी बाहेक *अरू कुनै वस्तु दर्शन-कालमा पनि विद्यमान छैन।* किनकि यदि कुनै पदार्थ विद्यमान हुँदो हो त तिमीसित उसको कुनै संबन्ध पनि हुन्थ्यो तब सुषुप्ति अवस्थामा त्यसका साथ सम्बन्ध नष्ट भएको हुनाले तिम्रो अवश्यै केही हानि हुने थियो, किन्तु तिमी बरू सुषुप्ति अवस्थामा परिपूर्ण प्रकाशमा अखण्ड सुखस्वरूपमा अवस्थान गरिरहन्छौ। यसमा कुनै सन्देह छैन। त्यसकारण तिमी हौ अद्वितीय एकरस स्वयंप्रकाश परिपूर्ण सुखस्वरूप। बास्तवमा देह, इन्द्रिय आदिसँग कुनै संवन्ध अभ्रान्त प्रत्यक्ष अनुभवमा सिद्ध हुन सक्दैन। शरीर आदिसित *आपात संवन्ध भ्रमले मात्र* प्रतीत हुन्छ। शरीर, जगत् बास्तव भए त्यसको निःशेष अभाव कुनै अवस्थामा हुन संभव थिएन। सुषुप्ति-कालीन अनुभवमा सुषुप्ति आदि त्रिविध उपाधिले रहित, अखण्ड निज सुख-स्वरूपको स्वयं भानबाट बुझिन्छ कि सर्वदा निरुपाधि सुखस्वरूप मात्र नै प्रकाशित भइरहेको छ र आगमापायी आगन्तुक सारा द्वैतप्रपञ्च (भ्रम वा स्फुरणको परिणामले प्रतिभासित भए तापनि त्यो बिलकुल छैन, किनकि जसको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वास्तव सत्ता हुन्छ त्यसको आत्यन्तिक अभाव कुनै अवस्थामा सिद्ध हुन सक्दैन। त्यसो भए आफ्नो यथार्थ स्वरूप हो सर्वदा एकरस र अपरिवर्तनीय–'म' भन्ने जो अनुभवरूप वस्तु बुझिन्छ त्यो कहिले पनि बढ्दैन, या घट्दैन–अविद्याको परिणामरूप जगत्को दर्शन अथवा त्यसको अदर्शन आफ्नो सुखस्वरूप नजानेको हुनाले आरोपित हुन्छ। त्यसमा आफ्नो हानि अथवा वृद्धि हुँदैन। आफ्नो स्वरूप सबैलाई सँधै एकै प्रकारले अनुभूत हुन्छ।

(३) सर्वदा स्वतः सिद्ध सुखस्वरूपमा अवस्थित हुनू–स्फुरणरूप कुनै पदार्थको अवलम्वन नगर्नू। [दया र सन्तोष] तिम्रो आफ्नो स्वयंप्रकाश स्वरूप हो सर्वदा अबाधित त्यसकारण परमार्थ सत्य [सत्य]। त्यसैलाई नै एक मात्र सत्य वस्तु भनी जानेर त्यसैको अवलम्बन गर्नू। कल्पनाले भासमान क्षणिक आगमापायी अरू कुनै पदार्थको ग्रहण नगर्नू।

यसरी बाहिरी इन्द्रिय र अन्तःकरण दुइटैको निग्रह साधित हुन्छ। अमृत ! माथि देखाएको त्रिविध गुणावली प्राप्त गरेर *आफूलाई सारा दृश्यमान पदार्थको साक्षी र साक्षात् प्रकाशक भनी सर्वदा जान्नू*। चैतन्यरूप तिम्रो कुनै दृश्य वस्तुसँग सम्बन्ध छैन, यस्तो निश्चय गर्नू। आफूलाई देह आदिदेखि पृथक् भनी जानेपछि र आफ्नो चैतन्य स्वरूपको अभिमुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

भएपछि (यसैलाई अन्तर्मुखता भनेको छ) तिमी सजिलोसित अरू कुनै साधनको अपेक्षा विना परमानन्द लाभ गर्न सक्छौ। तिम्रो चित्त अत्यन्त प्रसन्न हुन्छ र म कर्ता हुँ, म भोक्ता हुँ, यसरी सारा अनर्थबाट चाँडै नै मुक्त हुन सक्छौ। तिमी ऐले चैतन्यस्वरूपमा एक क्षणको लागि अवस्थान गरेर आत्मसुख अनुभव गरेर हेर। सुखको अनुसन्धान जो गर्न खोज्छ त्यसको लागि आफ्नो साक्षिस्वरूपको अनुभव हुनुबाहेक अरू कुनै बाटो छैन।

प्रश्न—त्यसो भए विषयबाट सुखप्राप्तिको अनुभव कसरी सिद्ध हुन सक्ला ?

उत्तर--मनसित जब तिमी मिल्छौ तब मनको चञ्चलतावशाद् दुःखको अनुभव गर्छौ र इष्ट विषयको लाभ भएपछि मन जव एक छिनको लागि स्थिर हुन्छ तब त्यो निश्चल अन्तःकरणमा सुखस्वरूप आत्मा अखण्डितरूपले प्रतिविम्वित हुन्छ र सूक्ष्म त्रिपुटीद्वारा भोक्ता तिमी प्रतिविम्व (क्षणिक) सुख अनुभव गर्छौ। त्यसो भए बुझिन्छ कि विषय-लाभ-पूर्वक उत्पन्न भएको जुन सुखस्वरूप साक्षीको प्रतिबिम्ब त्यो हो तिम्रो आफ्नो चैतन्यस्वरूप नै, अरू केही होइन। त्यसो भए जसलाई विषयसुख भन्छन त्यो आत्मसुखको छायामात्र हो। दर्पणमा प्रतिविम्वित तिम्रो मुखको छाया, जस्तो नजीकमा भएको जपाफूलको रातोपनद्वारा रंजित भएको प्रतिभान हुन्छ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(वास्तवमा तिम्रो मुख रातो हुँदैन। त्यस्तै आत्मसुखको प्रतिबिम्ब विषयद्वारा वासित भएको भनी सिद्ध भए तापनि विम्वरूप आत्मसुखमा विषयको कुनै लेश हुन सक्दैन। त्यो शुद्ध चैतन्य मात्र हो। यसरी यो स्पष्ट बुझिन्छ कि *सारा विषयसुख हो सर्वदा प्रकाशमान, सारा उपाधिले रहित, अद्वितीय, सहज र स्वतः सिद्ध आफ्नो सुखस्वरूप*। धेरै आयासले साध्य भएको इच्छित पदार्थको प्राप्ति द्वारा आत्मसुखको लेश मात्र एक छिनको लागि अनुभव हुन्छ। तर मनसित युक्त न भएर आफ्नो सहज साक्षिस्वरूपमा अवस्थित भएपछि मनुष्यलाई अनन्तसुख स्वतः र सर्वदा अनुभव भइरहन्छ (र देहस्थिति प्रारब्ध-अनुसार चलिरहन्छ)।

सुखशब्दको अर्थ हो अत्यन्त गंभीर, यसको रहस्य गीतामृत ग्रन्थको अष्टादश अध्यायमा देखाएको छ।

प्रश्न—सुखको रहस्य अर्थ के हो ?

उत्तर—सुख हो दुइ प्रकारको। (१) निरुपाधिसुख अर्थात् स्वतः र सर्वदा प्रकाशमान आफ्नो साक्षिस्वरूप। यो अद्वितीय अखण्ड परिपूर्ण आत्मसुखको अनुभवको लागि अन्तःकरण-वृत्तिको प्रयोजन छैन। (२) सोपाधिकसुख अर्थात् प्रतिबिम्ब आत्मसुख यसको अनुभव सूक्ष्म वृत्तिद्वारा हुन्छ, योप्रति विम्बित सुख अन्तःकरणको विविध परिणाम भएको हुनाले—तीन प्रकारको हुन्छ—(क, तामासिक सुख (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

राजसिक सुख। र (ग) सात्विक सुख। निद्रा; आलस्यले *अन्तःकरणको लयपूर्वक* अविद्या वृत्तिबाट जुन सुखको अनुभव हुन्छ त्यो हो निकृष्ट सुख। इष्ट विषयको प्राप्ति भएपछि विषयवासित अन्तःकरण जब *अविद्यामा लीन* हुन्छ तब अविद्या वृत्तिद्वारा जुन सुखको अनुभव हुन्छ त्यो हो मध्यम प्रकारको सुख। आफ्नो साक्षिस्वरूपको अनुसन्धानपूर्वक एकाग्र भएको चित्त जब अन्तर्मुख भएर स्थित हुन्छ *तब वृत्तिको लय* हुँदैन किन्तु चित्त आत्माकारमा आकारित हुन्छ र यो अत्यन्त सूक्ष्म अन्तःकरणको वृत्तिद्वारा (समाधि अवस्थामा) जुन साक्षात् आत्मसुख अनुभवमा आउँछ त्यो हो प्रकृष्ट सुख। यो तीन प्रकारको सुख बुद्धिको वृत्ति अथवा अविद्याको वृत्तिबाट अनुभूत हुन्छ।

समाधिको परिपाकक्रमले जब अन्तिम साक्षात्कारको उदय हुन्छ तब (अत्यन्त परिपक्व निर्विकल्प समाधिमा) अखण्ड आत्मानन्द सकृत् अनुभूत हुन्छ। अन्तःकरणको अत्यन्त सूक्ष्म ब्रह्माकार वृत्तिद्वारा यो संभव हुन्छ। यो हो अतिप्रकृष्ट प्रतिविम्बित आत्मसुख। यो एकपल्ट प्राप्त भएपछि ज्ञानी ब्रह्मानन्द भइहाल्नु हुन्छ। यो हो निरुपाधि विम्वभूत आफ्नो परिज्ञात सनातन चित् सुखरूप र स्वयं प्रकाशमान— कुनै वृत्तिले यसलाई प्रकाश गर्न सक्दैन। यो हो सुखको परा काष्ठा।

प्रश्न—अन्तःकरणको स्वरूप के हो ?

उत्तर—तरङ्ग, बुद्बुदको स्वरूप जस्तो जल हो त्यस्तै

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अन्तःकरणको स्वरूप हो अखण्ड चित् सुख साक्षी (तिमी आफू वासना स्फुरण या अविद्याको परिणामले बृत्तियुक्त अन्त करण एक छिन दृष्ट भए तापनि त्यो साक्षिबाट नै प्रकाशित हुन्छ र साक्षीको सत्ताबाट नै सत्तायुक्त प्रतीत हुन्छ। साक्षीमा आरोपित भएको हुनाले अन्तःकरण साक्षीदेखि वास्तवमा भिन्न छैन। यस कारण रजोगुणको प्रबलता (चञ्चलता) वशात् साक्षिस्वरूपदेखि कैले च्युत भए तापनि त्यो फेरि साक्षिरूपमा नै फर्केर आउँछ—किनकि साक्षीदेखि अन्तःकरणको भिन्न सत्ता प्रकाश यहाँ संभव छैन। समुद्र जस्तो कहिले अशान्त र कहिले शान्त देखिन्छ त्यस्तै अन्त करण पनि कहिले बृत्तियुक्त (साक्षिरूपबाट च्युत अथवा साक्षिस्वरूपदेखि भिन्न) र कैले स्थिर (साक्षिस्वरूपदेखि अभिन्न) हुन्छ। अन्तःकरणको यो स्थिरता (बृत्तिशून्यता) दुइ प्रकारको हो—(१) साक्षिस्वरूपमा साक्षात् स्थिति र (२) अन्तःकरणको अविद्यामा लय हुनु-यो भेद सत्व, रज र तमोगुणबाट बन्छ। आफ्नो सुखस्वरूपको अनुसन्धानपूर्वक तिमी अन्तर्मुख भए पछि तिम्रो एकाग्र चित्त लय र विक्षेप त्यागेर सजीलोसित साक्षात् आत्मस्वरूपमा स्थित भइहाल्छ।

यो नै हो सुखको बाटोको पहिलो चिन्ह

प्रश्न—चित्तको यो एकाग्रता कसरी हुन्छ?

उत्तर—चित्तको विक्षेप-शून्य स्थिति हो प्रकृष्ट सुखको अनुभवको हेतु। त्यस कारण यो मनुष्यको अत्यन्त हितकर र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

परम इष्ट भनेर जानेपछि सारा आयासलाई त्यागेर सजिलोसित अधिष्ठान साक्षिस्वरूपमा चित्त निश्चल भएर स्थित हुन्छ। वहिर्मुखता अथवा विषयको इच्छा नउठेपछि (विषयको इच्छा उठ्नुभन्दा पहिलो क्षणमा तिमी जसरी स्थित थियौ त्यसरी नै स्थित भएपछि) चित्त स्वतः साक्षिचैतन्यमा अवस्थान गरिहाल्छ। "विषयको इच्छा उठाएर विषय प्राप्त हुँदैन, अथवा जुन विषय प्राप्त भएको छ, त्यसबाट अहिलेसम्म मैले यदि सुख पाएको छैन तब भविष्यमा हुने विषयलाभबाट पनि मेरो सुखको आशा छैन"—यस्तो जानेर चित्तमा विषयको इच्छा उठ्न नदिएपछि – प्रारब्धमाथि भर परेर सन्तोष माने पछि – चित्त चैतन्यरूप नै भइहाल्छ। चित्तरूप दैत्यलाई जगाए पछि चित्त तिम्रो आत्मसुख (बैनीवनाउ सुख) नष्ट गरिदिन्छ।

विषयको इच्छा र विषयप्राप्तिको लागि प्रयत्न – विषय-वासनालाई वढाउँछ र आत्मसुख स्वतः र सर्वदा प्राप्त भए तापनि त्यो प्रबल विषयवासनाबाट आवृत भइहाल्छ (नष्ट भैं भइहाल्छ)। विषय-प्राप्तिबाट उत्पन्न भएको सुख प्रतिविम्बरूप (कल्पित) भएको हुनाले त्यो वास्तव सुख होइन। यस कारण धेरै प्रकारको विषय मानिसको भए तापनि मानिस सुखी हुँदैन, बरू धेरै दुःखयुक्त हुन्छ। मरूभूमिमा देखिएको थुप्रो पानीले जस्तो जमीनलाई अलिकति पनि भिजाउँदैन, त्यस्तै धेरै विषयले सम्पन्न मानिस अलिकति पनि सुख प्राप्त गर्न सक्दैन। त्यसको कारण यो हो कि विषयमा सुख रहन सक्दैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सुखको अनुभव बाहिर विषयमा हुँदैन किन्तु भित्र अर्थात् साक्षिस्वरूपसित एकीमूत भएको अन्तःकरणमा सुखको अनुभव हुन्छ। त्यसो भए सुख हो तिम्रो आफ्नो अनावृत स्वरूप। सारा विषय या विषयाकार वृत्ति हो आत्मसुखको आवरण। तिमी यदि यथार्थ सुखको अनुसन्धान गर्दछौ भने चित्तलाई उठ्न नदेऊ अयत्नसिद्ध, अखण्ड, अविनाशी परिपूर्ण आत्मसुख स्वतः स्फुरित भइहाल्छ (अनुभवमा आइहाल्छ)।

यो बाटोको जुन निर्देश यहाँ गरिराखेको छ *अहिले उसमा बिश्वास गर्नुपर्छ।* श्रद्धापूर्वक मुख्य मुख्य बाटोका चिन्हहरू ज्ञानवान् पुरुषबाट सुनेर उसमा सत्यताबुद्धि गरी उसलाई ग्रहण गरेपछि स्वयं उसको अनुभव सम्भव हुन्छ—आफू यथासमयमा त्यो त्यो लक्ष्यस्थानमा पुग्न सक्छ। अश्रद्धा नै हो पुरुषार्थ-सिद्धिको प्रतिबन्धक। प्रबल विषय-बासनाले गर्दा आफ्नो सत्य सुखस्वरूप आवृत भएको छ, र हरिण जस्तो मरूभूमिमा व्यर्थ जल-बुद्धि गरेर मरिहाल्छ, त्यस्तै मूर्ख मनुष्य परिपूर्ण आफ्नो सनातन सुखस्वरूपमा नाना प्रकारको विषय-कल्पना गरेर फजूल परिश्रम र अशेष दुःखभोग गर्छ। कुनै पदार्थ सध स्थित रहँदैन। देह आदि संपूर्ण जगत हो परिवर्तनशील, यिनीहरूको बारेमा चिन्तन गर्नु नै हो यिनीहरूलाई खडा गर्नु र यिनीहरूलाई निरन्तर सत्य बुद्धिले चिन्तन गर्नु र इष्ट मानीकन यिनीहरूको अनुसन्धान गर्नु हो यिनीहरूलाई स्थिरता तुल्याउनाको हेतु—यस्ता रहस्यहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

संसारी मानिस जान्न सक्दैन।

यो जान्न लायक विषय छ कि *चित्तलाइ उठ्न नदिएर* मानिस अवस्थान गर्छ कि गर्दैन र चित्तबृत्ति नउठाएर अवस्थान गर्नु मानिसको प्रतिकूल हो अथवा अनुकूल हो। विषयचिन्ताग्रस्त मानिस दुःखको नै अनुभव गर्छ र निश्चिन्त भएपछि सबै मानिस सुखको अनुभव गर्छ। यसमा जुन तत्व लुकेर बसेको छ त्यसैको मनन गर्नु धेरै आवश्यक छ। छिन छिनमा हरेक मानिस विषयचिन्तन छोडेर स्थित हुन्छ-सधैं विषयको चिन्ता गरेर कोही पनि बस्न सक्दैन। यसको कारण के हो? सुषुप्तिकालमा मनुष्य कुनै प्रकारको चिन्ता गर्दैन-यसको कारण के हो र यो मनुष्यको हितकर हो अथवा अहितकर हो? यसको तात्विक रहस्य बुझ्नुपर्छ।

यसको उत्तर यो हो कि विषयको चिन्तन गर्नु (मनलाई बृत्तियुक्त तुल्याउनु) हो कृत्रिम। स्वभावसिद्ध नभएको हुनाले त्यो हो आयाससाध्य र दुःखदायी। यस कारण छिन छिनमा विषयचिन्तनलाई अवश्यं छोड्नुपर्छ र दीर्घकालको लागि मनरहित आफ्नो पूर्ण सुखस्वरूपमा अवस्थान गर्नु। (सुषुप्ति) हो हरेक जीवको लागि अत्यन्त हितकर छिन छिनमा विषय-चिन्तनलाई छाडिदिनू र सुषुप्ति अवस्थामा प्राप्त हुनू। यसरी चिन्तनको अभाव नभए कुनै प्राणी बाँच्न सक्दैन।

यसरी देखिन्छ कि चिन्तनरहित (निश्चिन्त) भएर रहनु मनुष्यलाई अत्यन्त चाहिने कुरा हो। यो नै सुखको बाटोको

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

पहिलो विश्राम स्थान-अर्थात् प्रयोजनीय भूमिका। यो भूमिकाको स्वाभाविक परिसमाप्ति हो जीवन्मुक्ति।

चित्तवृत्तिको अभावपूर्वक अवस्थान गर्नु बुद्धिमान् मानिसको सहज स्वाभाविक अवस्थान हो। मूर्खताले मनमा विषयको इच्छा उठ्छ र यसको परिणामले चित्तवृत्तिको उदय हुन्छ। वृत्तिपट्टि लागेपछि चित्तवृत्ति चलिरहन्छ र उसको निवृत्ति कठिन भइहाल्छ।

बुद्धिमान मानिस (यिनी नै पछि परमसुखी मुक्त पुरुष बनिहाल्छन्।) केवल भगवान्माथि भगोमा गर्छन्। (यत्ति नै हो तिनको संपूर्ण सत्क्रिया र भक्ति)— किनकि भगवान हो अद्वितीय, नियन्ता, अन्तर्यामी सारा प्राणीको आत्मा र आफ्नो अव्यभिचारी र यथार्थस्वरूप। हरेक जीवको प्रारब्ध कर्ममाथि आरूढ भएर अद्वितीय, विश्वनियन्ता र सबैको अन्तर्यामी परमात्मा सारा जीवको पालन र पोषण गर्नु हुन्छ। बुद्धिमान् पुरुष जान्नुहुन्छ कि प्राणीको देहनिर्वाह अथवा जीवन-यात्राको लागि सर्वज्ञ सर्वशक्तिमान् परमात्मामाथि भर पर्नु हो सर्वोत्तम प्रयत्न। स्वधर्मपालन हो यसैको ढोका स्वरूप। जब सर्वात्मा र सर्वनियन्ता परमेश्वरलाई मानिसले भुल्छ तब अहंकारको वशमा परेर मूढतामा प्राप्त भई सारा कर्मको कर्ता बन्छ, र नानाविध व्यवहारको बोझा बोक्दछ। तर स्वप्नमा देखिएको जीव जस्तै वास्तवमा मिथ्या भएको हुनाले त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

सारा कर्म र स्वप्नकालको व्यवहार मिथ्या ठहर्छ त्यस्तै जाग्रत्को अभिमानी, सारा व्यवहारको कर्ता अहंकारी मानिस व्यर्थ नै अशेष प्रकारको परिश्रम गरेर संसारमा दुःख मात्र भोगिरहन्छ।

'जीवन-धारणको लागि क्षेत्र, वित्त र विषयको प्रयोजन छ।' यस्तो सिद्धान्तको वशमा परेर मूर्ख मानिस क्षेत्र, वित्त र विषयको निंति निरन्तर चिन्ता र उद्यम गरिरहन्छ। त्यो बुझ्दैन कि क्षेत्र, वित्त आदि सारा पदार्थ पहिलेदेखि नै अविद्याबाट रचित भएको र आफ्नो प्रारब्ध कर्मद्वारा नियन्त्रित छ—तथा ठूलो पुरुष-प्रयत्नबाट त्यसको अर्जन अथवा रक्षण संभव छैन। यस कारण गीतामा भनेको छ कि भगवान् नै भक्तको योग र क्षेम आफू वहन गर्नु हुन्छ। यो उक्तिलाई कुनै शक्तिशाली देवता पनि अतिक्रम गर्न सक्दैन। त्यसो भए विषयको लागि यथेच्छ प्रयत्न सफल हुन सक्दैन। उसमा बुद्धिहीन मानिसको व्यर्थ परिश्रम मात्र हुन्छ। जो कुछ प्रारब्धअनुसार दैववशले पाइने हो त्यो साधारण यत्नले अकस्मात् कुनै निमित्तबाट अवश्यै प्राप्त हुन्छ। यस कारण भगवान्ले स्वधर्मपालनको विधान गर्नुभएको छ।

मृत्युको पछि परलोक छ। परलोक रूप व्याधिको लागि ओखती हो यो लोकमा आफ्नो सनातन सुख स्वरूपको अभिमुख हुनु प्रबल प्रयत्न गर्नू र अन्तर्मुख संस्कारको वृद्धि तुल्याउनू। यो नै हो बुद्धिमान् पुरुषको अवश्य गर्न लायक काम। यो

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ओखती परलोकमा पाइँदैन। त्यसो भए ओखती यो लोकमा संग्रह नगरे पछि परलोकमा दुःख मात्र भोग्नुपर्छ। त्यस कारण जहाँसम्म तिमी बलिया र स्वस्थ छौ यो सुखको बाटोमा हिंड्ने अभ्यास गर्नु पर्छ र अन्तर्मुख संस्कार बनाउन प्रयत्न गरिराख्नु-पर्छ। देहको निर्वाह प्रारब्धानुसार विश्व ब्रह्माण्डको पालन गर्ने भगवान् अवश्यै गर्नु हुन्छ भन्ने निश्चय लिएर विषयको अर्जन र रक्षणको चिन्तनलाई छाडिदिनू।

यसरी सजिलोसित मनलाई अचल र आफ्नो सुख स्वरूपमा स्थित राख्नुपर्छ। मनलाई चलाएपछि आयास र दुःखको अनुभव हुन्छ। मनलाई शान्त र अन्तर्मुख राख्न केही प्रयास गर्नु पर्दैन—केवल वृत्ति उठ्नुभन्दा पहिलो क्षणमा तिमी जस्तो स्थित थियौ त्यस्तै स्थित भइरहनू। यसरी सनातन आफ्नो स्वरूपको आश्रय लिएर *आउने 'म' र 'मेरो' भावनालाई उठ्न नदिनू*। यो नै सुखको बाटोको पहिलो भूमिका हो। यो नै हो जाग्रत्‌मा सुखमय सुषुप्ति स्थितिको उत्तम अभ्यास।

यसरी अभ्यास गर्दै गरेपछि सजिलोसित अनुभव गर्न सक्छौ कि अखण्ड मन सुखस्वरूप तिमीदेखि भिन्न कुनै वस्तु होइन। जस्तो वायु चलेपछि पानीमा तरङ्ग उठ्छ त्यस्तो अविद्याले या वासनाले तिम्रो सनातन आफ्नो स्वरूपमा नाम, रूप नाना प्रकारको पदार्थ भासिहाल्छ। त्यसमा तिम्रो केही हानि वा वृद्धि हुँदैन। त्यसो भए तिमी यो जगत् प्रपञ्चलाई भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

भन्ने नसंभ । *उसमा सत्यता बुद्धि नगर ।* जस्तो स्वप्नमा जगत् देखिन्छ त्यस्तै जाग्रत्‌मा यो जगत् देखिन आउँछ । नाना प्रकारको व्यवहार, क्रिया र चेष्टा, कार्य कारण संबन्ध, सुख, दुःख, जन्म, मृत्यु यो सारा प्रपञ्च देखिन्छ तापनि तिमी यिनीहरूको अविकारी र साक्षी रूपले नै सर्वदा अवस्थित छौ, यसरी आफ्नो चित् सुखस्वरूपमा सदा लक्ष्य राख, आफ्नो यथार्थ स्वरूपलाई भुलेर स्वरूपको अनुसन्धान छाडेर—प्रपञ्च कोटिको भिन्न भएको परिच्छिन्न 'म' र 'मेरो' भावलाई ग्रहण नगर। तब स्पष्ट अनुभव गर्न सक्छौ कि अखण्ड मन तिमीदेखि कुनै भिन्न वस्तु होइन र अहंकारपूर्वक त्यसको निरोध (समाधि) केटाकेटीको खेल झैं अत्यन्त तुच्छ र हाँसोको कुरा हो। तिमी हौ एक मात्र पारमार्थिक सत्यवस्तु। *तिमीबाहेक मन अथवा मनको निरोध कुनै पनि भिन्न वस्तु होइन।* यसरी तिमी आफ्नो सनातन सुख स्वभावमा सजिलोसित स्थित भइहाल्छौ। यसैको नाम हो उत्तम (सर्वकालीन) समाधि (मनको अखण्डाकारमा स्थिति)।

यसरी निश्चयपूर्वक आफ्नो स्वरूपमा एकाग्र भएर अवस्थान हुनुलाई सुखको बाटोको पहिलो भूमिका भनेको छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

तेस्रो अध्याय

दोस्रो विश्राम स्थान

(बाटोको दोस्रो चिन्ह)

पूर्व अध्यायमा देखाएको स्वरूपावस्थानको निंति ऐले चार साधन बताइन्छ। ती मध्ये कुनै एउटाको अवलम्बन गरेपछि आफ्नो सुखस्वरूपमा अवस्थान गर्नु संभव हुन्छ।

तिमी आफू हौ अखण्ड परिपूर्ण सुखरूप बस्तु र सँधै स्वयं प्रकाशमान भएको। यसको सामान्य अनुभव सुषुप्तिमा हुन्छ, विशेष अनुभव चाहिँ यात्राको अन्तिम भूमिकामा (जब अनुसन्धानको परिणामले जानीकन सुखस्वरूप तिमीमा प्रवेश गरेर त्यो स्वरूपदेखि अभिन्न भएर बुद्धिले अवस्थान गर्छ तब) प्राप्त हुन्छ। यो नै हो तिम्रो लक्ष्य स्थान जहाँ केवल पारमार्थिक सत्य वस्तु तिमी आफ्नो पूर्ण सुखस्वरूपमा विराजमान रहन्छौ, दोस्रो कुनै वस्तु त्यहाँ दृष्ट हुँदैन। जगत्, देह, इन्द्रिय, मन बुद्धि–भित्रको र बाहिरको सारा पदार्थ-सत्य-रूपले भासित भइराखेको छ किनकि तिम्रो आफ्नो अखण्ड, परिपूर्ण, एकरस, सनातन, सुखस्वरूपमा प्रतिष्ठित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

छैन–तिम्रो बुद्धि छिन छिनमा वृत्तियुक्त भइराखेको छ, तिमीले देह आदि जगत् दृश्य पदार्थलाई देखिराखेका छौ र राग, द्वेष, भय, क्रोध विकारभाव प्राप्त भएर आफ्नो निर्विकार सुख-स्वरूपबाट च्युत भएका छौ। जस्तो आफ्नो गलामा भएको सुनको कराठहारलाई बिर्सेर कुनै मानिस व्यर्थ नै दुःखी हुन्छ र त्यसपछि अरू कसैबाट थाहा पाएर आफ्नै गलामा त्यो हार रहेको छ भनी साक्षात् अनुभव गर्छ र आनन्द मान्छ त्यस्तै तिमी पनि आफ्नो सनातन एकरस परिपूर्ण सुखस्वरूपलाई बिर्सेर अविद्यारचित इन्द्रजाल झैं जगत् दृश्यलाई देखेर उसमा आसक्त भएर व्यर्थ कल्पित जीवभाव प्राप्त गरी नानाप्रकार चिन्ता, दुःख, भय, र दीनता प्राप्त गर्छौ। निद्राबाट जागेपछि जस्तो स्वप्नको पदार्थ र स्वप्नकालीन अनुभव बिलकुल असत्य भएर जान्छ त्यस्तै तिम्रो आफ्नो यथार्थ स्वरूपमा तिमी व्यूँझे-पछि देह आदि सारा दृश्य र संसारको व्यर्थ राग भय र क्रोध मिथ्या प्रतीत हुन्छ र तिमी आफ्नो परिपूर्ण सुखस्वरूपमा सर्वदा स्थित भइहाल्छौ।

यसको उपाय हो आफ्नो पारमार्थिक सुखस्वरूपमा अत्यन्त प्रीति (अनुराग), निरन्तर उसैको अनुसन्धान र मिथ्या देह आदि जगत्को सारा पदार्थमा आन्तरिक अनिच्छा। अहिले यसैको चार प्रकारको साधनको बारेमा बताइन्छ :— (१) तिमी आफ्नो सुखस्वरूपमा किन स्थित रहँदैनौ ?' यो प्रश्नको जवाफ यो हो कि देह, इन्द्रिय, मन र

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

बुद्धिसित तिमी भुलले मिसिइहाल्छौ र त्यसको परिणामले देह आदिलाई सत्य मान्दछौ। यस कारण तिमी आफ्नो वास्तव-स्वरूपबाट च्युत भइहाल्छौ। तिमी याद गर कि तिमी *असङ्ग* हौ, किनकि तिमीदेखि भिन्न सारा पदार्थ अविद्या-रचित हो र भूलले तिम्रो स्वरूपमा कल्पित। सुषुप्ति आदि कालमा आफ्नो अद्वितीय स्वरूपमा यी पदार्थहरू देखिंदैनन्। त्यस कारण आफ्नो असङ्ग सनातन स्वभावलाई स्मरण गरेपछि क्रमैले बुद्धिद्वारा जानेर तिम्रो *दृश्य-रहित (देहादि रहित)* स्वरूपको *अनुभव सजिलैसित नै भइहाल्छ।*

(२) समुद्रबाट जस्तो बुद्बुद उठ्छ त्यस्तै तिमीबाट देह आदि संपूर्ण जगत् उठेको छ। त्यस कारण परिदृश्यमान सारा प्रपञ्च तिमीदेखि अभिन्न हो। अखण्ड चैतन्य र सुख-स्वरूप *एक मात्र तिमी विद्यमान छौ।* तिमीदेखि भिन्न अरू कुनै पदार्थ वास्तवमा छँदैछैन। सजातीय, विजातीय र स्वगत सकल भेदले रहित केवल तिमी मात्र छौ परमार्थ सत्य वस्तु, यस्तो जानेर अवस्थान गर्नू। *यो नै हो स्वयंप्रकाश स्वरूपमा अवस्थान।*

केवल एक अद्वितीय स्वयंप्रकाश सुखरूप तिमी विद्यमान छौ, तिमीदेखि अतिरिक्त अरू कुनै वस्तु छैन (जुन चैतन्य सुखरूप तिम्रो वास्तव स्वरूपको सामान्य अनुभव तिमीलाई सुषुप्तिमा प्राप्त हुन्छ) र जो एकरस प्रकाशरूप तिम्रो आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

यथार्थ स्वरूपमा मन उठेपछि जाग्रत् र स्वप्नको सारा दृश्य-पदार्थ प्रतिभासित हुन्छ र तिमीबाट प्रकाशित भइरहन्छ अर्थात् मनमा जेसुकै कुरा उठे पनि तिमी त्यही छिनमा त्यो कुरालाई थाहा पाइरहन्छौ। यसरी प्रपञ्चको अधिष्ठान हो तिम्रो वास्तवस्वरूप। यस्तो जानेपछि बुद्धि-वृत्ति-रहित भएर अनुसन्धानपूर्वक अधिष्ठान तत्वमा प्रविष्ट भइहाल्छौ। (बुद्धि अखण्ड, एकरस परमार्थ स्वरूपमा अभिन्न भएर स्थित हुन्छौ) सारा दृश्य पदार्थ बुद्धिमा स्थित हुन्छ – दृश्य पदार्थ हो वृत्तिरूप, वृत्ति नउठेपछि पदार्थको अभाव भइहाल्छ र वृत्ति-रहित बुद्धि स्वरूपको आकारमा स्वतः आकारित भइहाल्छ।

ईश्वर—सृष्ट जगत् प्रतिभासित भइरहे तापनि त्यसमा सत्यताबुद्धि गर्ने प्रयोजन छैन। त्यही जगत्बाट व्यवहार सिद्ध भइरहे तापनि त्यो वास्तव होइन। यस कारण जाग्रत् अवस्थामा देखिए तापनि स्वप्न, सुषुप्ति, समाधि र तुरीय अवस्थामा त्यो जगत् देखिदैन (रहँदैन)

जीव जसरी जगत् देख्छ त्यो हो अन्तःकरणको वृत्तिरूप र गुण दोष आदि विकल्पको (राग, द्वेष आदि विकारको) उत्पादक—वासनाको वंशले यस्तो सत्य बुद्धिले देखिएको (विकार युक्त) जगत् सृष्टिको यहाँ निषेध गरिन्छ। वायु-वशात समुद्रमा तरङ्ग, बुद्बुद उठे तापनि जस्तो समुद्रको केही विकार हुँदैन (समुद्रले त्यसलाई वास्तव अथवा भिन्न वस्तु भनेर

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जान्दैन) त्यस्तै ईश्वर- सृष्ट जगत् सामान्य रूपले देखिए तापनि उसमा बुद्धिमान् पुरुष भिन्नता बुद्धि (सत्यता) गर्दैन। परिणामले अन्तःकरणको समता भाव (एकनासरूपले या अखण्डभावले रहिरहनु) हरहालतमा अटूट रहिरहन्छ।

(३) प्रत्यक्ष देखिएको यो जगत् *वास्तवमा सत्य नभएको* हुनाले तिमीमा कुनै प्रकार विकार उत्पन्न गर्न सक्दैन। अवस्तु भईकन पनि पदार्थ देखिन आउँछ, जस्तो डोरीमा सर्प देखिन्छ। देखिएको कुरा सच्चा हुन्छ भन्ने केही प्रमाण छैन। बरू देखिएको भएको हुनाले त्यो कुरा मिथ्या नै हुन योग्य हो। स्वप्नमा धेरै प्रकारको प्रपञ्च देखिन्छ त्यस कारण त्यो सारा प्रपञ्च हो मिथ्या-त्यही प्रपञ्चको अनुवृत्ति जाग्रत्मा हुँदैन (जाग्रत्मा स्वप्नप्रपञ्च रहिरहँदैन)। त्यस्तै जाग्रत्कालीन प्रपञ्चको पनि अनुवृत्ति स्वप्न आदि अवस्थामा देखिंदैन। त्यस कारण यो सिद्ध हुन्छ कि जे जे देखिन आउँछ, सुनिन आउँछ, अथवा यादमा आउँछ त्यो साक्षिस्वरूपमा कल्पित (आरोपित) र साक्षीबाट प्रकाशित भएको सारा द्वैत पदार्थ मिथ्या हो। अखण्डसुख र प्रकाशरूप तिमीबाहेक तिम्रो आफ्नो प्रकाशको विषय भएको सब पदार्थ मिथ्या हो। त्यस कारण सुषुप्तिमा कुनै द्वैत पदार्थ रहँदैन। केवल अखण्ड आनन्दस्वरूप तिमी स्वयं प्रकाशित रहन्छौ।

(४) तिमी परिपूर्ण सुखरूप भएको हुनाले दैववशात् उद्भूत भएको सुख दुःख र आशा निराशामा विकार प्राप्त हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

सक्दैनौ। जीवित भए तापनि अथवा मरणको समय उपस्थित भए पनि तिमीमा कुनै विकारको संभावना छैन। सुख र दुःख अथवा जीवनमरण हो मन, प्राण र शरीरको धर्म र सारा अनात्म पदार्थको धर्म हो तुच्छ। यस्तो अनुसन्धानबाट सबै अवस्थामा *तिमी निर्विकार स्थित छौ।* यसरी बाह्य र आन्तर दुवै प्रकार (स्थूल र सूक्ष्म) दृश्य प्रपञ्चले तिमी अस्पृष्ट रहीकन (विकार-प्राप्त नभईकन) आफ्नो परिपूर्ण आनन्द स्वरूपमा अवस्थान गर।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

स्थित
दु:ख
सारा
सबै
न्तर
ीकन
रूपमा

चौथो अध्याय

तेस्रो विश्राम स्थान

स्वतः र सर्वदा सिद्ध भइराखेको जुन तिम्रो अखण्ड चित् सुखस्वरूप हो त्यसमा *सर्वदा अवस्थान गरिराखे तापनि* भूलले (नजानीकन) इन्द्रजाल झैं दृश्यमान देह, इन्द्रिय, मन र बाह्य स्थूल पदार्थसित वासनावशात् मिलेर—अहं, मम अभिमान गरेर प्रमाता जस्तो (परिच्छिन्न जीव जस्तो) बनेको छ र स्थूल सूक्ष्म प्रतिभासरूप पदार्थको संबन्ध प्राप्त भएर राग, द्वेष, भय, क्रोधरूप *विकार प्राप्त भइरहेको* छ। तर यो विकारी जीव-भाव तिम्रो यथार्थ स्वरूप होइन। प्रतीयमान बाहिर र भित्रको प्रपञ्च पनि वास्तवमा छैन—शरीर, क्षेत्र, नदी, पर्वत (स्थूल पदार्थं) र सुख, दु:ख, विषाद (मानसिक विकार) यो सारा प्रपञ्च हो स्वप्नको पदार्थ झैं क्षणभङ्गुर—तिनीहरू सुषुप्तिमा रहँदैनन्, तर तिमी आफ्नो परिपूर्ण सुख स्वरूपमा स्थित रहन्छौ। त्यसो भए प्रस्ट बुझिन्छ कि एक मात्र तिम्रो सत्, चित् र सुखस्वरूप नै हो पारमार्थिक सत्य अरू सारा दृश्य पदार्थ प्रतिभासित भइराखे तापनि बिलकुल मिथ्या हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

यो आफ्नो स्वरूपको सधैं अनुसन्धान भइरहेपछि—स्वरूपको कहिले पनि विस्मरण नभएपछि अन्तः करणको कुनै प्रकार वृत्ति उठ्न पाउँदैन। आफ्नो पूर्ण स्वयंप्रकाश सुखस्वरूपलाई भुलेर *अविद्याको कार्य अन्तः करणसित मिलेपछि* अन्तः करणका विकारहरू खडा हुन्छन्। साक्षि-स्वभावमा स्थित भएपछि कुनै प्रकारको विकार उठ्न पाउँदैन। यस कारण सुषुप्ति अवस्थामा कुनै विकार देखिंदैन। ज्ञानी पुरुष सँधै आफ्नो साक्षिस्वरूपमा अवस्थित भएर स्वतः व्यवहार गर्नु हुन्छ—जनक, वशिष्ठहरू संपूर्ण क्रियाजालमा रत भए तापनि उहाँहरूको अन्तःकरणको वृत्ति कहिले पनि उत्पन्न हुँदैनथ्यो। व्यवहार कर्म प्रकृतिबाट (देह, इन्द्रिय, मनबाट निष्पन्न हुन्छ। उसमा अन्तःकरणको वृत्तिको केही प्रयोजन छैन। यस कारण बुद्धिमान् मानिस (कर्मयोगी) निष्काम भएर—कुनै प्रकार वृत्तिलाई नउठाईकन—कर्म गरिरहन्छ। वृत्तिको उत्पत्तिको कारण हो *विषयको वासना*। यस कारण यत्नपूर्वक आफ्नो यथार्थ स्वरूपमा स्थित रहने अभ्यास गर्नु पर्छ। त्यसको परिणामले विषय वासना नष्ट हुन्छ, र आफ्नो सुखस्वरूप सम्यक् प्राप्त हुन्छ।

अन्तः करणसित मिसिएर (परिच्छिन्न प्रमातृभावलाई अवलम्बन गरेपछि) वृत्तिको निरोध अथवा मनको नाश कहिले पनि संभव छैन। प्रमाता *समाधिको अभ्यासद्वारा मनदेखि रहित हुन सक्दैन*। यस कारण शास्त्रमा बताएको छ कि सुमेरु आदि पर्वतलाई मैदान बनाउन बरु सजिलो होला, तर

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

मनलाई वश गर्न अत्यन्त कठिन छ। सुखको बाटोको तेस्रो विश्राम स्थानमा हामीहरू देख्छौं कि मनलाई बलप्रयोगबाट (मनलाई स्वीकार गरेर अथवा मनसित मिलेर) बशमा ल्याउन संभव छैन—तर आफ्नो निर्विकार साक्षिस्वरूपको सर्वदा अवधान (अनुसन्धान) पूर्वक *स्थितिमा रहने अभ्यास गरेपछि मन स्वतः निवृत्त भइहाल्छ।* जुनचाहिं भ्रमले देखिन्छ त्यो भ्रम नाश भएपछि यत्नबिना नष्ट भइहाल्छ—जस्तो उज्यालोमा रज्जु-सर्प यत्नविना नष्ट हुन्छ त्यसै आफ्नो *स्वयं प्रकाशमान स्वरूपमा अवस्थान गरेपछि मनरूप कालसर्प सधैंको लागि नष्ट भइहाल्छ।*

वेदान्तको यो सरल रहस्य ग्रन्थमा श्रद्धा र अभ्यास हो एक मात्र आलोक, जुन आलोकको आविर्भाव भएपछि मनको नाश सम्यक्‌रूपले सिद्ध हुन्छ। "जीवभाव यथार्थ होइन।" म मनविशिष्ट प्रमाता होइन, किन्तु चैतन्य र पूर्णानन्दस्वरूप परमार्थ सत्यवस्तु हुँ। श्रद्धापूर्वक यसरी निश्चय गरेपछि जीवभाव अथवा मनको सत्यता शिथिल भएर जान्छ र आफ्नो स्वरूपको अनुसन्धान हुँदै क्रमले प्राक्तन बासनाको नाशपूर्वक आफ्नो, सनातन अखण्ड सुखस्वरूप सम्यक् प्राप्त हुन्छ। यो सरल र अति उत्तम वेदान्त ग्रन्थमा पुरायात्मा सुमुक्षु पुरुषको अत्यन्त श्रद्धा हुन्छ र त्यो श्रद्धाको परिणामले क्षणभङ्गुर यो संसार असार रहेछ भनी मुमुक्षु पुरुषले निश्चय गर्छ—यो संसारमा त्याग अथवा ग्रहणको योग्य कुनै सत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

पदार्थ छैन। पापात्मा मनुष्य संसारमा रमणीय बुद्धि गर्छ र त्यसको परिणामले उसको संसार-वासना दृढ वन्धनको र अशेष दुःखको कारण भइहाल्छ र पुण्यको वृद्धि भएपछि स्वरूपको अनुसन्धान हुन्छ र पापको वाहुल्य भए (भित्र र वाहिर दुवै प्रकार) संसारमा आसक्ति बढेर जान्छ। पामर मान्छेको मन अत्यन्त पुष्ट र बलियो हुन्छ। संसारमा सत्यता-बुद्धिको नाम मन हो (अथवा जीवभाव)। संसारमा सत्यता बुद्धि नभए कुनै प्रकार वृत्ति उठ्न पाउँदैन।—संसारलाई असार जान्नुको नाम हो साक्षिभाव अथवा आफ्नो सुखस्वरूपमा स्थिति। आफ्नो स्वभावलाई भुलेर आफूलाई परिच्छिन्न देह आदि रूप जान्नुको परिणामले शोक, मोह, राग, द्वेष सारा अनर्थ प्राप्त हुन्छ। धर्म, अधर्म सुख, दुःख यो सारा मनको धर्म हो। मनको वृत्ति या विकारहरूसित कुनै कालमा तिम्रो वास्तव संबन्ध छैन। हेर, सुषुप्तिमा तिम्रो यथार्थ स्वरूप जब प्रकाशित हुन्छ तब विहित निषिद्ध कर्म, कर्मको कर्ता अथवा सुख दुःखभोग केही पनि देखिंदैन। (रहँदैन) तिमी तिम्रो शुद्धप्रकाश र आनन्दस्वरूपमा अवस्थित रहन्छौ। त्यसो भए कर्तृत्व, भोक्तृत्व सुख दुःख यो सारा प्रतीत भए तापनि वास्तवमा होइन। तिमीले तिम्रो स्वरूपमा विश्राम गरेदेखि मनको आत्यन्तिक अभाव भइहाल्छ र कुनै द्वैत पदार्थको प्रतीति हुन पाउँदैन।

त्यस कारण मनुष्यको कर्तव्य हो भूललाई जान्नु अर्थात्

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भूललाई नाश गरिदिनु–भूलभित्र रहेर भूलबाट खडा भएको देह आदि जगत् प्रपञ्चलाई सच्चा मानेर कल्पित दुःखको निवृत्तिको लागि र अशेष कर्ममा प्रवृत्तिको लागि यत्न गर्नु होइन। मनुष्य हो स्वभावैले सुखस्वरूप। यो कुरा नजानेर सारा अनर्थ प्राप्त हुन्छ। यो कुरा *जानेपछि नै सारा अनर्थको निवृत्ति* भइहाल्छ।

वास्तवमा तिमीले संसार प्राप्त गरेको छैन। खालि भूलको परिणामले संसारी भनी प्रतीत भइराखेको छ–किनकि

(१) तिमी अहंकार आदिको साक्षी हौ–कर्ता या अहंकार होइन।

(२) तिमी सारा दृश्य पदार्थको अधिष्ठान हौ। यो नजानेको हुनाले यो सारा प्रपञ्च तिमीमा प्रतिभासित भइराखेको छ (जस्तो स्वप्नमा नानाविध पदार्थ तिम्रो जाग्रत् स्वरूपमा भासित हुन्छ)

(३) तिमी सब प्रपञ्चमा व्याप्त भएर रहेका छौ।

(४) तिमी एक हौ–सजातीय, विजातीय र स्वगत भेदले रहित।

(५) तिमी अविद्या र त्यसको कार्यदेखि अतीत हौ।

(६) तिमी स्वयं प्रकाशमान चैतन्य रूप हौ।

(७) तिमी चेष्टा—रहित हौ (सुषुप्तिमा तिम्रो वास्तव अक्रिय स्वरूपको अनुभव स्वतः सिद्ध छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

(८) तिमी हौ सारा पदार्थसित संबन्धशून्य (सुषुप्तिमा तिम्रो यो असङ्ग स्वभावको अनुभव सजिलोसित हुन्छ)

(९) तिमी विषयको अभिलाषाले रहित नै हौ (सुषुप्तिमा तिम्रो यो निःस्पृह स्वभाव तिम्रै अनुभवसिद्ध छ)।

(१०) तिमी देह, अन्तःकरण आदिको धर्मले रहित छौ, यस कारण तिमीमा वास्तवमा प्रवृत्ति अथवा निवृत्ति छैन—तिमी वास्तवमा संसारी हैनौ। (यो तिम्रो शान्त स्वभाव सुषुप्तिमा अनुभव-गोचर हुन्छ)।

त्यस कारण भूलले तिमी देह आदिसँग संबन्धित भएको र संसारी भएको पनि अनुभव गर्छौ। वास्तवमा तिमी एकरस, अद्वितीय, परिपूर्ण, स्वयंप्रकाश, आनन्दरूप हौ।

यस कारण देखिन्छ कि आफ्नो वास्तव स्वरूपलाई भुलेपछि मात्र प्रपञ्चको प्रतीति हुन्छ—आफ्नो अद्वय परमार्थ सुखस्वरूपको थाहा भएपछि (सुखस्वरूपलाई जानेपछि) स्वरूपको याद राखेपछि-अर्थात् आफ्नो सनातन स्वरूपमा स्वतः स्थित भएपछि-कुनै प्रकार अन्तःकरणवृत्तिको उत्पत्ति हुन सक्दैन। *यसैको नाम हो सफल मनोनिरोध अथवा मनोनाश।* आफ्नो सुखस्वरूपलाई जान्नुबाहेक (उसैको याद गर्नु हो उसलाई जान्नु) सुखको लागि अरू उपाय गर्नु-धन आदि विषयको अर्जन अथवा समाधिको अनुष्ठान-हो बन्धन र अनर्थको हेतु।

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(१) त्यस कारण सुखको बाटो हो कुनै विषयको इच्छा नगर्नु, केही कुराको लागि शोक नगर्नु-कुनै पदार्थको ग्रहण अथवा त्याग नगर्नू, अथवा केही कुराको निति हर्ष या क्रोध नगर्नू । चित्त कुनै विषयमा आसक्त नभएपछि–अर्थात् मनसित तिमी नमिलेपछि स्वतः मनको साक्षिरूपले अवस्थान गरिहाल्छौ। मन शान्त र बृत्तिरहित भए आफ्नो चैतन्य र सुखस्वरूपको स्वतः अनुभव भइरहन्छ। तिमी वास्तवमा मनको साक्षी भएको हुनाले–केवल चैतन्य र सुखरूप भएको हुनाले तिम्रो मनसित मिसिनु संभव छैन–मनसित मिसिनु *आफ्नो स्वरूपलाई बिर्सेपछि मात्र संभव* हुन्छ। त्यो मिसिनु वास्तव होइन। त्यस कारण मनसित मिसिएर नानाप्रकार बृत्तियुक्त र हर्ष या शोकले युक्त हुनु हो तिम्रो निर्विकार सुखस्वरूपबाट झर्नु। *त्यो नै हो सारा अनर्थको कारण।* संपद्, विपद्, संयोग, वियोग, लाभ हानि इष्ट, अनिष्टहरूको प्राप्ति-यो सारा प्रारब्धअनुसार देह आदिको अवश्य प्राप्त हुन्छ। तिमीले विषयको इच्छा गरेर विषयको प्राप्ति हुँदैन, बरू इच्छा नगरे तापनि विषय प्राप्त हुन्छ। *पदार्थसित संयोग र वियोग मात्र प्रारब्धको अधीन हो।* त्यस कारण चित्तको विकार व्यर्थ र अनर्थकारी हो भन्ने जानेर उठ्न नदिएपछि तिम्रो चित्तको सुखस्वरूपमा अवस्थिति स्वतः सिद्ध हुन्छ। *यो सबै तिम्रो अधीन* हो। अविद्या आदि सारा प्रतिबन्ध हो चित्तको बृत्ति मात्र र अवास्तव। प्रमाता अथवा अहंभाव–चित्त साक्षी (चैतन्यरूप)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

तिमीमा मिथ्या आरोपित भएको, आफ्नो स्वरूपलाई याद गरेपछि मात्र त्यो अहंभाव विगलित भइहाल्छ। जस्तो उज्यालो भएपछि डोरीमा कल्पित भएको सर्पभाव एक छिनमा हटिहाल्छ। यो कुरा श्रद्धापूर्वक अंगीकार गर-यसमा कुनै संशयको अवकाश छैन।

(२) शरीर मनसित मिल्नुको नाम हो अहंभाव, तिमी प्रमाता होइनौ, किनकि तिमी हौ प्रमाताको साक्षी। सुषुप्तिमा प्रमाता रहँदैन, किन्तु तिमी त्यही वेला स्वयं प्रकाशमान रहन्छौ। तिमी सर्वदा एकनास छौ। जागरण आदि अवस्थाहरू हुन् मनका विकार (वृत्ति) मात्र। जब मन रहंदैन तब सुषुप्ति अवस्था पनि रहंदैन।

केवल तिमी स्वयंप्रकाश सुखरूपमा स्थित छौ। जाग्रत् आदि अवस्थामा-बाह्य पदार्थहरू, शोभन, अशोभन, सुख, दुःख साराभाव—हो मनको वृत्ति मात्र। यिनीहरू तिम्रो स्वरूपमा भूलले आरोपित हुन्छन्। उनीहरू हुन् कल्पित (भ्रमरूप), तिमी हौ उनीहरूको साक्षी (प्रकाशक)। चेतन अधिष्ठातालाई साक्षी भन्छन्— डोरी हो सर्पभावको जड अधिष्ठान। डोरीमा जस्तो सर्प छैन--जो सर्प भनी देखिन्छ त्यो हो डोरी मात्र, त्यस्तै मन र मनको विकार वाह्य पदार्थ र आन्तर वृत्तिहरू)—जगत् र अहंकार, इच्छा, द्वेष आदि आन्तर भाव तिमीमा वास्तव छैन जुन जगत् र अहंभाव देखिन्छ

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

त्यो हो चिद्रूप अधिष्ठान तिमी–तिमीबाहेक अरू केही वस्तु छैन।

(३) कल्पित पदार्थदेखि भिन्न जुन तिम्रो स्वरूप हो त्यसलाई प्रस्ट गरेर बताउँछु। तिमी श्रद्धापूर्वक श्रवण गर।

(क) तिमी हौ स्वयं प्रकाशमान सुखस्वरूप, तिमीलाइ जान्न (अनुभव गर्नको निंति) अरू प्रकाशको प्रयोजन छैन–तिमी आफू नै हौ अखण्ड प्रकाशरूप वस्तु। यो हो तिम्रो बास्तव अकल्पित स्वरूप।

(ख) तिमी जस्तो आफूलाई प्रकाशित गर्छौ त्यस्तै अहं, मम, काम, क्रोध भावलाई (आन्तर दृश्य पदार्थलाई) पनि–अरू प्रकाशको सहायता विना–स्वयं प्रकाश गरिरहन्छौ।

(ग) यस कारण तिम्रो नाम हो साक्षिचैतन्य, किनकि चैतन्य र आनन्दस्वरूप तिमीमा–अविद्या र उसको कार्य अन्तःकरण आरोपित हुन्छ। तिमी जस्तो जाग्रत् अन्तःकरण र प्रमाता आदि उसको तीन प्रकारको वृत्ति (त्रिपुटी) लाई प्रकाश गर्छौ त्यस्तै जब अन्तःकरण उसको कारणमा लय हुन्छ तब सुषुप्तिकालमा–भोक्ता आदि त्रिविध, अत्यन्त सूक्ष्म आन्तर दृश्यलाई तिमी नै प्रकाश गर्छौ र सुषुप्तिमा तिमी नै भोक्ता आदि भावलाई साक्षात् जान्दछौ। *यो हो तिम्रो अविद्यायुक्त स्वरूप।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

(घ) तिमी जस्तो भोक्ता आदि अवस्था भावको अधिष्ठान हौ त्यस्तै तिमी जाग्रत्मा प्रमाता आदि भावको अनुसन्धाता (प्रकाशक अथवा साक्षी) यस कारण तिमी भन्छौ कि, यो देखेको छु अनि म जान्दछु; यो तिम्रो जान्नु हो वृत्तिको सहायता विना त्रिपुटीलाई प्रकाश गर्नु। "मैले यो देखेको छु।" यहाँ म हो प्रमाता। यसरी तिमी (साक्षी) मनसित मिसिएर भ्रमले प्रमाता बन्छौ। किन्तु तिमीले यस प्रमातालाई साक्षात् जानेको हुनाले-वृत्तिव्यवधान विना प्रकाश गरिराखेको हुनाले तिम्रो प्रमाता-भाव अथवा अहंभाव हो अवास्तव (कल्पित अथवा मिथ्या)। प्रमाता भाव मिथ्या भएकोले प्रमेय दृश्य पदार्थ पनि कल्पित हुन्छ र उसको ग्रहण पनि मिथ्या सिद्ध हुन्छ।

(ङ) प्रमाताले जुन पदार्थलाई जान्दछ त्यो वृत्तिको सहायताले संभव हुन्छ। बाह्य पदार्थसित मनको संयोग इन्द्रियद्वारा हुन्छ। आँखासित रूखको संयोग भएपछि रूखको आकारमा मन आकारित हुन्छ—यसलाई वृत्ति (मनको परिणाम) भनेको छ। यसरी वृत्तिबाट रूखको आवरण नष्ट हुन्छ र आभास चैतन्यबाट रूख प्रकाशित भइहाल्छ। यसरी बुझिन्छ कि त्रिपुटी कल्पित हो अथवा मिथ्या।

अविद्या-युक्त भएर तिमी साक्षिभावमा प्राप्त हुन्छौ र अन्तःकरणविशिष्ट भएपछि, तिमी प्रमाता बन्छौ। यो दुइटै

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भाव (विशिष्ट र उपहित भाव) हो आरोपित। *तिमी हौ वास्तवमा अविद्या-विनिर्मुक्त;* सारा दृश्यदेखि रहित चैतन्य र *अखण्ड सुखस्वरूप* अन्तःकरणसित *मिसिएपछि* तिमीलाई प्रमाता भन्छन् र *अविद्याद्वारा उपहित भएपछि* तिमी अनुसन्धाता कहिन्छौ। वास्तवमा तिमी सारा उपाधि-रहित शुद्ध चैतन्य र अखण्डानन्द स्वरूप हौ।

पदार्थको वासना नै अविद्या हो। अविद्याको पेटमा सारा द्वैत प्रपञ्च बस्छ । अविद्याको आविर्भाव (आफ्नो वास्तव स्वरूपलाई बिर्सनु) भएपछि अन्तःकरणको वृत्तिरूप नानाप्रकारको पदार्थ भासित हुन्छ । भिन्न भिन्न निमित्तको वशले अविद्या परिणाममा प्राप्त भइरहन्छ। आफ्नो यथार्थ स्वरूपमा सम्यक् स्थित नभएसम्म अविद्याको खेल निवृत्त हुँदैन। यो अविद्या (अथवा अन्त,करण) आफ्नो स्वरूपमा आरोपित हुन्छ मात्र — त्यो अविद्या अथवा अन्तःकरण आफ्नो स्वरूपदेखि कुनै भिन्न वस्तु होइन। यस कारण चेतन अधिष्ठान आफ्नो स्वरूपसित एकता प्राप्त नभए कर्ता, प्रमाता, भोक्ता आदि त्रिपुटीहरूको सत्ता र स्फुरण संभव हुने थिएन। वाह्य विषयको जस्तो प्रमातासित एकता हुनु आवश्यक छ त्यस्तै प्रमाता आदि त्रिपुटीको साक्षि-चैतन्यसित एकीभाव हुनु आवश्यक हुन्छ—नभए त्रिपुटीको सत्ता अथवा भान सिद्ध हुन सक्दैन। बाह्य पदाथ जस्तो वृत्तिरूपले अन्तःकरणमा बस्छ त्यस्तै सारा त्रिपुटी—साक्षिचैतन्यको उपाधि अविद्याको पेटमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

वासनारूपले निहित छ । अविद्या साक्षात् आत्मस्वरूपमा कल्पित छ । तर अविद्याकासाथ साक्षिचैतन्यको मिलन (तादात्म्याध्यास) हुन सक्दैन ।—साक्षी सर्वदा एकरस शुद्ध चैतन्य स्वभावमा स्थित रहन्छ अविद्यासित मिल्दैन ! यस कारण आफ्नो स्वरूपको भान (म छु भन्ने भान) अविच्छिन्न रूपले मानिसलाइ भइरहन्छ ।

बाहिर सारा स्थूल पदार्थ र भित्र अहं, मम, क्रोध, आदि सारा सूक्ष्म दृश्यहरू कहिले पनि स्थिर छैनन् । यिनीहरू आउँछन् एक छिनपछि गइहाल्छन् । तर यो सारा स्थूल सूक्ष्म दृश्य प्रपञ्चको प्रकाशक—शुद्ध प्रकाशरूप परमार्थ वस्तु तिमी हौ, किनकि अरू प्रकाशको अपेक्षा नगरेर आफ्नो सुखस्वरूपमा तिमी सर्वदा प्रकाशित भइराखेका छौ र तिमीमा भ्रमले (नजानेर) आरोपित भएको तिम्रो प्रकाशको भित्र पसिराखेको भोक्ता, प्रमाता आदिलाई आफ्नो प्रकाशद्वारा प्रकाश गरि-रहन्छौ ।

तिमी जब तिम्रो यात्राको काम सकेपछि पुग्ने ठाउँमा पुग्छौ—यसैलाई स्वरूपानुभव अथवा सम्यक् ज्ञान भन्छन्—तब यो अन्तिम स्वरूपावस्थित तिम्रो सनातन अद्वितीय स्वरूप प्रकाशद्वारा प्रकाशित भइहाल्छ । सुखको बाटोको यात्राको परिसमाप्ति तिमी नै साक्षात् अनुभव गर्छौ— अविद्या र विद्या (भोक्ता-भाव र ब्रह्म-भाव) दुइटा नै हो साक्षिप्रत्यक्ष ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

भोक्ता, प्रमाता यथाक्रमले अविद्यामा र अन्तःकरणमा स्थित तिम्रो नै प्रकाश हो, तिमीदेखि भिन्न कुनै पदार्थ होइन। त्यस कारण भोक्ता भाव अथवा अहं भावको उदयमा या तिरोभावमा तिम्रो वास्तवमा केही हानि र लाभ हुँदैन। दर्पणमा स्थित तिम्रो मुखको प्रतिबिंब देखिए अथवा नदेखिए तिम्रो लाभ या हानि केही पनि हुँदैन।

वाहिरी रूख, पहाड, आदि पदार्थलाई अन्तःकरणमा प्रतिबिम्बित भएको आभासचैतन्य (साक्षिचैतन्यको प्रतिविम्ब) विषयाकार वृत्तिको सहायताले प्रकाश गर्छ। फेरि यो आभासचैतन्यको (प्रमाता) लाइ तिमी साक्षात् (कुनै वृत्तिको अपेक्षा विना) प्रकाश गर्छौ (जान्दछौ)। त्यसोभए बाहिरको विषय अथवा त्यसको ग्रहण गर्ने र उनीहरूको भान र अभान (सारा अवस्तुभूत भएको हुनाले) तिम्रो शुद्ध, चित्, सुखस्वरूपमा वास्तवमा छैन। जस्तो बाहिर कुनै पदार्थ छैन त्यस्तो बाहिर कुनै ग्रहीता (प्रमाता) पनि छैन। एक मात्र तिमी हौ, तर तिमी प्रमाता होइनौ।—प्रमाता, कर्ता र भोक्ता भाव हो उपाधिकृत र मिथ्या। दोस्रो कुनै वस्तु वास्तवमा छैन! अविद्या र विद्या तिमीमा कल्पित हो र तिमीबाट नै साक्षात् प्रकाशित छ। रज्जुसर्प वास्तवमा भए हिँडेको देखिने थियो। त्यस्तै नजान्नु र गन्तव्य स्थानमा पुग्नु हो तिमीमा कल्पित। यस कारण त्यो साक्षिस्वरूप तिमीबाट नै प्रत्यक्ष हुन्छ। त्यसैले तिमी आफ्नो निराबाध सुखस्वरूपमा स्थित भइराखेकै छौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पाँचौ अध्याय

(चतुर्थ • विश्राम स्थान)

अद्वैत आफ्नो स्वरूपको अनुभूति सजिलोसँग हुन्छ, यो कुरा गएको अध्यायमा प्रदर्शित भएको छ। यो अनुभूतिको लागि केही युक्ति, तर्कको प्रयोजन छैन, किनकि यो स्वतः सिद्ध हो र आफ्नो प्रकाशद्वारा सर्वदा प्रकाशित छ। धनपोखराको सरल स्वभाव र सज्जन मुमुक्षु यो आफ्नो सुखस्वरूपको श्रवण मात्रबाट त्यसको अनुभव गर्न समर्थ हुन्छ। त्यसको विचार र ध्यान साथसाथै भइहाल्छ। श्रद्धापूर्वक आफ्नो स्वरूपको बारेमा सुनेपछि उसमा अवश्यै सत्यता बुद्धि उत्पन्न हुन्छ र उसमा स्वयं स्थिति प्राप्त हुन्छ। आकाश जस्तो आकाशमा सर्वदा स्थित रहन्छ त्यस्तै मुमुक्षु पुरुष आफ्नो चैतन्य र सुखस्वभावमा प्रयत्न विना सर्वदा स्थित रहेको नै छ तर त्यो मुमुक्षु पहिले जान्दैनथ्यो। उपदेश श्रवण गरेर वेदान्तको यो सरल र रहस्यग्रन्थको अवलोकनबाट जो यो जान्दछ त्यो अनुभवपूर्वक आफ्नो स्वरूपमा स्थित भइहाल्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding: N

परिज्ञात स्वरूपनिष्ठाको नाम हो *विचार* र प्रीतिपूर्वक (भ्रम र विक्षेप त्यागेर) आफ्नो स्वरूपमा अवस्थान गर्नुलाई *ध्यान* भन्छन्। श्रद्धालु मुमुक्षुले आफ्नो पदार्थ स्वरूपलाई त्यागेर भ्रमसिद्ध प्रमाताभावलाई अवलंबन गर्दैन अथवा पराधीन र विनश्वर संसारको पदार्थको निंति इच्छा उठाएर व्यर्थ परिश्रम र क्लेशभोग गर्दैन। स्वप्नमा जस्तो यत्न विना व्यवहार सिद्ध भएको देखिन्छ त्यस्तै यो जाग्रत् स्वप्नमा पनि प्रारब्ध-अनुसार सारा कर्म निर्वाह हुंदै रहन्छ। संसारको निति श्रद्धालु आस्तिक मानिस चित्त—विक्षेप र क्लेशपूर्वक कुनै प्रकार व्यवहार-कर्म गर्दैन। संस्कारअनुसार सारा कर्म चेष्टा स्वतः र सजिलोसित भइरहन्छ। मुमुक्षु पुरुषले प्रयत्न-पूर्वक आफ्नो यथार्थ स्वरूपलाई स्मरण गर्नुपर्छ र आत्मनिष्ठ रहनुपर्छ-यसैको नाम हो विचार र ध्यान। यो जब सजिलो र प्रयत्न विना सिद्ध हुन्छ (आत्मनिष्ठा जब सँधै चलिरहन्छ) तब मुमुक्षु पुग्ने ठाउँमा प्राप्त हुन्छ (यसैलाई मुक्ति भनेको छ)।

मुमुक्षुको यो लक्ष्यप्राप्तिको *एक मात्र साधन* हो सारा विषयबाट मनलाई निवृत्त गर्नु-तव नै मन अधिष्ठान चैतन्य-स्वरूपमा निमग्न हुन्छ र परिणामले मुमुक्षु पुरुष चैतन्य र आनन्दस्वरूप भइहाल्छ।

यो संसार स्वप्न झैं असत्य हो, र प्रमाता, भोक्ता आदि भाव हो उपाधिकृत र आफ्नो अद्वय चित् सुखस्वरूपमा

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

कल्पित, यो सँधै याद गरिराख्नुपर्छ। शरीर मन र मनबाट बनेको जगत्‌को भित्र हो हामीहरूको सारा कर्तव्यकर्म र सुख, दुःख भोग। यसै गरी जगत् कर्म र सुखदुःखभोग स्वप्नमा पनि हुन्छ—त्यस्तै जाग्रत्‌मा पनि हुन्छ। यसको कैले पनि निवृत्ति हुँदैन–कामकाज कैले कसको सिद्धिएको छ र, सुखदुःख भोग ऐलेसम्म कसको समाप्त भएको छ ? त्यस कारण संसारको सारा विषयमा आग्रह-रहित भएर आग्रह उठ्नुभन्दा पहिलो क्षणमा जस्तो तिमी स्थित थियौ त्यस्तै–आफ्नो निर्विकार सुखस्वरूपमा स्थित भइराख। इच्छा परित्याग गरेपछि आफ्नो चित्सुख स्वरूपको कुनै प्रकार हानि हुँदैन। इच्छा हो मनको विकार, मनको साक्षी आफूमा मन र उसको धर्म रहँदैन। स्वप्नको ठूलो घर नष्ट भएपछि मानिसको के हानि होला ? उज्यालो भएपछि सर्पको अभाव भएमा डोरीको के हानि हुन्छ ? त्यस्तै सबै प्रकार विषयको आग्रह परित्याग गरेपछि तिमी सानो भएर जान्छौ कि ? सुषुप्तिमा कुनै विषय पदार्थ उसको ग्रहण, त्याग अथवा सुख दुःख केही पनि हुँदैन—त्यसमा तिम्रो केही हानि हुन्छ कि ? दृश्यमान प्रपञ्चहरू अनित्य हुन् ती नामयुक्त र असार हुन्। त्यस कारण बुद्धिमान् *मनुष्य त्यसको लागि कुनै प्रकारको इच्छा गर्दैन।* सुख दुःख सबै समयमा रहन्छ। कुनै अवस्थामा उसको अभाव संभव छैन। त्यस कारण उसमा मन नलगाएर–उसलाई उपेक्षा गरेर स्थित हुनू। (यो नै हो स्वरूपस्थिति)। यसरी स्थित हुनाले

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

साक्षिस्वरूप तिम्रो प्रत्यक्ष हुंन्छ (तिमि साक्षात् त्यही स्थिति जान्दछौ)। यसरी ज्ञात आत्मस्थितिलाइ *विचार* भनेको छ। विषयको निंति व्यर्थ आग्रह छोडिदिएपछि आफ्नो सनातन सुख स्वरूप तिम्रो अनुभवमा आउँछ। तिम्रो स्वरूपको अनुभव भइरहन्छ-अनुभविता छौ तिमी, सुखस्वरूप हो तिम्रो अनुभवको विषय। त्यसपछि अनुभविता आत्मसुखस्वरूपमा निमग्न भएर चित् सुखरूप नै भइहाल्छ।

पहिले वृत्तिको सहाराबाट स्वरूपसित एकताको अनुभव हुन्छ (यसैको नाम हो *ध्यान*) त्यसपछि मन चैतन्य स्वरूपमा प्रविष्ट हुन्छ र चैतन्यरूपले रहिरहन्छ। तब ज्ञाता, ज्ञान, र ज्ञेय भन्ने विभाग रहँदैन।—जुनचाहिँ ज्ञेय हो, त्यो नै अवशिष्ट रहन्छ। (ज्ञाता त्यो ज्ञेय स्वरूपमा अनुप्रविष्ट भएर त्यो सँग अभिन्न रूपले स्थित हुन्छ। चिद् आकार प्राप्त भएको मन अथवा ज्ञाता स्वरूपलाई जान्दछ। (यसको नाम हो विचार अथवा आत्मस्वरूपको स्वयं अनुभव)। सम्यक् आत्मस्थिति (आफ्नो स्वरूपको *सम्यक् अनुभूति*) हो *विचारको अवश्यंभावी* फल। मुमुक्षु सदाकालको लागि सुखस्वरूप भइहाल्छ—यो नै हो मनुष्य-जीवनको पूर्णता अथवा जीवन्मुक्ति।

देह इन्द्रियहरू हुन् पञ्चभूतका विकार, तिमी हौ तिनी-हरूको साक्षी (शरीरहरूदेखि अलग)-यसरी आत्मस्वरूपमा स्थित हुनुपर्छ। विषय वासना हो संसारको कारण। वासना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सत्य वस्तुमा हुनु योग्य हो। सारा पदार्थ हो स्वप्नप्रपञ्च झैं मिथ्या–त्यस कारण त्यसमा वासना उत्पन्न हुन सक्दैन। यसरी वासना परित्याग गरेपछि आत्मनिष्ठा स्वतः सिद्ध भइहाल्छ र उसलाई नै संसारको त्याग भनेको छ। शरीरको स्थिति प्रारब्ध-अनुसार चलिरहन्छ।

अर्थ, धर्म र काम *ईच्छाबाट उत्पन्न हुन्छ।* इच्छाको लेश चित्तमा रहेसम्म आत्मस्वरूपमा सम्यक् स्थिति (जीवनमा गर्नु पर्ने लक्ष्यस्थान प्राप्ति) संभव छैन (किनकि आफ्नो सुख-स्वरूपमा चित्त र उसको विकार छैन।) त्यस कारण अखण्ड सुख-प्राप्तिको निंति धर्म, अर्थ र कामलाई त्यागेर आफ्नो शान्त स्वभावमा अवस्थान गर्नु पर्छ।

चित्तको उपशम अत्यन्त प्रयोजनीय भन्ने देखाइन्छः— *काम* (विषयको इच्छा) हो स्वरूपस्थितिको प्रतिबन्धक। मनसित नमिसिएपछि पदार्थको इच्छा मनमा उठ्न पाउँदैन। मनसित मिसिनुलाई अहं अथवा प्रमाताभाव भनेको छ। प्रमाता-भाव स्वीकार गरेपछि साक्षिस्वरूपमा अवस्थान अखण्ड सुखको अनुभव कहिले पनि संभव छैन। अर्थलाई पनि परित्याग गर्नु पर्छ–अर्थको निंति इच्छा गर्न हुँदैन। प्रारब्धअनुसार जे जे प्राप्त हुन्छ उसमा नै सन्तुष्ट रहनू। अर्थ हो नानाप्रकारको अनर्थले युक्त-यसको अर्जनमा, रक्षणमा, खर्च गर्नुमा र नाशमा मानिस धेरै शोक दुःख भोग्छ। काम र अर्थको हेतु हो धर्म।

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

यसरी धर्मलाई पनि परित्याग गरेर—धर्म, अर्थ र कामको साधन *सारा कर्ममा उपेक्षा गर्नुपर्छ ।*

पुत्र, मित्र, कलत्र, वित्त, क्षेत्र सारा भोग–साधन हो स्वप्नदृष्ट पदार्थ इन्द्रजाल झैं मिथ्या, यस्तो याद सर्वदा राख्नुपर्छ । भोग्य विषयमा कामना गर्नुबाट नै संसारको उत्पत्ति हुन्छ त्यसकारण सारा विषयमा तृष्णारहित भएर सँधै आफ्नो सुखस्वरूपमा अवस्थान गर्नु । देह आदि सबै विषयमा अनासक्त भए—प्रारब्ध कर्मअनुसार जे जे प्राप्त हुन्छ उसमा नै सन्तुष्ट रहेपछि—तृष्णा-क्षय हुँदै जान्छ र आत्मनिष्ठाबाट उत्तम संस्कारको वृद्धि हुन्छ । आफ्नो सुखस्वरूपमा स्थित हुनाको निंति प्रयत्न गर्नु र तज्जनित संस्कारको दृढता संपादन गर्नु मुक्तिसुखको बाटो हो । *सुखको बाटोको चतुर्थ विश्राम स्थान ।*

पुत्र, पत्नी, देह र विषय सुखको लागि पैले पैलेका जन्ममा धेरै यत्न गरेको थियो, तर केही पनि वस्तु नित्य हुन सकेन । अर्थ, काम र धर्मको निंति पहिले पनि कति प्रयत्न गरेको थियो तापनि तिम्रो मनले उसमा विश्राम पाउन सकेन । कष्टसाध्य दुःखदायी—शरीर, मनबाट गरिएको काम कति जन्मसम्म तिमीले गरेर आइसकेका छौ । ऐले तिमी सारा कर्मबाट विरक्त भएर आफ्नो सनातन सुखस्वरूपमा स्थित भइहाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

छैटौं अध्याय

(पंचम विश्राम स्थान)

सारा चिन्ता र क्रिया त्यागेर चित्तलाई लय हुन नदिईकन आफ्नो सुखस्वरूपमा जस्तो स्थित छौ त्यस्तै स्थित रहू। यसको लागि आवश्यक हो श्रद्धा र आफ्नो स्वरूपको याद चित्तसित नमिसिएपछि तिमी लय र विक्षेपयुक्त हुँदैनौ। ज्ञानवान् पुरुष काम गर्दा खेरि अथवा निद्राको बखतमा विकारयुक्त हुनुहुन्न, किनभने उहाँको चित्तसँग कुनै संवन्ध रहँदैन—उहाँ चित्त आदिको साक्षी हुनुहुन्छ, त्यसैले चित्तदेखि अलग हुनुहुन्छ। आकाश जस्तो बादलबाट लिप्त हुँदैन त्यस्तै ज्ञानीलाई चित्तको लय, विक्षेप हुन सक्दैन। ज्ञानवान् पुरुष चित् सुखस्वरूप हुनुहुन्छ—ज्ञानीमा शरीर, मन र जगत् भ्रमले कल्पित हुन्छ। देह आदि जगत् दृष्ट भए तापनि वास्तवमा होइन। त्यस कारण सुषुप्ति र समाधिमा कुनै द्वितीय पदार्थ देखिंदैन। ज्ञानवान् पुरुषलाई सबै अवस्थामा आफ्नो अद्वितीय आनन्दस्वरूप नै स्वतः प्रकाशित रहन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

तिमी स्वरूपमा अवस्थित भएका छौ कि छैनौ भन्ने कुरा तिमी नै साक्षात् जान्दछौ। प्रयत्नपूर्वक आत्मस्वरूपमा स्थिति हो साक्षिचैतन्य तिम्रो दृश्य (१) शुद्धज्ञान अथवा चैतन्य हो एक मात्र सत् वस्तु (२) साक्षिचैतन्य हो अविद्याले उपहित चैतन्य उसमा अविद्या आरोपित भएको मात्र छ, तर साक्षी अविद्यासित मिल्दैन। जस्तो मेघ सूर्यमा आरोपित हुन्छ, तर सूर्यमा मेघ वास्तवमा रहँदैन। सूर्य आफ्नो प्रकाश स्वरूपमा सँधै अवस्थित रहन्छ त्यस्तै साक्षी अविद्या र त्यसको परिणामलाई (*आभासचैतन्य भोक्ता र सुखाकार र साक्षी—आकार अविद्याका वृत्तिहरूलाई*) प्रकाश गरिरहन्छ। भोक्ता भोग्य आदि अत्यन्त सूक्ष्म दृश्यलाई कुनै वृत्तिको व्यवधान विना साक्षी जान्दछ। तिमी हौ साक्षी, अविद्या प्रतिविम्बित भोक्ता चैतन्य होइनौ।

साक्षि चैतन्य तिमीले प्रमाता आदि त्रिपुटीलाई साक्षात् जान्दछौ—त्रिपुटी हो साभास अन्तःकरणको त्रिविध परिणाम (वृत्ति)। चिदाभास (प्रमाता) हो साभास अन्तःकरणको सात्विक परिणाम र जगत् (प्रमेय) हो साभास अन्तःकरणको तामसिक विकार (यसको भित्र सारा शरीर र इन्द्रियगोचर सकल पदार्थ रहेको छ)। संपूर्ण जगत् हो अन्तःकरणको वृत्तिरूप। स्थूल, सूक्ष्म र अतिसूक्ष्म सारा दृश्य–इन्द्रियको, मनको र अविद्याको वृत्तिरूप। नदी, पर्वत, काम, क्रोध र भोग्य, भोग सार असार, तुच्छ र क्षणभङ्गुर हो। तिम्रो शुद्ध

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

ज्ञानस्वरूपमा सारा दृश्य कल्पित भएको छ। जस्तो इन्द्रजाल अथवा स्वप्नजगत् फुरेर आउँछ त्यस्तै आफ्नो चित् सुख स्वरूपलाई भुलेर अशेष द्वैत प्रपञ्च तिमीलाई प्रतीत भइराखेको छ। स्वप्नमा आँखाबाट रथ आदि देखिन्छ मनबाट पदार्थको गुण, दोषको विचार हुन्छ र अविद्याको सहायताले विषय सुखको भोग हुन्छ—तैपनि यो सारा अनुभव भ्रमले सिद्ध हुन्छ—देखेर चिन्तन गर्नुबाट अथवा विषय-सुख भोग गर्नुबाट पदार्थ, उसको चिन्तन, अथवा भोग साँचो भनी सिद्ध हुँदैन। यसको कारण यो हो कि यो सारा दृश्य सँधै रहँदैन, हेर्दा हेर्दै नाश भएर जान्छ।

सारा दृश्य हो क्षणभंगुर-प्रमाता, भोक्ता आदि अशेष दृश्य हो कल्पित र अवास्तव। यो कसरी सिद्ध होला ? यसको जवाफ यो हो कि तिमी हौ यिनीहरूको भाव र अभावको साक्षात् प्रकाशक-जाग्रत्मा अहंभाव खडा हुन्छ, सुषुप्तिकालमा अहंभाव थिएन यो तिमी स्वयं जान्दछौ। जाग्रत् प्रमाता-भावको दृढतावशात् तिमी ब्यूँझेर भूलले भन्दछौ कि, "सुषुप्तिकालमा मैले सुखभोगको अनुभव गरेको थिएँ"-ठीक त्यस्तै मानिस भ्रमले "मैले सर्प देखें" भन्ने अनुभव गर्छ। त्यसकारण तिमीमा वास्तवमा कुनै दृश्य छैन। तिमी सर्वदा शुद्ध चैतन्य र आनन्द स्वरूपमा स्वयं प्रकाशित रहिरहेका छौ।

उपदेशकालमा, अविद्यालाई स्वीकार गरेर भनिन्छ कि तिमी साक्षिरूपले।

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

(१) अविद्या र उसका वृत्तिहरू र अन्तःकरणका भिन्न भिन्न परिणामलाई प्रकाश गर्छौ (स्वयं प्रकाश अधिष्ठानमा आरोपित र आफूदेखि अभिन्न भएको सारा दृश्य पदार्थलाई आफ्नो प्रकाशबाट स्वतः प्रकाश गर्दछौ)। चित्त जब स्वरूपको अभिमुख भएर स्वरूपसित युक्त भएर रहन्छ तब तिमी जान्दछौ कि "म एकाग्रवृत्तिको सहायताले आत्माको चिन्तन गर्दछु।" आत्माको चिन्तन छाडेर विषयको चिन्तनमा लागेपछि अथवा तमोगुणको वशले वृत्तिको लय भएपछि तन्द्रा, निन्द्रा आएको पनि तिमी जान्दछौ।

(२) फेरि विषयाकार वृत्तिको निवृत्तिपूर्वक जब वृत्ति *अन्तर्मुख भएर पनि* उठिहालेको राग आदि संस्कारको (विषय वासनाको) वशले—चित्सुखस्वरूपको अनुभव हुन पाउँदैन तब पनि तिमी *यो कषाय विघ्नलाई* जान्दछौ। जब सम्पूर्ण विषयाकार वृत्तिको विक्षेपरूप दुःखको) निवृत्ति हुन्छ तब आनन्दको अनुभव हुन्छ। विषयाकार वृत्तिको अभाव भए दुःखको निवृत्ति हुन्छ र "मलाई आनन्द भइराखेको छ" भन्ने सविकल्प आनन्दको अनुभव (रसास्वाद हुन्छ—त्यो पनि तिमी *आफैं जान्दछौ*। आखिर।

(३) जब लय, विक्षेप, कषाय र रसास्वाद यो सारा प्रतिबन्धक—सम्पूर्ण दृश्यमा दोषदर्शनरूप प्रयत्नद्वारा—निवृत्त हुन्छ तब आफ्नो नित्य, निर्दृश्य, निरूपाधि, एकरस, सुखस्वरूपमा सम्यक् प्रतिष्ठा प्राप्त हुन्छ। आफ्नो स्वरूपमा यसरी सम्यक् अवस्थिति (अन्तिम साक्षात्कार अथवा स्वरूपज्ञान)

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

तिमीलाई प्रत्यक्ष हुन्छ (ब्रह्मज्ञान हो साक्षिप्रत्यक्ष)। देह आदि पदार्थको निवृत्तिबाट जुन अवान्तर अनित्य आनन्दको (रसको) अनुभव भएको थियो त्योभन्दा यो आफ्नो अखण्ड चित् सुखस्वरूप महानन्द अत्यन्त उत्कृष्ट हो—त्यो नै हो एक मात्र पारमार्थिक सत् वस्तु। रसास्वाद हो उपाधियुक्त र क्षणिक। स्वरूपानन्द हो सारा उपाधिले रहित र नित्य। रसास्वाद हो चैतन्य स्वरूपसित अत्यन्त सूक्ष्मवृत्तिद्वारा एकताको अनुभव। यसरी सविकल्प संयोगबाट फेरि वियोग भइहाल्छ। तर स्वरूपानन्द हो एकरस अखण्ड स्वयंप्रकाश चैतन्य। सम्यक्ज्ञान भएपछि मुमुक्षु पुरुष चित सुखस्वरूप भइहाल्छ (त्यस कारण यो नित्य, अद्वितीय आफनो स्वरूपदेखि कैले पनि च्युति या उत्थान हुन सक्दैन)। यो हो स्वयं र सर्वदा प्रसिद्ध वस्तु।

रसास्वाद अथवा अन्तिम साक्षात्कार वृत्ति चैतन्यबाट प्रकाशित हुन्छ—यो सारा अत्यन्त सूक्ष्म दृश्य हो र तिम्रो चैतन्यस्वरूपलाई नजानीकन आरोपित भएको हो। सारा दृश्य पदार्थ--भोक्ता, भोग आदि अविद्याको वृत्ति तथा विद्या र उसको वृत्ति, अनि आत्माकारवृत्ति र शुद्धचिदाकारवृत्ति (साक्षात्कारवृत्ति अथवा अन्तःकरणको आफ्नो स्वरूपमा सम्यक् स्थिति) परमार्थ दृष्टिमा छैन। एक मात्र शुद्ध चैतन्य तिमी हौ परमार्थसार।

शान्त स्वरूपमा स्थित रहने दृढ अभ्यास गर्नको लागि *ज्ञानामृतको उपदेश बताइन्छ—*

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

कुनै वस्तुको आविर्भाव अथवा कुनै वस्तुको अभाव रूप सारा विकार प्रकृतिबाट हुन्छ, निर्विकार तिम्रो स्वरूपबाट तिनीहरू उत्पन्न हुँदैनन् । यसरी निश्चित रूपले जानेपछि निर्विकार आफ्नो स्वरूपमा सजिलोसित स्थिति भइहाल्छ—सर्वदुःखरहित भएर अनायासले शान्तिलाभ हुन्छ । ईश्वरले नै सारा पदार्थलाई निर्माण गर्नुभयो अरू कसैले होइन । (जीव ईश्वरको अधीन भएको हुनाले जीव केही पनि बनाउन सक्दैन । यसरी निश्चय पूर्वक जानेपछि तृष्णा-रहित र निश्चल-चित्त मानिस कुनै *विषयमा आसक्त* हुँदैन । जीवबाट गरिएको कर्म परिपाक भएर जब फल दिने बेला हुन्छ तब आपद्, संपद्, प्रारब्धवशले खडा हुन्छ । यस्तो निश्चयले युक्त पुरुष तृष्णा-शून्य भएर स्थित हुनुहुन्छ (किनकि तृष्णाबाट केही पनि प्राप्त हुन सक्दैन)—उहाँ अप्राप्त वस्तुको *कामना* गर्नुहुन्न, अथवा नाश भएको वस्तुको लागि शोक गर्नुहुन्न । कर्मको फलरूप सुख, दुःख र जन्म, मृत्यु प्रारब्धअनुसार (अदृष्टअनुसार) आइहाल्छ—यस्तो निश्चय भएपछि मनुष्य "सुख—प्राप्ति र दुःखनिवृत्तिको लागि मैले कर्म गर्नुपर्छ" भन्ने यस्तो कर्तव्यको अभाव भएको हुनाले श्रमरहित भएर स्थित हुन्छ । प्रारब्धवशले कर्म गरे तापनि उनी पाप र पुण्यको भागी हुँदैनन्, किनकि 'म कर्ता हु' भन्ने यस्तो अभिमान तिनको हुँदैन । चिन्ताबाट दुःख उत्पन्न हुन्छ, चिन्ता नभए हुँदैन । कुनै चिन्ता नभएको हुनाले जसको अन्तःकरण स्थिर भएको छ त्यसलाई सुखप्राप्तिको

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

लागि कुनै साधनको जरूरत छैन। सारा विषयमा स्पृहा-शून्य (चिन्तारहित) भएपछि स्वतः सुखको अनुभव हुन्छ। "म देह होइनँ, देह मेरो होइन, म प्रकाशरूप हुँ" भन्ने यस्तो निश्चय जसलाइ भएको छ त्यसको देह आदिमा अहं, मम अभिमान निवृत्त हुन्छ र 'त्यो मैले गरेको छु, अथवा यो मैले गरेको छैन।' भन्ने यस्तो याद उनीहरू गर्दैनन्। "सारा जगत् ममा नै कल्पित हो, त्यसैले म देखि भिन्न होइन।' यस्तो निश्चय जसलाई भएको छ त्यसको संकल्प, विकल्प नष्ट भएर जान्छ। त्यसको विषयमा आसक्ति रहँदैन। जसको अन्तःकरण निश्चल हुन्छ र स्वरूपसुख प्राप्त भएकोले त्यस्ता महात्माहरू विषयको प्राप्ति अथवा अप्राप्तिमा संतुष्ट रहन्छन।

जो आफ्नो चैतन्य स्वरूपमा स्थित हुन्छन्, तिनको लागि यो जगत्को पृथक् सत्ता रहँदैन। त्यसैले उनी वासना-शून्य शुद्ध प्रकाशस्वरूप हुन्छन्। तिनको कार्य, कारण (अविद्या र अन्तःकरण) सारा उपाधि हटिहाल्छ, किनकि स्वरूपमा स्थित भएपछि सबै प्रकारको दृश्य मिथ्या प्रतीत हुन्छ।

यसरी स्वरूपको निश्चयलाई दृढ तुल्याएर सबै दृश्य रहित चैतन्य मात्रमा, अवस्थान गरिराख्नू। कुनै पृथक् विषयको अनुभव नगरीकन केवल आफ्नो अनुभवस्वरूपमा स्थित रहनु।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: N

सातौं अध्याय

(छैटौं विश्राम स्थान)

आफ्नो यथार्थ स्वरूपको स्मरण सधैं गर्नुपर्छ–त्यसोभए कुनै कर्तव्य अथवा प्राप्त गर्नुपर्ने बाँकी रहँदैन। प्रमाता भाव वृत्तिरूप हो र प्रमेय देह आदि जगत्का पदार्थ पनि वृत्तिरूप हुन्। यी पदार्थहरू कहिले प्रकट हुन्छन् र त्यसपछि हराइहाल्छन। अन्तःकरणको परिणामरूप अहंभाव र इदंभाव सर्वदा रहँदैन। यिनीहरूको भाव र अभाव तिम्रो नजिक अप्रकाशित छैन—अहंभाव र इदंभाव उत्पन्न भएको छ अथवा यिनीहरू अहिले (सुषुप्तिकालमा) छैनन् भन्ने तिमी साक्षात् जान्दछौ। तिमी यिनीहरूको उत्पत्ति भन्दा पहिले (जाग्रत्पूर्व क्षणमा) स्थितिकालमा र (जाग्रत् र स्वप्नमा) र नाशकालमा (सुषुप्ति समयमा) आफ्नो नित्य, निर्विकार, एकरस, स्वरूपमा रहन्छौ—यो तिम्रो अनुभव सिद्ध कुरा हो। *यसमा कुनै संशयको ठाउँ छेन।* यो निश्चित आफ्नो स्वरूपलाई भुलेपछि—यो यथार्थ आफ्नो स्वभावलाई उपेक्षा गरेपछि जुनचाहिं तिमी वास्तवमा होइनौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

त्यस्तो कुनै तुच्छ, क्षणस्थायी, कृत्रिम र आगन्तुक वस्तुलाई भूलले आफ्नो स्वरूप भनी स्वीकार गरेपछि तिमी 'अहं' बनीकन 'मम' रूप देह, गेह, वित्त, क्षेत्ररूप नानाविध पदार्थमा प्रीति गर्छौ। इष्ट भन्ठानेको पदार्थ प्राप्त भएपछि हर्ष-युक्त हुन्छौ र उसको वियोगको समयमा दु;ख अनुभव गर्छौ। यस्तो अहंभाव र सबै विषय पदार्थ (वृत्तिरूप भएको हुनाले) वास्तवमा छैन। त्यस कारण इष्ट विषयको प्राप्ति अथवा अप्राप्तिमा अविनाशी, अविकारी, शुद्ध, एकरस, चैतन्य र सुखस्वरूप तिम्रो के हानि हुन सक्ला? स्वरूपलाई नजानेर आफ्नो सनातन स्वरूपलाई त्यागेर (*यो नै हो भ्रम अथवा अविद्या*) अन्तःकरणसित मिसिएपछि (वनावटी एक जना बनेपछि) सारा अनर्थको उदय हुन्छ। अविद्या नभएपछि त्यसको कार्य अन्तःकरण र तद्विशिष्ट प्रमाता-भाव संभव हुँदैन। भ्रमले जीवभाव ग्रहण गरेपछि कुनै सुख प्राप्त हुन सक्दैन। दुःख हो अन्तःकरणको राजसिक वृत्ति। आफ्नो स्वरूपको स्मरण भएपछि सुखस्वरूपको प्राप्ति (सुखस्वरूपमा स्थिति) हो अनिर्वार्य। अन्तःकरण वृत्तिरहित (निश्चल) भएपछि सजिलैसित यसको अनुभव हुन्छ।

यसरी स्वतःसिद्ध र स्वयं प्रकाशमान सुखस्वरूप हो एक मात्र परमार्थ सत्यवस्तु भन्ने *निश्चय गर्नुपर्छ*। यस्तो निश्चयको नाम हो *श्रद्धा*। श्रद्धाको कारण हो गुरुबाट भनेको वाक्यको यथार्थता। वेद हो सर्वज्ञ ईश्वरको वचन, त्यस कारण

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

यो हो परम सत्य। ज्ञानवान् पुरुषले जे भन्नुहुन्छ त्यो हो सत्य, किनकि ज्ञानी हो ईश्वररूप। त्यसैले शास्त्रमा बताएको छ कि जुन तिम्रो सनातन, अद्वितीय, सुखस्वरूप हो उसमा दृढ विश्वास गर। शास्त्र र गुरुवाक्यमा *जति धेरै श्रद्धा या सत्यता बुद्धि हुन्छ त्यति चाँडो* सफलता प्राप्त हुन्छ। श्रद्धाको न्यूनता (कमी) हो सफलताको प्रतिबन्धक। ईश्वर र ज्ञानवान् पुरुषको वचनमा अश्रद्धाबाट मानिसले धेरै दुःख पाउँछ।— स्वतः सिद्ध, नित्य, अविनाशी सुखबाट वंचित रहन्छ— (श्रद्धाको अभावले) नजानेर व्यर्थै भय चिन्ता, आयास र उद्वेग उठाएर किसिम किसिमको दुःख भोग्छ।

'अनायास सिद्ध, सहज आफ्नो स्वरूपमा स्थित भएपछि परिपूर्ण सुख पाइन्छ।'—अश्रद्धाले गर्दा यसमा संसारी मानिसको विश्वास हुँदैन। परिणाम त्यो संसाररूप महासमुद्रमा डुबिहाल्छ—अलिकति पनि सुखको अनुभव गर्न सक्दैन। शास्त्रमा बारंबार तथा अत्यन्त स्पष्ट रूपले बताएको छ कि पहिले गरिएको शुभ र अशुभ कर्मको फल (सुख, दुःख) मानिसले अवश्यै भोग्नुपर्छ। यसको अन्यथा हुन सक्दैन। जो चाहिं हुनुपर्ने छ र जसरी हुनुपर्ने छ भन्ने कसैको भाग्यमा छ भने त्यो अन्यथा हुन सक्दैन। त्यो आफ्नो जीवनको बाटोमा त्यस्तै प्रकारले आफैं चल्छ अथवा देवताबाट चालित हुन्छ। कुनै विषय पदार्थ कसैले पाउने अदृष्ट छ भने त्यो पदार्थ अवश्य नै उसले पाइहाल्छ। यसमा देवताहरू पनि बाधा दिन

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सक्दैनन्। यस कारण बुद्धिमान् मनुष्य कहिले पनि केही कुरामा पनि शोक गर्दैनन् अथवा आश्चर्य पनि मान्दैनन्। जुन वस्तु *तिम्रो प्रारब्धमा छ त्यो वस्तु कहिले पनि अरुलाई प्राप्त हुन* सक्दैन। जो नहुने कुरा हो त्यो हुँदैन। जुन हुने हो त्यो अवश्यै भइछोड्छ। त्यो सारा हो शास्त्रको बचन, यसमा जसको निश्चय हुन्छ—यो सत्य हो भनी ग्रहण गर्छ त्यसको सारा चिन्ता र उद्वेग निवृत्त भइहाल्छ। मानिसले जुन सुख दुःख भोग्छ त्यो हो त्यसको पहिले गरिएको पाप पुण्यको अनिवार्य फल। त्यस कारण यो सारा दैव—प्राप्त (प्रारब्धबाट प्राप्त) सुख दुःख आउँदाखेरि निर्विकार चित्तले त्यसको भोग गर्नुपर्छ। मानिसले चिन्ताबाट कुनै विषय प्राप्त गर्न सक्दैन। आशापूर्वक सम्यक्-रूपले चिन्ता गरेको प्रेमको विषय दैववशले अर्कोले पाउँछ। यसरी श्रद्धापूर्वक निश्चयरूपले जानेपछि भोगको इच्छा र विषयको चिन्ता निवृत्त भइहाल्छ। "देह-यात्रा-निर्वाह, संपद् विपद् सारा प्रारब्ध-अनुसार यथा समयमा भइहाल्छ।" भन्ने यस्तो अवधारण भएपछि मनुष्य चिन्ता-रहित भएर स्थित हुन्छ र क्रमैले आत्मस्वरूप प्राप्त गर्छ। शरीरको चेष्टा संस्कारवशात् चलिरहन्छ, किन्तु उसमा ज्ञानवान् पुरुष कुनै प्रकारको विकारमा प्राप्त हुँदैन।

त्यस कारण आफ्नो वास्तवरूपको लक्ष्य सँधै राख्नुपर्छ—कैले पनि त्यसलाई बिर्सन हुँदैन। "म प्रमाता अथवा भोक्ता होइन, म हुँ चैतन्यरूप" भन्ने संझना सँधै गरिराख्नु पर्छ। यस्तो

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

अभ्यासको परिणामले सारा भ्रम (अविद्या र उसको कार्य) नष्ट भएर जान्छ । अन्तःकरणको सारा वृत्ति (प्रमाता र प्रमेय) चैतन्यस्वरूप आफूमा भासेको छ र आफै मैले उनीहरूलाई प्रकाश गरिराखेको छु । उनीहरू आफूदेखि भिन्न वस्तु होइनन् । त्यसकारण उनीहरूले आफूमा कुनै विकार उत्पन्न गर्न सक्दैनन । उनीहरू वास्तवमा आफूमा छैनन्) । जो भोक्ता इष्ट विषयको उपभोग गर्छ त्यो हो अविद्याको वृत्तिरूप । त्यो वृत्तिलाई म साक्षात् प्रकाश गर्छु त्यस कारण म वास्तवमा भोक्ता होइन । म कर्ता, प्रमाता अथवा भोक्ता होइन, किन्तु नित्य शुद्ध प्रकाश-रूप —अखण्ड सुखस्वरूप वस्तु हुँ । जसमा अविद्या आरोपित हुन्छ, तर जो अविद्यासित मिसिंदैन त्यो हो *साक्षि चैतन्य*, जो मिसिन्छ (अविद्यामा प्रतिविम्बित हुन्छ) *त्यो हो भोक्ता* । म अविद्या आदिले रहित शुद्ध चैतन्य मात्र हुँ । म मा वास्तवमा *अविद्या आरोपित भएको छैन* । (प्रकाश मात्र मेरो वास्तव स्वरूपमा अविद्या रहन सक्दैन । त्यस कारण म अविद्या आ-दिले रहित, एकरस, शुद्ध, चित्, सुख, स्वरूप हुँ ।

पहिले इष्ट विषयको दर्शन हुन्छ, पछि उसको प्राप्ति हुन्छ, र त्यसपछि उसको उपभोग हुन्छ । विषयको भोग हो नजानी-कन आफ्नो सुखस्वरूपलाई भिन्न भएर आस्वादन गर्नु । भ्रमले आत्मसुखबाट आफूलाई भिन्न ठानेर इष्ट विषयको प्राप्तिबाट सुख पाइन्छ भन्ने मानेर मनुष्यले इष्ट विषय प्राप्त गर्छ । विषय प्राप्त भएपछि त्यसको अन्तःकरण एकछिन स्थिर हुन्छ र अन्तः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

करण स्थिर भए त्यो अविद्यारूप कारणमा लय हुन्छ। तब भ्रमजनित इष्ट विषयको प्राप्तिरूप संस्कार (अविद्या) बाट आवृत भएर सुखस्वरूप आत्मा प्रकाशित हुन्छ। विषय लाभको संस्कार हो आफ्नो वास्तव स्वरूपलाई नजान्नु (भ्रम अथवा अविद्या)—यसले नै सुखस्वरूप आत्मालाई ढाकि दिन्छ। यसकारण यो अविद्या आत्मस्वरूपमा आरोपित हुन्छ यसैले यो अविद्यामा आत्मस्वरूप प्रतिविम्बित हुन्छ। यो प्रतिबिम्ब हो गुणभेदले तीन प्रकारको।—

(१) अविद्याको सात्विक परिणाम—अविद्याको साक्षी-आकारवृत्ति भोक्ता हो। (यसलाई अहंकार भनेको छ।)

(२) अविद्याको राजसिक परिणाम क्रियारूप भोग हो।

(३) अविद्याको तामसिक परिणाम (अविद्याको सुखाकार वृत्ति) हो भोग्य सुख। यसरी 'म सुखभोग गर्छु' भन्ने यस्तो भ्रमले प्रतीत हुन्छ। सुख, उसको भोग र उसको भोक्ता यो त्रिपुटी हो भ्रम मात्र-अविद्याको तीन प्रकारको विकार मात्र। यसमा लेश पनि सत्यता छैन। वास्तवमा केवल आफ्नो नित्य, अखण्ड एकरस, सुखस्वरूप प्रकाशित भइ रहेको छ।

इष्ट विषयको दर्शन (प्रिय) उसको प्राप्ति (मोद) उसको उपभोग (प्रमोद) यो तीन प्रकारको अन्तःकरणको क्रमिकवृत्ति। उसको कारण अविद्यामा लय हुन्छ। तब केवल

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

सूक्ष्म अविद्याबाट आफ्नो सुखस्वरूप आवृत (ढाकिएको) हुन्छ । आत्मस्वरूपको प्रतिविम्ब युक्त अविद्याले आत्मस्वरूपलाई आच्छादन गरेको हुनाले त्यसलाई "आनन्दमय कोश" भनेको छ । आनन्दमय कोश शब्दको अर्थ हो सुखस्वरूप चैतन्यको-प्रतिविम्बयुक्त परिणामी अविद्या । मुख्यरूपले अहंकार (भोक्ता) लाई आनन्दमय कोश भनेको छ ।

जाग्रत् र स्वप्नमा विषय सुखको उपभोग हुन्छ, किन्तु यो सुखको आस्वादनको क्षणमा स्थिर अन्तःकरण अविद्यामा लय भइहाल्छ । भोग, भोग्य र भोक्ता हो अविद्याको सूक्ष्मवृत्ति, *अन्तःकरणको वृत्ति होइन* । त्यसकारण विषय सुखको भोगको क्षण हो सुषुप्ति । जाग्रत् र स्वप्नकालमा पनि अल्पकालको लागि सुषुप्ति हुन्छ । जस्तो सुषुप्तिकालमा पनि क्षणिक जाग्रत् र स्वप्न हुन्छ । – यस विषयमा गीतामृत ग्रन्थरत्नको त्रयोदश अध्यायको प्रारम्भिक टीकामा बताइसकेको छ । जाग्रत्, स्वप्न, सुषुप्ति र समाधि सारा अवस्था हो अविद्या–कल्पित, त्यसकारण एकको भित्र अरूहरू पनि सूक्ष्मरूपले रहन्छन् ।

सुषुप्तिकालमा आनन्दमय कोशको स्पष्ट उपलब्धि हुन्छ (यो उपलब्धि भ्रमले सिद्ध हुन्छ, यो परमार्थ सत्य होइन) । अविद्याको पहिले बताइएको त्रिविध परिणाम बाहेक सुषुप्तिमा अज्ञानाकार वृत्ति पनि कल्पित हुन्छ । ब्यूँझेपछि भ्रान्त मनुष्य स्मरण गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

(१) म सुखसित सुतेको थिएँ।

(२) केही पनि जान्न सकिनँ। यो दुइ प्रकारको विमर्श (स्मरण) कल्पित अनुभव माथि आधारित छ। सुषुप्तिकालमा स्वरूपानन्दको भिन्नरूपले अनुभव (आस्वादन) जस्ता आफ्नो नित्य, शुद्ध स्वरूपमा भ्रमले आरोपित हुन्छ। त्यस्तै सारा प्रपञ्चको अभाव पनि अविद्याको (स्वरूपलाई नजान्नुको) परिणामले कल्पित हुन्छ।

वास्तवमा आफ्नो आनन्दस्वरूप हो एक अखण्ड र नित्य प्रकाशशील वस्तु। यो एकरस सुखस्वरूप हो एक मात्र परमार्थ सत्य वस्तु, त्यो बाहेक अरू कोही चेतन अथवा जड पदार्थ छँदैछैन। सारा उपाधि मिथ्या भएको हुनाले आफ्नो यथार्थस्वरूपमा जागरण, स्वप्न, सुषुप्ति अथवा समाधि वास्तवमा रहन सक्दैन। यो चार प्रकारको अवस्था बुद्धि-कल्पित हुनाले मिथ्या हो।

सबै उपाधिकृत अवस्थामा वास्तवमा एक अद्वितीय आफ्नो सुखस्वरूप नै नित्य स्वतः प्रकाशमान भइरहेको छ। त्यसलाई अनुभव गर्नुको नाम हो साक्षात्कार। सबै अवस्थामा उपाधि अंशलाई त्यागेर स्वयंप्रकाश शुद्ध आफ्नो स्वरूपलाई श्रद्धापूर्वक ग्रहण गर्नुपर्छ। यसरी अनायासले स्वरूपमा अवस्थान साधित भएपछि केवल आफ्नो सुखस्वरूप अत्यन्त स्पष्टरूपले स्वयं प्रकाशित भइहाल्छ। बुद्धि स्वतः त्यो चित्स्व-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

रूपदेखि अभिन्न भइहाल्छ—यसरी आफ्नो वास्तव चैतन्य मात्र स्वरूपको स्पष्ट रूपले बुद्धिद्वारा अन्तिम अनुभव उदित हुन्छ। यो नै *एक मात्र यथार्थ अनुभव* हो। अथवा ठीक साक्षात्कार।

सुषुप्ति आदि चार अवस्थाको अर्थ हो दुइ प्रकारको (१) प्रत्यक्ष र (२) परोक्ष।

जाग्रत्‌को अनुभव जाग्रत्‌कालमा सत्य हुन्छ, स्वप्न-कालमा मिथ्या हुन्छ। स्वप्नको अनुभव स्वप्नकालमा सत्य हुन्छ, जाग्रत्‌मा मिथ्या हुन्छ। सुषुप्तिको स्वरूपानुभव सुषुप्ति-कालमा सत्य हो, जागरणमा मिथ्या प्रतीत हुन्छ। समाधिको स्वरूपानुभव समाधिकालमा सत्य हो, जागरणमा (त्रिपुटीसित युक्त प्रतीत भएको हुनाले) मिथ्या हो। यस कारण वेदान्त शास्त्रको रहस्य प्रक्रिया हो—

(१) जाग्रत्‌लाई स्वप्नमा लय गरिदिनु।

(२) स्वप्नलाई सुषुप्तिमा लय गराउनु।

(३) सुषुप्तिलाई आफ्नो वास्तव, अद्वितीय चित् सुखस्वरूपमा लय गरेर स्थित रहनु।

यसको परिणामले अविद्या-विनिर्मुक्त आफ्नो वास्तव स्वरूप स्वयं सर्वदा प्रकाशित भइहाल्छ। यसरी शुद्ध, बुद्ध र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

मुक्त आफ्नो सनातन अखण्ड स्वरूपमा स्वतः र सहज अवस्थान हुन्छ।

'नित्यसमाधि' (व्युत्थानरहित समाधि)

सुषुप्तिमा आफ्नो सुखस्वरूपको सम्यक् अनुभव हुन्छ—यो हो सुषुप्ति शब्दको प्रत्यक्ष (यथार्थ) अर्थ। यो सम्यक् अनुभवमा सुषुप्ति अवस्था पनि विलीन भइहाल्छ—एक मात्र आफ्नो अद्वितीय सुखस्वरूप प्रकाशित रहन्छ, अरू केही पनि रहँदैन। जाग्रत् अवस्था भएपछि (बुद्धि उपाधिले गर्दा) आफ्नो यथार्थ स्वरूपबाट च्युत हुन्छ, र पैले भएको भ्रान्त सुखभोग र ऐलेको उसको स्मृति आदि–अविद्याको बासना-वशले उत्पन्न हुन्छ। कार्यकारण संबन्ध—आफ्नो स्वरूप नजानीकन मानिस सारा कल्पना गरिहाल्छ। (त्यसै चिताइ-हाल्छ) यो सारा कल्पनालाई त्यागेर अद्वितीय आफ्नो सुखस्वरूपमा श्रद्धा गर्नू।

यसरी स्वरूपको निश्चय गरेपछि—म अविद्याविनिर्मुक्त, अखण्ड, एकरस, अद्वितीय चैतन्य हुँ भनी दृढरूपले अवधारण गरेपछि—मुक्तिको निंति कुनै प्रकारको चिन्ता रहँदैन र निर्भय पद प्राप्त भइहाल्छ (मुक्ति स्वतः सिद्ध भएको हुनाले स्वरूपमा स्थित भएपछि नै मुक्ति त्यसै प्राप्त भइहाल्छ।) स्वरूपलाई बिर्सेपछि कर्ता भोक्ता भाव खडा हुन्छ। (यसैलाई बन्धन भनेको छ) जब स्वरूपको दृढ अवधारण हुन्छ तब जानेर

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

आफ्नो स्वयंप्रकाश सनातन स्वभावलाई—आफ्नो गलामा सवदा रहिराखेको अलंकारको फेरि प्राप्ति हुनु झैं-अनायासले राम्ररी जानिहाल्छ। (यसैलाई मुक्ति भनेको छ) त्यसपछि बुद्धिको साक्षात्कार वृत्ति पनि नष्ट भइहाल्छ—केवल परिज्ञात आफ्नो सुखस्वरूप स्वयंप्रकाश रूपले परिशिष्ट रहन्छ।

❀★❀

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अष्टम अध्याय

(सप्तम विश्राम स्थान)

तिम्रो आफ्नो सनातन, अखण्ड, एकरस, सुखस्वरूपमा दृढ श्रद्धा (रुचि) उत्पन्न गराउनको लागि–जसबाट तिमी आफ्नो यथार्थ स्वरूपलाई सर्वदा याद गरिराख्न सक्नौला त्यस कारण "तिमी वास्तवमा के वस्तु हौ र जगत् वास्तवमा के वस्तु हो, भन्ने कुरा स्पष्टरूपले ऐले देखाइन्छ।

एक पटक आफ्नो तत्व सुनेर मात्र उसको स्पष्ट धारणा उत्पन्न हुँदैन। त्यस कारण वारंबार *श्रद्धापूर्वक सुनेर त्यसलाई अत्यन्त स्पष्ट रूपले बुझ्नुपर्छ।* यो वाहेक मनुष्यजीवनमा प्रयत्नपूवक गर्नलायक काम अरू केही छैन। यसको परिणामले *जीवन्मुक्ति (सँधै सुखप्राप्ति) स्वतः सिद्ध हुन्छ।*

(१) सात्विक बुद्धिले युक्त मानिस (जसलाई आफ्नो स्वरूप जान्ने आग्रह र तत्परता छ) *यो उपदेशबाट कृतार्थ हुन्छ।* जसको आग्रह र श्रद्धा छैन त्यसले घेरै उपदेश सुने पनि मूर्खतालाई छोड्न सक्दैन। श्रद्धा नै परम सुखी हुनामा एक मात्र कारण हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

(२) विषयमा अनुराग नगर्नुको नाम हो स्वरूपस्थिति अथवा मुक्ति। विषयको इच्छा गर्नुलाई बन्धन भन्छन्। यति राम्रोसित जानेर ग्रहण गरेपछि नै स्वरूपसुखको अनुभव गर्न सक्छ। (यसैको नाम हो आफ्नो स्वरूपको बोध (अथवा आत्मज्ञान)

(३) तिम्रो स्वरूप के हो भने तिमी देह आदि रूप होइनौ। तिमी कर्ता भोक्ता हैनौ—तिमी कर्ता भोक्ता आदि भावको प्रकाशक हौ। कल्पित उपाधिले हृदयस्थित चैतन्यको आभास उत्पन्न भएपछि कर्ता, भोक्ता भाव फुर्छ—तिमीमा नै यी भावहरू प्रतिभासित हुन्छन् र तिमी नै आफ्नो प्रकाशबाट यिनीहरूलाई प्रकाश गर्छौ। (यिनीहरूलाई जान्दछौ) यी सारा भाव कहिले उत्पन्न हुन्छन् र कहिले हराउँछन्—सबै अवस्थामा यिनीहरू रहँदैनन्। यिनीहरूको भावलाई तिमी जान्दछौ। त्यसो भए तिमी नित्य हौ—सदा तिमी विद्यमान छौ—तिमी *नै हौ एक मात्र स्वयंप्रकाश र सुखरूप वस्तु*। देह, मन, जगत् अथवा अविद्यासँग तिम्रो कुनै संबन्ध छैन—यो तिम्रो सुषुप्तिकालीन अनुभवद्वारा सिद्ध छ। यसरी जानेर तिमी सर्वदा प्राप्त आफ्नो सुखस्वरूपमा स्वतः स्थित भएर बस।

(४) राग र द्वेष हो मनको विकार (वृत्ति) मात्र। तिम्रो स्वरूपमा यिनीहरू छैनन्। सुषुप्तिकालमा यो कुरा तिमी

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

प्रत्यक्ष अनुभव गर्छौ। तिमी सारा चित्तविकारले रहित शुद्ध प्रकाश र सुखरूप हौ।

(५) सबै पदार्थमा तिमी कारणरूपले अनुस्यूत भएर रहेका छौ र सबै पदार्थ तिमीमा कल्पित रूपले रहेको छ–जस्तो डोरी सर्पमा अनुस्यूत छ र सर्प डोरीमा कल्पित हुन्छ। जस्तो डोरी नभए सर्प देखिंदैन त्यस्तै अहंकार आदि आगामपायी भाव भ्रमले तिमीमा भासद्छ र तिमी नै नित्य सत्यरूपले स्वयं-प्रकाशित भएका छौ। त्यस कारण तिमी 'अहं, मम' इत्यादि अभिमानले रहित भएर आफ्नो अकल्पित सुखस्वभावमा स्वतः स्थित रहन्छौ।

बुझ्नुबाट नै स्वरूपस्थिति प्रकाशित भइहाल्छ त्यसको लागि कुनै आयास (दुःख) गर्नुपर्दैन। आग्रह र श्रद्धा भएपछि सजिलोसित नै बुझिन्छ—बुझ्नु नै हो *प्रयत्न* र यो दृढ भए (स्वरूपलाई कैलेपनि नबिर्से) जीवन्मुक्ति सिद्ध हुन्छ।

अखण्ड सुखप्राप्ति सँधै सिद्ध भएको हो, आफ्नो स्वरूपलाई बिर्सेपछि मात्र कर्ता, भोक्ताभाव उठिहाल्छ। स्वरूपलाई राम्ररी संझेपछि कल्पित कर्ता, भोक्ता भावको स्वतः निवृत्ति भइहाल्छ र आफ्नो सनातन आनन्दस्वरूपको स्वतः र सर्वदा अनुभव भइरहन्छ। यसमा शंकाको कुनै अवकाश छैन।

भ्रमले सिद्ध भएको अहं, मम भाव *मानिसलाई* दृढ

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

भएर गएको छ। त्यस कारण आफ्नो यथार्थ स्वरूप र दृश्य पदार्थको वास्तव रूप के हो ? यो श्रद्धापूर्वक सुनेर स्मरण (याद) राख्न वारम्वार प्रयत्न गर्नुपर्छ, त्यसो भए कर्ता भोक्तारूप दृढ भ्रम नष्ट भएर जान्छ र आफ्नो सनातन स्वरूप स्वतः एकै पल्ट प्रकाशित भइहाल्छ।

स्वप्नमा देखिएको पदार्थको जाग्रत्मा स्मरण हुँदा उसमा राग द्वेष रूप कुनै विकार हुँदैन। यसरी पदार्थको सामान्य याद हुनु हो अविद्याको वृत्ति। अविद्यासित युक्त (मिसिएको अथवा अध्यासमा परेको) हुनुपर्दैन। परिणाममा अन्तः करण (र उसको विकार राग द्वेष) उत्पन्न हुन पाउँदैन। स्वरूपलाई बिर्सेपछि मात्र अविद्यासित मिसिन संभव हुन्छ। 'म अविद्याको प्रकाशक हुँ भन्ने यस्तो याद गरेपछि (आफ्नो प्रकाशरूपमा स्थित रहेपछि) अविद्या कुनै भिन्न वस्तु रहँदैन। त्यस कारण विषय भोगको वासना (सूक्ष्म इच्छा) कसरी उत्पन्न होला ? भोक्ता भाव उत्पन्न नभएपछि कर्ता अथवा प्रमाता भाव उठ्न सक्दैन।

(६) समुद्रमा जस्तो तरङ्ग उठ्छ त्यस्तै यो जगत् चैतन्यस्वरूप तिमीमा भासेको छ। चैतन्यले यो जगत्लाई प्रकाश गरिराखेको छ। त्यसो भए आगन्तुक यो जगत् चिद्रूप अधिष्ठानमा कल्पित छ। यो जगत् सँधै रहँदैन। तर तिमी सँधै स्वयं पूर्णरूपले प्रकाशमान रहिरहेका छौ। "म शुद्ध

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

चैतन्यस्वरूप हुँ' भन्ने यस्तो जानेर स्वतः सिद्ध अनुभवको बलले सारा सन्तापले रहित भएर तिमी स्थित रहू।

(७) तिम्रो यो स्वतः सिद्ध सनातन चैतन्य सुखस्वरूपमा बारम्बार श्रद्धा गर। *यसमा संशय अथवा विपरीत भावना* नगर। तिमी भित्र र बाहिर सँदै व्याप्त भएर रहेका एक अखण्ड प्रकाशरूप वस्तु हौ! तिमी नै शरीरको भित्र प्रकाशमान रहेका छौ र तिमी नै शरीरको बाहिर सारा पदार्थलाई प्रकाश गरेर एकरस स्थित रहेका छौ। तिम्रो वास्तव स्वरूप र भगवान्‌मा कुनै भेद छैन। भगवान् आत्मस्वरूप नै हो र भगवान् नै नित्य निर्दृश्य आफ्नो स्वयं प्रकाश स्वरूप हो। एक अखण्ड भएको हुनाले शुद्ध प्रकाशरूप तिम्रो स्वरूपमा कुनै दृश्य पदार्थ रहन सक्दैन। सुषुप्ति समयमा तिमी कुनै दृश्य अनुभव गर्दैनौ।

(८) चैतन्यस्वरूप तिम्रो देह रहे पनि कुनै लाभ छैन। अथवा शरीर नष्ट भएपनि कुनै हानि छैन। भ्रमले जगद्‌रूप तरङ्ग अनन्त चित्‌सुख समुद्र तिमीमा उदय होस् अथवा लय भएर जाओस्। उसमा अविनाशी तिम्रो कुनै हानि र लाभ हुन सक्दैन। जाग्रत्‌को जगत् स्वप्नमा रहँदैन। स्वप्नको जगत् जाग्रत्‌मा छैन र सुषुप्तिमा कुनै दृश्य रहँदैन। तिमी आफ्नो अखण्ड चित् सुखस्वरूपमा सर्वदा विद्यमान छौ।

मानिस *बुद्धिमा अभिमान गरेर* सुखस्वरूपबाट च्युत हुन्छ तर त्यो बुद्धिलाई प्रकाश गरिरहन्छ। बुद्धि आफ्नो

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

स्वरूपदेखि भिन्न वस्तु होइन, किनकि बुद्धि कल्पित वस्तु हो। सुषुप्तिमा बुद्धि छैन। त्यस कारण कुनै वृत्ति नउठाएर स्थित रहेदेखि आफ्नो चित् सुखस्वरूप स्वयं प्रकाशित भइहाल्छ। अभ्यासको बलले चित्त अत्यन्त वृतिशून्य भए सम्यक् स्वरूपस्थिति (जीवन्मुक्ति) सिद्ध हुन्छ। अत्यन्त श्रद्धापूर्वक बुद्धिसित अभिमान छोडिदिएपछि आफ्नो सनातन सुखस्वरूपमा स्वतः स्थिति भइहाल्छ। यो तिमीलाई प्रत्यक्ष हुन्छ। आफ्नो स्वरूप स्वयं र सर्वदा प्रकाशित भइरहेको छ। अन्तर्मुख भएपछि नै तिमी यसको अनुभव गर्न सक्छौ।

(९) चैतन्यस्वरूप तिमीदेखि भिन्न जगत् कुनै वस्तु होइन, किनकि त्यो तिमीमा उठ्छ र तिमी नै त्यसलाई प्रकाश गरिरहन्छौ। सबै पदार्थ तिमीदेखि अभिन्न भएको हुनाले तिम्रो हेय अथवा उपादेय केही पनि हुन सक्दैन।

(१०) सारा उपाधिले शून्य चित्स्वरूप तिमीमा जन्म, कर्म अथवा अहंकार रहन सक्दैन, किनकि शुद्ध प्रकाशमा कुनै वस्तु रहँदैन। सुषुप्तिमा अहंकार आदि कुनै वस्तु देखिंदैन, तर तिमी आफ्नो पूर्ण आनन्दस्वरूपमा प्रकाशमान भइरहन्छौ। चैतन्यरूप तिमी मात्र सर्वदा अवस्थित भइरहेका छौ। *अत्यन्त श्रद्धापूर्वक यसको निश्चय गरेर* यसको अनुभव गर (स्वयंप्रकाश भएको हुनाले यसमा ज्ञाता र ज्ञानरूप वृत्तिको आवश्यक छैन)।

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अविद्या आदि उपाधिवशले सूक्ष्म भोक्ता आदि दृश्य भासेपछि तिमी त्यसलाई साक्षात् जान्दछौ । सारा दृश्य आगन्तुक र क्षणिक भएको हुनाले रहिरहँदैन। तर दृश्यको भाव र अभावको साक्षी भएका तिमी सर्वदा दृश्य रहित प्रकाशमात्र रूपले स्थित रहेका छौ। दृश्यहरू भ्रमले तिमीमा आरोपित भएमा पनि तिनीहरू वास्तवमा तिमीदेखि भिन्न नभएको हुनाले तिमी उनीहरूसित मिल्न सक्दैनौ। त्यसकारण तिमी सबै अवस्थामा वास्तवमा अविद्या-विनिर्मुक्त छौ । श्रद्धापूर्वक ग्रहण गरेर यसैको अनुभव गर। *सबै प्रकार दृश्यको अभाव भएपछि* बुद्धि लय र विक्षेप (चञ्चलता) रहित भएर चैतन्य आफ्नो स्वरूपमा निमग्न भएर चैतन्यरूप भइहाल्छ। चैतन्यदेखि बुद्धि भिन्न रूपले रहँदैन। (त्यो साक्षि प्रत्यक्ष हो।) यसरी तिमी केवल आफ्नो अद्वितीय (दृश्यरहित) स्वरूपमा अवस्थान गर। साक्षात्कार उत्पन्न भए बुद्धि पनि नष्ट भइहाल्छ। तब साक्षि-भाव पनि रहँदैन। आफ्नो नित्य अखण्ड सुखस्वरूप सर्वदा स्वयं प्रकाशित रहन्छ।

संशय (अश्रद्धा) गरेर बुद्धिको *विकल्प नउठाउनू।* बुद्धि कुनै पृथक् वस्तु होइन। आफ्नो नित्य स्वरूपको अभिमुख गराउन सत्वबुद्धिको कल्पना शास्त्रमा गरिएको छ। तिमी सारा वृत्ति (विकल्प) लाई छोडेर बस—स्वरूपको सम्यक् (यथार्थ) अनुभव सजिलोसित नै हुन्छ (स्वरूप हो स्वयंप्रकाश)। त्यो नै बुद्धिको र सारा दृश्यको वास्तव स्वरूप। तरङ्ग जस्तो

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

जलरूप हो त्यस्तै बुद्धिको यथार्थस्वरूप हो चैतन्य। स्वरूप प्राप्त भएपछि बुद्धिको पूर्णता हुन्छ।—यसैको नाम हो बुद्धिको चिद्-आकारता। तिमी वास्तवमा अन्तःकरण-विशिष्ट (बुद्धि युक्त) होइनौ। तिमी हौ सर्वदा प्रकाशमान र स्वतः सिद्ध चिदा-नन्दस्वरूप। आफ्नो स्वरूपको अवलम्बन गर। त्यो साँचो हो भनीठान। बुद्धिसँग अभिमान नगर। प्रमातालाई आफ्नो स्वरूप मानेपछि बुद्धिसँगको अभिमान छोड्न सकिंदैन। "म प्रमाता होइनँ, म शुद्ध चैतन्य हुँ" भन्ने यस्तो निश्चय भएपछि बुद्धि स्वतः चैतन्यरूप भइहाल्छ। *सबै प्रकारको वृत्तिरहित चित्त हो चैतन्य।* चैतन्य नै बाँकी रहन्छ र आत्मस्वरूपले स्वयं प्रका-शित हुन्छ। स्वरूपमा यथार्थ स्थिति भए पूर्णता प्राप्त हुन्छ। जस्तो (प्रत्यक्ष) सुषुप्तिमा हुन्छ।

(११) बाला, कुण्डलमा जस्तो सुन नै रहन्छ त्यस्तै जे देखिन्छ—भोक्ता, प्रमाता, नदी, पर्वत सारा, दृश्यवर्गको सार हो स्वतः प्रकाशमान अखण्ड चित्सुस्वरूप तिमी। तिमीबाट नै क्षणिक दृश्य उठ्छ। दृश्यको अभावकालमा तिमी मात्र स्वयं प्रकाशरूपले रहिरहन्छौ (सुषुप्ति, समाधि)

(१०) कारण रूप तिमी चैतन्य नै हौ सारा वस्तु यसैले त्यस्तो निश्चय गरेर भिन्न भिन्न पदार्थको भ्रम छोड। नाना पदार्थको भान नभए तिमी सुखी हुन्छौ।—किनकि अर्को वस्तुको (कुनै दृश्यको) भान नभएपछि दुःख हुन सक्दैन। संकल्प

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

नउठाएपछि (वृत्तिरूप) दुःखको अनुभव हुँदैन। बुद्धि स्वतः अन्तर्मुख भएर चैतन्य-स्वरूपमा पसिहाल्छ।—जस्तो हावा निश्चल भएपछि तरङ्ग जलरूपले स्थित भइहाल्छ।

(१३) आनन्द स्वरूपलाई बिर्सेपछि (यसैको नाम हो अज्ञान) जगत देखिन्छ। त्यसकारण वास्तवमा चैतन्यरूप तिमी मात्र भएका हौ।—तिमीबाहेक अरू केही पनि वास्तवमा छैन। यसको अनुभव तिम्रो सुषुप्ति समयमा हुन्छ।

(१४) "जगत् भ्रमले सिद्ध भएको छ। त्यसकारण यो सत्य होइन। (यसको अलग सत्ता छैन' यस्तो निश्चय भएपछि वासनानाश हुन्छ र दृश्यरहित आफ्नो एकरस सुख-स्वरूपमा स्वतः स्थिति भइहाल्छ।

(१५) तिमी हौ शुद्ध प्रकाशस्वरूप, त्यसकारण कुनै संकल्प, विकल्पलाई उठाएर विकारी नहोऊ। सारा संकल्प, विकल्पदेखि रहित भएर आफ्नो सहज सुखस्वपरूमा स्थित होऊ। हृदयमा केही फुर्न नदेऊ (कुनै कुराको धारणा अथवा ध्यान नगर) कुनै कुराको मनन नगर। तिमी अविद्या आदि सारा दृश्यदेखि मुक्त छौ त्यसैले मनन अथवा चिन्तनबाट के प्राप्त गर्छौ ? तिमी वास्तवमा सँधै सर्वद्वैतरहित, सुख चैतन्यस्वरूप नित्य मुक्त स्वभाव छौ यस्तो श्रद्धा गरेर आफ्नो सनातन वास्तव स्वरूपमा स्थित भइरहू।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

नवौं अध्याय

गम्य—स्थान र लक्ष्य—प्राप्ति

मानिस सर्वदा आफ्नो वास्तव स्वरूपमा स्थित भइरहेकै छ। आफ्नो सुखस्वरूपको *कहिले पनि अभाव हुन सक्दैन।* जस्तो आकाश सर्वदा आकाशरूपमा नै रहिरहेको हुन्छ—आकाश रूपको कहिले पनि अन्यथा हुन सक्दैन—त्यस्तै तिमी पनि स्वयंप्रकाश, अविनाशी, सुखस्वरूपमा रहिरहेकै छौ। (यो तिम्रो सुषुप्तिकालीन अनुभवबाट सिद्ध छ) आफ्नो स्वरूपको लाभ गर्न कुनै क्रिया गर्नुपर्ने प्रयोजन छैन—आत्म-सुख-प्राप्ति बनावटी कुरा होइन। त्यो योगबाट अथवा बुद्धिवृत्तिको एकाग्रताबाट सिद्ध हुँदैन। जुन चाहिं कृत्रिम उपायबाट प्राप्त हुन्छ त्यो नष्ट भएर जान्छ। आफ्नो सुखस्वरूप सर्वदा सिद्ध छ र स्वयंप्रकाशित छ। यसमा कसैको कुनै शंका रहन सक्दैन। 'म छु कि छैन' भन्ने यस्तो शंका कोही पनि गर्दैन।

तर मानिस आफ्नो यथार्थ स्वरूपलाई बिर्सेर उपाधियुक्त कर्ता भोक्ता बनेर सध दुःखी भइरहन्छ। यदि गुरु र शास्त्रबाट

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

आफ्नो वास्तवस्वरूप सुनेर 'म संसारी मानिस होइनँ किन्तु नित्य, मुक्त चैतन्य अखण्डस्वरूप हुँ' भन्ने यस्तो निश्चयपूर्वक जान्दछ भने त्यस्ताको बुद्धि आदि सारा दृश्य शुद्ध चैतन्य-स्वरूपमा विलीन भइहाल्छ। (यसलाई बुद्धिको चिद्रूपमा स्थिति अथवा साक्षात्कार वृत्ति भनेको छ।) आखिरमा केवल अखण्ड चित्सुखस्वरूप स्वयंप्रकाशित हुन्छ।

जस्तो भूलले 'गलामा भएको गहना हराएको छ' भन्ने यस्तो निश्चय हुन्छ, पछि कसैले याद गराइदिए पछि त्यो कराठहार प्रत्यक्ष प्राप्त हुन्छ। त्यस्तै शास्त्रको वचनलाई श्रद्धापूर्वक ग्रहण गरेपछि (यो नै हो बुद्धिको अखण्डाकारता) कृत्रिम जीवभाव गलित भएर जान्छ र अद्वितीय चित्सुखस्वरूप स्वयंप्रकाशित भइहाल्छ र स्वरूपमा स्थित भएपछि ज्ञानी पुरुषको शरीरको व्यवहार कुनै प्रकार प्रयत्न विना केवल प्रारब्ध-अनुसार चलिराख्छ ज्ञानीको सारा चित्तवृत्ति नष्ट भएर गयो, चित्तसँग मिलेपछि मात्र नाना प्रकारको चिन्ता र क्रिया खडा हुन्छ)।

मुमुक्षु पुरुषको गम्य स्थल हो शान्ति र सुख, आफ्नो स्वरूपको स्मरण र श्रद्धापूर्वक त्यसको ग्रहण गरेपछि नै त्यो शान्ति पाइन्छ। यो नै हो वेदान्त शास्त्रको सरल र अति उत्तम रहस्य।

(१) जसको मनको सङ्कल्प, विकल्प नाश भएको छ र देह आदिसँग कुनै संबन्ध नभए तापनि देह र मन

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

प्रारब्धअनुसार परिचालित भइरहन्छ, त्यस्ता ज्ञानीहरू नै अविनाशी सुखको अनुभव गर्नुहुन्छ।

(२) यो संसार केवल संकल्पबाट उत्पन्न भएको हो। आफ्नो चैतन्यस्वरूपदेखि यो वास्तवमा कुनै भिन्न वस्तु होइन। संकल्प बन्द भएपछि संसार देखिदैन। स्वयंप्रकाशित, अधिष्ठान, चित्स्वरूप मात्र बाँकी रहन्छ। (जस्तो सुषुप्तिकालमा सबैलाई अनुभव हुन्छ)

(३) आत्मस्वरूप हो सबै समयमा सबैको प्राप्त वस्तु, तर संकल्पले गर्दा अप्राप्त जस्तै मूर्खहरूले मानिराखेको छ। जस्तो गलामा स्थित सुनको मालालाई भूलले हराएको मान्दछ। संकल्प, विकल्पलाइ–नानाविध चिन्तालाई–नउठाएपछि र आयासरहित भएर वसेपछि उपाधिरहित आफ्नो शुद्धस्वरूप-लाई संम्झिराखे पछि आफ्नो वास्तव अखण्ड चित्सुखस्वरूप फेरि प्राप्त भइहाल्छ।

(४) भ्रमको निवृत्ति मात्र भए स्वरूपको प्राप्ति स्वतः हुन्छ – यो अभिप्रायले तत्वज्ञानबाट आत्मस्वरूपको प्राप्ति हुन्छ भन्ने शास्त्रमा भनेको छ। भूल नाश भएपछि स्वरूपको ग्रहण स्वतः सिद्ध (सहज) र अनुभव–गोचर हुन्छ। नित्यप्राप्त स्वरूपको यसरी फे.र अनायासले प्राप्ति भएपछि—यसैको नाम हो ज्ञान (किनकि भूलले देह आदि जगत्का पदार्थमा सत्यता बुद्धि भएको थियो, आफ्नो स्वरूपको श्रद्धापूर्वक

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

ग्रहण गरेपछि बुद्धि स्वतः चैतन्यको आकारमा आकारित हुन्छ, किनकि बुद्धि अद्वितीय चित्स्वरूपदेखि कुनै भिन्न वस्तु होइन)—कृतकृत्य पुरुष सर्वदा परिपूर्ण सुखरूपमा प्रकाशित हुनुहुन्छ ।

(५) सत्य नभएको हुनाले कुनै पदार्थ ग्रहण योग्य होइन ।—यस्तो निश्चय भए पदार्थको चिन्तन हुन सक्दैन। त्यस कारण बुद्धिवृत्तिरहित भएर स्थित हुन्छ र चैतन्यदेखि अभिन्न भइहाल्छ । परिणामले स्वरूप-ज्ञान भएर प्रकाशित हुन्छ । श्रद्धा उत्पन्न भएपछि स्वरूपस्थिति अथवा चित्त-विश्रान्ति अनायासले सिद्ध हुन्छ । भ्रमसिद्ध कर्ता, भोक्ता भावलाई त्यागेपछि (भ्रम भनी जानेपछि' प्रयत्न विना आफ्नो अधिष्ठान चैतन्यरूप स्वतः प्रकाशित भइहाल्छ ।

(६) जो जगत्लाई देख्छ त्यसले दुःखभोग गर्छ, जसले स्वरूपलाई जानेको छैन, जगत् दुःख अज्ञान (नजान्नु) यो सारा हो वृत्तिरूप। त्यस कारण विनश्वर मिथ्या हो। तिनीहरूलाई झूटो भन्ने जानेर त्यागेपछि (मिथ्या हो भन्ने जान्नु नै हो यिनीहरूलाई त्याग्नु) स्वतः सिद्ध आफ्नो वास्तव स्वरूप स्वतः प्रकाशित हुन्छ ।

कर्ता अथवा प्रमाता जब वास्तवमा छैन तब योग अथवा समाधिको अभ्यास को गर्ला। ध्याता र ध्येय दुइटै नभए ध्यान संभव छैन । तिमी एक अखण्ड स्वयंप्रकाश चैतन्य

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

हौ। त्यसमा विश्वास गर, तिमी अन्तःकरण-विशिष्ट परिच्छिन्न ध्याता होइनौ। ध्याता-भाव हो भ्रम। त्यसलाई त्याग। अरू केही गर्नुपर्ने प्रयोजन छैन। देहयात्रा प्रारब्ध-अनुसार अनायासले सन्तोषपूर्वक निर्वाह हुन्छ।

(७) सारा दृश्य पदार्थ प्रतीति भएको मात्र हो, तिम्रो वास्तव स्वरूप सनातन, स्वयंप्रकाश, अखण्ड अविनाशी, स्वतः सिद्ध सुखरूप हो। भ्रमले त्यसलाई तिमी अप्राप्त सान्दछौ, तर जसले यो भ्रमलाई सिद्ध गर्दछ (जान्दछ) त्यसको अभाव हुँदैन। भ्रम आउँछ र जान्छ, तर तिमीले यी सारा अवस्था-लाई खास जानिराखेका छौ। देह, इन्द्रिय, विषय, पदार्थ यो सबै जगत्, मन, बुद्धि र अहंकारहरू सुषुप्तिकालमा रहँदैनन्, किन्तु यिनीहरूको अभावलाई तिमी खास अनुभव गरिराख्छौ। तिमी सुषुप्तिकालमा पनि छौ। तिमी सर्वदा रहेको हुनाले अखण्ड सुखको अभाव कहिले पनि हुन सक्दैन। त्यो हो सहजसिद्ध, प्रयत्न-निरपेक्ष र स्वतः सर्वदा प्रकाशमान।

(८) योगको अभ्यासबाट थोरै समयको निंति दृश्यको अभाव भएपनि त्यसबाट दुःखको आत्यन्तिक निवृत्ति हुन सक्दैन। प्रमाता आदि सारा दृश्यलाई भ्रम भन्ने निश्चय गरेपछि दुःखको आत्यन्तिक निवृत्ति हुन्छ। आफ्नो वास्तव स्वरूपलाई भुलेन भने चिन्ता भय, अथवा दुःख कहिले पनि आउन सक्दैन। पूर्ण सुख स्वतः र सर्वदा प्रकाशित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

(९) तिम्रो आफ्नो स्वरूप सर्वदा र साक्षात् प्रत्यक्ष हो (यसको अनुभव तिमीले सुषुप्तिमा गरिराखेका छौ।) नभए 'म छु' भनी कसरी भन्नसक्छौ ? आफ्नो स्वरूपलाई प्रत्यक्ष गर्न कुनै साधनको प्रयोजन छैन। तिमीले आफूलाई प्रमाता, भोक्ता भन्ठानेका छौ त्यो हो भूल। तिमी कर्ता, भोक्ता होइनौ। यो निश्चयपूर्वक जानेपछि तिम्रो स्वतः सिद्ध सनातन स्वरूपको साक्षात् अनुभव हुन्छ। यसैलाई साक्षात्कार भनेको छ। यसको भ्रम त्याग्नु बाहेक अरू केही गर्नुपर्ने आवश्यक छैन। जुनचाहिं साधनको सहाराले प्राप्त हुन्छ त्यो नाश भएर जान्छ। तिम्रो स्वरूप हो अविनाशी। तिमी सबै अवस्थामा रहेका छौ। तिमी सुखरूप स्वयंप्रकाश हौ। कल्पित, क्षणिक आगन्तुक र विनश्वर पदार्थको प्रेम नगरेर सनातन सुखरूप आफ्नो स्वरूपमा श्रद्धा गर। तिमी कृतकृत्य र चिरसुखी हुन्छौ।

(१०) योग (समाधि) अथवा अखण्डाकार बुद्धि स्वयंप्रकाश आफ्नो स्वरूपदेखि कुनै भिन्न वस्तु होइन। आफ्नो चैतन्य स्वरूप हो संपूर्ण कल्पित पदार्थको र सारा अवस्थाहरूको एक मात्र अधिष्ठान। सुषुप्तिमा यो शुद्ध चैतन्य नै स्वयंप्रकाशरूपले बाँकी रहन्छ।

(११) म अन्तःकरण-विशिष्ट विकारी चैतन्य चिदाभास कर्ता अथवा भोक्ता होइनँ। तब म स्वतः कुनै प्रकारको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

बृत्ति विना रहिरहन्छु। प्रमाता बनेर वृत्तिलाई एक छिनको लागि मात्र निरोध गर्न संभव होला। बृत्तिको अत्यन्त निरोध (निर्विकल्प समाधि) कहिले पनि संभव छैन। आफ्नो शुद्ध स्वरूपलाई श्रद्धापूर्वक स्मरण (ग्रहण) गरेपछि वृत्तिको अत्यन्त निरोध अनायासले (कुनै प्रयत्न विना) सिद्ध भइहाल्छ। जुन मानिस पागल होइन त्यो पागलको जस्तो आचरण गर्दैन त्यस्तै जो वास्तवमा प्रमाता अथवा विकारी चिदाभास होइन त्यसको लागि कुनै प्रकारको वृत्ति उठाउन संभव हुँदैन। गुरु र शास्त्रको उपदेश र सुषुप्तिकालीन अनुभवको वलले तिमी निर्विकार चैतन्यस्वरूप हुँ भनी जान्न सक्छौ। त्यस कारण आफू प्रकाशरूप भएर—'म प्रकाशरूप होइन, म विकारी प्रमाता र दुखी संसारी जीव हुँ' यस्तो भन्नु भ्रमले मात्र संभव हुन्छ। आफ्नो स्वरूपलाई श्रद्धापूर्वक सुनेपछि सर्वदा सुखस्वरूपमा स्थित (चिरशान्ति) सजिलोसित संभव हुन्छ—यसमा कुनै संशय छैन।

उत्तम शान्ति हो स्वरूपमा सम्यक् अवस्थिति, मध्यम प्रकारको शान्ति हो—सुख दुःख, संयोग वियोग जीवनको सारा अवस्थालाई ईश्वरको विधान भनी ग्रहण गर्नु, किनकि देह आदि सारा जगत्को निर्माण र संरक्षण केवल ईश्वर नै गर्नुहुन्छ कुनै मानिस अथवा देवताले त्यसको निर्माण गर्न सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

यो हो वेदान्त शास्त्रको अतिसूक्ष्म रहस्य। श्रद्धापूर्वक केवल यो रहस्यलाई जानेपछि मनुष्य जीवनको लक्ष्य (शान्ति) प्राप्त हुन्छ। धेरै जन्ममा अर्जन गरिएको पुण्यपुञ्जको फलले ईश्वरको अनुग्रहबाट यो रहस्य जानिन्छ र आफ्नो स्वरूपको स्मरण गरिराख्नुमा श्रद्धा उत्पन्न भए पछि त्यो आत्मरूपले स्वयं र सम्यक् प्रकाशित हुन्छ।

(१२) भ्रमको नाश भएपछि—अर्थात् श्रद्धापूर्वक स्वरूपको ग्रहण भएपछि—चेष्टा गरे तापनि-यो म हुँ, यो मेरो हो, यो इष्ट हो, यो अनिष्ट हो, यसरी कुनै चित्तवृत्तिको उदय हुन सक्दैन। विउँझेपछि जस्तो स्वप्नपदार्थको लागि मानिसले इच्छा गर्दैन त्यस्तै 'म नित्य चैतन्य र सुखस्वरूप हुँ,' भन्ने यस्तो निश्चय भएको छ त्यसको चित्तमा कुनै विषयको इच्छा उठ्न पाउँदैन। नजानेर संसारको सारा दुःखलाई मानिसले भोग गर्छ। आफ्नो स्वरूपलाई जानेपछि परम शान्तिसुख अनुभव गर्छ—म आत्मामा स्थित भएपछि सारा क्लेशको आत्यन्तिक निवृत्ति भइहाल्छ।

(१३) श्रद्धा उत्पन्न भएपछि पुण्यले गुरु र शास्त्रको वचनमा सत्यता बुद्धि उदाएपछि सजिलैसँग आफूलाई मनको साक्षी भन्ने अनुभव गर्छ। 'म मनको सारा वृत्तिलाई जान्दछु म मनको भाव र अभावको प्रकाशक हुँ।' भन्ने यस्तो निश्चय भएपछि तुच्छ प्रमाता-भाव 'म विकारी सुखी दुःखी मानि

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

हुँ' भन्ने यस्तो भ्रम नाश भइहाल्छ। श्रद्धा उत्पन्न भए विषयाकार वृत्ति शिथिल भइहाल्छ। एकपल्ट आफ्नो स्वरूपको अनुभव भएपछि शंका नष्ट हुन्छ र आफ्नो नित्य प्रकाश स्वरूपमा प्रीति बढेर आउँछ। परिच्छिन्न प्रमाता भाव–विषय-मा अनुराग भय, क्रोध आदि सारा चित्तको विकार वढ्छ र परिणाम दुःखको निवृत्ति संभव हुँदैन।

(१४) मनको द्रष्टा भनी आफूलाई जानेपछि मानिस संसारबाट माथि उठ्छ। त्यो भगवान्को नजीकमा पुग्छ र ठूलो बल, वीर्य, ऐश्वर्य र वैराग्य लाभ गर्छ। साक्षिस्वरूप भगवान्को अवलंबन गरेपछि संसार त्यसको नजीकै (गोष्पद) झैं संसार अत्यन्त तुच्छ भइहाल्छ। त्यसको दीनता नाश हुन्छ र क्रमैले आफ्नो सनातन चैतन्यस्वरूप (शान्ति सुख) प्रकाशित भइहाल्छ।

जो प्रमाता हो, त्यो हो साक्षी। जो साक्षी हो, त्यो हो शुद्ध चैतन्य। पदार्थको इच्छा गर्नाले जसलाई प्रमाता भनेको छ इच्छाको निवृत्ति भएपछि त्यसलाई नै साक्षी भन्छन्। साक्षी हो सारा पदार्थको प्रकाशक—पदार्थहरू साक्षीचैतन्यमा कल्पित छन्। त्यस कारण पदार्थको सत्ता साक्षीदेखि भिन्न होइन। यसरी पदार्थको इच्छा नष्ट भएपछि आत्मसुख स्वतः प्राप्त भइहाल्छ।—यसैलाई जीवन्मुक्ति या परम शान्ति भनेको छ। पदार्थको इच्छा वन्धन भनिन्छ र अनिच्छालाई मुक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

भनिन्छ। यो सारा वेदान्त शास्त्रको सार सिद्धान्त हो।

सत्य वस्तु हो एक, उपाधि भेदले त्यसको दुइ नाम हुन जान्छ। प्रमाता नै इच्छा छोडेपछि साक्षी हुन्छ, किनकि त्यो वास्तवमा शुद्धचैतन्य हो। त्यो आफूलाई भ्रमले (वासनावशले) विकारी आभास चैतन्य भन्ठान्छ। गुरु शास्त्रको वचनमा श्रद्धा उत्पन्न भए त्यसको यो भ्रम नाश हुन्छ र तत्कालमा त्यो चिरसुखी भइहाल्छ।—कुनै साधनको प्रयोजन रहँदैन।

(१५) आफ्नो स्वरूपको निश्चय भएपछि चित्त-निरोधको लागि कुनै प्रयोजनको आवश्यक छैन। जसले स्वरूपलाई जानेको छैन – भ्रमले आफूलाई विकारी (प्रमाता) भन्ठान्दछ—त्यही मानिसले चित्त निरोध गरे तापनि अथवा कर्मानुष्ठान गरे तापनि कुनै अवस्थामा शान्तिसुख अनुभव गर्न सक्दैन। केवल आफ्नो शुद्ध चित्स्वरूप हो सुखरूप, त्यो सर्वदा अनुभवबाट प्रकाशित भइराखेको छ त्यसलाई प्राप्त गर्न समाधिको प्रयोजन छैन। कर्मको अनुष्ठान गरे तापनि आफ्नो स्वरूपको प्रकाश हराउँदैन। देह र इन्द्रियले कर्म गर्दछ त्यो प्रारब्धबाट गरिन्छ। समाधि हो मनको क्रिया। स्थूल, सूक्ष्म सबै क्रिया हुन् चित्स्वरूपका दृश्य (चैतन्यस्वरूपमा कल्पित)। यो दृश्य-भ्रमलाई त्यागेपछि—उसमा सत्यता बुद्धि छोडिदिए पछि—आफ्नो दृश्यरहित सनातन सुखस्वरूप स्वयं र सर्वदा प्रकाशित भइहाल्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

(१६) आफ्नो स्वरूप स्वयंप्रकाश भएको हुनाले उसमा संशय हुन सक्दैन। अनुभव नभएसम्म आफ्नो स्वरूपमा विश्वास र निःशंक हुँदैन, त्यस कारण त्यस्तो विश्वास फलदायी हुँदैन। श्रद्धा भएपछि उसमा रुचि हुन्छ र अनुसन्धानबाट स्वरूपको स्वयं अनुभव हुन्छ। अनुभव नभएसम्म त्यो विश्वास दृढ र भरपर्दो हुँदैन।

आफ्नो स्वरूप सर्वदा अनुभवद्वारा सिद्ध छ। म छैन, भनी कोही पनि भन्दैन। तर देह, इन्द्रिय, मन, बुद्धि र अहंकार (म शरीर हुँ भन्ने दृढ बोध) सबै बखतमा रहँदैन।—सुषुप्ति-कालमा अहंकारको अभाव प्रत्यक्ष देखिन्छ। त्यस कारण आफ्नो यथार्थस्वरूप शरीर आदिले विशिष्ट हुन सक्दैन। यसरी अनुसन्धान युक्तिपूर्वक भएपछि आफ्नो निर्विकार चैतन्यस्वरूप स्वयंप्रकाशित भइहाल्छ—आफू शरीर आदिले रहित शुद्ध प्रकाशरूप हो भन्ने क्षण क्षणमा अनुभव भइरहन्छ। एकपल्ट त्यसको अनुभव भएपछि त्यसको स्मरण भइरहन्छ र संशय र भ्रम क्रमैले निवृत्त हुन्छ। देह आदिको भ्रम दृढ भइराखेको हुनाले अभ्यास द्वारा पुनः पुनः आफ्नो वास्तविक स्वरूपको स्मरण गर्नुपर्छ र उसमा प्रेम बढाउनु-पर्छ। तब उसको अनुभव दृढ भएर जान्छ र देह आदि भ्रम नष्ट भइहाल्छ।

(१७) 'सारा दृश्य हुन् कल्पित' भन्ने यस्तो निश्चय उत्पन्न भएपछि देखिएको संसारले कुनै प्रकारको विकार उत्पन्न

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

गर्न सक्दैन। त्यस कारण स्वयंप्रकाश आफ्नो सुखस्वरूपमा ज्ञानीको स्थिति अटूट रहन्छ। ज्ञानी अहंकारसित मिसिनुहुन्न। उहाँको कुनै संकल्प उठ्न पाउँदैन र अरुको दृष्टिमा उहाँले क्रिया गरे तापनि आफ्नो दृष्टिमा अर्थात् वास्तवमा उहाँ क्रिया-रहित हुनुहुन्छ। स्वरूपस्थित (मुक्त) पुरुषको चित्त केवल प्रकाशरूप हुन्छ. किनकि त्यो हो राग, द्वेष आदि विकारले शून्य। संकल्प र विकल्पले रहित भएको हुनाले ज्ञानीको चित्तमा कुनै आशा अथवा शंका उठ्न सक्दैन।

(१८) संकल्प-शून्य भएर आफ्नो प्रकाशस्वरूपमा चित्त स्वतः स्थित भएपछि उसमा कुनै वृत्ति उठ्न पाउँदैन। निष्क्रिय रूपले रहन कुनै इच्छा अथवा यत्न गर्दैन। अरुको दृष्टिमा शरीर आदिको चेष्टा प्रारब्धवशले भइरहन्छ।

(१९) श्रद्धा-रहित मूर्ख मानिस यथार्थ तत्त्व सुनेर पनि संशय र विपरीत भावना त्याग्न सक्दैन। समाधिको लागि चेष्टा गरे तापनि त्यसबाट कुनै लाभ हुँदैन, किनकि त्यसको कर्ताभाव नाश भएको छैन अर्थात् अहंकार छ। श्रद्धायुक्त पुरुष सजिलोसित स्वरूपको साक्षात्कार गर्छ र देह आदिद्वारा स्वतः अनुष्ठित कर्मको कर्ता बन्दैन।

(२०) एकाग्रता अथवा निरोधको लागि श्रद्धारहित मूर्ख मानिसले व्यर्थ प्रयत्न गर्छ। यो देहमा आत्मबुद्धि गर्दैन र श्रद्धापूर्वक जानेर आफ्नो स्वयंप्रकाश स्वरूपमा स्थित रहन्छन् तिनको लागि केही पनि गर्न बाँकी रहँदैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

(२१) मूर्ख मानिसले प्रयत्न गरे तापनि अथवा निश्चल भएर स्थित भए तापनि परम सुख प्राप्त गर्न सक्दैन, किनकि त्यसको अहंभाव निवृत्त भएको छैन। जुन पुरुषले श्रद्धालु भएर आफ्नो यथार्थ स्वरूपको निश्चय गरेको छ त्यो कृतार्थ हुन्छ। आफ्नो सुखस्वरूप *सर्वदा प्रकाशित भइराखेको हुनाले* श्रद्धाले त्यसको ग्रहण सजिलोसित संभव हुन्छ। श्रद्धा बाहेक अरू कुनै साधनको प्रयोजन छैन।

(२२) आफ्नो सुख-स्वरूप, शुद्ध, परिपूर्ण, एकरस, र दृश्यरहित भएको हुनाले त्यसको लागि अभ्यास गर्नुपर्दैन। कर्तृत्व-बुद्धि नभएपछि अभ्यासको जरुरत छैन। "त्यो हो एक, सुखरूप, स्वप्रकाश र प्रपञ्च-शून्य;-उसमा दुःखको केही संबन्ध छैन।" यस्तो *निश्चय श्रद्धापूर्वक गरेपछि* सारा भ्रम निवृत्त भइहालछ। सारा इच्छा नष्ट हुन्छ र श्रद्धालु पुरुष कृतार्थ भइहालछ *श्रद्धालु पुरुष भाग्यवान्* हो, सजिलोसित नै सदा प्राप्त स्वरूपलाई उसले प्राप्त गरिहालछ। श्रद्धा उत्पन्न भएपछि सारा भ्रम नष्ट हुन्छ र सनातन आफ्नो सुखस्वरूपमा स्वतः र सर्वदा स्थिति अनायासले सिद्ध हुन्छ।

(२३) चित्तलाई निरोध गरेर स्वरूप प्राप्त हुँदैन, किनकि आफ्नो यथार्थ स्वरूप हो नित्यप्राप्त। प्राप्ति गर्ने जो इच्छा गर्छ त्यो कुनै भिन्न वस्तु होइन। अभ्यासबाट भेदबुद्धि बढ्दछ। यस कारण देखिन्छ कि धेरै विद्वान् मानिस र जोगीहरू सनातन आफ्नो यथार्थस्वरूपदेखि धेरै टाढा रहन्छन्।

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

तर श्रद्धालु भक्तिसंपन्न मानिस आफूमा र स्वरूपमा कुनै भेद देख्दैन। आफ्नो बारेमा उसको भ्रम श्रद्धाको परिणामले नाश भएको छ र इच्छा नगरे तापनि सजिलैसित उसले सनातन सुखस्वरूपलाई प्राप्त गर्छ (अनायासले आफ्नो स्वरूपमा स्थित हुन्छ)

(२४) आफ्नो यथार्थ स्वरूपलाई नजानेर अर्थात् भ्रमले आफूलाई कर्ता भोक्ता ठानेर 'चित्तनिरोधबाट म मुक्त हुन्छु' भन्ने यस्तो मूर्ख मानिसले संझन्छ, तर त्यसले स्वरूपलाई प्राप्त गर्न सक्दैन, किनकि त्यो आफ्नो चित्सुख स्वरूपलाई जान्न सक्दैन। बुद्धिमान् पुरुष आफ्नो यथार्थ स्वरूपलाई गुरुबाट सुनेर श्रद्धापूर्वक त्यसको बारेमा निश्चय गरिहाल्छ अर्थात् 'म कर्ता र प्रमाता हुँ' भन्ने भ्रम त्याग गरेर स्वतः सिद्ध आफ्नो सुखस्वरूपको ग्रहण गर्छ। 'म चिदानन्दस्वरूप हुँ' भन्ने यस्तो जान्दछ। त्यस कारण श्रद्धालु सजिलोसित नै संसार रूप सारा अनर्थलाई नाश गर्न सक्दछ।

(२५) जो दृश्यको अवलम्बन गर्दछ र भ्रमले आफूलाई प्रमाता मान्दछ त्यसले कैले पनि स्वरूपलाई प्राप्त गर्न सक्दैन। *चित्तनिरोध आदिबाट शान्तिलाभ हुँदैन।* विवेकी मानिस केवल स्वरूपलाई जानेर स्वभावतः शान्त भइहाल्छ। यसले शान्त हुने इच्छा कहिले गर्दैन, किनकि आफ्नो स्वप्रकाश, एकरस, परिपूर्ण सुखस्वरूपमा चित्तको कुनै विकार कुनै कालमा छैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

(२६) जो चित्तनिरोधको लागि प्रयत्न गर्छ त्यो भ्रमले आफूलाई निरोधकर्ता भन्ठान्छ र निरोधको पछि (समाधि-बाट उठेपछि) फेरि चित्तको नाना विघ्न विकारमा प्राप्त हुन्छ (वृत्तियुक्त हुन्छ)। जसको आफ्नो यथार्थ शुद्ध, बुद्ध, परिपूर्ण प्रकाशस्वरूपमा श्रद्धा र प्रीति हुन्छ उसको चित्त स्वाभाविक रूपले सर्वदा चैतन्यस्वरूपमा निमग्न भइहाल्छ। आफ्नो सुखस्वरूपको अनुभव सबै अवस्थामा स्वभावतः भइरहन्छ।

(२७) सर्वव्यापि, निर्मल, शुद्ध आफ्नो प्रकाश र सुखस्वरूपलाई चिन्तन गर्ने प्रयोजन छैन, किनकि त्यो हो अद्वितीय र परिपूर्ण प्रकाशरूप। चित्त चिन्तक र चिन्त्य उसमा आरोपित हुन्छ। वास्तवमा चित्त कुनै भिन्न वस्तु होइन। चित्त हो चैतन्यरूप भन्ने जानेर श्रद्धावान् पुरुष अनायासले स्वस्थ-चित्त भएर आफ्नो सनातन सुखस्वरूपमा स्वतः र सर्वदा अवस्थान गर्छ। तिनलाई आफ्नो स्वरूपको अनुभव (साक्षात्कार) सँधै विद्यमान रहन्छ। यो नै भगवान् श्रीकृष्णले गीताको षष्ठ अध्ययमा कुनै कुराको पनि चिन्तन नगर्नू' भन्नुभयो। जसले आफ्नो यथार्थस्वरूपको बारेमा गुरुको मुखबाट सुनेको छैन र गुरुको वचनलाई श्रद्धापूर्वक ग्रहण गरेको छैन त्यसले आफूलाई कर्ता प्रमाता भूलले मानेर कैले विषयको चिन्तन र कैले आत्माको चिन्तन गर्छ। यसबाट चित्तभाव (प्रमाताभाव) दृढ़ हुन्छ, चित्तको त्याग हुन सम्भव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

छैन। त्यस कारण आफ्नो शुद्धस्वरूपलाई श्रद्धापूर्वक ग्रहण नगरेपछि 'म हुँ केवल प्रकाशरूप' भन्ने निश्चितरूपले नजानेपछि आत्मचिन्तनबाट प्रमाता-भावको निवृत्ति हुँदैन 'म चैतन्यस्वरूप हुँ' भन्ने जानेर चिन्तन अथवा दृढ भावना गर्नु फलदायक हुन्छ। यसैले विद्वान् अथवा जोगी पुरुषले शान्तिसुख लाभ गर्न सक्दैन।

(२८) आत्मस्वरूपको बारेमा श्रद्धा र निश्चय उत्पन्न भएन भने विषयाकार वृत्तिको निवृत्ति संभव छैन। 'म स्वयं-प्रकाश सुखस्वरूप हुँ' भन्ने यस्तो श्रद्धाजनित निश्चय भएपछि पुरुषको बुद्धि निर्विशेष आत्मस्वरूप नै भइहाल्छ, किनकि बुद्धि कुनै भिन्न वस्तु होइन। जस्तो मन्द अन्धकारमा देखिएको सर्प रज्जु स्वरूपदेखि भिन्न होइन। बुद्धिले यदि अनात्म पदार्थको ग्रहण गर्दैन (किनकि ग्रहणकर्ता प्रमाता वास्तवमा छैन आफू हो वास्तवमा शुद्ध चैतन्यरूप) त्यसो भए स्वरूपको अनुभव (साक्षात्कार) स्वतः सिद्ध हुन्छ। कुनै साधनको प्रयोजन हुँदैन।

(२९) 'म केवल प्रकाशरूप हुँ' भन्ने यस्तो श्रद्धाले श्रवण र ग्रहण गरेपछि अखण्ड आफ्नो स्वरूपको स्वतः अनुभव (साक्षात्कार) भइहाल्छ, किनकि आफ्नो स्वरूप हो स्वयं-प्रकाश। त्यो सर्वदा प्रकाशित (अनुभवगोचर) भइरहेको छ, तर भ्रमले (नजानेर) उसमा प्रमाताभाव कल्पित हुन्छ। त्यस

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

कारण यो अहंभाव—चित्तसित मिसिनु अथवा चित्त—प्रतिबिम्बित आफ्नो रूप—मिथ्या हो। जस्तो डोरीमा सर्पभाव आरोपित हुन्छ र भ्रमको कारण हुन्छ त्यस्तै साक्षिस्वरूपमा चित्तयुक्त प्रमाता-भाव कल्पित हुन्छ, भन्ने जानेपछि चित्त स्वतः चैतन्यरूप नै भइहाल्छ (चित्त वास्तवमा छैन) र अखण्ड आफ्नो स्वरूपको साक्षात् अनुभव हुन्छ।

आफूलाई प्रमाता भन्ने मानेपछि वृत्तिको निरोध (समाधि) साधित भए तापनि चित्त नष्ट हुँदैन र परिणाम प्रमाता-भावको विनाश संभव छैन। 'म शुद्ध चैतन्यरूप हुँ' भन्ने श्रद्धापूर्वक सुनेर ग्रहण गरेपछि नित्यप्राप्त आफ्नो यथार्थ-स्वरूप स्वयंप्रकाशित हुन्छ। यसैलाई साक्षात्कार भनेको छ। चित्त वास्तवमा चैतन्यरूप भएको हुनाले चैतन्यसित स्वतः अभिन्न भइहाल्छ । (जस्तो, उज्यालोमा सर्प डोरीदेखि अभिन्न हुन्छ) यसैलाई अखण्डाकार वृत्ति भनेको छ। यसको उत्पत्तिको निंति साधनको अपेक्षा छैन। श्रद्धालु बुद्धिमान् पुरुषलाइ—कल्पित प्रमाता-भावको स्वाभाविक परित्याग गर्नु सिवाय अरू कुनै आयाससाध्य क्रियाको प्रयोजन छैन।

(३०) 'म अकर्ता र अभोक्ता हुँ" भन्ने यस्तो निश्चय उत्पन्न भए सारा चित्तवृत्ति क्षीण भएर जान्छ। "यो गर्नुपर्छ, यसो गरे यसरी भोग प्राप्त हुन्छ' भन्ने यस्ता वृत्तिहरूको उदय नभए तज्जनित सारा चित्तवृत्तिको क्षय भइहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

(३१) सेवक, पुत्र, स्त्री, अथवा कन्याले उपहास गरे तापनि ज्ञानी पुरुषहरू कुनै विकारमा प्राप्त हुँदैनन्, किनकि तिनको भ्रमसिद्ध प्रमाता-भाव नाश भइसकेको हुन्छ, त्यस-कारण ज्ञानीलाई राग, अथवा द्वेष उत्पन्न हुन पाउँदैन। अरूले हेर्दा ज्ञानी असंतुष्ट अथवा खिन्न जस्तो देखिए तापनि ज्ञानी वास्तवमा कुनै किसिमको विकारमा प्राप्त हुँदैनन्। चित्तसित नमिसिए चित्तको क्षोभ उत्पन्न हुँदैन। चैतन्यस्वरूप ज्ञानी पुरुषको चित्त रहँदैन, किनकि—डोरीमा सर्प झैं—साक्षिचैत-न्यमा चित्त भ्रमले कल्पित भएको छ।

(३२) 'मेरो यो कर्तव्य हो' भन्ने यस्तो कार्यको संकल्प-बाट संसार बन्छ। ज्ञानीको भ्रम नष्ट भएको हुनाले कुनै संकल्प उठ्न पाउँदैन। परिणाम ज्ञानीको संसार उत्पन्न हुँदैन। ज्ञानीको सारा संकल्प नष्ट भएको हुन्छ र सारा उपद्रव हरा-उँछ। प्रारब्धद्वारा कर्म गरे तापनि ज्ञानीको चित्त सर्वदा निश्चल रहन्छ। प्रारब्ध-अनुसार सुत्नु, उठ्नु, आउनु, जानु गरे तापनि ज्ञानी आफ्नो सुखस्वरूपमा नै स्थित हुन्छन्। (उनका इन्द्रियहरू आफ्ना आफ्ना व्यापार गरिहन्छन्) कुनै अवस्थामा पनि ज्ञानी अशान्त हुँदैनन्। तिनको बुद्धि सर्वदा चैतन्यरूपदेखि अभिन्न रहन्छ।

(३३) बोल्नु, खानु आदि व्यवहार गरे तापनि ज्ञानी खेदमा प्राप्त हुँदैनन्, किनकि उनी आफ्नो चैतन्यस्वरूपमा

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

स्थित हुन्छन् । त्यसकारण चित्तको कुनै विकारले तिनलाई छुन सक्दैन । तिनको चित्त नष्ट भएको छ । तिनले आफ्नो शुद्ध, पूर्ण, अखण्ड, प्रकाश स्वभावलाई प्राप्त गरिसकेका छन् । खेद, क्लेश, हर्ष, इत्यादि विकार हो अन्तःकरणको धर्म । अन्तःकरण-सित जो मिसिन्छ (अर्थात् अन्तःकरणमा प्रतिविम्बित साक्षि-चैतन्य अथवा प्रमातालाई आफू भन्ठान्छ) त्यो राग, द्वेष आदि अन्तकरणका विकारहरूसित जुटिहाल्छ ।—जस्तो ऐनामा प्रतिविम्बित मुख जपापुष्पको नजिकमा हुनाले रातो भन्ने भान हुन्छ त्यस्तै । मुख जस्तो वास्तवमा रातो भएको छैन त्यस्तै तिम्रो वास्तव स्वरूप पनि विकारयुक्त भएको होइन । किनकि तिमी निर्विकार, एकरस सुख र प्रकाशस्वरूप हौ । तिमी यदि वास्तवता कुनै क्लेशले युक्त भएको भए तिम्रो स्वरूप पहिले र पछि एकरस रहन सक्ने थिएन । हानि हुँदा पनि पछि तिमी केही घटेर जानुपर्ने थियो । तर तिमीले सवदा आफूलाई एक-नास अनुभव गरिराखेका छौ ।—जो म पहिले थिएँ त्यो म नै पछि पनि रहिरहन्छु—यसकारण तिमी वास्तवमा कुनै किसि-मको हानि र वृद्धिले युक्त (घट्ने वढ्ने) भएका छैनौ । तिमी भूलले-अन्तःकरणसित मिसिएर अन्तःकरणको चञ्चल स्वभाव आफूमा आरोप गरेर, आफू अन्तःकरणरूप बनेर—व्यर्थै राग, द्वेष, शोक, मोहहरूमा प्राप्त भएका छौ । जस्तो स्वप्नकालको भय, शोक, अथवा सुख सारा मिथ्या हो त्यस्तै जाग्रत्मा सारा विकार *भ्रमले तिमीले आफूमा मानिराखेका छौ ।* तिम्रो परिपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

प्रकाश र सुखस्वरूपमा कुनै विकार वास्तवमा छैन। यसरी श्रद्धालु पुरुषलाई आफ्नो यथार्थ स्वरूपको दृढ निश्चय सजिलोसित हुन्छ।

(३४) मूर्ख मानिस कुनै विषयको भावना अथवा अभावना गरिरहन्छ—किनकि त्यो चित्तसित सधैं मिसिएर बस्छ। आफ्नो सनातन चैतन्य स्वभावमा स्थित ज्ञानी पुरुष चिन्तायुक्त देखिए तापनि सारा दृश्यको दर्शनबाट रहित भएर बसिरहनुहुन्छ। उहाँ अत्यन्त निष्काम भएर पनि सबै किसिमको व्यवहार गर्नुहुन्छ, तर उहाँ आफ्नो शुद्ध एकरस चैतन्यस्वभावमा स्वतः र सर्वदा स्थित भएका हुनाले देह-इन्द्रियबाट गरिएको कर्मको फलाफलमा लिप्त हुनुहुन्न।

(३५) सबै विकल्पले रहित यस्ता ज्ञानी पुरुषको कुनै प्रपञ्च अथवा त्यसको प्रतिभास रहँदैन, कुनै साध्य अथवा साधन बाँकी रहँदैन, किनकि उहाँ आफ्नो नित्यप्राप्त पूर्ण स्वभावमा स्थित भइसक्नु भएको छ। सारा दृश्यभ्रम (प्रमाता आदि त्रिपुटी हो साक्षीको दृश्य) श्रद्धालु पुरुषको स्वतः निवृत्त भएको हुनाले उहाँ आफ्नो स्वाभाविक पूर्ण स्वरूपमा सर्वदा स्थित हुनुहुन्छ। उहाँ सर्वदा समाधिमा स्थित हुनुहुन्छ। यो नै हो *समाधि शब्दको प्रकृत (सच्चा) अर्थ।*

(३६) महत्तत्त्वदेखि शुरू गरेर अहंकार, पञ्चतन्मात्रा पञ्चमहाभूत र भौतिक जगत् सारा नाम मात्र भिन्न भिन्न

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

रूपले स्वप्न-दृश्य झैं प्रतिभान भइराखेको छ। वास्तवमा यो सबै दृश्य बिलकुल छैन। त्यस कारण यो दृश्यको कल्पना त्यागेर जुन श्रद्धालु मुमुक्षु पुरुष आफ्नो स्वप्रकाश चैतन्य-स्वरूपमा स्थित हुन्छन् तिनको गर्नुपर्ने कुनै काम बाँकी रहँदैन। आफ्नो नित्य चैतन्य र सुखस्वरूप स्वतः प्राप्त भएको हुनाले उनी सँधै कृतकृत्य हुन्छन्।

(३७) त्यसको सारा अनर्थ बिलकुल निवृत्त भएर जान्छ। सारा दृश्य भ्रमले कल्पित भएको हुनाले 'यिनीहरू वास्तवमा छैनन्, भन्ने यस्तो निश्चय जसको भएको छ तिनी आफ्नो सनातन चैतन्यस्वरूपलाई प्राप्त गर्छन्। यो स्वरूपको साक्षात्कारबाट सारा भ्रम (आरोपित सारा दृश्य) अत्यन्त निवृत्त भइसकेको हुनाले स्वभावतः ज्ञानीको सारा क्लेश (वासना र चित्तवृत्ति) नष्ट भइहाल्छ। अनर्थ हटाउन उनले कुनै साधनको अवलम्बन गर्नुपर्दैन।

(३८) यो जगत् वास्तवमा होइन। यो भ्रमले देखिन्छ। यस कारण सुषुप्ति आदि कालमा नष्ट भइहाल्छ। स्वप्नदृश्य झैं भ्रमले देखिएको यो जगत् आफ्नो सनातन चैतन्यस्वरूप अधिष्ठानमा प्राप्त भएपछि (सनातन चित्सुखस्वरूपमा स्थित भएपछि) नाश भइहाल्छ। त्यस कारण ज्ञानी पुरुष यो अवास्तव शरीरमा अहंकार गर्दैनन्—शरीर सत्य नभएको हुनाले शरीरको अभिमान बन्दैन।—अथवा शरीर—संबन्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पुत्र, कलत्र, वित्त, क्षेत्र आदिमा ममता गर्नु बन्दैन—ज्ञानी पुरुष सबै अवस्थामा निष्काम भएर रहनुहुन्छ।

(३९) श्रद्धारहित मूर्ख मनुष्यले चित्त-निरोध गरे तापनि प्रमाता-भाव नछोडेको हुनाले पछि मनमा विषय-वासनालाई उठाउँछ। अरूको दृष्टिमा ज्ञानाले कर्म गरे तापनि सारा बन्धनले रहित भएको हुनाले (सारा वासना चित्तमा रहन्छ, आफ्नो शुद्ध चैतन्यस्वरूपमा वासना र तज्जनित विकार बिलकुलै छैन) ज्ञानी वास्तवमा केही पनि गर्नुहुन्न। एकरस चित्स्वरूपमा चिन्ता आदि कुनै दृश्य अथवा उपाधि छैन। ज्ञानीको दृष्टिमा स्वर्ग, नरक अथवा जीवन्मुक्ति कुनै प्रकारको दृश्य छैन। स्वयंप्रकाश सनातन अखण्ड सुखस्वरूप मात्र रहिरहेको छ। (आफ्नो नित्य सुखस्वरूप हो एक मात्र परमार्थ सत्य वस्तु।)

(४०) ज्ञानीको चित्त हो सवदा परिपूर्ण सुखस्वरूप, शुद्ध चैतन्यदेखि त्यो चित्त कहिले पनि भिन्न होइन। यस कारण ज्ञानीलाई आध्यात्मिक आदि कुनै ताप हुँदैन। ज्ञानी कुनै किसिमको लाभको आशा गर्नुहुन्न, अथवा सुवर्ण आदिको अप्राप्तिबाट शोक गर्नुहुन्न, फेरि कुनै कामना नभएको हुनाले कुनै कर्तव्य पनि देख्नुहुन्न, र संसार माथि द्वेष गर्नुहुन्न शुद्ध चैतन्यलाई देख्ने इच्छा पनि गर्नुहुन्न। (उहाँ द्रष्टा प्रमाता होइन किन्तु स्वयंप्रकाश चैतन्य मात्र हुनुहुन्छ। उहाँलाई हर्ष

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

अथवा द्वेष हुँदैन। उहाँ जिउँदो पनि होइन, अनि मरेको पनि होइन। (किनकि शुद्ध चैतन्यमा चित्त र प्राण आरोपित मात्र हुन्छ। ज्ञानी चित्स्वरूप भएको हुनाले वास्तवमा प्राणले युक्त अथवा वियुक्त हुनुहुन्न।)

(४१) ज्ञानी पुरुष पुत्र, कलत्र, आदिमा प्रेम गर्नुहुन्न। उहाँ सारा विषयको कामनाले रहित हुनुहुन्छ। शरीरको बारेमा उहाँको कुनै चिन्ता वा उद्योग हुँदैन। प्रारब्धको वशले नाना देशमा घुमे तापनि सारा प्रयोजनले रहित हुनुहुन्छ र सर्वदा सन्तुष्टचित्त रहनुहुन्छ। प्रारब्धबाट प्राप्त भएको असल या कंसल वस्तुमा उहाँ निर्विकार हुनुहुन्छ।

(४२) ज्ञानीलाई एकाग्रताको आवश्यक छैन उहाँको हृदयमा कुनै प्रकारको वासना रहँदैन। कर्ता, भोक्ता-भावले रहित आफ्नो नित्य सुखस्वरूपमा विशेषरूपले तृप्त भएको पुरुषको तुलना कसैसित पनि हुन सक्दैन। श्रेष्ठ र अश्रेष्ठ पदार्थमा शोभन र अशोभन बुद्धि नष्ट भएको हुनाले राजा भए पनि जोगी भए पनि सँदै विकलपशून्य भएर ज्ञानी रहनुहुन्छ र कहिले पनि बन्धनमा प्राप्त हुनुहुन्न।

(४३) आफ्नो सुखस्वरूपमा विश्रामलाभ गरी सर्वदा सन्तुष्ट, आशारहित र सर्वसन्ताप-शून्य भएर स्थित भएका ज्ञानीले भित्र जुन परमानन्द अनुभव गर्नुहुन्छ त्यसको बयान गर्न कोही पनि सक्दैन। किनकि अखण्ड सुखस्वरूप हो एक

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

मात्र परमार्थ सत् वस्तु। त्योदेखि भिन्न केही पनि छैन। (अखण्ड वस्तुलाई खण्डित गर्न संभव छैन। परिच्छिन्न त्रिपुटी हो मिथ्या।) त्यस कारण अधिकारी पनि छैन, वक्ता पुरुष पनि छैन। कसले कसलाई भन्ला ? यसरी सारा दृश्यको निरसन भए (जस्तो सुषुप्तिमा हुन्छ) परमार्थसार आफ्नो नित्य अखण्ड सुखस्वरूप स्वयं सकृत् प्रकाशित भइहाल्छ।

(४४) ज्ञानीहरू सुषुप्तिमा प्राप्त भए तापनि सुषुप्त हुनुहुन्न, किनकि शुद्ध चैतन्य आफ्नो यथार्थस्वरूपमा कुनै भेद छैन। स्वप्नकालमा पनि ज्ञानी सुत्नुभएको छैन (चित्स्वरूपमा आधार र आधेय भाव छैन।) र जाग्रत्कालमा पनि उहाँ ब्यूँझनुहुन्न। (किनकि ज्ञानी सर्वदा प्रकाशशील हुनुहुन्छ) त्यस कारण उहाँ सबै समयमा एकरस अखण्ड आनन्दस्वरूप हुनुहुन्छ।

(४५) ज्ञानी चिन्तायुक्त देखिए तापनि वास्तवमा निश्चिन्त हुनुहुन्छ (किनकि चित्सुखस्वरूपमा चित्त अथवा चिन्ता रहन सक्दैन) र उहाँ इन्द्रियसहित भए तापनि वास्तवमा इन्द्रियरहित हुनुहुन्छ, बुद्धिसहित भए तापनि वास्तवमा बुद्धिरहित हुनुहुन्छ र अहंकारसहित भएर पनि वास्तवमा अहंकाररहित हुनुहुन्छ।

(४६) ज्ञानी अन्तःकरणसित मिसिनुहुन्न यसैले सुख-दुःखरूप अन्तःकरणको धर्म ज्ञानीको हुँदैन। कुनै विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

ज्ञानीको राग अथवा द्वेष हुँदैन, उहाँ मुमुक्षु हुनुहुन्न किनभने पहिले पनि उहाँलाई वास्तवमा बन्धन थिएन त्यसैले मुक्त पनि हुनुहुन्न। उहाँ सर्वदा एकरस स्वयं–प्रकाश सुखस्वरूप हुनुहुन्छ।

(४७) ज्ञानी अरूको दृष्टिले विक्षेप-युक्त देखिए तापनि वास्तवमा विक्षिप्त हुनुहुन्न। किनकि उहाँको आफ्नो प्रकाश-स्वरूपको अनुभव सधैं विद्यमान छ। लोकदृष्टिले उहाँ समाधिमा स्थित देखिए तापनि वास्तवमा उहाँ समाधि–युक्त हुनुहुन्न, किनकि उहाँको कर्तृत्वभाव नष्ट भएको छ। अरूको दृष्टिले जड जस्तो प्रतीत भए तापनि उहाँ जड हुनुहुन्न, किनकि उहाँको आफ्नो स्वरूपको अनुभव सर्वदा प्रकाशमान छ। अरूको दृष्टिले उहाँ पण्डित देखिए तापनि उहाँ पण्डित हुनुहुन्न, किनकि पाण्डित्यमा उहाँको अभिमान छैन।

(४८) ज्ञानी सारा अवस्थामा स्वस्थचित्त रहनुहुन्छ, किनकि उहाँको चित्त चैतन्यरूप भइहालेको छ (चैतन्यदेखि भिन्न चित्तभाव अर्थात् प्रमाता र प्रमेयको भाव ज्ञानीको नष्ट भएको छ)। पहिले गरिएको कर्ममा अथवा ऐले गरिराखेको कर्ममा उहाँको अभिमान अथवा उद्वेग छैन। सर्वदा तृष्णा-शून्य भएको हुनाले 'त्यो गर्न बाँकी छ,' अथवा 'यो गरिसकेको छु' भन्ने यस्तो स्मरण ज्ञानी गर्नुहुन्न।

पूजा प्राप्त भए तापनि ज्ञानी प्रसन्न हुनुहुन्न, अथवा अरूले निन्दा गरेमा क्रोधयुक्त हुनुहुन्न, मर्ने बेलामा पनि उहाँ

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

उद्वेगमा प्राप्त हुनुहुन्न; किनकि उहाँको आफ्नो स्वरूप सँधै प्रकाशित रहन्छ। यस कारण बाँचिरहँदा खेरि ज्ञानीले सन्तोष मान्नुहुन्न, अनि बाँचिरहनाको लागि इच्छा पनि गर्नुहुन्न।

(५०) ज्ञानीको बुद्धि शान्त निश्चल भइसकेको छ त्यसैले समाजमा बस्ने इच्छा गर्नुहुन्न अनि जङ्गलमा बस्ने अभिलाषा पनि गर्नुहुन्न। वनमा होस् कि शहरमा होस् अर्थात् जहाँसुकै पनि स्वस्थचित्त भएर बस्नुहुन्छ। किनकि उहाँले स्वयंप्रकाश, नित्य, एकरस निज स्वरूपको साक्षात्कार गरिसक्नुभएको छ।

हरि ॐ तत् सत्

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

शान्ति गीताको सार

(१) कुनै विषयको चिन्ता नगर्नू ।

(२) भगबान्‌लाई कहिले पनि नबिर्सनू ।

(३) शरीर आदिदेखि आफू भिन्न हो भन्ठान्नू ।

(४) तिमी प्रमाता होइनौ । प्रमाता हो अन्तःकरणमा परेको प्रतिविम्ब चैतन्य । तिमी प्रतिविम्ब होइनौ । सुषुप्तिमा अन्तःकरण रहँदैन, तर तिमी सुषुप्तिमा परिपूर्ण रहन्छौ । त्यसकारण तिमी शुद्ध पूर्ण अखण्ड चैतन्य हौ । रागद्वेष-युक्त प्रमाता होइनौ ।

❀✶❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

परिशिष्ट

पहिलो अध्याय

अद्वैत वेदान्त

वेदान्तको दुइ विभाग

(वाशिष्ठ र वसिष्ठोत्तर)।

भारतमा अद्वैत दर्शनको विचार स्पष्टतया दुइ निभिन्न-कालमा पाइन्छ। पहिलो विचार धारा माण्डूक्य–कारिकाका सुप्रसिद्ध ग्रन्थकार गौडपाद भन्दा अघिल्लो हो। दोस्रो विचार-धारा महान् शंकराचार्य र उनका अनुयायीहरूको पालाको हो। पछिल्लो अद्वैत वेदान्तको विचार र पहिलेका अष्टाबक्र संहिता, गौड्पादको माण्डूक्य उपनिषद्को व्याख्या र योगवाशिष्ठ रामायणमा लिखित विचार-धारामा केही भेद छ। कारिकामा गौडपादले पहिलेको विचारधारा र यसका प्रवर्तकहरूको उल्लेख गर्नु भएको छ कारिकानुसार जस्को दर्शनिक बिचार योग वाशिष्ठ रामायणको विचारसँग ठूलो सामञ्जस्य छ। गौडपाडको कारिकाले अद्वैत बिचार धाराको पछिल्लो विभागको प्रतिनिधित्व गर्छ जुन वेलामा कि अ ैत दर्शन बढ्ता विमर्शा-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

त्मक र विवादपूर्ण भइसकेको थियो तर योगवाशिष्ठले पहिलो र उच्च विभाग, जसमा 'पछि मतभेद र विवादमा एकीकरण र संश्लेषण भएको थियो' को प्रतिनिधित्व गर्छ।

यो भेद योगवाशिष्ठमा प्रतिपादित आदर्श र यसको विज्ञानवादको दृष्टिकोणबाट पैदा भएको हो। जस्तो कि कौशितकी उपनिषद्मा अजात-शत्रुले दृष्टि-सृष्टिवादद्वारा बालाकीलाई अन्तःवहिः परिपूर्ण सद् वस्तुको एकताको बोध छिट्टै गरेको छ। भगवान् बशिष्ठले रामलाई सत्यको बोध विज्ञानात्माक अद्वैतद्वारा गर्नुभएको छ जुन सिद्धान्त अनुसार केवल एउटै वस्तु, चैतन्य वा चित्त छ र यो आफै ज्ञाता ज्ञेय र ज्ञान भएको छ। कुनै वस्तुको हाम्रो ज्ञान माने यही हो हाम्रो ज्ञानको विषय, चैतन्यमा उठेको विकार या परिणाम अतिरिक्त अरू हुन सक्तैन अर्थात् कल्पना मात्र हो। यो विधि उपनिषद्हरूले अनुसरण गरेको प्रचलित ढंगको अनुरूप छैन, उपनिषद्मा पहिले साधकलाई जगत्को स्रष्टा मायामुक्त ईश्वरको ध्यान गर्ने उपदेश मिल्छ र त्यसपछि शरीर मन र अज्ञान तीन उपाधि रहित जीवको र ब्रह्मको एकताको शिक्षा मिल्छ। सृष्टि-दृष्टिवादमा आधारित व्यष्टि या समष्टि कल्पित उपाधिहरूको अपवादको विधि, जसमा तत्त्वमसि आदि महावाक्यद्वारा मनलाई क्रमशः नाम र रूपको संसारबाट एक अद्वैत ब्रह्ममा पुऱ्याई आत्म-ज्ञान प्राप्त गराइन्छ, स्वभावतः ढिलो प्रक्रिया हो। सत्यमा पुग्ने छिटो बाटो जुन हामी भगवद्गीताको पन्ध

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अध्यायमा पनि पाउछौं, बाशिष्ठले बताउनु भएको छ। तर ढिलो र सामान्य विधि भगवद्गीताको चौथ अध्यायमा र शंकरका कृतिहरूमा पाइन्छ। यस विधिमा प्रथम 'त्वं' र 'तत्'को मायामय उपाधिहरू हटाइन्छन् र त्यसपछि दुबैको अघिष्टान जो एक अखण्ड चैतन्य हो त्यसको अनुभव गराइन्छ। योगबाशिष्ठ-अनुसार सर्वज्ञानको अनुभव नै अन्तिम प्रमाण हो जसले हामीलाई यस जगत्मा अनुभूत नानात्वको पछाडि एकताको रहस्योद्घाटन गर्छ। यो अन्तिम एकता शुद्ध चैतन्य हो र हाम्रो अनुभवका सारा विचार र विषयहरू मनका मनन मात्र हुन् र त्यसदेखि भिन्न होइनन्, सिरिफ बिचार र केवल कल्पना नै यदि हाम्रो उसमा दृढ विश्वास हुन जान्छ भने सत्य प्रतीत हुन जान्छ। स्वप्नावस्थामा स्वप्नको अनुभव सत्य बुद्धिको कारण यही हो। भावनाको बलले जाग्रत् या स्वप्न हाम्रो लागि सत्य प्रतीत हुन्छ। हाम्रो यो जीवन साँचो र युक्तिसंगत देखिन्छ केवल यसकारणले हो कि हामीलाई यस्तै दृढ भावना छ। यो दृष्टि—सृष्टिबाद जुनपछि अजातबाद हुन आयो, गौडपादको कारिकाहरूमा, अष्टाबक्रसंहिता र योगबाशिष्ठ रामायणमा प्रतिपादन गरिएको छ। शिष्यलाई यो अनुभव गर्न शिक्षा दिइन्छ कि "वास्तवमा तिम्रै अज्ञानले यो संसार रहेको छ; तिमीअतिरिक्त जीव अथवा ईश्वर छैन"। यसले पछि एकजीववादको नामले प्रसिद्ध सिद्धान्तको अपेक्षा गर्छ। एक जीववादको अर्थ यही हो कि एउटै ज्ञाता मात्र छ। यो दृष्टिसृष्टिवादको

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

अनुरूप छ, दृष्टिको माने हो अविद्या वृत्ति।

गौडपादले आत्माको ब्रह्मसँग एकता र दोस्रो वस्तु आध्यात्मिक वा आधिभौतिकको अभावमा जोड दिंदै आफ्नो कारिकाहरूमा (III ३९-४०) अस्पर्शयोग र पतञ्जलीको योग बताउनुभएको छ। पहिलो योग-अनुसार ज्ञानेन्द्रिय सहित मनको अद्वय ब्रह्मसँग तादात्म्य छ। जस्तो रज्जु सर्प भ्रममा सर्पको रज्जु-अतिरिक्त आफ्नो केही अस्तित्व छैन त्यस्तै मनको ब्रह्म-अतिरिक्त आफ्नो केही अस्तित्व छैन। मन-लाई ब्रह्मदेखि भिन्न ठान्नु कल्पनाको विलास मात्र हो। अतः अस्पर्शयोगी यो वास्तविकता थाहा पाएर मन-निरोधको पर्वाह गर्दैन। यसको ठीक विपरीत पतञ्जलीयोगका अनुयायी-हरू मनलाई आत्मादेखि भिन्न मान्दछन् र मनलाई पूर्णतया निरोध गर्न प्रयत्न गर्छन्। तर देखिन्छ कि चित्त-वृत्तिहरूलाई यसप्रकार निरोध गर्न असम्भव छ। अस्पर्श योग आध्यात्मिक परिशीलन जसले कसैसित संसर्ग स्वीकार गर्दैन) नित्य सत्य र शान्ति प्राप्त गर्ने राजमार्ग हो।

त्यस्तै प्रकारले योगबासिष्ठानुसार केवल जीवले आफ्नो कल्पना शक्तिद्वारा जगत् सृष्टि गर्छ। जवतक स्व-कल्पित यस्तो लोकमा उसको विश्वास कम हुन्छ र एक विज्ञाताभावमा अडिरहन्छ आफ्नै मायाले कल्पित स्थावर जङ्गमले संबन्धित ईश्वरीय भावमा उ रहेको छ यस्तो भनिन्छ। सृष्ट जगत्को सत्यतामा उसको दृढ भावना भएपछि र आफूलाई सृष्ट जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

कुनै विशेष जीव हुँ भन्ने तादात्म्य गरेपछि मात्र त्यो व्यष्टि जीवबन्छ र अनात्म जडसँग सम्पर्क राख्छ। यसप्रकार यो जगत्-प्रपञ्च स्पष्टतया मनको सृष्टि ठहरिन्छ र यसको कुनै भौतिक सत्यता छैन।

तर कलियुगको लागि स्वीकृत आचार्य शंकर तल्लो कक्षाका अधिकारीहरूको निम्ति ब्रह्ममा क्रम किंवा विभाग मान्नुहुन्छ। मुख्यतः उहाँ जगत् प्रपञ्चको असारता र आत्मा मात्रको सत्यतामा जोड दिनुहुन्न। उहाँ भन्नुहुन्छ, 'कुनै बाहिरी प्रेरणा बिना ब्रह्म माया उपाधि धारण गर्नुहुन्छ र जगत्-रूप र यसको स्रष्टा देखिनुहुन्छ। यसरी ब्रह्म जगत्मा प्रकट छ र त्यहीं ब्रह्मको खोज गर्नुपर्छ। सारा सृष्टि गरेर त्यसैमा ब्रह्मले प्रवेश गर्नुभयो र सृष्टिलाई सजीव तुल्याउनुभयो। जबसम्म साधक व्यष्टि मनको विरोधी माया (जगत्को भ्रम जसको कारणले एक अनेक देखिन्छ) को प्रभावमा पर्छ र संकल्प र चञ्चलताको कारण व्यावहारिक जगत् देख्छ तबसम्म जीव र ब्रह्म एकताको अनुभव हुनु अगि जीव र ईश्वर-संवन्धी उसको विचारबाट मायामय उपाधिहरू झिकिदिनुपर्छ। राम गीताको अध्ययनमा यो देखाइन्छ। यस प्रकार शंकराचार्य नैतिक र बौद्धिक साधनाहरूको प्रयोजनीयता र महत्व सद् ब्रह्मको तल्लो कक्षामा मात्र मान्नु हुन्छ। जब साधक आध्यात्मिक साधनाद्वारा मायालाई हटाउँछ र ब्रह्मस्वरूप साक्षात्कार गर्छ तब स्वयंप्रकाश अद्वय आत्मा मात्र बाँकी रहन्छ र जगत् प्रपञ्च-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

दृष्टिबाट बिलकुल लोप हुन्छ । यो हो शांकर आध्यात्मिक अद्वैत दर्शन जसको वासिष्ठ, अष्टावक्र र गौडपादको बौद्धिक अद्वैत दर्शनसँग भेद छ ।

दुवै विचारधाराका अद्वैत 'वेदान्तले ब्रह्म सत्यं जगन्मिथ्या' सर्वमान्य मूल सिद्धान्त मानेको छ । अद्वैत वेदान्तको पूर्व विभागमा जगत् प्रपञ्चमा अरू काल्पनिक सत्ताको अभावमा जोड़ दिएको छ—फरक यत्ति हो । शंकर र उहाँका अनुयायीहरूले जगत् प्रपञ्चको क्षणिक सत्यता र विशेष काल्पनिक सत्ता माने तापनि यसमा संशय छैन कि ब्रह्मका क्रमहरूमा आपेक्षिक सत्यता मात्र छ र तिनीहरू आत्माको साथैसाथ अथवा समानान्तर दोस्रो सद्वस्तु मान्दैनन् ।

सद्वस्तुमा तल्लो या उपल्लो क्रमहरूको स्वीकृति त विधिको युक्ति मात्र हो र (अविकसित) बुद्धिका साधकहरूको निम्ति मानेर लिइएको हो । यो ता सदा मान्य छ कि प्रातिभासिक र व्यावहारिक सत्ता अवस्तुका विभाग मात्र हुन् , किनकि तिनीहरूमा निरपेक्षिक सत्यता मानिएको छैन । आत्मा-अतिरिक्त अरू वस्तुहरू भ्रान्ति मात्र हुन् चाहे तिनीहरू मध्ये कुनै जतिसुकै अडिरहने र व्यवहारमिल्दो किन प्रतीत नहोउन् । क्षणिक सत्ताहरू मान्नु वेदान्तको मूल सिद्धान्तसँग विरोधी होइन, किनकि व्यावहारिक सत्ता अनिश्चित छ र यो आत्म—सत्ताको प्रकाशले प्रकाशित तथा यसको अधिष्ठानरूप आत्माको सत्तावाहेक यसको स्वतः केही सत्ता छैन ।

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

एवं रीतले ब्याख्या गर्नुपर्न बसिष्ठ र शंकराचार्यको विचारधारामा अरू दुइ साना भेद छन्। पहिलो भेद यही हो द्रष्टा दृश्यदेखि भिन्न हुनैपर्छ; दोस्रो भेद यो हो कि जाग्रत् अवस्था स्वप्नदेखि भिन्न छ। शंकरको कथनानुसार अहंकार कर्ता या ज्ञाता हो र स्वभावतः यो चेतनशील र बोधवान् छ। तर ज्ञेय बोधरहित र जड छ। यस प्रकार ज्ञाता र ज्ञेय अथवा द्रष्टा र दृश्य प्रकाश र अन्धकार झैं परस्पर विरोधी छन्। शंकरको भनाइअनुसार यही भेद अध्यासको आधार हो। तर यो बिचार योगवासिष्ठ रामायणमा बिलकुल देखिंदैन। बसिष्ठको भनाइअनुसार ज्ञाता र ज्ञेयमा द्वैत छैन; नत्र भने ज्ञान सम्भव हुने थिएन। ज्ञान भन्नाले यही बुझिन्छ कि हाम्रो ज्ञानको विषय चैतन्यमा उठेको बिकार सिवाय अरू केही होइन अर्थात् ज्ञानको विषय बिचार या कल्पना मात्र हो।

यही रीतले शंकरको कथनानुसार जाग्रत् स्वप्नदेखि भिन्न छ र बसिष्ठको भनाई–अनुसार उच्च अनुभूति या साक्षात्कारको दृष्टिकोणबाट दुवैमा केही भेद अनुभव हुँदैन। दुवैको स्वरूप उस्तै छ र दुवै रहिरहन्जेलसम्म प्रत्येक अवस्थामा सत्य र स्थिर बुद्धि हुन्छ। गौडपादले पनि आफ्ना कारिका-हरूमा (अध्याय II ५) दृश्यको समानताको कारणले दुवै एकै हो भनेर बताउनुभएको छ। दुवैको लक्षण उस्तै छ। दुवैको लक्षण हो "देखिनु" अतः दुवै मिथ्या हुन्। अष्टावक्र र बसिष्ठले झैं गौडपाद स्वप्न (प्रातिभासिक) र जाग्रत् (व्यावहारिक)

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

अनुभूतिमा केही भेद मान्नुहुन्न। यद्यपि बसिष्ठ र गौडपाद एवं शंकरको दार्शनिक विचारधाराहरूमा मूलतः केही भेद छैन तथापि गौडपादले ब्रह्मदृष्टिबाट आफ्नो दर्शन लेख्नुभएको छ र जगत्लाई मिथ्या बताउनुहुन्छ तर शंकर मायाको दृष्टिबाट जगत्लाई हेर्नुहुन्छ जहाँ यो सत्य प्रतीत हुन्छ र ब्रह्मसाक्षात्कारको बाटो देखाउनुहुन्छ। शंकर भ्रान्ति (डोरीमा देखिएको सर्प झैं, स्वप्न र जाग्रत् अवस्थाहरूलाई एउटै कोटिको मान्नुहुन्न। जाग्रत् अवस्थाको अरू दुइको भन्दा निश्चय नै बढी मात्रामा सत्यता छ। तर ब्रह्मदृष्टिबाट तीनै अवस्था समान रूपले मिथ्या छन्। फेरि शंकर बौद्ध दार्शनिकहरूले झैं बिज्ञानबादलाई अपनाउनुहुन्न। व्यष्टि आत्मा या अहंकारले जडात्मक जगत् सृष्टि गर्छ भन्ने कुरामा उहाँको सहमत छैन। मायाको कारणले जड र जीव पैदाहुन्छ र तिनीहरूमा झुटो सम्पर्क स्थापित हुन्छ। मायाको कारणले सिवाय सत् र मिथ्या दृश्यमा कुनै सम्बन्ध हुन सक्तैन। ब्रह्मको दृष्ट जगत संगको सम्बन्ध बुझ्ना निमित्त व्यष्टि मनले अनन्त ब्रह्मलाई जान्नुपर्छ। जब ब्रह्मज्ञान हुन्छ ससीम जगत् र व्यष्टि मन हराउँछन्। उनको मतानुसार शास्त्र, आध्यात्मिक साधना र धार्मिक विधिहरूको सार्थकता जगत्को सत्यता मानेर नै सिद्ध भएको छ। ब्रह्मको दृष्टिकोणबाट ती निरर्थक छन्।

—:o:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

२. अज्ञान र ज्ञान।

भारतीय अद्वैतका दुइ विचार धाराका मानिसहरूमा अज्ञानको कल्पना र मोक्ष प्राप्त गर्ने तरीकाको ढङ्गमा केही मत-भेद छ। शंकर अज्ञानलाई भावात्मक मान्नुहुन्छ, बसिष्ठ यसलाई अभावात्मक ठान्नुहुन्छ। अज्ञानलाई भावात्मक यसैकारणले मानिएको छ कि यो नाना जगत्को मूल हो, हुनता ज्ञान भएपछि अज्ञानको लेश मात्र पनि बाँकी रहँदैन। बसिष्ठले यसलाई अभावात्मक मान्नुभएको छ किनकि यो त केवल आफ्नो स्वरूपबाट च्युत भएर अहं (समष्टि मन वा संवेदन वा ईश्वरीय संकल्प) को स्थान ग्रहण गर्नु मात्र हो। (शंकराचार्य पनि प्रश्नोतरीमा अज्ञानलाई आफ्नो सच्चा स्वरूपको अप्राकट्य बताउनुहुन्छ। यस प्रकार भारतका दुइ बडे दार्शनिकहरूमा दार्शनिक विचारको मतैक्य छ भन्ने सूचना पाइन्छ।) यद्यपि जीवनको लक्ष्य ज्ञान सदा आफ्नो सच्चा निर्मनन सत्ता—चैतन्य स्वरूपमा अवस्थान गर्नु हो तथापि पूर्णतामा पुग्ने बाटो अद्वैत विचार धाराका यी दुइ प्रकाण्ड विद्वान्का निमित्त अवश्यै भिन्ना भिन्न छ। शंकरको

pal Sanskrit University, Balmeeki Campus, Kathmar

). In Public Domain. Digitization by eGangotri.Funding: N

भनाइअनुसार मोक्ष दिलाउने ज्ञान निष्ठाको पूव चित्तशुद्धि, ज्ञानप्राप्ति र सर्वकर्म-संन्यासको आवश्यकता छ (पछि आउने रामगीता हेर्नू)। ज्ञान निष्ठा अथवा विपरीत भावनाले नखलबल्याएको समाधिलाई ब्रह्माभ्यास भन्दछन् र यो शंकर र वसिष्ठ दुवैले आत्म-ज्ञानको लागि अनिवार्य साधन मान्नुभएको छ। तर बसिष्ठ चित्तशुद्धि, साधन-चतुष्टय र सर्व कर्मसंन्यास आत्म—साक्षात्कारको निमित्त परम प्रयोजनीय भनेर उल्लेख गर्नुहुन्न। बसिष्ठ यही मान्नुहुन्छ कि आत्म-ज्ञानको लागि सत्शास्त्रको अध्ययन र सज्जनको शिक्षाको अनुशीलन नै अप्रत्यक्ष हेतु हुन्। त्यसले हाम्रो मनलाई यथार्थ बिचार गर्न र यस प्रकार शुद्धात्मा चिन्न मद्दत गर्छ।

बसिष्ठको भनाइ—अनुसार आफ्नो सच्चा ब्रह्म र शिव स्वरूपदेखि च्युत भएको पुरुष सांसारिक बिषयमा आसक्त हुन्छ र ज्यादै दुःख भोग्दछ र जो आफ्नो असली स्वरूपमा रहन्छ त्यो सुख र शान्तिको अनुभव गर्छ। आफ्नो नित्य शाश्वत स्वरूपमा रहनु माने मनको वृत्तिले क्षुब्ध नगराई शुद्ध चैतन्यावस्थामा अवस्थान गर्नु हो, जस्तो व्यावहारिक जीवनमा दुइ अवछिन्न वृत्तिहरूको अन्तर अनुभूत हुन्छ। आत्माको सच्चा स्वरूपमा अवस्थान गर्नु हो मूर्च्छा अथवा सुषुप्तिको होइन तर शिलाको अन्तर भागको झैं सारा वासना विनिर्मुक्त रहनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

यो भेद स्पष्ट गर्ना निम्ति वसिष्ठ अज्ञान र ज्ञानको सात भूमिकाहरू निम्न प्रकार बताउनुहुन्छ।

अज्ञानका सात भूमिका

प्रथम भूमिकाः (बीज जाग्रत्)—यो जाग्रत्को बीज हो। शुद्ध चैतन्यमा उठ्ने सर्वप्रथम विषय (समष्टि अहं वा स्रष्टा ब्रह्मा) सँग यसको एकता छ।

द्वितीय भूमिकाः (जाग्रत)—यो व्यष्टि चेतन अथवा स्पष्ट 'म' 'मेरो' भावनाको (जाग्रत् अवस्थाको) अवस्था हो।

तृतीय भूमिकाः (महा जाग्रत्)—यो जीवले जीवनका बहु रूप लिएको अवस्था हो।

चतुर्थ भूमिकाः (जाग्रत् स्वप्न)—यो जीवनमा दृढ प्रमातृत्व भावबाट उठेको मनोराज्यको अवस्था हो।

पञ्चम भूमिकाः (स्वप्न)—यो हो स्वप्नमा संसारको अनुभव (स्वप्नावस्था)

षष्ठ भूमिकाः (स्वप्न जाग्रत्)—यो स्वप्नामा दृढ़ भावनाले म र मेरो गर्ने अवस्था हो (यो

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: N

माथि देखाएको तृतीय भूमिकासँग मिल्दो जुल्दो छ)

सप्तम भूमिका: (सुषुप्ति)—यो अगिल्ला छ भूमिकाको ज्ञानको अभाव भएर रहने मूढ अवस्था हो तर यसको अन्तर्गत तिनीहरूको बीज वर्तमान रहन्छ (सुषुप्ति)

जब पुरुष उपर्युक्त लक्षणरहित हुन्छ त्यसले आत्म-ज्ञान् प्राप्त गर्छ। यो चिदानन्दस्वरूप चौथा किसिमको (तुरीय) अनुभव हो जसमा जाग्रत्, स्वप्न आदि अनुभवहरू बीजरूपले पनि रहँदैनन् !

जब हामी अनन्त ब्रह्म नै हौं भन्ने कुरा बिर्सिन्छौं हामी जीव बन्छौं र हाम्रो बुद्धि अज्ञानले ढाक्छ, हाम्रो हृदयमा सुख दुःखको अनुभव हुन्छ र इच्छामा सीमित स्वार्थ र उद्देश्यहरू रहन्छन्। यो हाम्रो अहिलेको जीवन तीन भागमा विभाजित छ: आध्यात्मिक, बौद्धिक र शारीरिक। पहिलो हाम्रो सहज स्वभाव, प्रवृत्ति र आभ्यन्तरिक प्रकृति सहितको अर्ध-चेतन आत्मा हो; दोस्रो सचेत बौद्धिक जीवन या बिचार, भावना र कामना हो र तेस्रो प्राण-संचालित शरीर हो। अनुभूतिको निंति यी तीनै परिच्छेदहरूबाट हामी मुक्त हुनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

वसिष्ठको कथन अनुसार (१, आफू फलाना होइन तर शुद्ध चैतन्य हो भन्ने बुद्धिको दृढ बिश्वास (तत्व ज्ञान); (२) प्राणायाम द्वारा प्राण–निरोधको अभ्यास जसद्वारा मन र अज्ञानको निरोध हुन्छ, किनकि मनोनाशबाट चैतन्यमा क्षणिक विश्राम मिल्छ; र (३) मनको कल्पनाबाट बनेका विषय--बासनाको क्षय। प्राण–संचालन र कामनाको बिजृम्भणको मूल नै विषयाकार वृत्ति बन्ने चेष्टा हो किनकि त्यसबेला चैतन्यले दृढ संकल्पद्वारा निश्चित रूप धारणा गर्छ। अन्तिम सत्य यस्तो रूप-रहित र शुद्ध एक अद्वय सत्ता हो।

वसिष्ठको भनाइ छ–मोक्ष लाभ गर्ने एक मात्र उपाय आत्म–ज्ञान हो। प्रत्यक्ष आत्म–साक्षात्कार जीवनको दुःखबाट मुक्तिको अनुभूति गर्ने बाटो हो। हरेकको हृदय–बासी सकली ईश्वरको पूजा गर्ने एक मात्र विधि आत्म–ज्ञान हो। पूजाको सच्चा पात्र भगवान् कहीं टाढा हुनुहुन्न परन्तु हृदयमा शुद्ध चैतन्य र हाम्रो निजी स्वरूप भएर रहनुभएको छ। समाधि-द्वारा शुद्ध भएको चित्तले यो सत्यको अनुभव गर्नु हो त्यसको स्वयंप्रकाश उपस्थितिको थाहा गर्नु, बुद्धिमान्‌को कर्तव्य हो यही एक परमात्माको याद गरिरहनु र आफ्नो भित्री र बाहिरी जीवनको परिस्थिति जस्तोसुकै होस् उसलाई कहिल्यै नबिर्सनु।

शुद्ध चैतन्य एक मात्र सद् वस्तु हो र यसलाई आफ्नै विचार र प्रयत्नद्वारा पाउन सकिन्छ भन्ने दृढ बिश्वास

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding: N

यथार्थ ज्ञान हो। हाम्रो सच्चा स्वरूप के हो र कसरी भौतिक अनुभव उत्पत्ति भयो भन्ने कुरा हामीले सोच्नुपर्छ। तब हामीलाई थाहा हुन्छ कि हाम्रो सच्चा स्वरूप शुद्ध चैतन्य हो र जो देखिनमा आउँछ त्यो त यस शाश्वत चैतन्यमा उठेको विकार मात्र हो। आफ्नो नित्य स्वभाव, जसमा ज्ञाता र ज्ञानको भेद छैन, यो दृढ विश्वासको निरन्तर अभ्यासद्वारा हाम्रो मन शान्त हुन्छ र यो जब आत्मामा विलीन हुन्छ प्राणको क्रिया पनि रोकिन्छ।

निम्नलिखित चार भूमिकाद्वारा आत्म-साक्षात्कारको क्रम प्राप्त गर्न सकिन्छः—

प्रथम भूमिका (शुभेच्छा) : सदाचारबाट प्राप्त पुण्यको जोडले यो पुरुषमा आउँछ र त्यो आफ्नो दिव्यस्वरूपको ज्ञान गरेर यो व्यावहारिक जीवनको पार जान खोज्छ।

द्वितीय भूमिका (विचारणा) : यो साधकलाई त्यसबेला प्राप्त हुन्छ जब उ आफ्नो र जगत्को स्वरूप जान्न खोज्दछ र उसलाई आफू शुद्ध चैतन्य हो र जगत् मनद्वारा कल्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

भए तापनि सत्य-बुद्धिको दृढ़ताको कारणले मात्र साँचो जस्तो अनुभव हुन्छ भन्ने विश्वास छ,

तृतीय भूमिका (तनुमानसा) : उपर्युक्त भूमिकाहरूको अभ्यासको परिणाम-स्वरूप यो भूमिका साधकलाई प्राप्त हुन्छ जब कि उसको मनको चेष्टा धेरै मात्रामा घटेको हुन्छ र भित्र झन्झन् बढ्ता शुद्ध ज्ञानस्वरूपको अनुभूति हुन्छ।

मनको विषयाकार वृत्तिको जगत्को अनुभव पैदा गर्छ र मनको अमनस्कताको अर्थ हो आत्म-साक्षात्कार। मन नाश हुनासाथ एक र नानाको कल्पना विलीन हुन्छ, आत्मालाई जडात्मक मानेर, शरीरको भर परेर अहंकारपूर्वक कर्ममा आसक्त भएर मन मोटाउँछ। तर जब यो वासनारहित र कल्पनारहित

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

हुन्छ तब यो ब्रह्म अथवा शुद्ध चैतन्य नै हुन्छ । अतः मुमुक्षुले मन निरोध गर्न अत्यन्त कोशिस गर्नुपछ ।

चतुर्थ भूमिका (सत्वापत्ति): मनको विषयाकार वृत्ति हटिसकेपछि साधकलाई यो भूमिका प्राप्त हुन्छ तब उसलाई आत्मा अपरोक्षरूपले साक्षात्कार हुन्छ । यही उसको आध्यात्मिक यात्राको अन्त हो।

यद्यपि बशिष्ठ सत्वापत्ति आदि अरू तीन भूमिका राखेर ज्ञानका सात भूमिका बताउनु हुन्छ तथापि ती केवल बाह्य दर्शकको लागि बाह्यान्तर जगत्सितको संसर्गका सारा अवशेषको लागि क्रमिक नाश मात्र हुन् ।

आत्म–ज्ञानका यी तीनै भूमिकाहरू सबै साधकहरूलाई प्राप्त हुँदैनन् । प्रारब्ध (साधकको अतीत जीवनमा गरेका कर्म र वर्तमान जीवनमा प्राप्त फल) अनुसार ती मिल्दछन् र यसैले पछि जीवन्–मुक्ति (स्वतन्त्र जीवनको विशेष आनन्दको व्याव-

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

हारिक उपभोग) नामले प्रसिद्ध अवस्थाको विभिन्न खुडकिला-हरूको निर्णय गर्छ। यो वर्तमान विषयको क्षेत्र बाहिर परेको र अत्यन्त जरूरी नहुनाले त्यसको हामीले विचार गरेका छैनौं।

यस संवन्धमा यो विचारणीय छ कि आफ्नै सारभूत र स्वयं-सिद्ध हुनाले वसिष्ठ समाधिमा जोड दिनुहुन्न। जुन स्वरूप माथि देखाइए झैं प्राप्त गरिन्छ, (कारण, मन जस्तै पहिले वताए झैं गौडपादको विचारमा पनि, समाधि र अरु सारा एक सद्वस्तु वा शुद्ध चैतन्य मात्र हुन्। यस्तो विधि (योगवासिष्ठ रामायणको उपशम प्रकरणमा जनक जस्ता उच्च साधकलाई दिएको उपदेश सदृश) पहिले बताएको गौडपादको अस्पर्श योगको अनुरूप छ दुबैले पछि अजातवाद अथवा जगत्को अनुत्पतिं नामले सुविख्यात विज्ञानवादको स्थापना गरेका छन्।

जसलाई जगत् उत्पत्ति भएकै छैन र आफ्नै आत्माले संपूर्ण ब्रह्माण्ड-जो उसको सत्तामा देहमा लुगा जोडिए झैं रहेको छ-लाई धारण गरेर प्रकाश गरेको छ भन्ने विश्वास छ, बन्धन र मुक्ति मनको कोरा कल्पना मात्र हुन्। जब आत्मा वाहेक अरु केही छैन हामीलाई छर्लङ्ग हुन्छ तब आत्मा र जगत्को यथार्थताको अज्ञान हामीलाई हुँदैन। अज्ञान हराउँछ र विषयको सत्यताको दीर्घकालीन निशाना हाम्रो दृष्टिबाट लोप हुन्छ। हाम्रो लक्ष्य हो सत्यको साक्षात्कार नकि त्यसको तार्किक पक्ष।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

आत्मामात्र सत्य हो र सारा जड़ दृश्य र अवस्तु हुन्। आत्माको अनात्मासँग अध्यास नै बन्धनको कारण हो। यसप्रकार बन्धनको कारण आत्माको असली स्वरूपको अज्ञान हो र अज्ञान हटेर आत्मा अपरोक्षरूपले अनुभूत भएपछि मुक्ति लाभ हुन्छ।

अज्ञानको लोप हुनुको साथैसाथ स्वतः अनात्मा जो त्यसको कार्य हो त्यसको लोप हुन्छ। वास्तवमा मुक्ति आत्माको निजी स्वरूप हो र मुक्तिको अभाव घाँटीको सुनको सिक्री नदेखे झैं भुल मात्र हो। जब हामीलाई आत्मा छोडेर अरू केही वस्तु छैन भन्ने स्मरण हुन्छ तब बाह्य र मानस दुवै जगत् झुटा ठहरिन्छन्। मुख्यतः मन र अहंकार बन्धनका कारण हुन्, किनकि तिनीहरूले आत्माको अनन्तताको वोधलाई छेकिदिन्छन्। अतः न ज्ञेय न ज्ञाता नाना छन् वस्तुतः एउटै मात्र ज्ञाता छ अझ भनुँभने ज्ञाता नै छैन।

जब हामीलाई आत्मा नित्य मुक्त र अकर्तास्वरूप छ भन्ने थाहा हुन्छ तब हुँदै नभएको मनलाई निरोध गर्न अथवा समाधितिर हामी किन लाग्ने ? मन र इन्द्रिय आत्मादेखि अभिन्न हुन् भनेर थाहा पाउने उत्तम साधक मन-निरोधमा दिलचस्पी लिंदैन, तर यदि मनको स्वतन्त्र अस्तित्व मानेमा मनको निरोध असम्भव प्रायः हुन जान्छ। जब सत्तावान् प्रतीत भएका सारा वस्तु अज नित्य शाश्वत आत्मा अतिरिक्त अरू होइन भन्ने कुरा शिक्छौं तब हामी विषयभोगबाट मन मड्छौं र दुःख-सन्तापबाट मुक्त हुन्छौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

जबतक व्यष्टि आत्माको सच्चा स्वरूप अज्ञात रहन्छ र अहंकारलाई नै आत्मा जस्तै गरेर देखौवा रहन दिन्छ चित्तवृत्ति निरोधबाट केही लाभ हुँदैन। अतः बारंबार जोड-दिएर बसिष्ठ भन्नुहुन्छ, केवल समाधिमा विषयकारिताको चेत एक क्षण हराउने अहंकार झुठा हुँ भन्ठानेर आफैं नाश हुन योग्य छ।

यो अहंकार (शमभाव या संवेदन) को निर्मूल गर्न तब मात्र सकिन्छ जब समष्टि अहंकार र उसको कलना (ब्रह्माको सृष्टि) पनि मिथ्या हो भन्ने हाम्रो भावना हुन्छ। पारमार्थिक दृष्टिबाट समष्टि अहंकार पनि शुद्ध चैतन्यको सच्चा स्वरूपको प्रथम स्वरूपबाट च्युति हो। ("मानव र दैवको सदा एकता III" हेर्नू।

जता हेरेपनि एक अखण्ड नित्यानन्दात्मा दृष्टि गोचर हुन्छ र सारा जगत् आत्मामा प्रतिबिम्बित भएर त्यसैमा रहेको प्रतीत हुन्छ। आत्मा साधकको भित्र बाहिर दुवै ठाउँमा छ तर भित्रको द्रष्टा आत्मालाई बाहिरको जगदात्माको द्रष्टा भनी गलत समझ लिनु हुँदैन। यो आत्मा स्वयं-ज्योति छ। शुद्ध चैतन्यमा व्यक्तित्वको भान हुँदैन। व्यष्टिदेहहरू, तिनी-हरूको इन्द्रिय मन स्वप्नमा देखिएका दृश्य सरहका हुन्। समाधिमा मन-निरोधबाट अरू मनहरू अनियन्त्रित नै रहन्छन्। यसकारण मनलाई कज्याउनुको केही प्रयोजन छैन।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding: N

नियन्त्रित वा अनियन्त्रित मनहरू अद्वय र नित्य सिद्ध शुद्ध चेतनामा अवास्तविक प्रतीतिहरू मात्र हुन्।

अजातवाद नामले विख्यात विज्ञानात्मक अद्वैतले कुनै प्रतीतिलाई मान्यता दिँदैन। वास्तवमा यस प्रश्नको स्थान नै छैन किनभने वस्तुतः आत्मा मात्र छ अतः दृश्यलाई आरोप या अपवाद गर्ने सवाल उठ्दैन। दृश्यको आरोप अज्ञानजन्य हो त्यस्तै अपवाद पनि अज्ञानकै कार्य हो। आत्मादेखि भिन्न कुछ ठहरिएको अज्ञानलाई समेत अजातवाद स्वीकार गर्दैन। विचारले बन्धन खडा गर्छ र ज्ञाता ज्ञेय पूर्णतया नभएको यथार्थ ज्ञानले मुक्ति दिलाउँछ। असली कुरा त यो हो आत्मा सदा मुक्त छ र मुक्ति प्राप्त गरिँदैन केवल पत्ता लगाएर अनुभूत गरिन्छ। अतः समाधिको अभ्यासमा अहंकार गर्नु नै बन्धन हो। जब कि साधक खुद आफू एक मात्र विज्ञाता छ र संपूर्ण-विश्व दृश्य (ज्ञेय) हो तब नित्य ज्ञाता विश्व-साक्षीलाई भूत-भौतिकको ठान्नु नै साँच्चिकै बन्धन हो। हामी जगत्को आधार-अधिष्ठान चैतन्य हौं अतः हामीले कुनै दृश्यप्रपञ्चमा आफू बुद्धि गर्नुहुँदैन एवं सापेक्षिक ज्ञाता बन्नुहुँदैन। आफूलाई सदा सर्वदा नित्यमुक्त आत्मा हूँ भनी सोच्नुपर्छ तब मात्र बन्धनकारी विचार हराउँछ र म मुक्तै थिएँ भन्ने साक्षात्कार उदित हुन्छ। चित्तवृत्तिसँग अध्यासको फलस्वरूप उठ्ने चित्तवृत्तिहरू रहिरहन्जेल हामी आत्मा देख्न सक्तैनौं। तर जब मन शान्त र वृत्तिरहित हुन्छ हामी आफ्नो सकली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

स्वरूप भेट्टाएर मुक्ति प्राप्त गर्छौं। जब सम्यक् ज्ञानद्वारा सारा कलना स्वतः विलय हुन्छन् (ती समाधिमा कृत्रिम उपायले अहंकारद्वारा निरोध गर्न सकिँदैनन्) शान्त मनले सत् देख्छ। जब अहंकार रहँदैन। अर्थात् आत्माको शरीर मन आदिसँग अध्यारोप हुँदैन। आत्मा अहंकार बिना स्वतः अपरोक्षरूपले फेला पर्छ। यस प्रकार चैतन्यमा द्वैत भएर उपस्थित हुने हरेक पदार्थको मिथ्यात्व प्रत्यक्ष देखिन्छ।

तर शांकर सिद्धान्तअनुसार श्रवण, मनन, निदिध्यासनका तीन खुड्किलाहरू आत्म-ज्ञानको निम्ति परमावश्यक आध्यात्मिक साधना हुन्। श्रवण हो जीवात्मा र ब्रह्म एउटै हुन् भन्ने जान्नु; मनन माने यस सत्यको बिचार गर्नु र अनुकूल तर्कद्वारा यस बिश्वासलाई दृढ बनाउनु; निदिध्यासनको तात्पर्य हो एक अद्वय ब्रह्म बिचार मनमा नित्य निरन्तर प्रवाहित गर्नु र अरू विजातीय बिचार धारालाई बिलकुल स्थान नदिनु। (बिजातीय बिचार धारा मायाद्वारा ईश्वर जगत्का सृष्टा हुन् भन्ने सृष्टि-दृष्टि-वादको सिद्धान्त र ईश्वर जगत्मा प्रादुर्भाव भएको छ भन्ने उपसिद्धान्तको अनिवार्य परिणाम हो)। यस प्रकारबाट मनलाई सारा विचारदेखि मुक्त गराई आखिरमा परम ब्रह्ममा लीन गराउन सकिन्छ।

शंकर र वसिष्ठका आत्म-साक्षात्कार गर्ने दुइ तरीकाको सिंहावलोकन गर्दा यो कुरा स्पष्ठ हुन आउँछ कि साध्य एउटै

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

भए तापनि साधकहरूको विभिन्न तहको क्षमता या विवेक ध्यानमा राखेर साधनहरूमा ठूलो भेद छ।

उत्तम साधकको लागि अन्तिम सद्वस्तु स्वतः सिद्ध, शाश्वत र अद्वय स्वरूप छ तसर्थ कलना-रहित छ। केवल मनको चेष्टाले अज्ञानवश धर्मशास्त्र-सहित द्वैत जगत्‌को प्रपञ्च (बाजीगरले झैं) खडा गर्छ। ब्रह्मज्ञानलाइ शास्त्रहरूमा तमाम सम्बन्धहरूले रहित 'योग' बताएको छ किनकि एक सद्वस्तु बाहेक अरू कुनै चिज छैन। आफ्नो सच्चा स्वरूप मात्र एक सत् हो भन्ने विश्वासमा टुंगिने प्रयत्नद्वारा यस सत्यलाई अनुभूत गर्न सकिन्छ। यस्तो ज्ञान-योगको अनुयायी मन निरोधतिर लाग्दैन। जसले मनलाई ब्रह्मस्वरूपले अनुभव गर्छ त्यसले अनायास शान्ति पाउँछ।

तर निम्न कक्षाका साधक जसको मनसँग तादात्म्याध्यास छ यस सत्यको अनुसरण गर्न डराउँछ किनकि यसद्वारा उसको आत्मा (अहंकार) निर्मूल हुन्छ। उ विवेकशून्य हुन्छ र एक सत् मात्र छ भन्ने बुझ्दैन। उ आत्मादेखि भिन्न मनको अस्तित्वलाई मान्छ र यसलाई निरोध गर्न कोशिस गर्छ। कुनै यान्त्रिक उपायद्वारा उ मनलाई निष्क्रिय अवस्थामा ल्याउँछ र तत्काल आफूलाई दुःख रहित बनाउँछ।

जीवनको लक्ष्य हो बिवेक र वैराग्यद्वारा मन र आत्मा एक भन्ने सत्य कुरा थाहा पाउनु। अज्ञानले मात्र हामी मनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

आफूभन्दा अलग्ग मान्छौं। गलत विचारद्वारा मन निष्क्रिय हुँदा पनि हामीले विवेकको अभ्यास गर्नुपर्छ र समाधिमा अनुभूत कुनै सुख प्रति अनासक्तिको भाव लिनुपर्छ किनकि जीवनको उद्देश्य निष्क्रियताबाट निष्पन्न सुख भोग्नु होइन परन्तु आफ्नो सच्चा स्वरूप थाहापाउनु हो।

जब मन ज्ञान, बैराग्यको अभ्यासद्वारा नियन्त्रित हुन्छ। र शान्त (समाधिको अवस्थादेखि भिन्न) हुन्छ यो ज्ञेयाकार रूपमा देखिदैन तर ब्रह्मरूप हुन्छ। खुद आफूदेखि बाहिर भर नगर्ने यस सत् सितको तादात्म्यले ज्ञाता–ज्ञेय सम्बन्धदेखि अतीत सुख प्राप्त गराउँछ।

अद्वैत दर्शनमा मनको यत्रो ठूलो स्थान भएको कारण यही हो कि मृत मन सत्य साक्षात्कारको एक मात्र उपाय हो। जब जीव र जगत् तुच्छ तथा केवल मनको सृष्टि हुन् त हामी स्वभावतः तिनीहरूलाई केही महत्व दिंदैनौं। जब कि हरदम हाम्रै सच्चा स्वरूप नित्य चेतन घन भइरहेको छ हामी स्वप्न-दृष्ट जीव र पदार्थहरूलाई केही महत्व दिंदैनौं। यस प्रकार हामी केही चिन्तन नगरीकन शुद्ध मनको निर्मनस्क अवस्था सजिलैसँग फेला पार्न सक्छौं। यदि सारा वस्तु कल्पना मात्र हो भने हामी कलनाको पनि पार जान सक्छौं। मनको दृढ संस्कार पनि सद्-वस्तु-रहितको केवल चिद्घन मात्र हो र बत्ती बालेर गुफाको घोर अन्धकार हटाए झ यसलाई पनि

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

मेट्न सकिन्ल। परिणाम स्वरूप प्राणको क्रिया सूक्ष्मतर हुँदै-जान्छ र हाम्रो मनको स्थिरतालाई भङ्ग नगरिकन जीवन रक्षाको निम्ति मात्र यो स्वतः चालित हुन्छ।

यो संसार "मानिसको भ्रान्ति निति देखाइएको नश्वर आडम्बर हो" भन्ने हामी बिर्सन्छौं। हामी यहाँको "हाँसो र आँसु" सुखी र दुःखीहरू सच्चा ठान्छौं। तर ती प्रत्यक्षतया हाम्रो अनुभवका आगमापायी अवस्था या विभागहरू मात्र हुन्। नाना बिभिन्न अनुभवहरू आउँछन् र जान्छन् तर हामी सदा आफ्नो असली स्वरूपमा रहन्छौं। हाम्रो व्यष्टि सत्ता अवस्था-पिच्छे बदलिन्छ तर हामीमा रहेको सारभूत सत् भावात्मक या अभावात्मक परिणामी अनुभवहरूको निश्चित पृष्ठभूमि भएर सदा वर्तमान रहन्छ। यो वास्तविकतालाई बारंबार सम्झाउने-हरूले हाम्रो सत्यस्वरूपमा ध्यान दिन र केवल काल्पनिक स्वरूप भएका बृथा शोचविचार र इच्छाहरू हटाउनामा ठूलो मद्दत दिन्छन्।

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

३. बुद्धि र आत्म—साक्षात्कार वृत्ति।

बसिष्ठले अनुभवलाई ज्ञानको एक मात्र हेतु मान्नाको कारण यो हो कि शास्त्रमा आधारित आत्म-ज्ञानीको साक्षात्कारलाई भावी आत्मज्ञानीको अनुभवले प्रमाणित गर्न सक्छ। बुद्धिसँग विरोध नपरेकोले वेदान्तको मार्ग तर्कपूर्ण नै छ तर यसले बुद्धिको परिच्छेद या परिमिततालाई स्वीकार गर्छ र आत्मसाक्षात्कार-वृत्तिद्वारा बुद्धिको पार जान्छ र सत्यलाई साक्षात् जान्दछ। बुद्धि केही हदसम्मलाई सहायक पथप्रदर्शक हो तर आखिर यो अभावात्मक करण हो तसर्थ यसले गरेको आविष्कार अभावात्मक किसिमको नै हुनु स्वाभाविकै हो। यसले झुटोलाई त्याग्न मद्दत दिन्छ तर भावात्मक सत्य साक्षात्कार गर्न यो अयोग्य र अपर्याप्त छ। बुद्धिलाई एक मात्र भरपर्दो माध्यम भनी विश्वास गर्ने दर्शन अनुसन्धानात्मक परिणाममा सफल हुन सकेको छैन र यसैले त्यसको अनुसन्धान सर्वसम्मत नभई विवादपूर्ण भएको छ।

वेदान्तको श्रेष्ठता यसैमा छ कि यसले बुद्धिका युक्तिलाई पूर्णरूपले काममा लगाउनुको साथसाथै त्यसबाट प्राप्त परिणामलाई

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

आत्म-साक्षात्कारको वृत्तिद्वारा सच्याएर पूर्ण गर्छ। साक्षात्कार वृत्तिको अनुसन्धानले बुद्धिको मागलाई पूर्णतया पुरा गरेको छ। वेदान्त युक्तियुक्त नै छ र जहां बुद्धिको पहुँच छैन त्यहाँ साक्षात्कार वृत्तिको प्रकाशद्वारा पर जान्छ। पछि आउने राम-गीताको विमर्शमा अज्ञानका सिद्धान्तहरू हेर्नू।

बाह्य विषयमा आसक्त नहुनुको एक मात्र सफल उपाय वेदान्तअनुकूल विधिको अनुसरण गरेर तिनीहरूको झूटो स्वरूप जान्नु हो। अद्वैतको परिशीलनले पुरुषलाई जगत् प्रपञ्चको मिथ्या स्वरूपको परिचय दिन्छ। र कामनाको बीज नै नाश पारिदिन्छ। ज्ञाता-ज्ञेय-सम्बन्धरहित मनको शुद्ध चैतन्यकै लक्षण हुन्छ। विषयकारितारहित मनको अवस्था विद्वदनुभवगम्य छ।

❀★❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अध्याय-२

ज्ञान वासिष्ट र शाङ्कर-वेदान्त-विषयक परिशीलनको भूमिका।

१. दृश्य-सम्बन्धि अनुभवका अवस्थाहरू।

मानिसमा एकै साथ रहने मानौं दुइओटा आत्मा छन्: सदात्मा र असदात्मा (आत्मा र जीवात्मा)। जीवात्माले दुःख, सुख भोग्छ तर सदात्मा असंसारी हुनाले शान्त र अविचलित (कूटस्थ) रहन्छ। जब जीवले परमात्मा सँग आफ्नो एकता थाहा पाउँछ उसको दुःख नाश हुन्छ। दुइ आत्माको यस एकतालाई वसिष्ठ र शंकर दुबैले विधान गरेका छन्।

परमात्मा पहिले आतिवाहिक शरीर धारण गर्छ र अनि आधिभौतिक देहधारी बनेर ससीम र व्यष्टि हुन जान्छ। तर जीवभाव न अन्तिम कुरो हो न सत्य हो। जीव आफ्नो कर्मका सत् र असत् फलको बेगले नाना योनिमा जन्मने, तल माथि जाने र द्वन्द्व धर्मले पीडित हुने भएर घुमिरहन्छ तर उसको अमर आत्मा अनात्म संसारमा अनासक्त नै रहन्छ। तीन गुण

pal Sanskrit University, Balmeeki Campus, Kathman

). In Public Domain. Digitization by eGangotri.Funding: I

र वासना (माया र त्यसको कार्य) को वशमा परेर आफ्नै कर्मको बन्धनमा पर्छ। व्यावहारिक जीव (असदात्मा) को स्वभाव यो हो।

जीव इन्द्रिय, मन र प्राणले युक्त हुन्छ। मन अन्तःकरण हो र यसमा इच्छा, निश्चय, सन्देह, श्रद्धा र भयका क्रियाहरू रहन्छन्। मनको एक भागले संशय उठाउँछ र अरू तीन भागहरूबाट क्रमशः निश्चय, चिन्तन र अहं प्रत्यय हुन जान्छन्। पाँच कर्मन्द्रिय, पाँच ज्ञानेन्द्रिय, पाँच प्राण मन र बुद्धि मिलेर जीवको आतिवाहिक शरीर बन्छ। आधिभौतिक शरीर नाश भएर मृत्यु हुँदा जीवको पछि लाग्ने यही सूक्ष्म शरीर हो, जीवात्माको पुनर्जन्ममा हुने नयाँ शरीर र मनको स्वरूप निश्चित गर्ने कर्मजन्य संस्कारको निवासस्थान यही सूक्ष्म शरीर हो। स्थूल र सूक्ष्मको अतिरिक्त सुषुप्तिमा क्रियाशील रहने र जाग्रत् र स्वप्नको बीज भएको कारण शरीर पनि जीवको हुन्छ। (यही हो चिज्जडग्रन्थि किंवा योगबासिष्ठको संवेदन) जाग्रत् र स्वप्नको अनुभव कारण--देहयुक्त चिद्घनमा बिलीन हुन्छ र यसैबाट पुनः निस्कन्छ।

आत्मा (अहंकार) अनात्मा, ज्ञाता ज्ञेय अथवा द्रष्टा दृश्य परस्पर विलक्षण छन्। अहंकार (ज्ञाता) चेतन र बोधवान् हुनाले द्रष्टा हो। वस्तु (ज्ञेय) अनात्मा, दृश्य र जड़ हुनाले दृश्य हो। प्रकाश र अन्धकार जस्तै परस्पर विरोधी भए तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

व्यावहारिक जीवनमा मामुली मानिसहरू अज्ञानवश एकको धर्म अर्कोमा अध्यास गर्छन्। परिणाम-स्वरूप ज्ञाता ज्ञेयसँग अलमलिन्छ। यस्तो भ्रम मानिसको दैनिक जीवन र विचारमा देखिन्छ जस्तै, मानिस भन्छ "यो म हुँ" "यो मेरो हो" यस कथनमा वक्ता शुद्ध चैतन्यस्वरूप 'म' वा ज्ञातालाई शरीर, इन्द्रिय, मन, घर, मुलुक जस्ता भौतिक वस्तुहरूमा अध्यारोप गर्छ। फेरि आत्माको सच्चा स्वरूपको अज्ञानले गर्दा उ आफ्नो नित्य द्रष्टा आत्मालाई जन्म, मरण जवानी, रोग जस्ता शरीरका धर्मसँग मिलाउँछ। जस्तै उ भन्छ "म जन्मेको छुँ" "म बढ्दै छु" "म रोगी छु" "म मर्न लागेको छु" इत्यादि। ज्ञाता ज्ञेय अथवा द्रष्टा दृश्यको विवेक आत्म-ज्ञानको निम्ति पहिले नै चाहिने कुरा हो। द्रष्टा कूटस्थ एकरस चैतन्य-अथवा ज्ञाता हो र शुद्ध अहं हो। आत्म-सत्तामा कसैको शंका हुनु बन्दैन किनकि संशयात्मा आफ आत्मा अर्थात् चैतन्य हो। सब किसिमका विचारमा चैतन्य स्वीकृत गरिन्छ। आफ्नो अद्वय स्वरूपको प्रभावबाटै द्रष्टाले दृश्य देख्छ। वेदान्तमा बाह्य जगत्का स्थूल भौतिक पदार्थहरूदेखि लिएर शरीर, इन्द्रिय, मन सारा वस्तु दृश्य कोटिका हुन् र तिनको जडात्मक र अस्थिर स्वभाव मानिन्छ। ज्ञातामा ज्ञान (चैतन्य) को अभाव हुनै सक्तैन तापनि दृश्य प्रपञ्च क्षणिक एवं आगमापायी छ किनकि त्यो केवल कल्पनाप्रसूत संकल्प अथवा संवेदन हो।

बाहिर दृष्टि दिंदा हामी गतिशील जगत् देख्छौं र आफ्नै

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

भित्र हेर्दा समुद्रमा नित्य परिवर्तनशील तरङ्गहरू झैं अनेक भावना, विचार, संकल्प र काल्पनिक चित्रहरू देख्छौं तर यस क्षोभको भित्र र पृष्ठमा कत्तै द्रष्टा या आत्मा नाम गरेको शान्त र नित्य साक्षी वर्तमान छ। तर द्रष्टा आत्मा स्वभावतः कुनै वस्तुसित नमिसिइकन अनात्म या दृश्यले रहित आफ्नै गौरवमा मज्जासँग रहन्छ।

❀✶❀

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

२. कोशहरूको निरसन।

यस लेखको परिशीलनको मुख्य उद्देश्य सदात्माको अपरोक्षानुभूति हो। यो साक्षात्कार उक्त क्षोभ बीच वर्तमान अपरिणामी सारभूत सद्वस्तुका कोशहरूको क्रमिक निरसन-द्वारा सम्पादित गरिन्छ। आफ्नो सदात्मालाई यथावत् जान्नुको अर्थ हो यसलाई यसको निवासस्थानबाट पृथक् भनेर सम्झनु। जस्तो चन्द्रमा सूर्यको प्रकाशले प्रकाशित भएर पनि बिम्ब झैं भान हुन्छ त्यस्तै शरीर, इन्द्रिय, मन आत्माको प्रकाशले प्रतिबिम्बित भएर स्वतः स्वतन्त्र र पृथक् सत्तावान् भएको कल्पना गरिन्छ। आध्यात्मिक विकासको संम्पूर्ण क्रिया यही मूल आश्चर्यजनक भुलको निरसन गर्नु मात्र हो।

आत्मा जाग्रत् स्वप्न र सुषुप्तिका अनुभवको साक्षी छ। आत्माको सम्यक् ज्ञान प्राप्त गर्न यी तीन अवस्थालाई बाध गर्नु आवश्यक छ। ज्ञान अनुभूतिमा आधारित हुन्छ। जाग्रत् स्वप्न र सुषुप्ति तीनै अवस्थाले आत्माको सच्चा स्वरूप प्रकट गर्दैनन्। तीनै अवस्थाहरू जहाँ विलय हुन जान्छन् त्यही तुरीय अथवा

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

चतुर्थंपाद् यस आत्माको सच्चा स्वरूप हो र यही अवस्थात्रयको असंग साक्षी हो। जाग्रत्‌मा अनुभूत बाह्य स्थूल विषय स्वप्नावस्थामा वासनाको रूपमा देखिन्छन् र जब सुषुप्तिमा वासना मनमा हराउँछ स्वप्नावस्थाको बासना अद्वय कूटस्थ शुद्धचिन् मात्र हो भन्ने बोध हुन्छ।

जाग्रत्‌को पूर्वावस्था स्वप्नको उत्तरावस्थामा र दुवै अवस्थाको सुषुप्तिमा (जसमा सारा अवस्था अन्तर्गत छ) लीन गर्नुको अभिप्राय यही हो। यी सारा अवस्थाहरू नित्यात्मा साक्षीमा यसप्रकार विलीन हुन्छन्।

सुषुप्तिमा स्थूल या सूक्ष्म कुनै वस्तु अनुभूत हुँदैन। जाग्रत् अवस्थाको बासनाद्वारा स्वप्नमा देखिने बृत्तिरहित सुषुप्तिमा द्वैतको ज्ञान रहँदैन। सुषुप्तिको अर्को लक्षण ज्ञाता-ज्ञेय सम्बन्धको अभाव हो। सुषुप्तिमा आत्माको साक्षात्कार हुन्छ। केवल कारण दृष्टिबाट यसलाई अरू दुई अवस्थाहरूको बीज मानिन्छ। अद्वैत (कार्य-करणरहित) दृष्टिबाट ज्ञाता-ज्ञेय-सम्बन्ध-बिनिर्मुक्त अखण्ड मन परम सत्य वस्तु हो।

सारा दृश्य सम्बन्धि अनुभव तीन अवस्था भित्र सीमित छ; तीन अवस्थाको विमर्शबाट अपरोक्षरूपले फेला पर्ने सत्य वस्तु परम सत् हो। जसको सीमा भित्र सारा अनुभव रहन्छ यस्ता अवस्थात्रयको समकालीन विमर्श नै सद्वस्तु फेला पार्ने बेदान्तको विधि हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

जाग्रत् अवस्था व्यावहारिक अनुभवको हो, स्वप्नावस्था सूक्ष्म अनुभव (जसमा जाग्रत् विलीन हुन्छ) को हो र तेस्रो सुषुप्ति अवस्था विषय-अनुभवको अतीत अवस्था हो जसमा पूर्वका दुइ अवस्थाहरू लीन हुन्छन्।

जाग्रदादि तीन अवस्थाको ज्ञातालाई तीन अवस्थातीत एक स्वयं सिद्ध नित्य सद्वस्तुको अनुभव हुन्छ। तुरीयलाई केवल जाग्रत् या व्यावहारिक दृष्टिबाट इन्द्रियातीत भनिन्छ। अज्ञानीलाई यही तुरीय तीन अवस्थाको रूपमा प्रतीत हुन्छ। आत्मा त्यो कूटस्थ चैतन्य हो जसले जाग्रत् अवस्थामा स्थूल वस्तु भोग्छ, स्वप्नावस्थामा सूक्ष्म भूतको अनुभव गर्छ र ज्ञाता-ज्ञेय-सम्बन्धरहित सुषुप्तिमा अनिर्वचनीय सुख भोग्छ।

गौडपादको कारिका र योगवासिष्ठ रामायणमा विस्तृत-रूपले वर्णित यो आत्म-ज्ञान प्राप्त गर्ने अद्वैत तरीका हो। स्थूल बुद्धिको मानिसलाई वस्तु बाहिर प्रतीत हुन्छ (आधिभौतिक) उच्च विचारका मानिसको लागि वस्तु केवल मनका बासना वा अवस्थाहरू हुन् (आतिवाहिक)। ज्ञानी स्थूल वस्तु या सूक्ष्म बासनाको सट्टा केवल एक रस अखण्ड शाश्वत मन (जुन सच्चा कूटस्थ चैतन्य सिवाय अरू केही होइन) देख्छ। भौतिकबादिको निम्ति जुन भौतिक वस्तु हो र विज्ञानवादीको निम्ति जुन ज्ञाता-ज्ञेय-उपलक्षित बासना हो त्यही ज्ञानीको निम्ति अद्वय मन वा आत्मा हो। तीनै अवस्था

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

आखिरमा तुरीय वा शुद्ध चैतन्यमा बिलीन हुन्छ र यही अन्तिम सद् वस्तु हो। सापेक्षिक दृष्टिबाट यही तीन अवस्थाको अधिष्ठान हो।

ज्ञानको आधार अनुभव हो। जाग्रत्-अनुभवबाट प्राप्त ज्ञान भौतिक दर्शनको जग हो। स्वप्नको विमर्शबाट प्राप्त ज्ञानबाट विज्ञानवाद, रहस्यवाद वा अध्यात्मवाद खडा हुन्छ सुषुप्तिको अनुभवबाट प्राप्त ज्ञानले शून्यवाद पैदा गर्छ जसले भौतिक अनुभवको अभावमा जोड दिन्छ। तर यी सारा एकदेशी एवं अपूर्ण ज्ञान हुन्, तर जब तीनै अवस्थाका अनुभव संमिलित गरिन्छन् तब बिलकुल एउटा भिन्नै दर्शन बन्छ। जसमा सारा ज्ञान अन्तर्गत हुन्छन्। स्थूल, सूक्ष्म र कारणको अनुभवका यी तीनै भूमिकाको परिशीलनबाट प्राप्त सद्वस्तु यसैले ओतप्रोत कुनै अवस्थान्तरको विरोधी छैन। भौतिक अनुभवका यी भूमिकाहरू कल्पनामय हुन्। यी परिवर्तनशील अवस्थाहरूको आधार बिभिन्न प्रकारले उठेको कल्पनाको दृढताका अवस्थान्तर हुन्। स्वप्नावस्थामा सत्य प्रतीत भएको अनुभव स्वप्नको कारण कल्पना क्षीण हुँदा झुटो र अस्थिर साबित हुन्छ। त्यस्तै जागा रहँदा सत्य ठानेको अनुभव जाग्रत् अवस्था ल्याउने कल्पना—शक्ति ह्रास हुँदा स्वप्नमा शून्य हुन जान्छ। उषर भूमिले मरूमरीचिका व्याप्त गरे झैं तुरीय अथवा सत्ले संसारका स्वप्न र जाग्रत्को सारा प्रपञ्च व्याप्त गरेको छ। यही नै दृश्य-सम्बन्धि अनुभवका तीन भूमिकाहरूको निर्लिप्त आधार

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

हो र यसलाई ज्ञानी पुरुषले नित्य अद्वितीय सत्ताको रूपमा साक्षात्कार गर्छ। विज्ञानबाद जसअनुसार तथाकथित बाहिरी विषय छैनन् मनको अवस्था मात्र हो, तसर्थ सद्वस्तुको उपर्युक्त दृष्टिकोणसँग संगत छैन। कल्पना अथवा मनको अस्थिर अवस्थाहरूलाई साक्षी भएर हेर्न सक्ने द्रष्टाको सत्ता मान्न करै लाग्छ। संकल्प या संवेदन रूप कल्पना प्रिय वृत्ति हो त्यहाँबाट बिभिन्न चित्त बृत्तिको दोस्रो भूमिका शुरू हुन्छ। कल्पना उठेर क्रियात्मक हुनु अगाडि अथवा सारा विचारले काम गर्न छाडे-पछि क्षण क्षणमा चेतनको परिवर्तन थाहा पाउने नित्य साक्षी चैतन्यको भाव त मान्नै पर्दछ। साक्षी चैतन्यको अभावमा कोही "यो छैन" भन्न सक्तैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

३. चेत्योन्मुखत्व र चेत्यरहित चैतन्य।

आध्यात्मिक बिज्ञानबाद मूलको आधारमा जगत्लाई हेर्ने एक दृष्टिकोण हो। यो आध्यात्मिक छ किनकि यो अहंदेखि पर पुग्दैन। यसलाई भौतिक यसैले भनिन्छ कि भौतिक जगत्मा यसको प्रतिरूप या अरू नै अनात्म वस्तुको खोजीतिर यो प्रवृत्त हुन्छ। स्वप्न जगत्को स्वरूपको अनुसन्धानबाट बिज्ञानवादका दुइ किसिम स्पष्ट हुन्छन् (१) जागरणको दृष्टिबाट आफ्नै बासनाको बलले अहंकारले स्वप्न प्रपञ्च खडा गरेको हामी पाउछौं तसर्थ मनको अवस्था-अतिरिक्त यसको पृथक् सत्ता छैन।. यो दृष्टि आत्माको सत्यता न भुलेको जाग्रत् अवस्थाको हो। त्यसबेला आत्माले अहंकार र मानस-सृष्टिलाई उपेक्षा र उदासीनताको भावले हेर्छ। जबसम्म हामी यस स्थितिमा अड्छौं स्वप्नजगत्लाई वास्ता गर्दैनौं किनकि यसलाई पैदा गन कल्पना नरम र कमजोर छ। (२) तर जब हामी स्वप्न देख्छौं हामी आफ्नो आत्मालाई भुल्छौं र अहिले भौतिक जगत् सरह ठानेर प्रातिभासिक जगत्का काल्पनिक जीवहरूसँग हामी अध्यास गर्छौं। अहंकार र यसको प्रतिरूप अनात्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

संमिश्रण (स्वप्नावस्थाको सारभूत आत्माको विस्मरणको कारण) कल्पनाले अहिले प्राप्त गरेको सृजना शक्तिको बढी बलको दृढताको कारणले पैदा भएको हो जसबाट त्यस बेला देखिने जगत्‌को क्षणिक या काल्पनिक स्वरूपको बिलकुल बिस्मृति हुन्छ। यस प्रकार आध्यात्मिक बिज्ञानबाद कल्पना शक्तिमा थप दृढताको जोडले भौतिक बिज्ञानबादमा झर्छ, अर्थात् कल्पनाको बहिर्मुखता र भौतिकताले गर्दा कल्पना शरीर इन्द्रिय र भौतिक पदार्थमा परिणत हुन्छ। यसप्रकार सिद्ध हुन्छ कि कल्पनाको विभिन्न स्तरको दृढताको जोडले सृष्टिमा बिभिन्न रूपले सत्य बुद्धि हुन जान्छ: (१) क्षणिक प्रकृतिको हुनाले जाग्रत्‌को अपेक्षा स्वप्न-प्रपञ्च र यसको अनुभव कम मात्रामा सत्य प्रतीत हुन्छ। (२) अज्ञानीको दृष्टिमा जाग्रत् स्थिर स्वभावको हुनाले बढी मात्रामा सत्य प्रतीत हुन्छ, (३) साधकको दृष्टिमा संसार ब्यावहारिक हुनाले मिथ्या देखिन आउँछ। यो दृष्टि स्वप्न-द्रष्टाको त्यस सुखद अनुभवसित तुलना गर्न सकिन्छ जसमा उसलाई स्वप्नजगत्‌को असारता र सुख दुःख तुच्छ प्रतीत हुन्छ।

यसरी सारा विचार नाम र रूप सहित, केवल माया हुन्, गाढा निंद्रामा परेको पुरुषलाई विचार भावना या मनको अरू कुनै क्रियाको याद छैन। सुप्तपुरुषलाई आफ्नो अहंकार (जुन अहंकारको नछुटिने सम्बन्ध हुनाले दृष्ट जगत्‌को एक अंश हो) को समेत ज्ञान छैन। अतः काल्पनिक जगत् अहं-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

कारमा बिलाउँछ र भन्न सकिंदैन। यसले आफैं रहेको जगत् सृष्टि गर्न र प्रलय गर्न सक्तैन यो अहंकारकै करामत हो भन्ने जुन "सोलिप्सिस्टस्" (एक थरिका दार्शनिक) हरूले सिद्ध गर्न खोजेका थिए व्यर्थ साबित भइसकेको छ। वस्तुको भाव या अभाव त्यसलाई प्रकाश गर्ने (जान्ने) प्रकाशले सिद्ध गर्छ। जहिलेसम्म प्रतीत रहेको थाहा हुन्छ ज्ञाता या द्रष्टा हुनैपर्छ। त्यस्तै त्यसको अभाव (जस्तै सुषुप्तिमा) लाई थाहा पाउने कुनै सत्तामा आधारित हुनैपर्छ। यो सद्वस्तु अहंकाररहित एक अखण्ड र अपरिणामी शुद्ध मन अथवा आत्मा हो।

सारा हराउँछ हामी भन्न सक्तैनौं किनभने जसबाट कल्पना या जगत् उद्भूत हुन्छ। यस्तो कुनै सद् वस्तु हुनै पर्छ। कल्पनाको कुनै आधार हुनै पर्छ। असत् स्वीकार गर्दा यसलाई जान्ने सत्को पनि स्वीकार गर्नैपर्छ। असतै असत् हुन सक्तैन किनकि यसको अर्थ असत्को साक्षी ज्ञानस्वरूपको समेत अभाव सिद्ध हुन आउँछ। वस्तुको अभावमा अथवा मनमा संकल्प विकल्प उठ्दा प्रकाश गर्ने नित्य आत्माको ज्योति हो। यस विमर्शले हामीलाई अद्वैतमा मात्र होइन परन्तु विज्ञानात्मक अद्वैतमा पुर्‍याउँछ अर्थात् एउटै सद् वस्तु छ चाहे त्यसलाई शुद्ध मन भनौं या शुद्ध चैतन्य भनौं। यही ज्ञाता-ज्ञेय र तिनको बीचको सम्बन्ध (ज्ञान) रूप त्रिपुटी हो।

—:o:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

४. वृत्तियुक्त मन र संवेदन ।

योगबासिष्ठ रामायण, अनुसार जगत्‌को विकाशको क्रम निम्नप्रकार छः— (१) संवेदन (२) भावना (३) वासना (४) कलना । प्रथम दुइ संसारको समष्टि भूमिका र पछिल्ला दुइ व्यष्टि भूमिका हुन् । संवेदनको अर्थ हो समष्टि भूमिमा दोस्रो वस्तु (इदं) केवल थाहा पाउनु । यही दोस्रो वस्तु छिट्टै कल्पनाको विषय भएर स्पष्टतया ज्ञेय बन्छ । यही भावना या दृढ विश्वास हो । विकासको क्रमको यो द्वितीय खण्ड हो । समष्टि भूमिकामा यदि साधक टाढाको अनिश्चित कुनै वस्तुको आशा गरेर होशियार रही कुनै काल्पनिक चित्र नबनाई मनको शक्तिलाई रोक्छ भने त्यो भावनाको भूमिमा ओर्लन सक्तैन । नत्र भने दोस्रो खण्डको अस्पष्ट विचार-तरंगसित मिलेर तेस्रो खण्डमा झर्छ र जीवको वासनाहरूको स्फूर्ति हुन्छ । तब यन्त्रवत् नाना चित्तवृत्तिहरू पैदा हुन्छन् र जीव यसको बन्धनमा पर्छ ।

स्वप्नमा वस्तुहरू बने झैं मनमा भौतिक जगत् कल्पनाको भौतिकता र वहिर्मुखताको कारणले वस्तु, देह र इन्द्रियको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: N

रूपमा उदय हुन्छ। तदनन्तर विषय भोग्ने इच्छा उत्पन्न हुन्छ। हाम्रो दृश्य-सम्बन्धि अनुभवमा सारा वस्तु उत्पन्न गर्ने क्रियाशील शक्ति हाम्रो कोही बन्ने या केही प्राप्त गर्ने आसक्ति हो। यही आसक्तिअनुसार सृजनात्मक कल्पनाले हाम्रो इच्छा तृप्ति गर्ने वस्तुको रूपमा इप्सित वस्तु पुऱ्याइदिन्छ। जगत्को अनुभव र स्वप्न अनुभवको पृष्ठभूमिमा वासना तृप्ति नै मूल कारण छ।

यहाँ विचार र त्यसको नित्य स्रोतको स्वरूप सम्बन्धि पारिभाषिक अभिप्राय र दार्शनिक तर्क विचारणीय छ। अधिष्ठान स्वरूप सद्वस्तुदेखि भिन्न विचार मानसिक अथवा मिथ्या हो। यो क्षणमा देखापर्छ र हराउँछ यसको ठेगानाको नामनिशाना बाँकी रहँदैन। तिनीहरू मनमै देखापर्छन् र त्यहीं लोप हुन्छन्। शान्त समुद्रबाट उठेको तरंग भैं यसलाई मनदेखि भिन्न गर्न सकिंदैन। जगत् कल्पना-अतिरिक्त अरू केही वस्तु नहुनाले र कल्पना मनमा रहने हुनाले जगत् मनमा नै रहन्छ तसर्थ यो शरीर या अहंकार भित्र छ, भन्न सकिंदैन।

सद् वस्तु(जो सुषुप्तिमा प्रत्यक्ष हुन्छ)विषयरहित चैतन्य हो। सापेक्षिक (अथवा ईश्वरीय) चैतन्य विषयसित सम्बन्धित छ तर सुषुप्तिमा अथवा निर्विकल्प समाधि (जसमा ज्ञाता, ज्ञेयको सम्बन्ध ज्ञानको अभाव हुन्छ। या यस्तो कुनै विषय प्रतीत हुंदैन। जहाँबाट जगत् उदित भएको छ यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अद्वितीय चैतन्य वस्तुसहित हुन सक्तैन अपरोक्षरूपले अनुभूत सद् वस्तु हो। सारा विचारको उद्भव र प्रलयको स्थान मानेर यो सद् वस्तुलाई साक्षी भनिन्छ। योगवासिष्ठ रामायण-अनुसार क्रमशः भावना, वासना र कल्पना उत्पन्न गर्ने माथि बताएको संवेदनसँग यसको एकता छ, योगवासिष्ठ रामायणमा यसलाई चित् र अचित्को गाँठो वा मूल अहंकार (समष्टि अहंकार) भनेको छ। जब साधक मूल अहंकारको भूमिका पनि छोडेर माथि उक्लन्छ त्यो जीवन्मुक्त हुन्छ।

जानिने वस्तुको आरोप रहित साक्षी वा संवेदन कदापि विचारको विषय हुन सक्तैन सुषुप्ति या निर्विकल्पमा हराउने अहंकार यो होइन। तर विचार थाहा हुँदा साक्षी वा संवेदन केहि कालसम्म अहंको रूपमा काम गर्छ। इन्द्रियको विषय झैं यो अद्वितीय चैतन्य व्यावहारिक सत् होइन न यो मिथ्या हो किनकि यसको मिथ्यात्व प्रतीत हुँदैन। यो व्यावहारिक सत् भन्दा परको तत्त्व हो। यो त्यो सद्वस्तु हो जसको अभाव कहिल्यै कल्पना गर्न सकिँदैन।

संवेदन सारा विचार र जगत्को उद्गमस्थान हो भन्ने कल्पना आपेक्षिक भूमिकाको हो। जब पुरुष काल्पनिक जगत् र यसको आविर्भाव र तिरोभाव देख्छ तब मात्र उ संवेदन या साक्षीलाई जगत्को कारण मान्दछ। तर दृश्य प्रपञ्चको पृष्ठ भूमिका सदा प्रकाश रहने सद्वस्तु बस्तुतः सम्बन्धरहित

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

नै छ। कार्य-कारण-भाव अज्ञानजन्य हो। यो व्यावहारिक अवस्थाको हो जसमा नाना वस्तु देखिन्छ र तिनीहरूको बीच सम्बन्ध बसाल्नु परेको हुन्छ।

साक्षी या अहंकारले यो जगत् झुटो रूपमा देख्दैन किनकि यो उसको अभिन्न अंग हो। यो अमर अपरिणामी शुद्ध चैतन्य हो। सत् असत् कदापि हुन सक्तैन र असत् सत् झै कहिल्यै बिचार गर्न सकिंदैन। दृष्ट, अनुभूत या सोचेको सारा वस्तु यही एक सद् वस्तु हो जसको अभावको कल्पनासम्म पनि गर्न सकिंदैन। यो एक सद् वस्तुको कहिले समुद्रमा तरङ्ग जस्तै जगत् प्रपञ्चको रूपमा देखिनु, कहिले सारा वृत्ति शान्त भएर एक स्वयंप्रकाश आनन्दमय वस्तुमा (संवेद्य-रहित संबित्मा) निस्तरंग शान्त समुद्रमा झैं बिलीन हुनु यस एक सद्वस्तुको स्वभाव नै हो। अनन्त शुद्ध चैतन्य-सागरमा साक्षी या संवेदन सबभन्दा ठूलो तरंग हो। सार र तत्वमा तरंग समुद्रदेखि पृथक् छैन। शान्त रहोस् या क्षुब्ध रहोस् समुद्र त्यही समुद्र हो।

यसप्रकार आफ्नो अद्वैत-भाव, अनन्तता र नित्यत्वमा केही बिकार पैदा नगरी जगत् रूपमा भासित हुनु ब्रह्मको त स्वभाव नै हो। जो कुछ छ शुद्ध मन या आत्मा मात्र हो जस्तो समुद्रमा जे जति छन् समुद्र मात्र हो। तरंग बुद्बुदा समुद्रदेखि पृथक् रहेको कल्पना गर्न सकिंदैन। केवल जब हामी तरंगलाई

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

स्वतन्त्र सत्ता भएको मान्छौं हामी तिनको उत्पत्ति र प्रलय-स्थानको कल्पना गर्छौं।

माथि बयान गरिएका 'संवेदन', 'भावना', 'वासना', र 'कलना'का चार भूमिहरूको अनुभवको ज्ञान र मिलानवाट यो सद्वस्तु अनुभूत गर्न सकिन्छ। वेदान्तको तर्कको मुख्य काम साक्षात्कार-वृत्ति र युक्ति द्वारा वृत्तियुक्त मन र संवेदन चैतन्यमा विलय गर्नु हो। जीव-अहंकारदेखि लिएर संवेदन-सम्म तिनीहरूको आविर्भाव र तिरोभाव विचार गर्दा थाहा पाउने यही चैतन्य हो। यही चैतन्य परम ब्रह्म हो र 'म ब्रह्म हुँ' भनेर यसरी साक्षात्कार गरिन्छ। वेदान्तको तर्कद्वारा कार्य-कारण भावको अदार्शनिक कल्पना हटाउँदा जगत्को सृष्टा र पालक मानिएका ईश्वरको यस परम नित्य आनन्दमय ब्रह्मसँग यसको एकता छ। तब जो कुछ छ यही ब्रह्म हो भन्ने साक्षात्कार उदित हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: I

५. मायावाद

जस्तो तरङ्ग समुद्रबाट उठ्छ अथवा आगोको झिल्को
को आगोबाट निस्कन्छ त्यस्तै सर्वभूतान्तरात्मा सद्
बाट यो जगत् पैदाभएको छ। जगत् ब्रह्म नै हो जो सारा
टलाई व्याप्त गरेर रहेको छ। यसप्रकार जगत् प्रपञ्चको
ता स्वीकृत छ तर ब्रह्म नै जगत्को सृष्टि कर्ता हो भन्ने
अस्वीकृत छ। कुनै प्रयत्न अथवा बाहिरी प्रेरणा बिना
जगत् प्रपञ्च खडा गर्छ अथवा सृष्टि ब्रह्मको विलास हो
सकिन्छ। यदि ईश्वर, जीव र जगत्को एकता साक्षात्कार
बाटो देखाउँछ भने सृष्टिको जुन सुकै व्याख्या स्वीकार
योग्य छ।

दार्शनिकहरू प्रायः सृष्टिको वर्णन गर्ना निम्ति 'माया'
प्रयोग गर्छन् जसद्वारा अद्वय ब्रह्म अनिर्वचनीय तरीकाले
रूपात्मक जगत्को रूपमा देखिन्छ। जसरी साना साना
हरूको थुप्रोले घुमाउँदा ठोस ढुँगाको रूप धारण गर्छ।
घटनालाई माया भनेर वर्णित छ) त्यसैगरी जगत्को
देशमा स्थित परम सद्वस्तु नामरूपात्मक घन वस्तु

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

जस्तै भएर प्रकट हुन्छ। व्यष्टि मन मायाको कार्य हुनाले मायाको सच्चा स्वरूप बुझ्न सक्तैन। यस्तो ज्ञानले यो देखाउँछ कि सद्‌वस्तु भित्र अगाध रहस्य छ र बुद्धि यो रहस्योद्‌घाटन गर्न असमर्थ छ तर जब साधक साक्षात्कार वृत्तिद्वारा मायाको बाहिर विशेष चैतन्यको राज्यमा प्रवेश गर्छ साक्षात् यस अतीन्द्रिय सद्‌वस्तुलाई अनुभव गर्छ र परिणाम स्वरूप जगत्‌लाई शुद्ध चिन्मात्रको रूपमा देख्छ।

माया जसद्वारा ईश्वर जगत्‌को सृष्टि गर्छ ईश्वरीय जादूशक्तिको नामले विख्यात छ अथवा यसलाई ईश्वरको आवरणशक्ति भन्दछन् जसद्वारा उनको सच्चा स्वरूप आवृत हुन जान्छ। मायावाद व्यष्टिमनद्वारा अनन्त सम्झने असमर्थताको कथन मात्र हो। स्वरूपतः ब्रह्मदेखि अभिन्न माया यस जगत्‌को उपादान कारण हो र ब्रह्म शुद्ध चैतन्यको रूपमा यसको निमित्त कारण हो। सारा भौतिकरूप सृष्टि गरेर परम ब्रह्म त्यसमा प्राण र चैतन्यको रूपमा प्रवेश गर्छ र तिनीहरूलाई सजीव बनाउँछ।

यसप्रकार मायाको अर्थ ईश्वरको दृष्टि या आलोकलाई धमिल्याउने अज्ञान हो। अथवा माया समष्टि भ्रम हो जसद्वारा एक अनेक देखिन्छ; अखण्ड ब्रह्म सापेक्षिक जगत् देखिन्छ। अज्ञानद्वारा हामी एक वस्तुको धर्म अरू वस्तुको धर्ममा आरोप गर्छौं तर आरोपित धर्मले अधिष्ठानलाई कुनै

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: N

तरहले पनि बदल्न सक्तैन। सृष्टि नामरूपात्मक मायाद्वारा ब्रह्ममा भ्रमात्मक अध्यारोप हो। भ्रम या मायाले गर्दा ब्रह्म जगत्को रूपमा देखिन्छ। देश, काल, निमित्त (कार्य-कारण भाव), नाम र रूपको कल्पना शुद्ध चैतन्यमा अध्यस्त गरिन्छ र त्यो ईश्वर, जीव र जगत्को रूपमा देखिन्छ।

माया भावात्मक छ किनकि यो नाना जगत्को कारण हो। तर यसको स्वरूप सत् होइन किनकि सत्य साक्षात्कार भएपछि यो लोप हुन्छ। माया अगोचर छ। जुन बुद्धिद्वारा हामी व्यावहारिक स्थिति बुझ्छौं यसले त्यसलाई सम्झन सक्तैन, किनकि वुद्धि खुद मायामा रहेको छ। तर्कद्वारा माया सिद्ध गर्न खोज्नु अन्धकारद्वारा अन्धकार नै हेर्न खोज्नु सरह हो। मायालाई ज्ञानले पनि सिद्ध गर्न सक्तैन कारण साक्षात्कार वृत्तिद्वारा वस्तुको साक्षात्कार भएपछि मायाको नाम निशाना शेष रहँदैन। मायाको प्रभावमा परेर अमर ब्रह्म-स्वरूप जीव आफूलाई बद्ध जीव ठान्दछ र संसारको दुःख र ताप भोग्छ। साधनाको लक्ष्य यो मायालाई हटाएर आफ्नो ब्रह्म स्वरूप फेला पार्नु हो। अर्थात् आवरण या माया नाश भएपछि ब्रह्मज्योति प्रकट हुन्छ।

यसप्रकार हामी देख्छौं कि योगवासिष्ठ रामायण र शांकर वेदान्त दुबैको आत्मासाक्षात्कार लक्ष्य हो। ती दुइमा केवल यति फरक छ कि बसिष्ठ सृष्टिलाई विज्ञानात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अद्वैतबाट बताउँछन्, शांकर वेदान्त मायाको दृष्टिबाट व्याख्या गर्छ। व्यावहारिक अवस्थाहरूको बारे पनि बसिष्ठ र शंकर दुबैको एउटै बिचार छ। केवल सानातिना कुरामा मत-भेद छ। यो मतभेद आफ आफ्नो दृष्टिकोण र भावनाको कारण पैदा भएको हो। एक जगदात्मालाई प्रत्यक्ष साक्षात्कार खोज्ने उत्तम अधिकारीको निम्ति बसिष्ठ गुरु अनुकूल छन् हृदयवासी शुद्ध जीवात्मासित पहिले एकता गर्न खोजेर सद्ब्रह्म साक्षात्कार गर्ने मध्यम अधिकारीको निति शंकर आचार्य सिद्धान्त अनुकूल छ।

तर योग शास्त्र र शांकर वेदान्तमा अधिक मत-भेद छ। अहंकार निर्मूल नगरीकन निरोधसमाधिमा क्षणिक चित्तवृत्ति निरोधद्वारा चित्त शुद्धि गर्नु पतञ्जलीको ध्येय हो। निर्विकल्प समाधिमा ज्ञाता-ज्ञेय सम्बन्ध निर्मूल जीवात्मा र जगदात्माको एकता साक्षात्कार गराई साधक सारा चिन्तनरहित पारी ब्रह्मानन्दमा निमग्न राख्नु शंकराचार्यको लक्ष्य हो। प्रथम पक्षमा मनमा धारणाको महान् तरङ्ग उठाएर अरू सारा बिचार-तरंगहरू निली केवल (आफूमात्र) रहन्छ। दोस्रो पक्षमा एक अद्वितीय साक्षात्कार गरी अहंकार नाश गरिन्छ। पतञ्जली (निर्विचार) समाधिमा मन शुद्ध र तत्वग्राही हुन्छ एउटै विषयमा एकाग्रताको ठूलो तरंगले अरू सानातिना विचार—तरंगहरूलाई निलीदिन्छ। निरोध भए

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: N

बासनाको बीज यो तरंगमा मौजूद रहन्छ । तर बेदान्त शास्त्रानुसारको निर्विकल्प समाधिमा कुनै संस्कार, बासनाको बीज, द्वैत बासनाको नामनिशाना र ध्याताभाव कुनै रहँदैन। यो समाधिमा साधक साधक रहँदैन तर बिलकुल शुद्ध एकरस चैतन्यमय नै हुन्छ । जब मन (अर्थात् मनका तरंग) निदिध्यासनमा नाश हुन्छ तब मात्र यो स्थिति सम्भव हुन्छ । प्रतिबिम्बित हुने माध्यम चित्तको अभावमा चित्तमा प्रतिबिम्बित ब्रह्म (प्रमाता चैतन्य) परं ब्रह्म (शुद्ध चैतन्यमा) मा विलीन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

६. माया र संवेदन।

चैतन्यमा अन्य विषयको प्रतीति माया अथवा संवेदनको कारणले हुन्छ। मायावाद सापेक्षिक दृष्टिकोणबाट नानात्वको सत्यता मान्छ र ब्रह्मसँग यसको सम्बन्ध अकथनीय सम्झन्छ। वास्तवमा एक र अनेकमा कुनै संसर्ग छैन किनकि दुइ सद्‌वस्तुहरूमा मात्र पारस्परिक सम्बन्ध बन्छ। यस अर्थमा एक र अनेक छैन। जब पुरुष एक देख्छ उ नाना देख्दैन जब उ अद्वय ब्रह्म देख्छ जगत् देख्दैन। यद्यपि व्यावहारिक जीवनमा भ्रान्ति, स्वप्न र जाग्रत् अनुभवमा भेद छ तथापि ब्रह्मदृष्टिबाट ती जम्मै समानरूपले मिथ्या छन्। माया र यसको कार्य जगत् खरायोको सिंग जस्तै मिथ्या होइन तर पारमार्थिक दृष्टिबाट मिथ्या छ। माया र यसको कार्य जगत् ब्रह्म-ज्ञान भएपछि विलाउँछ। जीव ब्रह्म नै हो तापनि अविद्याजन्य इन्द्रिय, मन, प्राणादि उपाधिले यसको सच्चा स्वरूपको परिच्छेद गर्छ। अघटनघटना—पटीयसी मायाको बशमा गरेर निर्गुण ब्रह्म ईश्वर र जीव बन्छ। जीव मायालाई सत्य मान्छ वेदान्त दर्शन जीव र उसको अनुभवको व्यावहारिक सत्ता स्वीकार गर्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: N

सुषुप्तिको अनुभव सुप्त पुरुषको निंति साँचो छ तर उसले स्वप्न देख्न थालेपछि यो हराउँछ। स्वप्नको अनुभव स्वप्नद्रष्टाको निंति साँचो छ तर उ जागा भएपछि यो निरर्थक हुन्छ। तद्वत् जागेको पुरुषलाई जाग्रत् अनुभव सांचो हो तर उसले ब्रह्मज्ञान प्राप्त गरिसकेपछि यो निरर्थक हुन्छ।

इहलोक र परलोकको कारण भएको कामनाको जरैदेखि निर्मूल गर्नु मुमुक्षुको कर्तव्य हो। यही कामनाले जीवको आफ्नो सच्चा आत्मालाई बिर्साउँछ। मायाको प्रभावले पुरुष आफ्नो सच्चा आत्माको याद गर्न सक्तैन तापनि ब्रह्म या आत्मा सर्वभूतको हृदयमा निवास गरेको छ। तसर्थ मुक्तिको एक मात्र साधन आत्म-ज्ञान प्राप्त गर्नु हो। यम नियम, शास्त्रको अध्ययन पूजा र अरू आध्यात्मिक साधनाहरूले आत्माको साक्षात्कारमा प्रतिबन्ध भएको मनको बहिर्मुखता हटाउनालाई मात्र मद्दत दिन्छन्। मुक्ति आत्म-ज्ञानको फल होइन परन्तु त्यही ज्ञान हो। यदि मुक्ति ज्ञानको फल हुँदो हो ता आदिमत् हुनाले सान्त (अन्त हुने) पनि हुन्छ। यो कुनै नयाँ प्राप्ति होइन परन्तु आत्माको स्पष्टीकरणको प्रतिबन्धको अपसारण मात्र हो। कामना मृत्यु हो; निर्वासना मुक्ति हो। जो आफूलाई अनन्त, व्यापक ब्रह्म हुँ भन्ने साक्षात्कार गर्छ जो आफूमा जगत् र जगत्मा आफू देख्छ केही चिजको इच्छा गर्नु उसबाट बन्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

माथि देखाए झ त्यस्तै रीतले बसिष्ठ पनि भन्नुहु (संवेदन, समष्टि बासना अथवा आतिवाहिक शरीर कारणले गर्दा) सद्‌वस्तु भुल्नु या त्यताबाट च्युत हुनु कलना र बिषयकारिता अनिवार्य रूपले खडा हुन्छ। चैतन्य एक मात्र सद्‌वस्तु हो जसमा आफैंमा गूढ शक्ति (चित्‌-शक्तिको) प्रभावले सर्वप्रथम शुद्ध अहं, साक्षी अथ संवेदन उठ्छ जसले जगत् सृष्टि गर्छ। यसप्रकार साक्षी ज अर्थात् कर्ता भोक्ताको सृष्टा हो। परम ब्रह्मको अनन्त आन साक्षात्कार गर्ना निंति यो शुद्ध अहंलाई शुद्ध चैतन्यमा वि गर्नुपर्छ।

ब्रह्म चैतन्यमा गूढ शक्ति चित्‌को स्फुरण या प्रकटी हुन्जेल आफ्नो चेतन (संवेदन अथवा साक्षीभाव झवाट्ट जसले यन्त्रवत् भावना खडा गर्छ। अखण्ड चैतन्य सर्वप्र शुद्ध 'म' ('यो' बिना) बन्छ। यो संवेदन भूमिका हो संवित् तत्व (चेतन सद्‌वस्तु) इदं सित मिलेर विकसित अर्थात् ज्ञाता ज्ञेय र ज्ञान त्रिपुटी खडा हुन्छ। तर जब चैतन्यमा रहेको चित्‌-शक्ति ब्रह्मतिर लागेर त्यसैमा वि हुन्छ। कुनै दृश्य-सम्बन्धि वासना बाँकी रहँदैन र (आ चेतना-रहित चैतन्य) निर्विकल्प स्थिति प्राप्त हुन्छ।

वासना क्षय गर्ने उपाय यही हो कि जे देखिन्छ जे सुनि अथवा सोचिन्छ केवल दृश्य हो र यसकारण मिथ्यारू

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding: I

भनेर जान्नू। दृश्यको असली स्वरूप थाहा पाउनु अगि मानिस भूलले भौतिक वस्तुको लोभमा पर्न सक्छ तर मुमुक्षु साधक जसले संसारका वस्तुको उत्पत्ति बारे राम्ररी बिचार गरिसकेको छ त्यसले चाहना गर्दैन, भित्रैदेखि निर्वासनिक रहेर आफ्नो स्वरूपमा अवस्थान गर्नु जीवन—निर्वाहको बिरोधी छैन त्यो ता प्रारब्धकर्मबाट स्वतः हुँदै गर्छ।

चिदाकाश (शुद्ध चैतन्य) को स्फुरण किंवा संकल्पको प्रभावबाट नाना जगत्को रूप प्रकट हुन्छ जस्तो सुनारको प्रयत्नले गर्दा नाना विधिका गहनाको रूपमा प्रकट हुन्छ। जगत् सर्वप्रथम विज्ञान—भूमिकामा (हिरण्यगर्भको-सगुण ब्रह्मको प्रथम अवतारको-मनमा) रहन्छ; जस्तो गहनाको भित्री ढाँचा सुनारको मनमा रहन्छ। यो हो सृष्टिको आतिवाहिक (काल्पनिक) भूमिका। यो पूर्व अवस्था पछि जगत्को आधिभौतिक रूपमा बदलिन्छ जब बासनाको दृढ़ता र काल्पनिक जगत्सँग अध्यास बलियो हुन्छ। सृष्टिको यो विकाश अथवा व्यावहारिक भूमिका भौतिक विज्ञानको नामले प्रसिद्ध छ।

स्फुरित शुद्ध चैतन्यलाई चित्-शक्ति भन्दछन्। ती दुइमा कुनै सारभूत भेद छैन। जसलाई चित् शक्ति भनिन्छ त्यो क्रियाशील (किंवा गतिशील) चैतन्य मात्र हो। यही स्फुरित चैतन्य भौतिकता बन्ने चेष्टा (प्रवृत्ति) र बासना हो। जब

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सारा दृश्य प्रपञ्च आफ्नो सच्चा स्वरूप भएको शुद्ध चैतन्यको गतिशील स्वरूप मात्र हो भन्ने थाहा हुन्छ र हेर्दा ठोस र विस्तार भएका वस्तुहरू आफ्नो बानी र अभ्यासद्वारा केवल बिचार स्वप्नमा जस्तै स्थूलभूत भौतिक वस्तुमा परिणत हुन गएको हो भन्ने समझ हुन्छ तब भौतिक वस्तु प्रति कामना अनायास हट्छ र यसको साथसाथै संसारको सारता पनि जान्छ। त्यसपछि अहं भावना र भौतिक जीवन बिलाएर जान्छ।

अद्वय ब्रह्ममा भौतिकता, संवेदन, कार्य-कारण आदि केही छैन।. शुद्ध ब्रह्ममा रहेको भनी सापेक्षिक दृष्टिले कल्पित गतिशीलताबाट सारा दृश्य प्रपञ्च प्रकट भएका छन्। बास्तवमा ब्रह्म अगतिशील नै हो। जस्तो सुन गहनाको रूपमा देखिन्छ त्यस्तै चैतन्य कल्पना शक्तिद्वारा नाम र रूप भएर देखापर्छ तर परमार्थतः एक सद्वस्तु बाहेक अर्को केही छैन। वेदान्त दर्शनको निचोड़ पूर्ण शान्ति हो जसमा जान्नुपर्ने अथवा नजानिएको कुनै छैन। यस्तो स्थिर चैतन्य नै नित्य समाधि अवस्था हो।

आफ्नो सत्ताको यस सच्चा अवस्थाबाट झर्नाले नै जीवलाई कल्पना र दृश्यतिर झुकाउँछ। यसप्रकार जब कल्पनाको खेल शिथिल हुन्छ ब्रह्मले आफ्नो दृढ बासनाले जगत्‌को रूप लिएको देख्छन् तर उनले आफ्नो सदात्मा

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

बिसर्दैनन् अथवा पुरुष आफ्नो सृजनात्मक आत्मामा नै रही मनोराज्यमा रहन्छ। कल्पना मझौला हुँदा प्राकृत मानिस निंद्रामा स्वप्न देख्छ जुन छिट्टै अन्त हुन्छ अथवा मुमुक्षु यो भ्रान्तिमय जगत् अनुभव गरी आत्माको साक्षात्कार गरेर अनुभूत जगत् आफ्नो दृष्टिवाट बिलाएको देख्छ। कल्पनाको दृढताको उदाहरण अज्ञानी पुरुषको जाग्रत् अवस्थामा पाइन्छ जसमा त्यो दृश्य प्रपञ्चलाई दिनदिनै नबदलेको अनुभव गर्छ।

यस परम सत्यलाई जोड दिनको निंति योगबासिष्ठ रामायणमा आध्यात्मिक बिकासका तीन महत्वपूर्ण भूमिका-हरूको उल्लेख गरेको छ। (१) सुषुप्तिमा स्पष्ट अनुभूत वस्तु (२) सुषुप्ति र जाग्रत्को अन्तरमा देखिने संवेदन (भौतिक जगत् नदेख्दै निद्राबाट उठ्दा अनुभूत चैतन्यको अबस्था)। जाग्रत्को पूर्व क्षणसम्म शुद्ध अहं या संबेदन रहिरहन्छ। (३) सद्वस्तुको स्थूल भौतिक स्वरूप जो जाग्रत्मा प्रकट हुन्छ। जाग्रत् अवस्थाको मुख्य लक्षण ज्ञाता र ज्ञेयको सम्बन्ध हो।

अरू नै ठाँउमा यी तीन प्राविधिक शब्दहरूलाई भिन्नै नामले बताएको छ। (१) भाव-मात्र (शुद्ध चैतन्य); (२) भास (समष्टि अहंकार बा साक्षी-रूप चैतन्यमा दृश्य खडा गर्ने प्रवृत्ति); र भासित (इन्द्रियगोचर विषय जुन संवेदन-जन्य हुनाले मायिक हो)। परमात्मा एक अखण्ड शुद्ध चैतन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

मात्र हो। हाम्रो चैतन्यमा जे देखापर्छ चैतन्यकै प्रकाशद्वारा त्यो प्रकाशित हुन्छ। चैतन्यमा जे अध्यस्त हुन्छ र त्यो सित तादात्म्य हुन्छ। चैतन्यको मूल प्रकाशबाट नै प्रकाशित हुन्छ यो चैतन्यदेखि पृथक् कुनै वस्तु हुँदैन। जस्तो डोरी सर्प भएर अवभास हुन्छ त्यस्तै आत्मा जगत् रूपमा देखिन्छ। तर यो देखिएको जगत्‌को एक अखण्ड चैतन्य—अतिरिक्त अरू सत्ता छैन।

जब पुरुषलाई आफ्नो सच्चा आध्यात्मिक स्वरूपको ज्ञान हुँदैन उ शरीर, इन्द्रिय, मन, अहंकारमा आफू-बुद्धि गर्छ र आफ्नै प्रचालित दृढ संस्कारको बलले नाना योनिमा घुम्छ। उसको दृश्य-सम्बन्धि अनुभव-प्राप्त दृढ विश्वास-अनुसार फरक हुन्छ। कुनै विशेष योनिमा उसको यथार्थ अनुभव अनेक जन्महरूमा प्राप्त संस्कारको बलले निर्णय हुन्छ। योगबासिष्ठ रामायणमा दृश्य सम्बन्धि चार किसिमका अनुभवको अनुरूप चार प्रकारका जीवन उदाहरण—सहित व्याख्या गरिएको छः (१) पहाड, ढुंगा मुढा घन सुषुप्तिमा रहेका हुन्छन्। यस अवस्थामा केही अनुभव हुँदैन। (२) रूखहरूको अवस्था हल्का निद्राको जस्तै हुन्छ। यस अवस्थामा तिनीहरूको अस्पष्ट दुःख सुखको अनुभव हुन्छ। चरा चुरुङ्गी र कीरा फट्यांग्रा अदृढ-विचार-युक्त स्वप्नमा रहन्छन्। मानिस र देवताहरू विषयको स्पष्ट ज्ञान हुने जाग्रत्‌मा रहन्छन्। जीवको विभिन्न भावनाको दृढता-अनुसार जीवनका यी कोटिहरू

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

रम सद्‌वस्तुमा आरोपित छन्। यद्यपि प्रत्येक जीवको
व उसको भावनानुसार आकारित र रञ्जित हुन्छ तथापि
को यथार्थ स्वरूप एक चेतन वस्तु हो। जीवको कुनै विशेष
निर्धारण गर्ने उसको वासना नै हो। हरेक किसिमको
ीमा केही मात्रामा प्राण र मन हुन्छ जसद्वारा सत् प्रकट
र्छ। ढुंगा र रूखहरूको जीवन पूर्वकृत पापको फल हो।
योनि (सर्पादिको जीवन) तमोजन्य हो। रजोगुणद्वारा
रूपमा जन्मन्छन्। सत्वबाट देवयोनि पाइन्छ। जब
बासनारहित हुन्छ तब उसले जीवन्मुक्ति प्राप्त गर्छ।
व्यावहारिक जीवनमा जाग्रदादिको अवस्थान्तर हुन्छ
एक बिचार पछि अर्को बिचार आउँछ तर यस्ता दुइ
छन्न अवस्थाहरूको अन्तर शुद्ध अहं (दृश्यरहित द्रष्टा
कुनै वखत दृश्य बनाउन सक्छ) रहन्छ। यसैलाई आफ्नो
स्वरूप मान्नुपर्छ। यो सच्चा आत्मामा अन्तिम
ान गर्न सक्नुको अगि केही कल्पना उठ्दा कल्पना गर्ने,
कुरा (त्रिपुटी) को यसको द्रष्टा एक अखण्ड चैतन्यको
रिक्त आफ्नै स्वतन्त्र सत्ता छैन भन्ने मान्नुपर्छ। यो पनि
पाउनुपर्छ कि केवल सापेक्षिक रूपले सत्य भएको
ाको कारणले यो त्रिपुटी उठ्छ। जे देखिन्छ द्रष्टाको
ाको प्रकटीकरण मात्र हो। शुद्ध चैतन्यमा कुनै वासनारूप
छैन। शुद्ध चैतन्यको अतिरिक्त जुनसुकै पदार्थ
हित भास मात्र हो। अन्तिम अनुसन्धान या विश्लेषण

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

द्वारा मिथ्या 'ठहरिएको कुनै वस्तुले मानिसको बासना जगाउन सक्तैन: वस्तुको कारण विचार हो। वास्तविक कुरा यो छ कि सोच्दा सोच्दै सोच्नेले आफू विर्सन्छ विचारको एक धारामा आफू-बुद्धि गर्छ। यसरी साक्षी अथवा कल्पना गर्ने आफू जड दृश्यको अभिन्न रूप अहंकारमा झर्छ। यसप्रकार माथि संकेत गरे झैं तीन स्पष्टतया चित्रित भूमिकाहरू छन्:

(१) चिन्तनरहित आफू जस्ताको तस्तै तिमी रहन्छौ।

(२) बासनाले प्रेरित भई आफ्नो शुद्ध चैतन्यको चोखो अवस्थाबाट तल झरी मनमनै दृश्य प्रपञ्च सृष्टि गर्न थाल्दछौ। विज्ञानमय हुनुको सट्टा तिमी विज्ञानात्मक स्रष्टा भएर चैतन्यको आधारमा स्थित सृष्टियुक्त हुन्छौ। यसलाई संवेदन भन्दछन्।

(३) तब तिम्रो कल्पनामा विचारको कुनै विषय आकर्षक हुन्छ कल्पनाको स्रष्टा तिमी आफूलाई भुल्छौ र 'म' 'मेरो' सित एक हुन जान्छौ। अब तिमी अपरिणामी कल्पनाको मूल चैतन्य हुन छोड्छौ र स्वप्नमा जस्तै आफ्नै अभिन्न अंशरूप चिन्तनबद्ध नित्य परिवर्तनशील अहंकार बन्छौ।

यो पतितावस्थामा दुइ अमुख्य बिभागहरू अन्तर्गत छन्:।

(क प्रथम बिभागमा मृदु कल्पनाको बिलास हुन्छ जसबाट मनोराज्य हुन्छ; र

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

(ख) द्वितीय विभागमा अति तीव्र कल्पना हुन्छ र कल्पित वस्तुसँग तादात्म्याध्यासको कारणले पूर्णतया आत्म-विस्मृति हुन्छ; परिणामस्वरूप काल्पनिक या भ्रमात्मक वस्तुले सत्यको रूप लिन्छ।

यसप्रकार पुरुष आफ्नो सच्चा स्थितिबाट झर्छ र जीव-भावमा वर्लन्छ र नाना योनिमा घुमी व्यर्थै दुःख सुख भोग्छ। यो दुःखको अन्त तब मात्र हुन्छ जब त्यसले आफ्नो नित्य कूटस्थ आत्माको सम्यक् ज्ञान गर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

७. समाधि—प्रक्रिया

भौतिकवाद, विज्ञानवाद, रहस्यवाद र शून्यवाद यी जम्मैले सापेक्षिक दृश्य जगत्मा ब्रह्म प्रकट गरी मानिसलाई माथि उठाउनलाई मद्दत गर्छ भन्ने हामीले पूर्व अध्यायमा देखाइसकेका छौं। अनन्त आनन्द हो, सान्तमा आनन्द छैन। जीवनका कर्मलाई पर ब्रह्मको स्थायी ज्ञानको साधन बनाई आत्मालाई जानेर मात्र शाश्वत सुख प्राप्त गर्न सकिन्छ। 'म' र 'मेरो' भाव छाडी निर्वासनिक भएर रहनेले मात्र शान्ति पाउँछ। अतः मानिसको परम लक्ष्य आफ्नो पारमार्थिक स्वरूप साक्षात्कार गर्न हुनुपर्छ र जीवनका सारा चेष्टा यो महान् लक्ष्यको गौण हुनुपर्छ। त्यसको हौसला, आशा, इच्छा र महात्वाकांक्षा यस उच्च आदर्शको अनुकूल हुनुपर्छ। यी साराले परम लक्ष्यतिर लैजाने आध्यात्मिक उन्नतिलाई मद्दत गर्नुपर्छ।

जीवनमा एकताको अनुभव हुनाले मानिस निष्पक्ष र प्रेमी हुनुपर्छ। उच्च नैतिक विचार जसलाई हामी मान्यता दिन्छौं, समर्थन गर्छौं आत्म—साक्षात्कारको फल हो। सत्को असाधारण अनुभवले मानिसको स्वभावलाई बदलिदिन्छः

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यही उसको आध्यात्मिक उन्नतिको कसौटी हो। भक्ति, श्रद्धा, बल र शुद्धि उन्नतिका लक्षण हुन्। यस्तो पुरुषले उच्च नैतिक र आध्यात्मिक गुणहरू देखाउँछ। यही उसको आध्यात्मिक अनुभवको प्रमाण हो।

जब भक्तहरू आध्यात्मिक उन्नतिको उपल्लो कक्षामा पुग्दछन् तब समाधिका विभिन्न भूमिकाहरू प्राप्त गर्छन्। समाधि धेरै किसिमका छन्: सविकल्प समाधि ध्यानको अभ्यासमा शुरुको खुडकिलो हो। यसमा साधक ज्ञाता, ज्ञेय र ज्ञानको भेद पूर्णतया नहराईकन ब्रह्ममा आफ्नो मन एकाग्र गर्छ। यो समाधिको परिपाकबाट ज्ञाता-ज्ञेय द्वैत हराउँछ साधक ब्रह्मसँग एक हुन जान्छ र निर्विकल्प समाधिको स्थिति प्राप्त हुन्छ। पछिल्लो किसिमको समाधिमा ध्यान, ध्याता, ध्येय साक्षीमा विलीन हुन्छन् जसले साक्षात् आफूमा आरोपित हरेक वस्तुलाई प्रकाश गर्छ र साधक ब्रह्म चैतन्यसँग एक हुन जान्छ।

निर्विकल्प समाधिमा जीवले अहंकारको उपाधि नाघ्छ र अपरोक्षरूपले अखण्ड ब्रह्मको अनुभव गर्छ। उसको आत्मा शुद्ध चैतन्यसँग पूर्णतया एक हुन्छ। ज्ञाता, ज्ञेय र ज्ञान एक हुन्छ। त्यस अवस्थामा पुरुष बाहिरी ज्ञानले शून्य हुन्छ तैपनि भित्र उ चैतन्यसँग एक भएर रहन्छ। उसको आभ्यन्तरिक जीवन बदलिन्छ र उ संपूर्ण जीवनसँग एक हुन जान्छ। देश,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

काल, निमित्त र भौतिक ज्ञानका कोटिका परिच्छेदहरू निर्मूल हुन्छन्। त्यसबेला शुद्ध सत् शुद्ध चित् र शुद्ध आनन्द शेष रहन्छ।

अतः समाधि अचेत अवस्था होइन यसमा पूर्ण थाहा रहन्छ यो थाहा स्वरूप नै हो। स्वभाव र बुद्धिदेखि परको यो मनको उच्चतम स्थिति हो। स्वभावको राजमा अहं-प्रतीति हुँदैन; यसमा भूल हुँदैन (जस्तो कि हामी योगबासिष्ठ रामायणको स्थितिप्रकरणको; दामब्याल र कटको उपाख्यानमा पाउछौं।) तर स्वभावको क्षेत्र सीमित रहन्छ बुद्धि वृहत् क्षेत्रमा अहं-प्रतीतिको साथ काम गर्छ। तर कोही बुद्धिद्वारा निचोडमा पुग्न सक्त न। मुक्ति र आत्मानुभव जस्तो उच्च स्थितिमा इन्द्रियहरूबाट प्राप्त शर्तद्वारा बुद्धिको केही चल्दैन। बुद्धि बाहिर ठूलो क्षेत्र छ र यो परमात्माको राज्य हो र यसलाई बुद्धिभन्दा उपल्लो स्थितिको साक्षात्कार बृत्तिद्वारा मात्र थाहा पाउन सकिन्छ। यो हो ज्ञाता-ज्ञेय-सम्बन्ध-रहित ब्रह्मकै स्वरूप भएको मन। उचित्त साधनाद्वारा स्वभाव-लाई बुद्धिमा र बुद्धिलाई साक्षात्कार बृत्तिमा परिणत गर्न सकिन्छ।

मामूली मन या बुद्धिलाई देश, काल र निमित्तले परिच्छेद गरेको हुन्छ त्यसैले यो देश-काल-निमित्तरहित अनन्तमा पस्न सक्तन। व्यापक अनन्त ब्रह्म हामीबाट टाढा

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

छैन परन्तु हाम्रै हृदयभित्र रहेको छ। जब वाह्य विषयबाट इन्द्रियहरू हटाएर हाम्रो स्वरूपको गुप्त गहिराइमा निमग्न हुन्छौं तब हामी उसलाई भेट्टाउँछौं ज्ञाता-ज्ञेयको ज्ञानद्वारा होइन तर अनुभवद्वारा (समाधिद्वारा जसमा ज्ञाता-ज्ञेय-भेद छैन जुन स्थितिमा सारा एक नित्य वस्तुको रूपमा अनुभूत हुन्छ।) आध्यात्मिक अनुभवको मूल बुद्धिबाहिर छ। बुद्धि जिज्ञासुलाई आफूले लैजान सक्ने ठाउँसम्म पुर्‍याएर आफू निस्कन्छ। हाम्रो ज्ञानको आधार आत्मा हो। आत्माको सार ज्ञान हो र यो उसबाट पृथक् गर्न सकिंदैन। यो समाधि या साक्षात्कारको क्षेत्रबाट तत्व-दर्शी र भक्तहरू ज्ञान पाउँछन्। शास्त्रमा समाधि प्राप्तिको निमित्त साधनाहरू बताएको छ। बुद्धिले साक्षात् यस्तो अनुभव प्राप्त गर्न नसके तापनि यो बुद्धिको विरोधी छैन।

हामीले यो भनीसकेका छौं कि हामी जे सोच्छौं जे भावना गर्छौं ज्ञाता-आत्माको विषय भएर रहन्छ अतः सारा जगत् ज्ञाता-आत्माको विषय भएर रहेको छ। यद्यपि ती दुइ अलग-अलग वस्तुहरू जस्ता देखिन्छन् तथापि वस्तुतः तिनीहरू एउटै हुन्। आत्मादेखि भिन्न जगत् झुटो प्रतीति हो। हाम्रो ज्ञानको विषय ज्ञानले नै ओतप्रोत छन्। यो ज्ञान आत्माको सारभूत हो। अतः दृश्य आत्मादेखि विलक्षण हुन सक्तैन। हरेक वस्तुको अनुभव वास्तवमा आत्मामा हुन्छ। जगत्लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

जान्दा हामी आत्मालाई बाहेक गरी वस्तुलाई जानीरहेका हुँदैनौं ।

आत्मा स्वयं–प्रकाश र अद्वितीय भए यो सारालाई किन अनुभूत हुँदैन ? यसको जवाफ हामी यसरी दिन्छौं आत्मा सर्वदा सबै वस्तुमा रहन्छ तापनि कामक्रोधादिले कलुषित अन्तःकरणमा यो प्रतिबिम्बित हुँदैन (अर्थात् यस्तो अन्तःकरणले यसलाइ अनुभव गर्न सक्तैन)। राग–द्वेष रूप-क्लेश–मुक्त अन्तःकरणमा मात्र यो प्रकाशित हुन्छ जस्तो कि टल्केको र सफा ऐनामा वस्तुको प्रतिबिम्ब पर्छ। अत्यन्त शुद्ध मनमा आत्माको प्रतिविम्ब आत्मा–रूपी सूर्यको अरूण हो जसले साधकलाई मुक्ति दिलाउँछ।

आत्म–ज्ञानको प्रकाशले सच्चा आत्माको अज्ञान हटाउनलाई मात्र मद्दत गर्छ। आभासले आत्मालाई प्रकाश गर्दैन। आत्मा स्वयंज्योति छ र अज्ञान हराएपछि आफ्नै सच्चा गौरवकासाथ प्रकट हुन्छ। जस्तो एउटा बत्ती देख्न अर्को वत्तीको जरूरत छैन त्यस्तै ज्ञानस्वरूप आत्मा प्रकाशित हुन अरू ज्ञानको जरुरत पर्दैन। यदि आत्मालाई अरू ज्ञानको सहायता चाहिए र यदि यो एक अखण्ड् ब्रह्मदेखि भिन्न भए अनेक दोषपूर्ण स्थिति प्राप्त हुन्छ। अरू ज्ञानमा निर्भर हुने हुंदा आफूभतिरिक्त दोस्रो वस्तु स्वीकार नगर्ने अद्वैत सिद्धान्तको जरै काटिन्छ। त्यसमाथि अनवस्था प्राप्त हुन्छ

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

एवं शास्त्रको निरर्थकताको सवाल पनि उठ्छ। त्यसकारण आफूले आफूलाई जान्न दोस्रो ज्ञानको आवश्यक छैन र आत्मा परब्रह्मदेखि भिन्न छैन।

शुद्ध मनले मात्र आत्मा देख्छ तापनि अर्थात् त्यसमा मात्र यो प्रतिविम्बित हुन्छ तापनि आत्मा आफैं स्वयं-प्रकाशद्वारा आफूले आफूलाई जान्दछ। साधनाले अज्ञान नाश पारिदिन्छ। यस नाशको साथैसाथ आत्मा प्रकाश हुन्छ। यसको निमित्त कुनै साधना चाहिंदैन। आत्मा सदा छ र अज्ञानावस्थामा यो मायाद्वारा आवृत रहन्छ। सविकल्प समाधिमा ज्ञाता ज्ञान ज्ञेय त्रिपुटीको अनुभव हुन्छ तर निर्विकल्पमा यो भेद हराउँछ। यसमा जीव ब्रह्ममा पूर्णतया लीन रहन्छ। जीवात्मा भाव क्याँकिन्छ र आत्म-साक्षात्कार हुन्छ।

मुमुक्षुको कर्तव्य यो हो कि वृत्ति निर्विकार भएपछि उसले शुद्ध अहं (साक्षी) मा ध्यान दिनुपर्छ यस अन्तरात्मालाई कहिल्यै छाड्न हुँदैन। सदात्माको नित्य निदिध्यासन अत्यन्त सूक्ष्म कल्पना हो। समाधिद्वारा प्राप्त यस सूक्ष्म विचारले आत्माको अज्ञानरूप आवरण नाश पार्छ। यो सूक्ष्म मानसिक अवस्था मनको परिणामरूप वृत्ति होइन। यो मनको सहज स्थिति हो वस्तुको रूपमा परिणाम होइन। मनको यस स्वाभाविक स्थिति नै सत् वस्तु हो तर मनका

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वृत्तिहरू आगमापायी हुन्। वृत्तिको अभावमा शुद्ध मन किंवा आत्मा शेष रहन्छ। प्राकृत पुरुषलाई मनमा वृत्ति उठेपछि मात्र आफू याद हुन्छ। यी वृत्तिहरू क्षणिक एवं आगमापायी छन्। बाँकी रहने शुद्ध चैतन्य परमात्मा हो।

मनलाई कज्याउनाको उद्देश्य यसलाई आफ्नै सहज अपरिणामी अवस्थामा राख्नु हो। यसले नित्यात्मा साक्षात्कार गर्ने बाटो देखाउँछ। यस स्थितिमा अहंकार हराउँछ तर असली पुरुष बिलाउँदैन। किनकि त्यो नित्य र अचल छ। जगत्का क्षणभङ्गुर वस्तुहरू दृश्य मात्र हुन् ती पदार्थ देखिने चल-चित्र झैं आफ्नो स्वरूपमा देखिन्छन। यदि पुरुष शुद्धात्मा भएर रहन्छ भने त्यसलाई शरीर र यसको चेष्टाले असर पार्दैन। पुरुष भुलले आफूलाई परिणामी र क्षणभङ्गुर मन वा शरीर ठान्दछ। उसको कर्तव्य हो आफू कूटस्थ नित्य ध्रुव भनी थाहा पाउनु। किनकि यस्ता अवस्थाहरू छन् जसमा उ आफूलाई शरीर, मनबाट मुक्त अनुभव गर्छ (सुषुप्ति र निर्विकल्प समाधि)।

जब कुनै कलना उठ्दैन आफूमात्र रहन्छ। यही आफ्नो यथार्थ स्वरूप हो। यसैलाई ध्यानद्वारा प्राप्त गरिन्छ। ध्यानमा आपेक्षिक कलना हराउँछ र निरपेक्षिक अखण्ड चैतन्यको उदय हुन्छ। यही अखण्डाकार वृत्ति हो। कलना दबेपछि आत्माको नित्य ज्योति उदाउँछ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

प्राकृत मानिसको जीवन कलनाधीन हुन्छ। तर कलनाबाट मुक्ति आफ्नो यथार्थ स्वरूप हो। सारा युक्ति कलना निर्मूल गर्नाको निंति हो। कलना बासनाजन्य हो। बासनाले नानात्व पैदा गर्छ र त्यताबाट सारा दुःख उठ्छ। श्रवणद्वारा आत्मा शरीर र मन हो भन्ने भ्रान्ति हट्छ। मननले सम्यक् ज्ञानलाई अरू विजातीय विचार-धाराले दवाउन दिंदैन। निदिध्यासनले ज्ञान ज्योति धपक बालिराख्छ अर्थात् जब जब विजातीय कलना उठ्छ मन शुद्ध चैतन्यतिर फर्काइन्छ। जब यो सहज हुन आउँछ (कलनारहित अनन्तको शुद्ध ज्योति चंकन्छ) समाधि हुन्छ। स्मरणीय कुरा यो छ कि आफू आत्मा भएर रहनुपर्छ। यदि यो सम्भव नभए अहंको यथार्थ अर्थको मनन गर्नुपर्छ। अरू कलना उठ्नासाथ तुरून्त फेरि विचार गरिहाल्नुपर्छ। यही हो अभ्यास।

मुमुक्षुको उद्देश्य उपरति हो। एउटै कलनालाई एक क्षण मात्र पनि शान्त गर्नु उपरतिको स्थितिमा पुग्न ठूलो सहारा मिल्छ। समाधि पूर्ण चैतन्य र पूर्ण उपरतिको संमिश्रण हो। चिन्तनरहित भएर थाहा पाउने ब्रह्म हो। स्वाभाविक नहुन्जेल ब्रह्माकार वृत्तिको अभ्यास गरिरहनुपर्छ। सुषुप्तिमा ज्ञान छैन तर समाधिमा ज्ञान छ। तर यो ज्ञान ज्ञाता-ज्ञेय सम्बन्धि मामूलि ज्ञानभन्दा भिन्न छ। यो पूर्ण ज्ञान हो। मनको वस्तुहरूमा परिणामस्वरूप विकार चैतन्य होइन। यो ता आभासको क्षेत्रमा क्रियाशील दृश्य मात्र हो। यथार्थ ज्ञान

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सापेक्षिक ज्ञानको बाहिर प्रदेशमा पर्छ।

कलनाको कारणरूप बासनालाई ज्ञान-प्राप्ति भन्दा पहिले नाश गर्नुपर्छ। मुमुक्षुले सत्यको निम्ति सारा त्याग्न तयार हुनुपर्छ। कलपनाहरू पूर्वजन्महरूमा संचित बासना हुन्। मुमुक्षको उद्देश्य त्यसको निर्मूल गर्नु हो। बासनारहितको अवस्था चोखो अबस्था हो र शुद्धिको नित्य अवस्था हो। चित्तमा बासना रहन्जेल बाहिर प्रकट हुन्छन् र नाशिन्छन्। कलनाबाट मन बन्छ। मन भनेको के वस्तु हो भनेर खोज्दा कलपना हट्छ र जिज्ञासुलाई यो थाहा हुन्छ कि त्यो आत्माबाट उठ्छ। यदि पुरुषलाई कलना आत्माबाट उठ्छ र कारणैमा रहन्छ भन्ने थाहा भयो भने मन हराउँछ। यहाँ यो विचारणीय छ कि कलना मानिसको निंति स्वाभाविक हुन सक्तैन नत्रभने त्यो एक क्षणमा उठ्नु अर्को क्षणमा हराउनु बन्दैन। यसप्रकार यो स्पष्ट हुन्छ कि आत्मा आगमापायी कलनाको नित्य कूटस्थ मूल हो।

प्रश्न गर्न सकिन्छ: आत्मा केवल मनगढन्त नभई बास्तवमा छ भनेर कसरी सिद्ध हुन्छ? निम्नलिखित तर्क यसको जवाफको रूपमा प्रस्तुत गर्न सकिन्छ।

(१) सुषुप्तिमा मन हराइसकेपछि हाम्रो सत्ताको अविच्छिन्नता नित्य आत्माको उपस्थितिको कारणले हो।

(२) शरीर र मनको गतिशीलता थाहा पाउने शरीर

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

र मन भन्दा परेको नित्य कूटस्थ आत्मा हो।

(३) मन, शरीर र अहंकारादि विषयको ज्ञाता शान्त साक्षी आत्मा हो।

आत्माको सत्ता निर्विकल्प समाधिमा हाम्रो हृदयभित्र प्रत्यक्ष अनुभव हुन्छ।

निर्विकल्प समाधिमा मन हावा नलाग्ने ठाउँमा राखेको बत्तीको ज्वाला झैं स्थिर हुन्छ र साधक आत्म-साक्षात्काररूप आनन्दमा निमग्न भएर केही ज्ञेय वस्तु वा कलनाको ज्ञान गर्दैन। जस्तो नूनको डल्लो पानीमा पग्लँदा पानीदेखि भिन्न देखिदैन र यसबाट अलग गर्न सकिदैन त्यस्तै साधकलाई "म सदामुक्त, नित्यानन्दमय, नित्यप्रकाशमय ब्रह्म हुँ" भन्ने साक्षात्कार गराउने वृत्ति ब्रह्मदेखि भिन्न अनुभूत हुँदैन र यसलाई ब्रह्मबाट अलग गर्न सकिंदैन। यो साक्षात् साक्षि-प्रत्यक्ष द्वारा प्रकाशित रहन्छ। सुषुप्तिमा मन आफ्नो कारणरूप अज्ञानमा विलीन हुने हुनाले क्रियारहित हुन्छ तर निर्विकल्प समाधिमा ब्रह्माकार-वृत्ति (शुद्ध चैतन्य वा ब्रह्ममा परिणत मन, प्रत्यक्षतया साक्षी-द्वारा प्रकाशित रहन्छ। यस प्रकार परम चैतन्य र आनन्दको अनुभव गरेर साधन रूप साक्षात्कार वृत्ति ज्ञान) ज्ञानस्वरूप आत्मा अथवा परम लक्ष्यमा विलीन भएर हराउँछ। अब साधक नयाँ नै पुरुष बन्छ। उ पूर्णतया नित्य चैतन्य आत्मा भइहाल्छ जो साक्षीलाई पनि उल्लङ्घन गरेर केवल एकलै प्रकाशित हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

निर्विकल्प समाधिद्वारा ब्रह्मको यथार्थ स्वरूप अपरोक्ष-रूपले अनुभूत हुन्छ। यस भन्दा अगि त्यसको अनुभव हुँदैन किनकि त्यसबेला मन स्वभावैले चञ्चल हुनाले अरू ज्ञानसित मिसिन्छ। जब मन सारा द्वन्द्वात्मक पदार्थहरूबाट हट्छ, असत् वस्तुसित मिल्दैन तब त्यसले ब्रह्मस्वरूप अचल अवस्था प्राप्त गर्छ। जस्तो सुन आगोमा तताएर शुद्ध पारिन्छ त्यस्तै मनले ध्यानाभ्यासद्वारा सत्व, रज, तम रूप अशुद्धिहरू फ्याँक्छ र परम सद्वस्तु फेला पार्छ। परमात्मास्वरूप अत्यन्त सूक्ष्म छ र विषय-वासना-जन्य-क्षोभबाट मुक्त नहुन्जेल मन यसलाई प्रत्यक्ष गर्न सक्दैन। समाधिद्वारा अति सूक्ष्म र शुद्ध मन भएका पुण्यात्मा-हरूको मात्र यसमा पहुँच हुन्छ। यस समाधिद्वारा हृदय-ग्रन्थि-रूप वासनाको भेदन हुन्छ सारा कर्मको क्षय हुन्छ र भित्र बाहिर सर्वत्र सर्वदा अनायास आफ्नै यथार्थ स्वरूप प्रकाशित हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अध्याय–३

ब्रम्हज्ञानको साधन

१. अहंकार–नाशको प्रक्रिया

मननद्वारा आत्माको प्रत्यक्ष ज्ञान प्राप्त गरिसकेको छ तापनि निदिध्यासन बिना ब्रह्म साक्षात्कार गर्न सकिंदैन। "म ब्रह्म हुँ" भन्ने अनुभव गर्न साधकले ध्यानको अभ्यास गर्नुपर्छ।

महावाक्यको अर्थको अनुसन्धान गर्दा साक्षी चैतन्यको ब्रह्मसँग एकता भन्ने तात्पर्य निस्कन्छ। अर्थात् जीवका पाँच कोशहरूको साक्षीको परम सद् वस्तुसँग एकता छ। यद्यपि अनुसन्धानद्वारा पुरुषले साक्षी ब्रह्म हो र ब्रह्म नै साक्षी हो भन्ने थाहा पाउँछ तथापि यो परोक्ष ज्ञान उसको निमित्त फलदायक हुँदैन।

कसैलाई थाहा होस् या नहोस् साक्षी सदा ब्रह्म नै रहन्छ। कसैले थाहा पाएर मात्र साक्षी ब्रह्म हुने होइन। जब साधक साक्षी ब्रह्म भन्ने थाहा पाउँछ त्यसमा कुनै नयाँ कुरा थप हुन आउँदैन त्यो जस्ताको तस्तै रहन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

'म ब्रह्म हुँ' भन्नाको तात्पर्य अहंकार ब्रह्म हो भन्ने होइन। परिणामी अहंकारको अपरिणामी ब्रह्मसँग एकता बन्दैन। कूटस्थ साक्षी "म ब्रह्म हुँ" भन्दैन। यसो भन्ने ता परिणामी अहंकार हो। साधना गर्ने जिज्ञासु त अज्ञानी हो। साक्षीमा अज्ञान छैन। जब अज्ञान छैन ता ज्ञान पनि त्यसमा छैन। साक्षी आत्मा त त्यो अधिष्ठान हो जसमा ज्ञान किंवा अज्ञान देखिन्छ।

अन्तरतर साक्षी भित्र छ भन्ने श्रवण गरेपछि साधकले बुझ्दछ कि आत्मा साक्षी हो। आत्मानुसन्धानबाट आत्मालाई प्रकाश नगर्ने अज्ञानको आवरण हटाइन्छ र उ साक्षी आत्मालाई जान्दछ। तर परिणामी जीवलाई (व्यष्टि अहंकारलाई) कूटस्थ साक्षीको ज्ञान भए तापनि त्यो साक्षी नै हुन सक्तैन। साक्षी चैतन्य नबनीकन परिणामी वस्तु कूटस्थ तत्व हुन सक्तैन। अतः मद् वस्तु बन्नु या हुनुको सच्चा अनुभव असम्भव छ।

केवल साक्षीलाई हेरेर अहंकार साक्षीमा लीन हुन सक्तैन। जीव प्रमाता साक्षी हुन्जेल त्यसले साक्षीको हाल थाहा पाउन सक्तैन। जीव परिणामी नै रहेर र अपरिणामी साक्षी नबनीकन साक्षीको अनुभव गर्न सक्तैन। यदि उ साक्षी हुन सक्तैन भने ब्रह्म कसरी हुन सक्ला? अति सूक्ष्म त्रिपुटी-व्यापार रहित साक्षीको केवल दर्शनबाट जीव साक्षी बन्न सक्तैन एक अखण्ड ब्रह्म बन्नु ता परै रहोस्।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

"म ब्रह्म हुँ" को अर्थ हो अहंकार बाध भइसकेपछि बचेको सद्वस्तु या चैतन्य ब्रह्म हो। अहंकार नहटाइकन जीबले आफूलाई ब्रह्मरूप अनुभव गर्न सक्तैन। उसको कर्तव्य ब्रह्मलाई हेर्ने मात्र होइन परन्तु ब्रह्म नै बन्ने हो। सुमुक्षुले 'म ब्रह्म हुँ' भन्न सक्नालाई सर्वप्रथम उसले प्रमाता जीव हुन छोड्नुपर्छ। महावाक्यको अभिप्राय यही हो। तसर्थ ब्रह्म साक्षात्कारको लागि अहंकारको नाश अनिवार्य छ। नित्य ब्रह्मको ध्यान गरेर मुमुक्षुले आफ्नो पहिलेको स्वभाव (प्रमातृत्व) नाश पार्छ र आफैं ब्रह्म बन्छ। यही ब्रह्मको साक्षात्कार हो।

कल्पित वस्तु आखिरमा अधिष्ठान स्वरूप सद्वस्तु नै ठहरिन्छ। जस्तो रज्जु-सर्प सर्प नभई डोरी नै हुन्छ त्यस्तै ब्रह्ममा आरोपित जीव-भाव ब्रह्म रूप नै हो।

मन रहन्जेल जीवंभाव रहन्छ। जस्तो ऐना हटाएपछि प्रतिविम्बित छाया लोप हुन्छ त्यस्तै ध्यानद्वारा मनलाई शान्त गरेर जीवभाव मेट्न सकिन्छ। जस्तो स्वप्नको आखिरमा स्वप्न-द्रष्टा विलीन भएर जाग्रत्को व्यक्तिरूप अधिष्ठान हुन जान्छ त्यस्तै अज्ञानप्रसूत मनको नाशको साथै परिणामी अहंकारी जीव ब्रह्ममा विलीन हुन्छ। मन उठ्दा देखापर्ने र सुषुप्तिमा लय हुने व्यावहारिक जीव केवल "छाया पुरुष" (आभास) हो। मन उपाधि हराएपछि जीव अधिष्ठान स्वरूप ब्रह्म नै हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

स्वप्नको उपाधिरूप अज्ञान हराएपछि पनि स्वप्न-द्रष्टा हराउँदैन परन्तु जाग्रत्को अनुभविताको रूपमा निस्कन्छ। त्यस्तै जब मनोनाश हुन्छ जीव ब्रह्म नै भएर निस्कन्छ। अतः लवलेश निशाना बाँकी नरहने गरी मन निर्मूल हुनासाथ जीवले "म अखण्ड ब्रह्म हुँ" भन्ने साक्षात्कार गर्छ।

अनुभव तब हुन्छ जब मनको वृत्ति (रूप) नाश हुन्छ। वृत्तिशून्य मनको अभावमा अनुभव सम्भव हुँदैन। वासना वृत्तिरूपमा देखिनु नै मनको रूप हो। यसको नाश मनको रूपको नाश हो। जब वासना क्षय भएर समाधि हुन्छ मनमा निद्रा अथवा संसारको कुनै चिन्तन हुँदैन र वृत्तिशून्य सच्चिदानन्द मात्र रहन्छ! यही वाञ्छनीय मनको अरूप स्वरूप हो। मनको स्वरूप नाश हुन्छ यसैकारणले जीवन्मुक्त मुनिलाई ब्रह्मानन्दको अनुभव हुन्छ।

विदेहमुक्तिमा मनको अरूप पनि नाश हुन्छ र ब्रह्म अथवा परमानन्दसँग तादात्म्य अनुभव पनि हुन सक्तैन।

यसप्रकार जीवको उपाधि भएर काम गर्ने रूपवान् मन नाश गरी शुद्ध आनन्दमय चैतन्य प्राप्त गरी परंब्रह्मसित ऐक्य अनुभव गर्नु नै साक्षात्कार हो।

❀★❀

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

२. मनोनाश-प्रक्रिया

अहंकार पैदा गर्ने मनसँग बुद्धिमान् पुरुष मिल्दैन परन्तु मनलाई छाडेर आफ्नो शाश्वत र शान्त स्वरूपको अनुभव गर्छ। प्रबल मुमुक्षुत्व र दृढ वैराग्यद्वारा पुरुष मनलाई उल्लङ्घन गर्न सक्तछ।

सारा कुराको रहस्य यो हो: त्याग्नु पर्ने मन हुँदो हो ता कठिनताको सवाल उठ्द्थ्यो। वास्तवमा भनुँ भने मन छँदै छैन। नभएको वस्तुको संकल्पद्वारा पुरुष थाहा नपाईकन मन नामको झुटो वस्तु खडा गर्छ। यो हेर्दा साँचो प्रतीत हुन्छ र यो उ भएर काम गर्छ र अज्ञानीको निति महान दुर्निग्रह सावित हुन्छ। तर विवेकी र तीव्र मुमुक्षु यसको स्वभाव थाहा पाउँछ र सजिलैसँग यसलाई जित्छ। केवल मूर्ख मान्छे यसलाई दुर्जय मान्दछ।

मनको स्वरूप यो त्यो सोच्नु हो। सोचविचारको अभावमा मन हुँदैन। चिन्तन नाश भएमा मन हराउँछ। सुन, हे राम! मन भनेको वस्तु छैन। जस्तो आकाशको रूप छैन त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

मन घन जडात्मक रूप हो। यसको नाम मात्र छ तर रूप छैन यो न भित्र छ न बाहिर छ तैपनि आकाशवत् अरूप भएर यसले सारालाई व्याप्त गरेको छ।

यसमा आश्चर्य मान्नु पन केही छैन। जब यस्तो उस्तो भनेर विचार उठ्छ तब मन कहलाउँछ। विचार मनको लक्षण हो, जब विचार उठ्छ मनको अनुमान हुन्छ। विचारको अभावमा मन छैन। अतः मन त केवल बिचार मात्र हो, विचार नै मन हो।

विचार या चिन्तन कल्पना हो। विचाररहित अवस्था परमानन्द हो। कुनै बाह्य-विषय-सम्बन्धि यो हो त्यो हो यस्तो किसिमको हो त्यस्तो किसिमको होइन भनेर सोच्नु नै बिचार हो। अनुभूत वस्तुको हामी सोच्न गर्न सक्छौं अथवा पूर्व-अनुभूत वस्तुको कल्पना गर्न सक्छौं। विचार समझ हो। सत् या असत् पूर्व अनुभूत वा अननुभूत जुनसुकै वस्तुको बिचार हुन्छ र यसको संस्कार बन्छ। सत् या असत् अनुभूत या अननुभूत जसको विमर्श हुँदैन त्यसको ज्ञान बन्दैन। अनुभूत नभए तापनि हाम्रो मनमा स्वर्गसुखको सजीव चित्रण हुन्छ। यसलाई वर्णन गर्ने शास्त्रको हाम्रो ज्ञान नै यस संस्कारको हेतु हो। अनुभव नगरे तापनि अननुभूत आनन्द झैं हामीलाई यसको ज्ञान हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मनको अभाव हुँदा, जस्तो कि सुषुप्तिमा, केही चिन्तन छैन त्यसैले केही देखिंदैन। जागरणमा पनि यदि कसैले केही सोच्दैन भने दृश्य प्रपञ्च छैन। जाग्रत्कालमा चिन्तन छैन भने विषयको ज्ञान हुँदैन। जब मानिस कुनै विषयमा निमग्न रहन्छ कसैले बोलाउँदा उ सुन्दैन। पछि उ भन्छ "कुनै कुराको सोचमा थिएँ त्यसैले सुनिनँ" अतः यो स्पष्ट हुन्छ कि ध्यान नदिईकन कुनै विषय प्रत्यक्ष हुँदैन। यसको राम्रो उदाहरण शरीरमा रहेको हारको पनि ध्यान नदिंदा ज्ञान नभएको अनुभव पाइन्छ। एवं प्रकारले वियोगको वेदना कुनै घतलाग्दो कुरामा ध्यान आकर्षित हुँदा बिर्सिन्छ।

यसबाट सिद्ध हुन्छ कि अनुभूत या अननुभूत वस्तुको ज्ञान विचारको रूप मात्र हुन सक्छ। यसकारणले वेदान्त वस्तुको ज्ञानलाई ज्ञान, संकल्प, इच्छा, विचार, वृत्ति, बुद्धि, संस्कार' आभास, हृदय-ग्रन्थि, दृश्य, भ्रम, जीव, जगत्, संपूर्ण, ईश्वर इत्यादिको नामले बताउँछ। यो-दृश्य सम्बन्धि ज्ञानलाई माया अविद्या, बन्धन, अशुद्धि, अन्धकार, अज्ञान, मन, सांसारिक जीवन इत्यादि नामले पुकारिन्छ।

यी जम्मै पदहरूले लक्षित ज्ञान केवल मन हो। वसिष्ठ राम प्रति भन्नुहुन्छः जुनसुकै दृश्य-सम्बन्धि ज्ञान यो हो त्यो हो यो होइन त्यो होइन अथवा जुनसुकै किसिमले प्रतिभात

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

होस् मन मात्र हो। यो मन यस प्रकट ज्ञान-अतिरिक्त अरू केही होइन।

हरेक वस्तु भुल्नु नै अन्तिम उपाय हो। केही चिन्तन नगर, जगत् उदय हुँदैन। जब मनमा केही उठ्दैन मन समेत बिलाउँछ। अतः बुद्धिमान् मानिसले कुनै कुराको चिन्तन गर्न हुँदैन। उसले सारा भुल्नुपर्छ। मनलाई मार्ने सर्वोत्तम उपाय यही हो। वसिष्ठले रामलाई भन्नुभयो: "भोगेका अथवा नभोगेका सारा विषयको सबै किसिमका चिन्तन छोड। शिला या काष्ठ जस्तै चिन्तनरहित भएर रहनू" यसको परिणाम मूढता होइन तर आनन्दको पूर्णता हो। बुद्धि निर्मल र तीक्ष्ण हुन्छ किनकि यो शुद्ध चैतन्य नै भइसकेको हुन्छ। यस्तो ज्ञानी संसारमा नअल्झीकन अरूको दृष्टिमा क्रियाशील चल्तापुर्जा देखिन्छ र ब्रह्म आनन्द समान सुखी रहन्छ। उनी शुद्ध चिदाकाशमा संसार भ्रम उठ्न दिँदैनन्। सारा बिस्मरण नभई साक्षात्कार कहिल्यै सम्भव हुँदैन।

त्यसकारण साधकले शुद्ध चित्को सिवाय अरू केही चिन्तन गर्न हुँदैन। नित्य निरन्तर अभ्यासद्वारा उ अनात्मा विर्सन्छ। केही चिन्तन नगरी चुपचाप र शान्त भई बस्न गाऱ्हो छैन। मनमा चिन्तन, उठ्न नदेऊ तिमी मात्र शुद्ध चिन्मात्र रूपले बाँकी भएर रहन्छौ। यसप्रकार सारा संसारको चिन्तन बिस्तारै बिस्तारै हराउँछ र ब्रह्मचिन्तन मात्र शेष रहन्छ। जब यो स्थिर

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हुन्छ यो पनि भुल र "म ब्रह्म हुँ" भन्ने चिन्तन नगरिकन आनन्दमय ब्रह्म नै होऊ। यो स्वाभाविकै छ अतः अभ्यास गर्न गाऱ्हो पर्दैन। यस अभ्यासबाट सत्यको सच्चा अन्वेषकको मन निवार्ण (अरूप) हुन्छ। उ सारा भुलेर शुद्ध चैतन्य भएर रहन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अध्याय—४

अज्ञान भावरूप होइन किन्तु अभावरूप हो यसको विस्तृत बिबेचन।

वेदान्त शास्त्रको "तत्वमसि" महावाक्यको तात्पर्य यो हो कि तिमी जो अज्ञानवश पहिले जगत् सृष्टि गरेर पछि आफ्ना कर्मको फल भोग्ने त्यहींका अभिनेता बन्यौ वस्तुतः एक अद्वय स्वयं-प्रकाश सर्वभूतमा गूढ अन्तरतम सद्वस्तु हौ। जीवात्मा न आभास हो न उपाधि हो किन्तु अज्ञान - उपहित ब्रह्म नै हो जस्तो राधाको धर्मपुत्र कुन्तीको अज्ञात तर सच्चा छोरो हो। अज्ञानमा परेको ब्रह्म जीव हो र ज्ञानद्वारा मुक्त हुन्छ, जस्तो आफूलाई राधाको छोरा ठान्ने कर्णले अब कुन्तीको छोरा भनेर आफ्नो सच्चा अगाडिको रूप थाहा पाउँछ। अर्को दृष्टान्त लेऔं। जस्तो भ्रमद्वारा राजकुमार आफूलाई चाण्डाल कुलको संझन्छ तर कसैले संझाउँदा आफूलाई राज-खान्दानको थाहा पाएर नीच जातको हुँ भन्ने गलत धारणा त्याग्छ त्यस्तै जीवले कलना फ्याँक्छ। जस्तो आफ्नो सच्चा स्थिति थाहा पाएर राजकुमारलाई अगाध हर्ष हुन्छ र आफ्नो बितेका दुःख, चिन्ता भुल्छ त्यस्तै शास्त्र-द्वारा आफ्नो शुद्धता, अनन्तता निजी आनन्द थाहा पाएर

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जीवले प्रमातृत्व र भ्रमपूर्ण कलना फ्याँकेर आफ्नो अन्तिम अद्वय स्वरूप अनुभव गर्छ। बद्ध जीव आफ्नो व्यष्टि अवस्थामा पनि अचल ब्रह्म नै हो जस्तो कि राजकुमार शीकारीको परिवारमा हुर्कतापनि नबदलिएको त्यही राजकुमार हो। आत्माको दृश्य जगत्को अनुभव केवल भ्रान्ति हो। जब जीवले आफ्नो सच्चा अवस्था प्राप्त गर्छ उ बन्धनबाट मुक्त हुन्छ। पछि यो देखाइन्छ कि अज्ञान स्वयंप्रकाश, सर्वान्तरतम सद्वस्तुको प्रमाद-अतिरिक्त अरू केही होइन।

शंकर आफ्नो भाष्य (बृहदारण्यक ४.४.२०) मा भन्नुहुन्छ—"ब्रह्म-ज्ञान भनेको बाहिरी वस्तु (शरीरादि) सँग अध्यास गर्न छोड्नु हो। ब्रह्मसँग जीवको एकता सिद्ध गर्नुपर्दैन यो त नित्य सिद्ध छ। हरेक जीव योसँग एक छ तर त्यो अरू नै वस्तुमित सम्बन्धित भईरहेछ। अतः शास्त्र ब्रह्मसँग एकता सिद्ध गर्नुपर्छ भनी विधान गर्दैन किन्तु अरू वस्तुसँग अध्यास गर्न छोड्नु भनी बताउँछ। अरू वस्तुसँग अध्यास नभएमा जीवको ब्रह्मसँग सहज एकता सुस्पष्ट हुन्छ। आत्मा थाहा पाउन सकिन्छ भन्ने कथनको अभिप्राय यही हो।

सूतसंहिताले पनि यही सत्यलाई पुष्टि गर्छ (२, सात. २२) शरीर-इन्द्रियादिसँग तादात्म्याध्यास छंदा र ज्ञानद्वारा यो हट्दा शरीर-उपहित जीव (अहंको लक्ष्यार्थ) सदा स्वभावैले व्यापक छ। शरीर र मनले यसलाई परिच्छेद गर्न सक्तैन

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

किनकि यो सारा वस्तु र जाग्रदादि सारा अवस्थालाई व्याप्त गरी सर्वत्र बर्तमान रहेको छ। भित्र र बाहिरको जो कुछ अज्ञान-जन्य वस्तु छ स्वयं-प्रकाश द्वारा प्रकाशित छ। शुद्ध अहं र यसको इन्द्रियसित अनुभूतिलाई समेत यसैले प्रकाश गरेको छ। कूटस्थ साक्षी भोक्ता आनन्दमय (शुद्ध अहं) को पनि निकटतम साक्षी हो। आत्मा साँच्चिकै अज्ञानावृत र मन-द्वारा परिच्छेद हुँदो हो ता यो इद्रियातीत अनुभवको साक्षी हुन सक्तैनथ्यो। जीवात्मालाई बुद्धिको परको वस्तुको पनि ज्ञान हुनाले यसको स्वभाव विभु छ भनेर मान्नैपर्छ।

जीवात्माको इन्द्रियातीत स्वरूप अज्ञान भावरूप होइन परन्तु अभावरूप र भ्रम (समझको फेर) हो भन्ने सिद्धान्तमा आधारित छ। यो भुल हो आत्म-विस्मृतिको परिणामस्वरूप मनको भ्रमले अथवा सद्वस्तुको विपरीत या अयथार्थ ज्ञान। आत्मा स्वयं-प्रकाश ज्योति हो। यो यति शुद्ध र पूर्ण छ कि यसमा स्मरण अथवा भूलको स्थान छैन। दृश्यरहित वस्तु दृश्यको पर नै हुनुपर्छ। यसको सार अखण्ड चैतन्य हो जब कुनै मानसिक दृश्य यसमा अध्यस्त हुन्छ यसलाई तुरुन्त थाहा हुन्छ। यसरी सुषुप्तिमा वस्तुको ज्ञानको अभाव यसलाई थाहा छ। आफूलाई जान्नु नजान्नु सारा बाह्य र दृश्य हुनाले कसैले यसको निजी सहज सिद्ध प्रकाशलाई धमिल्याउन सक्तैन।

सुषुप्तिमा आत्म-ज्ञानरहित छ भन्नु भुल हो। ज्ञान-स्वरूपको या प्रकाशस्वरूपको ज्ञान या प्रकाश नहुनु असम्भव

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

छ। सुषुप्तिमा आत्मा केही देख्दैन यस्तो सोच्नु हुँदैन। किनकि त्यसबेला यसले देख्छ। कसरी देख्नु सम्भव होला ? यस्तो प्रश्न उठ्न सक्छ। किनकि त्यसबेला देख्ने करण आँखा मन क्रियाशील छैनन्। अवश्यै सम्भव छ, किनकि साक्षीको आभ्यन्तरिक दृष्टि अथवा अनुभव सुषुप्तिमा पनि हराउँदैन। यस आध्यात्मिक शक्तिको उपस्थिति कमसेकम सुषुप्तिमा वृत्ति-ज्ञानको अभावको साक्षी रूपमा मान्नैपर्छ। सुषुप्तिमा आत्मा चैतन्यरहित छ भन्ने यस प्रचलित सर्व-प्रसिद्ध भुलको कारण यो हो कि त्यसबेला आत्माले प्रकाश गर्नालाई यस-अतिरिक्त अरू केही हुँदैन। अतः जीवात्मा शुद्ध चैतन्यस्वरूप छ। मन सितको संयोगले मात्र जान्ने आकस्मिक धर्मवाला वस्तु यो होइन।

यही कुरा ब्रह्म-गीता (सूत संहिता भाग ३, १०, २८,) मा निम्न प्रकार बताएको छ।

स्वप्नमा मनले बाह्य विषय अनुभव गर्न छोड्छ र यो केवल काल्पनिक पदार्थहरूको रूपमा परिणत हुन्छ। त्यसबेला जीवात्मालाई स्वप्नावस्थाको ज्ञान रहन्छ। यो ज्ञान प्रत्यक्ष अनुभवको साधनरूप करणरहित आफ्नै प्रकाश हो। जब मन आफ्नो उत्पत्ति-स्थान मूलाज्ञानमा लय हुन्छ सुषुप्ति अवस्था प्राप्त हुन्छ र त्यही सद्वस्तुले आफ्नै प्रकाशद्वारा यस अज्ञानावस्थालाई प्रकाश गर्छ (जान्दछ)। हामी यो बताउनेछौं कि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

अज्ञान अज्ञात ज्योतिले प्रकाश हुने सद्वस्तु हो। यसले आफूमा अध्यस्त वस्तुलाई थाहा पाउँछ (प्रकाश गर्छ)। आफ्नो सच्चा स्वरूपको अज्ञानद्वारा आफूमा अध्यस्त जड र चैतन्यलाई यसले चिन्तनमा र प्रत्यक्ष अनुभवमा प्रकाश गर्छ। आफ्नो चैतन्य यसैको प्रकाश हो र यो नित्य एवं वृत्तिज्ञान-रहित छ।

"म यो जान्दछु" को रूपमा जो सद्वस्तु आफ्नै निरपेक्षिक प्रकाशले प्रकट छ त्यो वाह्य वस्तु प्रकाश गर्छ तापनि स्वयं-प्रकाशको रूपमै सदा रहन्छ। अहं रूप स्वयं प्रकाश आत्माकै प्रकाश पाएर सूर्य, चन्द्र र तारा सहित संपूर्ण ब्रह्माण्ड जान्नमा आउँछ। नत्र भने यो जान्नमा आउँदैनथ्यो किनभने जगत्को आफ्नै ज्ञान छैन। स्वयं-ज्योति ज्ञातामा अध्यस्त भएर जगत् आभासद्वारा प्रकाशित हुन्छ अर्थात् यो ज्ञानको विषय हुन आउँछ। प्रकाश आत्माको निजी स्वरूप हो। यो प्रकाश सृष्टिका नक्षत्र ताराहरूमा छैन। 'म' रूपले अनुभूत आत्माको यो सहज नित्य चैतन्य र आनन्द सदा स्वतः प्रकाशित छ। यसलाई साक्षात्कार वृत्तिद्वारा प्रत्यक्ष अनुभव गरिन्छ। अर्थात् जब सारा चित्तवृत्तिहरू अफूर रहन्छन् र विज्ञाता चिदानन्दस्वरूपमा प्रवेश गर्छन् तब विज्ञानात्माको साक्षात्कार हुन्छ।

जब यसप्रकार सृष्टिको आदिकारण आत्म-चैतन्य-अतिरिक्त नानारूप जगत्को आफ्नै स्वतन्त्र अस्तित्व छैन भने

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

युक्तिद्वारा थाहा हुन्छ तब "नेह नानास्ति किञ्चन" जस्ता श्रुतिको तात्पर्यको युक्तिपूर्ण अनुसन्धान सम्भव हुन्छ। परमार्थ स्वरूप जीव सम्बन्धि निदिध्यासन नै त्रिपुटीरहित ज्ञातालाई उसैको प्रकाशद्वारा पत्ता लगाउने बाटो हो। यसलाई सर्वान्तरतम सद्वस्तुको सम्यक् ज्ञान भन्दछन्। दृश्यरहित भनेर अनुभूत ज्ञाता अथवा नव ज्ञात जीवात्मा यही हो। यसप्रकार ज्ञात नभएमा नानात्वले रञ्जित प्रकाशले यो प्रकाशित हुन्छ। ज्ञाता आफ्नो सच्चा स्वरूपमा प्रकट नहुँदा यस्तो भ्रम हुन जान्छ। त्यही ब्रह्म जीव र ईश्वर हुन्। शास्त्र, गुरु र आत्मानुसन्धानको रूपमा त्यसैको प्रकटीकरण हो। यो एउटै परमार्थ वस्तु नाना भएर प्रकाशित हुन्छ तसर्थ ज्ञान, अज्ञान, प्रतिभास र भ्रमको अलग-अलग सत्ता छैन।

प्रश्न उठ्न सक्छ: यदि अन्तरात्मा "तत्वमसि" महावाक्य-जन्य साक्षात्कार-वृत्तिको भित्र पर्दैन भने साधकले आफू ब्रह्म भनेर कसरी थाहा पाउँछ ?

यसको उत्तर यो हो: "आत्म-ज्योतिमा कुनै बाह्य वस्तु छैन" (बृह०)। द्वैत छैन भने अज्ञान हराउँछ र अन्तरात्मा शुद्ध चैतन्य भएर प्रकाशित हुन्छ।

आफ्नै सहज उष्ण र प्रकाश चारैतिर प्रसार गर्ने सूर्यलाई जस्तो यसको प्रसारक अथवा त्यसैको प्रकाशद्वारा खोजिने वस्तु मानिंदैन त्यस्तै आत्मालाई ज्ञानको विषय किंवा बिषयी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

ठान्नु युक्तियुक्त छैन। जुन वस्तुको सार हो त्यसलाई त्यस वस्तुबाट पृथक् गर्न सकिंदैन एवं त्यो सँग कुनै सम्बन्ध बताउन सकिंदैन। जस्तो सूर्यादि सदा स्वभावतः ज्योति स्वरूप छन् र आफ्नै स्वाभाविक र नित्य ज्योतिद्वारा वस्तुलाई प्रकाश गर्छन्। जब हामी तिनीहरूलाई वस्तुका प्रकाशक भन्छौं हाम्रो तात्पर्य यो होइन कि ती स्वभावतः प्रकाशहीन छन र हरेक पल्ट वस्तुलाई प्रकाश गर्नु तिनीहरूको नयाँ काम हो। किन्तु तिनीहरूले आफ्ना नित्य स्वाभाविक ज्योतिले वस्तुलाई प्रकाश गर्छन्। त्यस्तै आत्मालाई आफ्नै नित्य अविनाशी आलोकको कारणले साक्षी भनिन्छ (बृह० मा शंकरको भाष्य ४. ३. २३.)

वस्तु प्रत्यक्ष नहुंदा पनि अप्रत्यक्ष रूपैले थाहा हुन्छ। बृत्तिद्वारा अज्ञात वस्तुलाई पनि अन्तरात्मा कूटस्थ साक्षीले प्रकाश गरेको छ। सविराम बृत्तिज्ञान आभासद्वारा प्रकाशित हुन्छ। आत्माको सार मूलभूत प्रकाश हो। ज्ञाता अपरोक्ष-रूपले आफूलाई जान्दछ यसलाई साक्षात्कार भन्दछन्। परमात्मा केवल आफ्नै सहज नित्य प्रकाशले प्रकाशित हुन्छ। (तुलना गर्नू, सूत संहिता २. ११. ७. ४३-४५)

अब अज्ञानसम्बन्धि तीनवटा बिचार धारामध्ये पहिलो चाहिं बताइन्छ। जब जीवको स्वाभाविक नित्य प्रकाशलाई एक अखण्ड अन्तर्ज्योतिको पूर्णताको बनावटी

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

क्षणिक भुलद्वारा देखापर्ने भोक्ता-भोगले प्रतिबद्ध हुन्छ तब यो अन्तरात्माको यथार्थ स्वरूपको छेकवार जस्तो हुन आउँछ। यस चित्तवृत्तिको प्रतिवन्धन नै भोक्ता भोग्यको रूपमा नाना अनुभूयमान भ्रान्तिको कारण हो। "नेह नानास्ति किञ्चन" (बृह० ४.४.१६); "आत्मैवेदं सर्वम्" (छा० ७.२५.२); "नान्योऽतोऽस्ति द्रष्टा:" [यहाँ नाना केही छैन; यो सब आत्मा हो; यसदेखि अरू द्रष्टा छैन] आदि श्रुति—वाक्यले द्वैतलाई निषेध गर्छ। यस अवाङ्मनसगोचर वस्तुलाई ध्यान नदिई भूलनु नै अज्ञान हो। यही अज्ञान नाना अनुभवको सहकारी साधन हो तर यो विचित्रताको अनुभवको एक क्षणको निमित्त पनि अस्तित्व छैन।

श्रुतिवाक्य-जन्य ज्ञानले नाशिने अज्ञान वास्तबमा एक परमात्माको आत्म-विस्मृति वाहेक अरू केही होइन। सिपीमा चाँदि देखिए झैं यो अज्ञान आत्मामा अध्यस्त छ तसर्थ यस-देखि भिन्न यसको व्यावहारिक सत्ता पनि छैन ("सूत संहिता", आनन्द आश्रम पूना हेर्नु)

दोस्रो विचार—धारा—अनुसार अज्ञान जीवात्माको अनन्त आनन्द ढाक्ने आवरण शक्ति (गुणसहित वस्तु हैन) हो। अज्ञानमा जीवको यथार्थ स्वरूपलाई विकृत पार्ने एवं धमिलो पार्ने शक्ति छ। दोस्रो विचार धारा अनुसार अज्ञान वस्तुरूप होइन किन्तु आधाररूप हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

तेस्रो विचार-धारा-अनुसार अज्ञान आवरण-शक्ति-सम्पन्न वस्तु हो। अर्थात् संसार-भ्रम पैदा गर्ने यो वास्तविक वस्तु हो। अर्थात् जगत् सृष्टि गर्ने यो माया हो।

यसप्रकार प्रथम विचार धारा अनुसार अज्ञान भ्रम पैदा गर्ने सहकारी साधन हो; दोस्रो विचार-धारा-अनुसार-यो नानात्व अनुभव गर्ने आधार या करण हो। तेस्रो विचार-धारा-अनुसार यो दृश्य जगत्को कारणरूप वस्तु हो।

यी तीन विचार धाराहरूमा प्रथम अत्युत्तम सावित हुन्छ। कारण, अरू दुइ विचारलाई श्रुति निराकरण गर्छ। श्रुतिमा बताएको छ "तुच्छमिदं रूपमस्य" (यसको कुनै सत्ता छैन) यसप्रकार श्रुति सत्यस्वरूप ढाक्ने मायाका दुवै रूपलाई असत् भनी बताउँछ। एक मात्र सत् छ भने नानात्वको अनुभवको कारण के हो ? जवाफ यही हो कि दृश्यरहित दृक्को बिरोधी ज्ञाता र ज्ञानको साधनरूप दृश्य तब मात्र प्रतीत हुन्छ जब पुरुष एक अखण्ड स्वयं-ज्योति चैतन्यलाई भुल्छ। यदि ज्ञाता एक क्षण मात्र भित्री आलोकरहित हुन्छ भने यसको अखण्ड पारमार्थिक ज्योति बाधित हुन्छ। यही उसको बाधा हो, यही अज्ञान हो। तसर्थ अज्ञान न आधार हो न वस्तु हो यो ता अवस्तु हो।

प्रश्नोपनिषद्मा लेखिएको छः जसले सारा त्यागेर निर्वासनिक रही जगत्को सृष्टा ईश्वर (अक्षर) लाई आफ्नै

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आत्मा भनेर थाहा पाउँछ त्यसले सारा जान्दछ र सृष्टिका सारा प्राणिलाई व्याप्त गर्छ। यसरी श्रुति बताउँछ कि व्यष्टि ज्ञाता नै सर्वज्ञ र व्यापक हो र यही अक्षयं अर्थात् तमोरूप ज्ञान वर्जितम् छ। सृष्टिकर्ता ईश्वरको जाल बुन्ने माकुराको झैं शरीर होला भन्ने शंकालाई 'अशरीरम्' शब्दले निराकरण गरेको छ।

आत्मा कुनै गुणको आश्रय हुनुपर्छ जस्तो आकाश नीलिमाको आधार छ भनी कसैले भनेमा "अलोहितम्" विशेषणले यसलाई खण्डन गरेको छ। आत्मा गुणाश्रय हुन सक्तैन। त्यही उपनिषद् अनुसार आत्मा 'शुभ्रम्' छ अर्थात् यो कुनै भावात्मक वस्तु (अज्ञान) को परिच्छेद-रहित छ। यदि जीवात्मा अद्वय र अनन्त भए उसमा नानात्वको भ्रान्ति कसरी सम्भव होला ? यसको जवाफ यो हो: यसको कारण ज्ञाता-आत्माले आफ्नो नित्य सहज प्रकाशलाई एक क्षण याद गर्न नसक्नु हो। आत्मामा वास्तविक पृथक्ता छैन। यसकारण प्रश्नोपनिषद्—अनुसार सर्वज्ञत्व एक विभु आत्माको ज्ञानमा आधारित छ। यस बाहेक "परस्य शक्तिरविद्यैव श्रूयते" (श्वेत०) मा "ईक्षतेर्नाशब्दम्" (ब्रह्म-सूत्र) को शांकर भाष्यमा रामानन्दले देखाए झैं "श्रूयते" शब्दको अर्थ अज्ञान शक्ति हो भन्ने कल्पना केवल किम्बदन्ती मात्र हो र कुनै यथार्थ ज्ञानमा आधारित छैन।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अब हामी अज्ञानका विभिन्न सिद्धान्तका समर्थक तर्कहरूको विमर्श गर्छौं।

शुरुमै यो विचारणीय छ कि प्रथम सिद्धान्त समर्थन गर्ने श्रुति र द्वितीय सिद्धान्त समर्थन गर्ने श्रुतिमा भेद छ।

अज्ञानलाई ज्ञान-प्रागभावरूप बताउने प्रमाण कस्तो किसिमको छ ? जवाफ यही हो कि अज्ञानको प्रमाण स्वयं-प्रकाश नित्य जीवात्माको असन्दिग्ध सत्ता नै हो, जो सदा आफ्नै सहज अखण्ड आनन्दमय प्रकाशमा रहन्छ जसबाट त्यो कदापि विचलित हुँदैन। जीव आफ्नै प्रकाशमा नानात्वको भ्रम अनुभव गर्छ। एक नै विवर्त रूपले भ्रान्तिपूर्ण नानाको रूपमा प्रकाशित हुन्छ। यो ज्ञानको प्रागभावको अवस्था हो। यथार्थ ज्ञान भएपछि जीव आफ्नै अलौकिक दिव्य स्वरूपमा प्रकाशित हुन्छ। तर आत्माको अनन्तता र शान्ति ज्ञाता आत्मालाई अज्ञात रहँदा पनि ज्ञानको यस अभावलाई स्वयं-ज्योति जीवात्माले नै प्रकाश गर्छ। यही अज्ञानको स्रोत र आधार हो। यसप्रकार अज्ञान अनुभवमा आधारित छ। अज्ञान केवल स्वयं-प्रकाश आत्माको इन्द्रियातीत गौरवको प्रमाद हो। अन्तरतम सद्वस्तुबाट पर भएर जीवको भ्रमण गर्नु नै अज्ञान हो। यो यसको प्रकाशलाई ढाक्ने केही वस्तु होइन। यही भ्रान्त अनुभव पनि आत्माको स्वाभाविक नित्य ज्योतिद्वारा प्रकाशित छ। सम्यक् ज्ञानद्वारा यो भ्रम हटेपछि

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

निश्चय जीवात्मा नै नानात्व--रहित आफ्नै असली स्वरूपमा प्रकाशमान हुन्छ ।

अज्ञान भावात्मक हो भन्ने दुइ सिद्धान्तहरू अनुमानमा मात्र आधारित छन्। अर्थात् अज्ञानको शक्ति र माया रूप प्रमाण अप्रत्यक्ष छ ।

अज्ञानको निषेधात्मक विचार ब्रह्म र अरूद्वारा अनुमोदित छ । यस विचार अनुसार शक्ति, प्रकृति, अव्यक्त, आकाश, अव्याकृत, तम अज्ञानका पर्याय हुन्। यद्यपि शक्ति, प्रकृति भावात्मक वस्तु जस्तै देखिन्छन् तथापि यी शब्दहरू अज्ञानका प्राविधिक पद हुन् जो वस्तुतः अभावात्मक भएर पनि जगत्-भ्रम पैदा गर्नामा सहकारी कारण मात्र हो। शक्ति आदि प्राविधिक शब्दहरू ज्ञानभाव रूप अवस्थाको निम्ति प्रयोग गरिन्छन् भन्ने कुरा पछि स्पष्ट गरिन्छ।

जीवात्माको अतीन्द्रिय गौरवको प्रमाद ज्ञाता आत्माद्वारा प्रकाशित छ भन्ने कुरा बताइसकेको छ। मुमुक्षुलाई यो निश्चय रहन्छ कि वेदान्त महावाक्यको श्रवण मननद्वारा उसलाई एक दिन आफ्नो यथार्थ स्वरूपको ज्ञान हुन्छ। यो आश्वासन श्रुतिमा आधारित छ। एक ज्ञातादेखि अभिन्न ज्ञाता ज्ञान ज्ञेय रूप त्रिपुटी—सहितको व्यावहारिक अनुभवको मिथ्यात्व श्रुति विधान गर्छ। वर्तमान आध्यात्मिक प्रेरणा र पूर्ण ज्योतिको निति लालसाले यही बताउँछ कि अहिले यसको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अभाव छ। जीव जिज्ञासाकालमा द्रष्टा, दृश्य र दर्शन रूप त्रिपुटीसहित प्रकाशित भएको छ। यसप्रकार यथार्थ ज्ञानको अभाव ज्ञातालाई थाहा छ, त्यस्तै चैतन्य प्रकाश भएपछि अज्ञान हटेको पनि अनुभूत हुन्छ।

अज्ञानको दोस्रो बिचार धारापट्टि ध्यान देऔं। दोस्रो सिद्धान्तमा अज्ञानलाई आत्म-शक्ति मानेको छ र यसलाई माया, प्रकृति, अव्यक्त, आकाश, अविद्या, तम आदि नामले पुकारिन्छ। यो माया अथवा आत्म-शक्तिको वर्णन माण्डूक्य कारिका (१, १६) र श्वेताश्वतर श्रुति (१, ३) मा पाइन्छ। यो सृजनात्मक तत्वको स्वरूपको अनुसन्धान गर्दा अत्यन्त गाढा र सूक्ष्म ध्यानमा ऋषिहरूले यसलाई संसार-भ्रमको आधार रूपमा फेला पारे। यो स्वयं-प्रभ आत्माको शक्ति हो। यो निगूढ छ र यसको कार्यबाट मात्र यसको अनुमान गर्न सकिन्छ। तसर्थ यस शक्तिको सत्ता अनुमानको कुरा मात्र हो र यो प्रत्यक्षतया अज्ञेय छ।

संसारको भ्रमात्मक स्वरूप सिद्ध गर्ना निम्ति जगत् स्रष्टा जीवलाई कैवल्योपनिषद्ले स्वमायाको वशमा परेको देखाएको छ। तपनीय श्रुति (पंचदशी ५, १२५ मा उद्धृत) बताउँछ : यस शक्तिले जीवलाई मोह गर्न सक्छ। यसले आत्मालाई धमिल्याइदिन्छ र आत्मामा अध्यस्त आधारको रूप लिन्छ। यो आत्म-ज्ञान उदाएपछि हराउने भास हो।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

देश, काल, दिशा, मन आदि सृष्टि गर्ने आनन्दमय आत्मामा अद्भुत शक्ति छ जसद्वारा राफेल-काल-पूर्व चित्र-कलाको अत्युतम कृति निक्ले झैं यसले विचित्र जगत् खडा गर्छ। आत्म-शक्ति अनिर्वंचनीय छ किनकि यो अद्वितीय अखण्ड चैतन्यको शक्ति हो।

यहाँ यो प्रश्न उठ्न सक्छ : यदि अज्ञान बारेको यो सिद्धान्तको पक्षमा श्रुति (श्वेत० १. ३; ६. ८) र युक्ति मौजूद छन् भने यस्ता श्रुति वाक्यको अज्ञानको भावात्मक सिद्धान्तसँग प्रत्यक्ष सम्बन्ध छैन किन भनिन्छ ? यसको उत्तर यही हो कि यो सिद्धान्तमा श्रुतिको यथार्थ तात्पर्यको वास्ता नगरी तार्किक अनुमानको मात्र प्रयोग भएको छ।

श्रुतिमा सर्वत्र सगुणको अपेक्षा निर्गुण आत्माको वर्णन पाइन्छ भन्ने कुरा ब्रह्मसूत्र (३. २. २.) मा लेखिएको छ। आफैंले सृष्टि गरेको र स्थिति गरेको जगदादि उपाधि अज्ञान-जन्य हो। जस्तो स्फटिकमा प्रतिबिम्बित फुलको रातो रंगले स्फटिकको रंगरहित स्वरूप बदलन सक्तैन त्यस्तै एउटा वस्तुको स्वरूप अरूसितको संसर्ग मात्रले बदलिंदैन। न वस्तुले आफ्नो सच्चा स्वरूप बदल्न सक्छ किनकि स्वरूप बदल्नुको अर्थ हो त्यसको नाश। आत्माको गुण बताउने श्रुतिले त्यसको औपाधिक स्वरूपको मात्र बयान गरेको हो, अनन्त र निर्गुण आत्माको बयान गरेको होइन।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

निराकार निर्गुण आत्माको सिद्धान्त मात्र श्रुति-अनुसार छ किनकि आत्माको अरू बनावटी स्वरूप प्रमाणित हुन सक्तैन। निम्नप्रकारको अनुमानबाट मात्र आत्माको सृजनात्मकता (ईश्वरत्व) सिद्ध हुन्छ :

जो पैदा हुन्छ त्यसको सृष्टि—कर्ता हुन्छ।

संसार पैदा भएको छ;

अतः संसारको स्रष्टा छ।

यसबाट यो स्पष्ट हुन्छ कि आत्माको सगुण साकाररूप मानसिक पूजाको निंति कल्पना गरिएको हो, श्रुतिको त्यसमा कुनै तात्पर्य छैन। तर्कमा आधारित सगुण साकाररूप र अनुभवमा आधारित निर्गुण निराकाररूप दुवै एकै आत्माका हुन् भनी निर्दिष्ट गर्न सकिंदैन किनकि यो अनुभव-विरुद्ध छ। एकै कालमा एउटै वस्तुको दुइ विरोधी स्वभाव हुनै सक्तैन। तसर्थ तर्कमा आधारित तर अनुभव विरोधी आत्मा स्रष्टा हो भन्ने सिद्धान्तलाई श्रुतिले केवल अनुवाद गरेको हो, प्रमाणित गर्न खोजेको होइन।

पंचदशीमा यो सृजनात्मक शक्तिलाई अद्रव्य, अनुमान-गम्य मायासंज्ञक बताएको छ। यो शक्ति के हो ? आत्माको सहज शक्ति द्रव्य होइन; यो कुनै लौकिक द्रव्यभूत वस्तु होइन र यसलाई सृष्टिको रूपमा निस्केको कार्यबाट अनुमान गरिन्छ। (वर्कलेको प्रत्यालोचना-अनुसार आधार-गुण हीन छ त्यसकारण यो अभूत अवस्तु हो)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अज्ञानको भावात्मक सिद्धान्तलाई श्रुतिले अङ्गीकार गरेको छैन भन्ने देखाइयो। अब कनिष्ठ साधकको बोधको निंति योगवासिष्ठ रामायणका श्लोकहरू उल्लेख गरिन्छन्। जीवात्मा अभिन्न परमात्मा सर्वशक्तिमान्, सर्वोत्कृष्ठ, नित्य, पूर्ण एक र अद्वितीय छ। जब परमात्मा कहिलेकाहीं आफ्नो सहज शक्तिद्वारा भिन्न रूप धारण गर्छ त्यस वेला त्यो शक्ति अनुभूत हुन्छ। हे राम! परमात्माको शक्ति जीवनको रूपमा सारा चेतन सृष्टिमा देखिन्छ। पूर्ण रूपले हुर्केको रूख, फल, पात लता, फूल, हाँगा, जराले ढाकेको हुन्छ किन्तु यी सारा बीजमा अन्तर्गत छन्। त्यस्तै प्रकारबाट यो जगत् आत्मामा अन्तर्गत छ। हे राम! यो आत्मा विभु व्यापक छ र परिच्छेद-रहित भएर हरेक वस्तुलाई प्रकाश गर्छ। जब आत्माले एक क्षण चिन्तन गर्ने काम गर्छ तब त्यो शक्तिलाई मन भनिन्छ। सृष्टिको क्रम निम्नप्रकार छ : प्रथम मन, तब बन्धन र मुक्तिको कल्पना, र त्यसपछि नाना लोकको प्रादुर्भाव। यसप्रकार यो स्पष्ट हुन्छ कि सारा कल्पनाको विलास मात्र हो। त्यसो भए स्वभावतः यो प्रश्न उठन सक्छ कि काल्पनिक सृष्टिलाई किन सत्य झैं मानिन्छ। यसको जवाफ, हे भाग्यवान् राम! यही हो कि बालकहरूलाई सुनाएको दन्त्य कथासरह यो काल्पनिक जगत् सत्य ठानिन्छ।

त्यस पछिका केही श्लोकहरूले आत्माको सृजनात्मक

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

शक्तिको सम्बन्ध अज्ञानी पुरुषका निंति बताइएको भन्ने स्पष्ट देखाएका छन्।

उदाहरणार्थ, एउटा शिक्षाप्रद आख्यान यहाँ उद्धृत गरिन्छ। एउटी धाई बालकहरूको मनोविनोदका लागि एउटा कथा हाल्छे :— एका देशमा कुनै बखत तीन राजकुमारहरू थिए। दुइवटा जन्मेकै थिएनन् तेस्रो चाहीं गर्भाशयमा नै परेको थिएन। कुनै वेला तिनीहरू शुद्ध हृदय भएर सहरबाट वाहिर निस्के। डुल्दा तिनीहरूले आकाशमा फलहरूले लटरम्म भएका रूखहरू देखे। ती राजकुमारहरू अहिले भविष्यत् नगरमा बस्दछन् र शिकार खेलेर आनन्दवान् भएका छन्। हे राम ! विवेक गर्न असमर्थ भएका वालकहरूले यस कथालाई अक्षरशः सत्य ठाने। त्यस्तै प्रकारले विचारकुशल नभएका पुरुषहरू यो नाना जगत्‌लाई सत्य मान्दछन्।

अज्ञान-सम्बन्धि तेस्रो मतानुसार, अज्ञान द्रव्य हो र यसले जगत् उत्पन्न गर्छ। यो शक्ति, माया, प्रकृति, अव्यक्त, आकाशादि नामले प्रसिद्ध छ। यस मतका प्रवर्तकहरूले अज्ञान अनादि हो भन्ने धेरै श्रुति—वाक्यलाई प्रमाण मानेका छन्। तिनीहरूले प्रमाण मानेका श्रुति श्वेताश्वतर (४. १०) माण्डूक्य—कारिका (१. १६) र कैवल्य उपनिषद् (१. १३) हुन्। यी श्रुतिको आधारमा तिनीहरू अज्ञानलाई चेतनशील द्रव्य मान्दछन् जसमा आवरण शक्ति यथाक्रम रहेको छ

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

(अरस्तूको द्रव्यको अर्थ यही हो।) तिनीहरूको भनाइ-अनुसार यो आत्मामा अध्यस्त छ। यो अनिर्वचनीय छ किनभने पछि यो लोप हुन्छ।

तर्कद्वारा पनि तिनीहरू यो मतलाई समर्थन गर्दछन् : जे जति जड छन् अचेतन द्रव्यबाट पैदा भएका छन्,

जगत् (आकाशादि) अचेतन छ;
अतः जगत् अचेतन प्रकृतिबाट निस्केको छ।

यो अज्ञान (सांख्यको प्रधान जस्तै) अनादि छ किनकि संपूर्ण सृष्टिको उपादान कारण हो।

त्यसो भए के अनुभव र तर्कले यस मतलाई समर्थन गर्दैन ? अहँ, गर्दैन। श्वेताश्वतर र अरू श्रुति संसारको सृष्टिको सत्यताको पक्षमा छैनन्! ब्रह्म सूत्र (३, २, २,) ले यसलाई अन्तिम निर्णय गरेको छ। ब्रह्मका दुइ स्वरूपमध्ये हामीले निर्गुण स्वरूपलाई नै अङ्गीकार गर्नुपर्छ किनकि श्रुतिमा सर्वत्र यसैको वर्णन पाइन्छ।

प्रश्न उठ्न सक्छ : अभावात्मक अज्ञानको निति किन भाव-सूचक शक्ति, प्रकृति शब्दहरू प्रयोग गरिन्छन् ?

यसको जवाफ यो हो: जस्तो परिणाम—हीन (अपरिवर्तनशील) र निष्क्रिय आत्मामा स्वाभाविक रूपले रहने हुनाले अज्ञानलाई आत्म-शक्ति मानिन्छ त्यस्तै हाम्रो मतमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अज्ञान, जो प्रागज्ञानाभाव हो, लाई भाव-सूचक शब्दहरूले संकेत गर्नामा केही आपत्ति छैन केवल यस कारणले कि भ्रान्त अनुभव उत्पन्न गर्नामा यसले सहकारी साधनको काम दिन्छ।

यस अर्थमा मात्र अज्ञानले सद्वस्तुको पूर्णता र अखण्डतालाई बाधा नपारी जगत् भासको व्याख्या गर्न सक्छ।

शंका—अभावात्मक र मिथ्या वस्तुलाई भावात्मक वस्तु मान्नु लोक-भ्रमको कारण के हो ?

समाधान-ज्ञानाभावलाई विवेकशून्य हुनाले भावरूप मानियो। यो ज्ञानाभाव अवतक अज्ञात जीवात्माको लक्षण हो। भावरूप त आत्माको हो। संसर्गाध्यासद्वारा ज्ञानको हो भन्ने आरोप भयो। आत्माको भाव लक्षित ज्ञानको यो अभाव शक्ति जस्तै प्रतीत हुन्छ। यही शक्ति सृष्टिको आधार हो।

अज्ञानको निषेधात्मक मतानुसार अज्ञान ज्ञानप्राग-भाव-रूप हो र यो जगत्-भ्रमको सहकारी साधन हो। प्रथम मतानुसार अज्ञान आवरक भावरूप शक्ति हो। यो सृष्टिको द्वार करण हो। दोस्रो भावात्मक मतानुसार (तमो द्रव्यात्मक जगत् प्रकृति) अज्ञान परिणाम करण हो।

यसप्रकार अज्ञानबारे भावात्मक मत सृजनात्मक शक्ति आत्माको भन्ने भ्रममा निर्धारित छ। श्वेताश्वतर श्रुति (१, ३) ले यसैको उल्लेख गरेको हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

शंका–अभावरूपलाई भावरूप मानेको कहीं उदाहरण पाइन्छ कि ?

समाधान—पाइन्छ। प्रकाशको विपरीत हुनाले वस्तु प्रकाश नगर्ने प्रकाशको अभाव यसको कल्पित उपाधि पिल्पिल् गर्ने वर्त्तासहित अन्धकारको रूपमा देखापर्छ त्यस्तै तार्किक अनुमानको आधारमा सृजनात्मक द्रव्य (अज्ञान) को सिद्धान्तका समर्थकहरूका लागि ज्ञानाभाव आत्माको अनन्तसँग भ्रान्तिपूर्ण संसर्गमा रहेर जगत्–स्रष्टा महा–शक्ति (महातम, शक्ति, जगत्–प्रकृति) को रूपमा व्यक्त हुन्छ।

अज्ञान बारेको दोस्रो र तेस्रो मत अर्थात् शक्ति र माया सम्बन्धि अनुमानहरू समर्थन गर्न सकिंदैनन् भन्ने पहिले देखाइसकेको छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अध्याय-५

जीव र ईश्वरको एकता नित्य सिद्ध छ—यसको शंका-समाधानपूर्वक विस्तृत विवेचन।

(१)

अहिले भरखर यो देखाइसकेको छ कि थाहा पाउने मन विनिर्मुक्त नित्य प्रकाशशील चैतन्य ज्योति प्रति बुद्धिको प्रमादले सृष्टिको केवल सहकारी साधन हो। जब जीवले आत्माको पूर्णताको वास्ता गर्दैन तब अनिवार्यरूपले आफ्नो अन्तरतम स्थितिबाट झरेर काल्पनिक जगत्को सृजना गर्न थाल्दछ र सृष्टि गर्दा गर्दै त्यसमा तादात्म्याध्यास गरेर स्रष्टा आत्मा व्यावहारिक जीव बन्न जान्छ। यो काल्पनिक सृष्टिमा प्रवेश नगर्दैको जो आत्माश्रय हो त्यही त्यसको दृष्टिबाट लोप भएको अन्तरतम सद् वस्तु हो।

अज्ञानको कूटस्थ साक्षी भएको यो अज्ञात अन्तरतम सद्-वस्तु पुरुषको आध्यात्मिक उन्नतिको अलग भूमिकाको लक्षण हो। विद्वान्हरूले यद्यपि यसलाई उचित महत्व नदिएको देखिन्छ। यसको कारण बुद्धि-अगोचर जीवात्मा (शुद्ध चैतन्य) र अहंकारको विवेकको अभाव हो। यो नित्य

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सद् वस्तु (बुद्धिद्वारा अलक्षित) अवाङ्मनसगोचर सौषुप्त आनन्दमय हो। अविवेक अवस्तु हो। अज्ञानीलाई प्रतीत हुने बस्तु (थाहा पाउने मनदेखि अलग) सद् वस्तुको स्वरूप हुन सक्तैन। भ्रम मानसिक हो किन्तु सत्य स्वयं-प्रभ छ। जीवात्माको यथार्थ स्वरूपको अज्ञान "तत्वमसि" महावाक्यको ज्ञानद्वारा हट्छ।

(२)

अब हामी यो देखाउनेछौं कि जीव र ईश्वरको एकता हरहालतमा सिद्ध छ। सांसारिक मानिस नै संसार वनाउने हो। व्यवहारमा लागिरहने व्यावहारिक जीव नै सृष्टा होउन भन्नु गलत धारणा हो। वेदान्तले यही गलत बिचारको बिरूद्ध संघर्ष चलाएको छ।

वृहदारण्यक श्रुति (४. ४. २२) को अर्थ बिवेचना गरौं। यो यसप्रकार छ : बुद्धिसित एक भएर इन्द्रिय बीच रहने जीवको निंतिं नै सारा वेदको उपयोगिता छ। बुद्धिको निवासस्थान हृदयकमल भित्र आकाशमा परमात्मा स्थित हुनुहुन्छ। बुद्धिरूपी गुहाभित्र आत्मा रहेको छ। जीब सुषुप्तिमा ज्योतिस्वरूपमा आकाशनामक निरपेक्ष ब्रह्ममा रहन्छ।

सुषुप्तिमा प्रारब्ध कर्मका फल सुख दुःखादि केही जीवले अनुभव गर्दैन। आत्मा कर्म कामना फलको विरोधी छ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

(शांकर भाष्य ४. ५. २२ र २. १. १६) यदि जीवात्मा ईश्वर-भिन्न आफूलाई मान्दछ भने उ भयबाट मुक्त हुन सक्तैन। तैतिरीय उ० मा यो स्पष्टतया बताएको छ। यहाँ जीव र ईश्वरको उएटै अभिन्न स्वरूप छ भन्ने विवेचना गरिन्छ।

रूपकात्मक एकताको सिद्धान्त तह्नो कक्षाको साधकको निंति बिधान गरिएको छ, जो आफ्नो ब्यष्टिआत्मा र सगुण सर्वशक्तिमान् ईश्वर बीचमा रहेको असंगति मिलाउन सक्तैन। यस्ता साधकलाई भागत्यागलक्षणाद्वारा 'तत्' र 'त्वम्' मा अनुस्यूत एकता सिद्ध गर्ने उपदेश दिइन्छ।

(साक्षात्) अपरोक्ष एकताको मतानुसार (अर्थात् 'त्वम्' र 'तत्' शब्दहरूको अक्षरशः अर्थको स्तरमा) उत्तम अधिकारी ती दुइ पद बीच नित्य प्रत्यक्ष एकता छ भन्ने थाहा पाउँछ। यो एकता कुनै साधनद्वारा सम्पादन गर्नु परेको छैन। निःसन्दिग्ध रूपले यसलाई निर्णय गरेर उत्तम साधकले अज्ञानलाई नाश पार्छ, जुन नित्य सहज ज्योतिले प्रकाशित सर्वात्माको बुद्धिद्वारा अग्रहण-अतिरिक्त अरू कुछ होइन। तब त्यसले आफूलाई एक परम शुद्ध चैतन्य थाहा पाएर सृष्टि गर्ने प्रवृत्ति त्याग्दछ। तब कैवल्य उपनिषद्मा उल्लेखित शुद्ध चैतन्य-सँग एकता प्राप्त गर्छ। त्यो श्लोक निम्न-प्रकार छः—

"त्रिषु धामसु यद्भोग्यं भोक्ता भोगश्च यद्भवेत्।
तेभ्यो विलक्षणः साक्षी चिन्मात्रोऽहं सदाशिवः॥"

(कैवल्योपनिषद् श्लोक १८.)

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अर्थात् तीने अवस्थामा अनुभूत जो भोग्य भोग भोक्ता-रूप त्रिपुटी छ ती सबबाट अलग्ग 'म' केवल चित् स्वरूप साक्षी एवं नित्य कल्पाणस्वरूप शिव हुँ।

(३)

अपरोक्ष एकताको बिधि विषयमा हुने शंका र कठिनता सजिलैसँग समाधान गर्न सकिन्छन्।

शंका — यदि जीव ईश्वरसरह हुन सक्छ भने ममा किन सर्वज्ञता छैन ?

समाधान—तिमी कहिल्यै अज्ञानावृत नभएको हुनाले तिमी आफैं सर्वव्यापक छौ।

भुलले अज्ञानोपहित भएर तिमी आफ्नो मायाद्वारा कल्पित जीवलोकको सृष्टा बन्छौ। आफ्नै कल्पित सृष्टिमा अनासक्त रहन्जेल जीव सौषुप्त आनन्दमय कहलाउँछ। यही जगदीश्वर हो। अतः तिमीमा संपूर्ण वस्तुको ज्ञान छ। फरक यत्ति हो कि तिमीलाई आफ्नो सच्चा स्वयं-प्रकाश, अद्वयानन्द तमदेखि परको स्वरूपको याद छैन। यो सत्यको निश्चय ज्ञान हुना साथ तथाकथित बुद्धिको अज्ञान हराउँछ र तिमी आफूलाई सोझै फेला पार्छौ। बास्तबमा भनुं भने तिमीलाई कुनै कुराको अज्ञान छैन किनभने अज्ञान शुद्ध चैतन्यको विजातीय बस्तु हो। आफ्नो शुद्ध चैतन्यमा दोस्रो कुनै वस्तु नभए ता पनि प्रमाद बश तिमी सद् वस्तुलाई छाडी भ्रमण गर्न थाल्छौ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

र मायामय वस्तुहरू कल्पना गरेर त्यसैको चिन्तनमा लाग्छौं। परिणामस्वरूप स्रष्टा आफूद्वारा कल्पित केही वस्तुहरू व्यावहारिक जीवको अधीन बाहिर हुन जान्छन्। अनि आफूले भरखर कल्पना गरेको दृश्यसँग भ्रमद्वारा अध्यास गरेर आफ्नो उच्चतर स्थितिबाट गिरेर अहंकारी जीव बन्छ। जीव सर्वप्रथम स्रष्टा बन्छ अनि सृष्ट (दृश्यकोटिको) हुन्छ। 'तत्' र 'त्वं' दुवै जीवमा आरोपित छन्। यसप्रकार यो स्पष्ट हुन्छ कि एक अन्तरतम स्वयं-ज्योति सत् (जीवात्मा) नै क्रमशः ईश्वर र जीवको आदि (उत्पत्ति) र आधार हो।

शंका— ईश्वर र जीव एउटै भए किन तिनीहरूलाई भिन्न संझिन्छन्?

समाधान—त्यही सौषुप्त आनदमय हो जो पहिले स्रष्टा भएर अहंकारी बन्छ। ईश्वर बिना अहंकारी जीव हुनु असम्भव छ। केवल अज्ञानी पुरुष ईश्वरलाई जीवदेखि भिन्न ठान्दछ। जस्तो पूर्वक्रिया बिना भोग सम्भव छैन त्यस्तै पूव सृष्टि बिना जीवभाव सम्भव छैन।

शंका— तर एउटै पुरुष ज्ञानी र अज्ञानी हुनु कसरी सम्भव होला?

समाधान—जस्तो स्वप्नामा स्वप्नद्रष्टाले बाबुको कल्पना गर्छ र तुरुन्तै आफू त्यसको छोरो बन्छ। त्यस्तै जाग्रत्-

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

मा शुरुमा जगत् सृष्टि गर्ने सर्वज्ञ भएर पनि व्यावहारिक जीवको हैसियतमा अज्ञानी जस्तै देखिनु युक्ति-संगत नै छ।

शंका— तर ईश्वरमा सदा पूर्ण ज्ञान छ यसको ठीक विपरीत जीवको ज्ञान अपूर्ण किन छ ?

समाधान—जस्तो निद्रामा स्वप्न-द्रष्टा काल्पनिक जगत्मा व्यस्त रहँदा आफ्नो व्यावहारिक स्वभाव संझँदैन त्यस्तै सगुण ईश्वरले कल्पित जगत्सँग अध्यास गर्दा आफ्नो अद्वय स्वरूपको याद गर्न सक्तैन। माया उपाधिवाला ईश्वरले माया र आफ्नो अद्वितीय निर्गुण स्वरूपको विवेक गर्न सम्भव छैन।

जस्तो दुइ कोटिका आनन्दमय छन्—एक, भोक्ता आनन्दमयलाई प्रकाश गर्ने स्वयं-प्रभ अद्वयानन्द; अर्को भोक्ता आनन्दमय—त्यस्तै सृष्टा ईश्वरका दुइ विभाग छन् (१) निर्गुण ईश्वर अथवा अन्तर्यामी र (२) हिरण्य गर्भ (सगुण सृष्टा)। यो जगत् सत्-प्रतीत नभईकन ईश्वर-चैतन्यमा अनायास उठ्ने भास हो। सृष्ट जगत्सँग अध्यास गर्ने हिरण्यगर्भ (समष्टि अहंकार) ले यसलाई सत्य ठान्छ। हिरण्यगर्भ समस्त जीवको समष्टि हो। सारा जीव उनलाई आफ्ना ईश्वर मान्दछन्। तर उच्चतर निर्गुणको अपेक्षा हिरण्यगर्भ विराट् स्वरूप भएका जीव हुन्।

शंका— के साधक ब्रह्मको स्वरूप-लक्षण केवल थाहा पाएर आफ्नो साक्षात्कार गर्न सक्तैन ?

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

समाधान, जसले आफूमा परम वस्तुका अतीन्द्रिय र सगुण (सर्वात्म) दुवै स्वरूप अपरोक्षरूपले फेला पार्न सक्छ त्यसले मात्र सारा शंका समाधान गरे ज्ञानजन्य परमानन्द पाउँछ। पर ब्रह्मको सगुण साकार स्वरूप निम्नप्रकारले कैवल्यउपनिषद्मा संकेत गरेको छ :—

[(पुनश्च जन्मान्तर कर्मयोगात् ।
स एव जीवः स्वपिति प्रबुद्धः ।
पुरत्रये क्रीडति यश्च जीव—
स्ततस्तु जातं सकलं विचित्रम ॥
आधारमानन्दमखण्डबोधं
यस्मिंल्लयं याति पुर—त्रयं ।]

(अर्थात् पूर्वजन्मका कर्मको तारतम्यले) त्यही जीव स्वप्नावस्था या जाग्रत् अवस्थामा फर्कन्छ । जाग्रदादि तीन अवस्थारूप पुरमा खेल्ने जीवबाटै यो विचित्र जगत् उत्पन्न भएको छ। त्यही आधार, आनन्द, अखण्ड बोध हो जसमा ती तीन पुर लय हुन्छन्।

मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् ।
मयि सर्वं लयं याति तद् ब्रह्माद्वयमस्म्यहम् ॥

अर्थात् ममा नै सकल उत्पन्न भएको छ, ममा नै सारा रहेको छ र ममा नै सकल लय हुन्छ। त्यो अद्वय ब्रह्म म हुँ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अपरोक्ष एकताको विधिबाट प्रकट हुने आनन्ददायी सगुण साकारता (सर्वात्मत्व) आफूमा प्रत्यक्ष अनुभव नगरीकन परोक्ष विधिबाट ज्ञात चैतन्यको एकताको अनुरूप आफ्नो इन्द्रियातीत स्वरूप मात्र थाहा पाएर साधकले आफूलाई पूर्णरूपले जान्न सक्तैन। चैतन्य र आनन्दको एकता शंकरको वाक्य वृत्तिमा देखाइएको छ। त्यो श्लोक यस प्रकार छः—

प्रत्यग्बोधो य आभाति सोऽद्वयानन्दलक्षणः ।
अद्वयानन्दरूपश्च प्रत्यग्बोधैकलक्षणः ॥

अर्थात् जो प्रत्यक् वोध (ज्ञान स्वरूप जीवात्मा) देखिन्छ त्यही अद्वय–आनन्द–लक्षणवाला छ। एवं जो अद्वय–आनन्द–रूप छ त्यही प्रत्यक्बोध-एक-लक्षणवाला छ। दक्षिणामूर्ति स्तोत्रमा (दशौं श्लोकमा) जगत्मा आफ्नो सर्वात्मत्व साक्षात्कार गर्नुपर्छ भन्ने कुरामा शंकरले जोड दिनुभएको छ। यो सर्वात्मत्व आनन्दमय जीवकै सृष्टि हो। त्यो श्लोक निम्न प्रकारको छ :।

सर्वात्मत्वमिति स्फुटीकृतमिदं यस्मादमुष्मिंस्तवे,
तेनास्य श्रवणात्तदर्थमननाद्ध्यानाच्च संकीर्तनात्।
सर्वात्मत्व—महाविभूति—सहितं स्यादीश्वरत्वं स्वतः,
सिद्ध्येत्तत्पुनरष्टधा परिणतं चैश्वर्यमव्याहतम् ॥ १० ॥

अर्थात् यस दक्षिणामूर्ति-स्तोत्रमा मुमुक्षुहरूको लागि सर्वात्मभाव स्पष्ट गरेको छ। अतः यसको श्रवण, मननले ज्ञेय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वस्तुको निरन्तर ध्यान (अनुसन्धान) द्वारा र योग्य अधिकारिहरूलाई यसको उपदेश गर्नाले सर्वात्मभावरूपी महाविभूतिसहित ईश्वरभाव स्वतः सिद्ध प्राप्त हुन जान्छ र पुनः अष्टसिद्धि एवं अष्ट ऋृद्धिहरूको रूपमा परिणत भएको अप्रतिहत ऐश्वर्य पनि प्राप्त हुन्छ। जागतिक दृश्यको स्वरूप नबुझीकन *वासना-क्षय हुन सक्तैन*, र अद्वयानन्दको अनुभूति अथवा मोक्ष सम्भव हुँदैन।

शंका—यस स्थितिको समर्थनमा कुनै श्रुति प्रमाण छ ?

समाधान—छ। तैत्तिरीयोपनिषद् द्वितीय खण्ड भृगुवल्ली (अनुवाक २-५) मा भृगु आफ्नो आत्माको परब्रह्मका दुवै स्वरूपसँग एकता अनुभव गरेर कृतकृत्य भएको पाउँछौं। आफ्ना पिता वरूणबाट उनले परब्रह्मको सर्वात्मभाव अर्थात् ब्रह्मको सृष्टि, स्थिति, प्रलयसम्बधि कार्य बारे शिक्षा पाए।

[यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति। यत्प्रयन्त्यभिसंविशन्ति। तद्विजिज्ञासस्व। तद् ब्रह्मेति। अर्थात् निश्चय नै यी सब भूत जसबाट उत्पन्न हुन्छन्, उत्पन्न भएर जसको आश्रयले जीवित रहन्छन् र अन्तमा विनाशोन्मुख भएर जसमा लीन हुन्छन् त्यसलाई विशेषरूपले जान्ने इच्छा गर; त्यही ब्रह्म हो।] उनी यो सारा जताबाट आयो त्यस उत्पति-स्थानको खोज गर्न लागे र क्रमैसित शरीर

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

(अन्नमयकोश), प्राणमय, मनोमय, विज्ञानमय कोशहरूको ध्यान गरे। आफ्ना यी कोशहरूमा सृष्टि, स्थिति र संहार कार्यको लक्षण नपाएर आखिर अज्ञान (आनन्दमय) पट्टि ध्यान दिए र तप या बिचारद्वारा आफ्नै आनन्दमय आत्मा-लाई (ब्रह्म बल्लीको सौषुप्त आनन्दमय अर्थात सापेक्षिक कोशातीत एवं जगतका स्रष्टा) सृष्टि, स्थिति र संहारकर्ताको रूपमा पत्ता लगाए। अपरोक्ष एकताको विधिबाट परब्रह्म परमात्माको विशेष लक्षण सर्वात्मभाव र परोक्ष विधिबाट अतीन्द्रिय स्वरूप आफैमा पत्तालगाएर भृगुले परमात्माको आफ्नो आत्मासँग पूर्ण एकता अनुभव गरे। यसको कारण यही थियो कि सौषुप्त आनन्दमय आफ्नै प्रकाशले प्रकाशित हुने र अरू कुनै वस्तुसँग सम्बन्ध नभएको एवं पूर्ण चैतन्यसँग एक भएको वस्तु हो। सर्वात्मरूप सद्‌वस्तुका दुइ स्वरूप अर्थात् चैतन्य र ईश्वरत्व आफूमा साक्षात्कार गरेर भृगुले पूर्ण एकता अनुभव गरे।

जीवात्मा चिन्तन गर्छ अर्थात चेतन छ। चैतन्य जीव र ईश्वरको साधारण गुण हो। आनन्द या सृजनात्मक सर्वात्म-भाव केवल ईश्वरीय गुण हो। यस स्वरूपलाई पनि आफ्नो स्रष्टृत्व फेला पारी आफूमा पत्ता नलगाए कसैले पूर्ण ज्ञान अथवा चोखा आनन्द प्राप्त गर्न सक्तैन।

कनिष्ठ साधक आफ्नो आत्माको सर्वात्मभाव थाहा पाउँदैन त्यसैले त्यो ईश्वरबाट अलग्गै रहन्छ र धर्म पापको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

फलको भागी नै बनिरहन्छ। आफ्नो अखण्ड इन्द्रियातीत चैतन्यसँग एकता थाहा पाएर पनि अज्ञानी नै रहन्छ। आफ्नै मनले वनाएको सृष्टिमा मै व्याप्त छु भन्ने अनुभवजन्य चिरन्तन सुख उसले पाउन सक्तैन।

ब्रह्माण्डको वास्तविक सत्ता छैन। यसप्रकार सर्वेश्वरत्व अद्वैत र अजातवादको विरोधी छैन। सर्वेश्वरत्वको अर्थ हो सर्वात्मत्व अर्थात् सबै आत्मा मात्र हो। यो सर्वात्मत्व दृष्टि–सृष्टि–वादसँग मिल्दोजुल्दो छ। यो सर्वेश्वरत्व अजातबाद, अद्वैत र सत्तैक्यवादसँग पनि मिल्छ।

शंका—के तपाईं व्यावहारिक जीवनको अनुभववाट यस सिद्धान्तको दृष्टान्त दिन सक्नुहुन्छ ?

समाधान– सकिन्छ। देख्न सक्ने मान्छेले कसरी कमलफुलको यथार्थ ज्ञान गर्छ भन्ने कुरापट्टि हामी ध्यान देऔं। वनस्पति विद्याका विशेषज्ञबाट त्यसले कमलको सुन्दर रूप भएको चन्द्रमासँग सादृश्य छ भन्ने कुरा थाहा पाउँछ अर्थात् कमलको स्वरूप लक्षण थाहा पाउँछ। त्यसैबाट त्यसले कमलका जातका अरू फूल—सम्वन्धि वास्तविक लक्षण (तटस्थ लक्षण) थाहा पाउँछ। जव यी दुबै स्वरूप कुनै फुलमा त्यसले देख्छ तव निःसन्देह यो कमलै हो भन्ने त्यसलाई ज्ञान हुन्छ। तर आँखाले देख्न नसक्ने अन्धोले कमलको लक्षण वारे सुनेको भए तापनि त्यसलाई सिद्ध गर्न सक्तैन तसर्थ उसलाई कमलको पूर्ण ज्ञान हुन सक्तैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

(४)

अनुभूति-प्रकाशमा विद्यारण्य स्वामीले यो सिद्धान्त स्थापना गर्नुभएको छ कि शास्त्रहरूमा सृष्टिको वर्णन साधकलाई अद्वैतको ज्ञान गराउनलाई गरिएको छ। आधिदैविक ईश्वरबाट सृष्टि भएको छ भन्ने स्वाभाविक र सर्वज्ञात छ। यो मतानुसार साधकले सर्वप्रथम ईश्वरलाई जान्नुपर्छ त्यस पछि आफ्नो परोक्षता, अल्प-शक्तिता आदि विरोधी भाग त्यागेर 'तत्वमसि' महावाक्यानुसार शुद्ध चैतन्यसँग एकता प्राप्त गर्नुपर्छ। यो अप्रत्यक्ष एकताको विधि ढिलो छ। तर जीव-सृष्टि अथवा दृष्टि—सृष्टिको सिद्धान्त अनुसार साक्षात्कार बृत्तिद्वारा अन्तरतम जीवात्मा परमात्मा नै हो भन्ने सजिलैसँग ज्ञान हुन्छ। जीवले अज्ञानोपहित भएर काल्पनिक सृष्टि खडा गरेको हो। त्यसमा उसको अध्यास भएपछि यही जड-चेतन-युक्त संसार बन्छ। अतः यो स्पष्ट हुन्छ कि जीव नै जगत्को आदिकारण र परमानन्दमय आत्मा हो। दृष्टि-सृष्टि-वाद र साक्षात् एकताको विधि उत्तम अधिकारीको निम्ति अद्वैत सत्यको साक्षात्कार गराउने सबभन्दा सजिलो राजमार्ग हो।

अहिलेसम्म यही देखाइएको छ कि सुषुप्ति जीव-अज्ञान साक्षी अथवा अज्ञात अन्तरतम सद्वस्तु-नै व्यावहारिक जीव र ईश्वरको अधिष्ठान हो। अब जाग्रत्को जीव (विज्ञानमय) नै ईश्वर र जगत्को आधार हो भन्ने उपपत्ति देखाएर यो लेख उपसंहार गरिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

छान्दोग्य (७. २. ३.) अनुसार सृष्टिको पूर्व अभिन्न निमित्तोपादान-कारणरूप परमात्माले सुषुप्तिबाट व्युँझन इच्छा गरे। जस्तो जाग्रत्‌को तिमी नै निद्राबाट व्यूँझन खोज्ने तिमी थियौ त्यस्तै उपर्युक्त श्रुतिअनुसार निद्राबाट व्युँझन खोज्ने सद्वस्तु र जाग्रत् अवस्थाको व्यावहारिक जीवको रूपमा सद्वस्तु दुबै तिमी नै हौ।

शंकर पनि आफ्नो नयाँ शिष्य मण्डन मिश्रलाई तत्वोपदेश (५३-५५) मा यही अद्वैत शिक्षा दिनुहुन्छ। जाग्रत् अवस्थाको जीव नै जीव-ईश्वर एक हो भन्ने अभिप्रायको लक्ष्य हो।

आत्मा कुन हो भन्ने जनकको प्रश्नको जवाफमा (वृह० उ० ४. ३. ७.) याज्ञवल्क्यले जवाफ दिनुभयोः "इन्द्रियहरूको बीच रहने अनन्त सत्ता आत्मा हो; हृदयाकाशमा चम्कने ज्योति, सबको प्रभु, परमेश्वर आत्मा हो।

फेरि जगत्-सृष्टिको उपादानकारणको रूपमा (छा० उ० ७. २. १.) वर्णित सद्वस्तुलाई नै पछि स्व शब्दले (प्रसुप्त जीवले) त्यही श्रुतिमा लक्ष्य गरेको छ। अर्थात् सुषुप्तिकालमा सृष्टिको पूर्व र पछि रहने सद्वस्तुसँग जीव अभिन्न रूपले एक हुन्छ। जीवको यस सुषुप्तिस्थितिको प्राप्ति मन आदि बिलय भएर अहंकारको विनाशपूर्वक सम्भव भएको छ।

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यसबाट यो सिद्ध हुन्छ कि सौषुप्त तत्व नै विज्ञानमय (व्यावहारिक जीव) हो भनेर छान्दोग्य उपनिषद् (१. ७. ७.) मा धेरै पल्ट विधान गरेको छ।

ब्रह्म सूत्रले (३. ३. १६) उपर्युक्त बृहदारण्यक र छान्दोग्य श्रुतिको मतैक्य सिद्ध गरेको छ। सूत्रको शांकर भाष्य अनुसार सृष्टिको पूर्वको परम वस्तु र विज्ञानमय जगत्का उपादान कारण हुन्। तसर्थ नित्य सद्वस्तु 'तत्' को र व्यावहारिक जीव 'त्वं' को एकता सुस्पष्टतया प्रमाणित छ।

ब्रह्म–गीता अनुसार सुषुप्तिको जीव नै जाग्रत् र स्वप्न अनुभवको प्रलय स्थान हो। जीव त्यसबेला आफ्नै प्रकाशले प्रकाशित हुन्छ र सुषुप्तिको शान्तिको अनुभविताको रूपमा आफूलाई फेला पार्छ। त्यसबेला उसलाई तीनै अवस्थाको अन्वय (भाव) रूप आफू हो भन्ने अनुभव हुन्छ।

फेरि निंद्राबाट उठेर निद्राको पूर्वावस्थाको व्यावहारिक जीवसँग अध्यास गरी भन्छः "आधा कथा मात्र सुनेर निदाएँ, बाँकी आधा सुन्न पाइनँ। यसले जाग्रत्को जीव र सौषुप्त आत्मा (परमात्मा) एउटै हो भन्ने ज्ञानलाई प्रमाणित गर्छ।

यसप्रकार श्रुति, स्मृति, युक्ति र अनुभवको आधारमा जीवको भित्रको सदात्मा नै नकि बाहिरको कुनै (आधिदैविक ईश्वर) जगतको आदि कारण हो भन्ने देखाइयो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

६३१५
AUTHOR चक्रवर्ति क्षितीषचन्द्र
TITLE सुरथको बाटो

NR66
CHA
2041 B.S.

६३१५

सरस्वती नःसुभगा मयस्करत्
महेन्द्र संस्कृत विश्वविद्यालय
वि.सं. २०४३
MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पुस्तक पाइने ठेगान.

१. श्री कृष्ण गोविन्द — नारायण
२. बाबुराम गोविन्द — खुदीवेणि
३. वैकुण्ठलाल वसन्तलाल — कुन्छा बजार
४. श्यामकुमार यमुनाकुमार — बन्दिपुर
५. भक्तलाल असन थानामनिको किराना पसल काठमाडौं

pal Sanskrit University, Balmeeki Campus, Kathman